## बाह्रबिसे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाह्रबिसे, सिन्धुपाल्चोक, ३ नं. प्रदेश, नेपाल

# पार्श्वचित्र



## अन्तिम प्रतिवेदन
२०७५

# दुई शब्द



क्षेत्रफलको हिसाबले सानो भएतापनि यस बाह्रविसे नगरपालिकाको विकास गर्न भौगोलिक दृष्टिकोणले कठिनाई छ तर पनि नगरपालिकालाई समृद्ध बनाउनका लागि सम्भावित श्रोत र आधारहरू प्रशस्त मात्रामा छन् । यस बाह्रविसे नगरपालिकाको केन्द्र साविक बाह्रविसे गा.वि.सको कार्यालय रहेको छ भने साविकको घोर्थली (१-४), कर्थली, बाह्रविसे, गाती, घुम्थाङ, मानेश्वरा र राम्चे गा.वि.स. समावेश गरी नगरपालिका गठन गरिएपछि प्राथमिक तथ्याङ्कको आधारमा यो नगरपालिकाको समग्र वस्तुस्थिति झल्कने पार्श्वचित्र तयार गरिएको छ ।

राज्यको पुर्नःसंरचनाको सिलसिलामा स्थापित यस नगरपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउने पार्श्वचित्र तयारीले नगरको विकासको वर्तमान अवस्थालाई चित्रित गरेको छ । यस प्रकारको चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत र साधनको अधिकत्तम सदुपयोग गरी नगरपालिकाको समग्र विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुऱ्याउने आशा तथा विश्वास लिएको छु । यस अध्ययन प्रतिवेदनले प्रायः सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्न प्रयास गरेको भएतापनि सीमित समय तथा श्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन । यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्नुपर्ने आवश्यकता रहन्छ ।

योजनाबद्ध विकासको आधारको रुपमा रहने यो पार्श्वचित्र समयमै गर्न सहयोग पुऱ्याउने नगर कार्यपालिकाको सम्पूर्ण परिवार, उपप्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण वडाअध्यक्ष ज्यूहरू, सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरू तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी एवं तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत शाखा, संघसंस्था तथा अन्य सबैमा नगरपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । यसै गरी यो प्रतिवेदन सम्पन्न गर्ने पानोरामा रिसर्च सेन्टर प्रा.लि. अनामनगर, काठमाडौंलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा नगरपालिकाको विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालीन सोचका साथ अगाडि बढ्न हामी सबैलाई उपयुक्त दिशा प्राप्त होस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।

**नगर प्रमुख**

**निमफुन्जो शेर्पा**

# मेरो दुई शब्द



दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि नगरपालिकाको समग्र तथ्याङ्क आवश्यक पर्दछ। यसै आवश्यकतालाई मध्य नजर गरी नगरपालिकाको पार्श्वचित्र तयार गरिएको छ। जसमा Android Apps द्वारा घरपरिवार तथ्याङ्क संकलन गरी नगरपालिकाका विभिन्न विषय समावेश गरिएको श्रोत नक्साहरू, विषयगत शाखाहरूबाट संकलन गरिएका तथ्यहरूमा आधारित भई उपलब्ध भएसम्म कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरी नगर पार्श्वचित्र तयारी गरिएको छ।

यस नगरपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा नगरबासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएकी छु। पार्श्वचित्रमा उल्लेखित विवरणमा नगरको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै घरधुरी तथ्याङ्क संकलन २०७५ को विविध जनसांख्यिक पक्षहरू समावेश गरिएको छ।

अन्त्यमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग गर्नु हुने नगर प्रमुख ज्यु, प्रमुख प्रशासकिय अधिकृत ज्यू, सम्पूर्ण वडाअध्यक्ष ज्यूहरू, सम्पूर्ण विषयगत शाखाका प्रमुख, संघ/संस्था, सामाजिक परिचालक, वडा सचिवहरू, नगर कार्यपालिकाका कर्मचारीहरू, तथ्याङ्क संकलन गर्ने गणकहरू तथा नगरवासीहरूमा विशेष धन्यवाद दिन चाहन्छु।

**नगर उप-प्रमुख**

**सुशीला पाख्रीन**

# मेरो भन्नु



साविकका घोर्थली (१-४), कर्थली, बाह्रविसे, गाती, घुम्थाङ, मानेश्वरा र राम्चे गा.वि.स. समावेश गरी ९ वडाहरू कायम गरी मिति २०७३/११/२२ मा बाह्रविसे नगरपालिका गठन गरिएपछि नगरपालिकाको वस्तुस्थिति झल्कने दस्तावेजको रूपमा तयार भएको पार्श्वचित्रले कुनै पनि विकासको मार्ग तयार गर्न योजनाको सही छनोट, प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरूको पूर्ण सन्तुष्टि सहितको उपयोग र निरन्तर अनुगमन एवम् मूल्याङ्कन र दिगोपनाको लागि सही र वस्तुनिष्ट निर्णय लिन सहयोग गर्नेछ भन्ने विश्वास छ । विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन ।

वस्तुनिष्ठता र आवश्यकताको कसीमा योजनाहरू तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय सरकारबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन् । यसैकारण वर्तमानको हाम्रो धरातलीय, सामाजिक, साँस्कृतिक, जनसाङ्खिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) सीमित समय तथा स्रोत र साधनको सीमाभित्र रही तयार गरिएको हो । पार्श्वचित्रलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो नगरपालिकाको  बहुआयामिकता सहितको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ । यो पार्श्वचित्रलाई एकातिर नगरपालिकाको  सम्पूर्ण चिनारीको रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ यस मार्फत् हाम्रा सम्भावना र चुनौतिहरूलाई अवगत गर्न सकिन्छ ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने नगर प्रमुखज्यु, नगर उप-प्रमुखज्यु, वडा अध्यक्ष ज्यूहरू, निर्वाचित जनप्रतिनिधिहरू, विभिन्न विषयगत शाखाका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडा सचिव साथीहरू, सामाजिक परिचालकहरू विभिन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा तथ्याङ्क संकलन गर्न सहयोग पुऱ्याउने सम्पूर्ण गणकहरू तथा उत्तर दिई सहयोग गर्ने सम्पूर्ण नगरवासीहरूमा आभार व्यक्त गर्दछु ।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

**प्रमुख प्रशासकीय अधिकृत**

**फणिन्द्र प्रसाद पौडेल**

# विषयसूची


**खण्ड १ : भूमिका** १

१.१ पृष्ठभूमि १

१.२ नगरपालिका पार्श्वचित्र तयारीको उद्देश्यहरू १

१.३ अध्ययनको महत्व २

१.४ अध्ययनको औचित्य २

१.५ नगरपालिका पार्श्वचित्र तयारी विधि २

१.६ नगरपालिका पार्श्वचित्र तयारीका सिमाहरू ३

**खण्ड : २ नगरपालिकाको परिचय** ४

२.१ संक्षिप्त परिचय ४

२.२ राजनैतिक तथा प्रशासनिक केन्द्र ५

२.३ भूक्षेत्र (टोपोग्राफी) ९

२.३.१ माटोको बनावट र उर्वराशक्ति ९

२.३.२ भू-आकृति तथा माटोको बनोट ९

२.४ भू-क्षेत्रको वर्गीकरण ११

२.५ नगरपालिकामा रहेका सम्भाव्यता र अवसरहरू १४

२.६ नगरपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरू १५

२.७ नदी तथा खोलाको विवरण १७

२.८ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू १९

२.९ मुख्य चाडपर्वहरू २३

**खण्ड ३ : जनसांख्यिक विवरण** २५

३.१ वडागत घरपरिवार संख्या तथा लिङ्गको आधारमा जनसंख्याको विवरण २५

३.२ लिङ्गको आधारमा उत्तरदाताको विवरण २९

३.३ लिङ्गअनुसार वडागत जनसंख्या विवरण ३०

३.४ उमेरसमूह अनुसार वडागत जनसंख्याको विवरण ३३

३.५ जातजातिको आधारमा वडागत जनसंख्याको विवरण ३८

३.६ नगरपालिकामा बोलिने भाषाको आधारमा जनसंख्याको विवरण ४०

३.७ धर्मअनुसार जनसंख्याको वडागत विवरण ४१
३.८ लैङ्गिक आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थिति ४२
३.९ उमेर समूहका आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण ४४
३.१० उमेर समूह तथा लैङ्गिक आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण ४६
३.११ १० वर्ष वा सोभन्दा माथिको लैङ्गिक आधारमा विवाहित जनसंख्याको पहिलो विवाह गर्दाको उमेरको विवरण ४८
३.१२ परिवारले प्रयोग गरेको घरको स्वामित्वको आधारमा घरपरिवारको विवरण ४९
३.१३ परिवारले प्रयोग गरेको घर भएको जग्गाको स्वामित्व विवरण ५०
३.१४ घरको किसिमको आधारमा घरपरिवारको विवरण ५१
३.१५ परिवारले प्रयोग गरेको घर बनेको समय अवधीको आधारमा घरपरिवारको विवरण ५२
३.१६ परिवार बसोबास गर्ने घरको तल्लाको आधारमा परिवारको विवरण ५३
३.१७ कोठा संख्याको आधारमा परिवारको विवरण ५४
३.१८ परिवारले प्रयोग गरेको कोठा संख्याको आधारमा परिवारको विवरण ५५
३.१९ घर तथा जमिनमा महिलाको स्वामित्वसम्बन्धी विवरण ५६
३.२० अनुपस्थित जनसंख्या ५७
३.२०.१ उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसंख्याको विवरण ५९
३.२०.२ शैक्षिक स्तरको आधारमा नगरपालिकामा अनुपस्थित जनसंख्याको विवरण ६०
३.२०.३ अनुपस्थित व्यक्तिको अनुपस्थित हुनुको कारणसम्बन्धी विवरण ६२
३.२०.४ गन्तव्यस्थलको आधारमा अनुपस्थित जनसंख्याको विवरण ६३
३.२०.५ देशअनुसार गन्तव्यस्थलका आधारमा अनुपस्थित जनसंख्याको विवरण ६४
३.२१ नागरिकताको आधारमा वडागत जनसंख्याको विवरण ६६
३.२२ बसाई सराईको अवस्था ६७
३.२२.१ जन्मस्थानको आधारमा जनसंख्याको विवरण ६७
३.२२.२ यस नगरपालिकाभन्दा बाहिर जन्मस्थान भएका जनसंख्याको यस नगरपालिकामा बसोबास गर्नुका कारणको विवरण ६७
३.२३ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ६८
३.२३.१ पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण ६९
३.२३.२ पछिल्लो १२ महिनामा परिवारको सदस्य मृत्यसम्बन्धी विवरण ७०
३.२३.३ मृत्यु दर्तासम्बन्धी विवरण ७१
३.२३.४ तथ्याङ्क संकलनको पछिल्लो १२ महिनामा मृत्यु हुनेको उमेर समूह र लिङ्गसम्बन्धी विवरण ७२

**खण्ड ४ : भू-उपयोग** ७३
४.१ भू-उपयोग ७३
४.२ वस्ती विकासको स्वरुप ७५
४.३ क्रमिक विकास भइरहेका बस्तीहरूको विवरण ७६
४.४ घर निर्माण सम्पन्न प्रमाणपत्रको आधारमा परिवारको विवरण ७८
४.५ मालपोत मूल्याङ्कन ७९
४.६ कोठा वा फ्ल्याट भाडामा दिएका घरपरिवारहरूको वडागत विवरण ८०
४.७ भू-क्षय सम्भावित क्षेत्र ८१
४.९ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ८२
**खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति** ८३
५.१ नगरपालिका अर्थतन्त्रको संरचनात्मक स्वरुप ८३
५.२ नगरपालिकाको रोजगारी, आम्दानी तथा खर्चको अवस्था ८४
५.२.१ आम्दानीका मुख्य श्रोतहरूको आधारमा परिवारको विवरण (बहुउत्तरमा आधारित) ८४
५.२.२ आफ्नो वार्षिक आम्दानीले परिवार धान्न पुग्ने समय अवधिका आधारमा परिवारको विवरण (सबै प्रकारको आम्दानी) ८५
५.२.३ ऋणको आधारमा घरपरिवारको विवरण ८६
५.२.४ ऋण लिनुको कारणका आधारमा घरपरिवारहरूको विवरण (बहुउत्तरमा आधारित) ८७
५.२.५ ऋण लिएको श्रोतको आधारमा घरधुरीको विवरण ८८
५.२.६ विप्रेषणबाट आएको रकम खर्च हुने प्रमुख क्षेत्रको आधारमा परिवारको विवरण ८९
५.३ कृषि ९०
५.३.१ कृषिजन्य बालीसम्बन्धी विवरण ९१
५.३.२ खाद्यान्न बालीका जातहरू ९२
५.३.३ तरकारी बालीका जातहरू ९२
५.३.४ मसला, कफीका बालीका जातहरू ९३
५.३.५ कृषक समुहको विवरण ९३
५.३.६ कृषिजन्य उद्योग तथा आधुनिक फार्महरूको विवरण ९५
५.३.७ घरेलु तथा साना उद्योग विकास समिति सिन्धुपाल्चोकमा दर्ता भएका उद्योगहरू ९५
५.३.८ कृषि सेवा केन्द्रको विवरण ९६
५.३.९ पकेट क्षेत्रको विवरण ९६
५.३.१० नगरपालिकामा हालसम्म संचालित कृषक पाठशालाहरूको विवरण ९६

५.३.११ कृषि सहकारी संस्थाको विवरण ९६
५.३.१२ कृषि बालीमा लाग्ने रोग ९७
५.३.१३ कृषि बजारीकरण ९८
५.३.१४ कृषक र गैर-कृषक घर परिवारको विवरण ९८
५.३.१५ कृषि पेशा अंगाल्ने परिवार, कृषक परिवार र उनीहरूले भोगचलन गरेको जमिनको विवरण ९९
५.३.१६ आफ्नो उत्पादनले खान पुग्ने समयसम्बन्धी विवरण १००
५.३.१७ कृषि प्रयोजनको लागि जग्गा/जमिनसम्बन्धी विवरण १०१
५.३.१८ कृषि प्रयोजनको लागि उपयोग भएको जग्गाजमिनको क्षेत्रफलको आधारमा परिवारको विवरण १०२
५.३.१९ कृषि प्रयोजनका लागि भएको जग्गा जमिन सिंचाइ सुविधासम्बन्धी विवरण १०३
५.३.२० कृषिजन्य उत्पादन विवरण १०५
५.३.२१ कृषि उत्पादन बिक्री वितरण गर्ने घरपरिवारको तथ्याङ्क १०७
**५.४ पशुपालन १०९**
५.४.१ पशु नश्ल १०९
५.४.२ पशुपंक्षीमा लाग्ने रोगहरू १०९
५.४.३ कृषि प्रयोजनका लागि घरपालुवा पशुपंक्षी पालनका आधारमा परिवारको विवरण १११
५.४.४ कृषि प्रयोजनका लागि हाल परिवारमा भएको पशुपंक्षीसम्बन्धी विवरण ११३
५.४.५ पशुपंक्षीहरूको उत्पादन तथा बिक्रीसम्बन्धी वडागत विवरण ११६
५.४.६ पशुपंक्षी जन्य वस्तुको उत्पादनसम्बन्धी विवरण ११८
**५.५ उद्योग तथा व्यापार व्यवसाय ११९**
**५.६ व्यापारिक केन्द्र १२०**
**५.७ नगरपालिकाको अर्थतन्त्रको विशिष्टिकरण १२०**
**५.८ बैंकको विवरण १२१**
**५.९ सहकारी संस्थाको विवरण १२२**
**५.१० बैंकमा खाता भए/नभएको आधारमा परिवार संख्याको विवरण १२४**
**खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार १२६**
**६.१ सडक, सवारी तथा यातायात १२७**
**६.२ विद्यमान सडक सञ्जाल १२७**
६.२.१ सडक सुविधा पहुँचको प्रकारका आधारमा वडागत घरपरिवारको विवरण १२७
**६.३ यातायात सेवा १२८**
**६.४ टाढाको वस्तीबाट सम्बन्धित वडा केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय १२९**

६.५ वडा केन्द्रबाट नगरपालिका केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय १३०

६.६ संचार १३०

६.६.१ नगरपालिकामा सेवा प्रदान गर्ने एफ.एम. रेडियोहरू १३१

६.६.२ टेलिफोन/मोबाइल १३१

६.६.३ हुलाक सेवा १३१

६.७ परिवारमा भएको साधन तथा सुविधाको विवरण १३२

६.८ विद्युत तथा उर्जा १३४

६.८.१ घरपरिवारले दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण १३४

६.८.२ घरपरिवारले खाना पकाउने इन्धनको आधारमा परिवारको विवरण १३५

खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा १३७

७.१ शिक्षा १३७

७.१.१ नगरपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण १३९

७.१.२ नगरपालिकामा रहेका शिक्षण संस्थाहरूमा २०७५ सालमा अध्ययनरत विद्यार्थीहरूको विवरण १४१

७.१.३ शिक्षक दरबन्दीको विवरण १४७

७.१.४ ५ देखि ६० वर्ष उमेर समूहका जनसंख्याको साक्षरताको स्थिती १४९

७.१.५ ५ देखि ३५ वर्ष उमेर समूहका हाल स्कूल कलेज गए नगएको विवरण १५०

७.१.६ ५ देखि २४ वर्ष उमेर समूहका हाल स्कूल कलेज गए नगएको विवरण १५१

७.१.७ ५-२४ वर्ष उमेरसमूहका हाल स्कूल/कलेज नजानुको कारणका आधारमा विवरण १५३

७.१.८ १० वर्ष वा सोभन्दा बढी उमेर भएका जनसंख्या औपचारिक/अनौपचारिक तालिमसम्बन्धी विवरण १५४

७.१.९ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू १५७

७.२ स्वास्थ्य १५८

७.२.१ गााउँघर क्लिनीक र नियमित खोप १६०

७.२.२ सुरक्षित मातृत्व सम्बन्धी विवरण १६०

७.२.३ विगत १२ महिनामा सुत्केरी भएका महिलाहरूको सुत्केरी गराएको स्थानसम्बन्धी विवरण १६१

७.२.४ विगत १२ महिनामा सुत्केरी भएका महिलाहरूको प्रोटोकलअनुसार ४ पटक गर्भ जाँचसम्बन्धी विवरण १६१

७.२.५ १५-४९ वर्ष उमेर समूहका महिलाले हालसम्म जीवित सन्तान जन्म दिए/नदिएको विवरण १६२

७.२.६ १५ देखि ४९ वर्षका विवाहित महिलाबाट जीवित जन्म भएका सन्तानको विवरण १६३

७.२.७ १५-४९ उमेर समूहका विवाहित महिलाहरूको पहिलो बच्चा जन्मिदाको उमेरसम्बन्धी विवरण १६४

७.२.८ बितेका १२ महिनामा जन्मेका शिशुहरूको जन्मदाको तौलका आधारमा वडागत विवरण १६५
७.२.९ बाल्यकालमा हुने रोगका जोखिम १६६
७.२.१० शिशु तथा ५ वर्षमुनिको बाल मृत्युदर १६६
७.२.११ बालपोषण १६६
७.२.१२ ५ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण १६७
७.२.१३ दीर्घ रोगको प्रकारअनुसार दीर्घ रोगीहरूको जनसंख्या विवरण १६९
७.२.१४ २०७४/०७५ माा नगरपालिकामा देखा परेका १० प्रमुख रोगहरूको विवरण १७०
७.२.१५ महिला सहकारी संस्था १७१
७.२.१६ महिला विकास शाखा १७१
७.२.१७ महिला हिंसा सम्बन्धी विवरण १७१
**७.३ खेलकुद मैदान तथा पिकनीकस्थल र पार्कको विवरण १७२**
**७.४ अपाङ्गता सम्बन्धी विवरण १७३**
**७.५ विगत १२ महिनामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनसंख्याको विवरण १७५**
**७.६ खानेपानी तथा सरसफाई १७५**
७.६.१ खानेपानीको मुख्य श्रोतको आधारमा घरपरिवारको विवरण १७६
७.६.२ खानेपानी शुद्ध बनाउने तरिकाको आधारमा वर्गीकरण १७७
७.६.३ परिवारले प्रयोग गर्ने चर्पीको प्रकारका आधारमा परिवारको विवरण १७८
**७.७ फोहोर मैला व्यवस्थापन १७९**
७.७.१ घरबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधारमा परिवारको विवरण १७९
**७.८ शान्ती सुरक्षासम्बन्धी विवरण १८१**
**७.९ सामुदायिक तथा सहकारी भवनसम्बन्धी विवरण १८२**
**७.१० संघ संस्था तथा विभिन्न समूहरूको विवरण १८३**
**खण्ड ८ : वन तथा वातावरण १८७**
**८.१ प्राकृतिक वन तथा वनस्पति १८७**
**८.२ जैविक विविधता सम्वन्धी विवरण १८७**
**८.३ नगरपालिकामा पाईने वन्यजन्तु १८८**
(क) वन्यजन्तु १८८
**८.४ वनजंगल १८९**
**८.५ ई.व.का. हरूको कार्यक्षेत्र १८९**
८.५.१ सामुदायिक वन १९०

८.५.२ धार्मिक वन १९२
८.५.३ निजी वन १९३
८.५.४ निजी आवादीमा रहेका रुख विरुवाहरूको अवस्था १९३
८.५.५ कबुलियती वन १९४
**८.६ जडिबुटीसम्बन्धी विवरण १९५**
**८.७ वन संरक्षणका लागि चाल्नु पर्ने कदम १९५**
**खण्ड ९ : विकास सूचकाङ्क र गरिबीको स्थिति १९७**
**९.१ मानव विकास सुचकको विवरण (HDI) १९७**
**९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index) १९७**
**९.३ मानव विकास र गरीबी १९८**
**९.४ गरिबी न्यूनीकरण १९८**
**९.५ समग्र विकास स्थिति १९८**
**खण्ड १० : विविध २००**
**१०.१ सांगठनिक चार्ट २००**
**१०.२ जननिर्वाचित प्रतिनिधीहरूको विवरण २०१**
**१०.३ नगरपालिकामा कार्यरत कर्मचारीहरूको विवरण २०२**

# तालिका सूची

**तालिका नं. १ :** बाह्रविसे नगरपालिकाको वडा विभाजन ६

**तालिका नं. २ :** नदी तथा खोलानालाहरूको विवरण १७

**तालिका नं. ३ :** धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू २१

**तालिका नं. ४ :** वडाअनुसार घरधुरी, जनसंख्या, लैंगिक अनुपात, क्षेत्रफल तथा जनघनत्व सम्बन्धी विवरण २६

**तालिका नं. ५ :** अक्सर बसोबास गर्ने तथा अनुपस्थित जनसंख्याको विवरण २६

**तालिका नं. ६ :** लिङ्गको आधारमा उत्तरदाताको विवरण २९

**तालिका नं. ७ :** लिङ्गअनुसार वडागत जनसंख्या विवरण ३०

**तालिका नं. ८ :** उमेरसमूह अनुसार वडागत जनसंख्याको विवरण ३३

**तालिका नं. ९ :** उमेर र लिङ्गअनुसार वडागत जनसंख्याको विवरण ३५

**तालिका नं. १० :** जातजातिको आधारमा वडागत जनसंख्याको विवरण ३८

**तालिका नं. ११ :** नगरपालिकामा बोलिने भाषाको आधारमा जनसंख्याको विवरण ४०

**तालिका नं. १२ :** धर्मअनुसार जनसंख्याको वडागत विवरण ४१

**तालिका नं. १३ :** लैङ्गिक आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थिति ४२

**तालिका नं. १४ :** उमेर समूहका आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण ४४

**तालिका नं. १५ :** उमेर समूह तथा लैङ्गिक आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण ४६

**तालिका नं. १६ :** १० वर्ष वा सोभन्दा माथिको लैङ्गिक आधारमा विवाहित जनसंख्याको पहिलो विवाह गर्दाको उमेरको विवरण ४८

**तालिका नं. १७ :** परिवारले प्रयोग गरेको घरको स्वामित्वको आधारमा घरपरिवारको विवरण ४९

**तालिका नं. १८ :** परिवारले प्रयोग गरेको घर भएको जग्गाको स्वामित्व विवरण ५०

**तालिका नं. १९ :** घरको किसिमको आधारमा घरपरिवार विवरण ५१

**तालिका नं. २० :** परिवारले प्रयोग गरेको घर बनेको समय अवधीको आधारमा घरपरिवारको विवरण ५२

**तालिका नं. २१ :** परिवारले बसोबास गर्ने घरको तल्लाको आधारमा घरपरिवारको विवरण ५३

**तालिका नं. २२ :** कोठा संख्याको आधारमा परिवारको विवरण ५४

**तालिका नं. २३ :** परिवारले प्रयोग गरेको कोठा संख्याको आधारमा परिवारको विवरण ५५

**तालिका नं. २४ :** घर तथा जमिनमा महिलाको स्वामित्वसम्बन्धी विवरण ५६

**तालिका नं. २५ :** अनुपस्थित जनसंख्याको विवरण ५८

**तालिका नं. २६ :** उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसंख्याको विवरण ५९

**तालिका नं. २७ :** शैक्षिक स्तरको आधारमा नगरपालिकामा अनुपस्थित जनसंख्याको विवरण ६०

**तालिका नं. २८ :** अनुपस्थित व्यक्तिको अनुपस्थित हुनुको कारणसम्बन्धी विवरण ६२

**तालिका नं. २९ :** गन्तव्यस्थलको आधारमा अनुपस्थित जनसंख्याको विवरण (पहिलो) ६३

**तालिका नं. ३० :** देशअनुसार गन्तव्यस्थलका आधारमा अनुपस्थित जनसंख्याको विवरण ६४

**तालिका नं. ३१ :** नागरिकताको आधारमा वडागत जनसंख्याको विवरण ६६

**तालिका नं. ३२ :** जन्म स्थानको आधारमा जनसंख्याको विवरण ६७

**तालिका नं. ३३ :** यस नगरपालिकाभन्दा बाहिर जन्मस्थान भएका जनसंख्याको यस नगरपालिकामा बसोबास गर्नुका कारणको विवरण ६७

**तालिका नं. ३४ :** पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण ६९

**तालिका नं. ३५ :** पछिल्लो १२ महिनामा परिवारको सदस्य मृत्युसम्बन्धी विवरण ७०

**तालिका नं. ३६ :** मृत्यु दर्तासम्बन्धी विवरण ७१

**तालिका नं. ३७ :** तथ्याङ्क संकलनको पछिल्लो १२ महिनामा मृत्यु हुनेको उमेर समूह र लिङ्गसम्बन्धी विवरण ७२

**तालिका नं. ३८ :** भू-उपयोग विश्लेषण २०७५ ७३

**तालिका नं. ३९ :** वडाअनुसार मुख्य वस्तीहरू तथा बजार केन्द्रको विवरण ७६

**तालिका नं. ४० :** घर निर्माण सम्पन्न प्रमाणपत्रको आधारमा परिवारको विवरण ७८

**तालिका नं. ४१ :** कोठा वा फ्ल्याट भाडामा दिएका घरपरिवारहरूको वडागत विवरण ८०

**तालिका नं. ४२ :** नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ८२

**तालिका नं. ४३ :** आम्दानीका श्रोतहरूको आधारमा परिवारको विवरण (बहुउत्तरमा आधारित) ८४

**तालिका नं. ४४ :** आफ्नो वार्षिक आम्दानीले परिवार धान्न पुग्ने समय अवधिका आधारमा परिवारको विवरण ८५

**तालिका नं. ४५ :** ऋण भएका घरपरिवारको विवरण ८६

**तालिका नं. ४६ :** ऋण लिनुको कारणका आधारमा घरपरिवारहरूको विवरण (बहुउत्तरमा आधारित) ८७

**तालिका नं. ४७ :** ऋण लिएको श्रोतको आधारमा घरधुरीको विवरण ८८

**तालिका नं. ४८ :** विप्रेषणबाट आएको रकम खर्च हुने प्रमुख क्षेत्रको आधारमा परिवारको विवरण ८९

**तालिका नं. ४९ :** बाली पात्रो (लगाउने समय तथा भित्र्याउने समय) ९१

**तालिका नं. ५० :** खाद्यान्न बालीका जातहरू ९२

**तालिका नं. ५१ :** तरकारी बालीका जातहरू ९२

**तालिका नं. ५२ :** मसला, कफीका बालीका जातहरू ९३

**तालिका नं. ५३ :** कृषक समूहको विवरण ९३

**तालिका नं. ५४ :** कृषिजन्य उद्योग तथा आधुनिक फार्महरूको विवरण ९५

**तालिका नं. ५५ :** घरेलु तथा साना उद्योग विकास समिति सिन्धुपाल्चोकमा दर्ता भएका राईस मिल ९५

**तालिका नं. ५६ :** जनसंख्या प्रतिसेवा केन्द्र/उपकेन्द्र ९६

**तालिका नं. ५७ :** पकेट क्षेत्रको विवरण ९६

**तालिका नं. ५८ :** नगरपालिकामा हालसम्म संचालित कृषक पाठशालाहरूको विवरण ९६

**तालिका नं. ५९ :** कृषि सहकारी संस्थाको विवरण ९६

**तालिका नं. ६० :** विभिन्न बालीमा लाग्ने रोग विवरण ९७

**तालिका नं. ६१ :** कृषक र गैर-कृषक घरपरिवारको विवरण ९८

**तालिका नं. ६२ :** कृषि पेशा अंगाल्ने परिवार, कृषक परिवार र उनीहरूले भोगचलन गरेको जमिनको विवरण ९९

**तालिका नं. ६३ :** आफ्नो उत्पादनले खान पुग्ने समयसम्बन्धी विवरण १००

**तालिका नं. ६४ :** कृषिको प्रयोजनको लागि जग्गा/जमिन भए/नभएको आधारमा परिवारको विवरण १०१

**तालिका नं. ६५ :** कृषि प्रयोजनको लागि उपयोग भएको जग्गाजमिनको क्षेत्रफलको आधारमा परिवारको विवरण १०२

**तालिका नं. ६६ :** कृषि प्रयोजनका लागि भएको जग्गा जमिन सिंचाइ सुविधासम्बन्धी विवरण १०३

**तालिका नं. ६७ :** कृषि प्रयोजनका लागि भएको जग्गा जमिन सिंचाइ सुविधासम्बन्धी विवरण १०४

**तालिका नं. ६८ :** कृषिजन्य उत्पादन विवरण १०५

**तालिका नं. ६९ :** कृषि उत्पादन बिक्री वितरण गर्ने घरपरिवारको तथ्याङ्क १०७

**तालिका नं. ७० :** पशुमा देखिएका रोगको विवरण ११०

**तालिका नं. ७१ :** घरपालुवा पशुपंक्षीसम्बन्धी विवरण १११

**तालिका नं. ७२ :** कृषि प्रयोजनका लागि हाल परिवारमा भएको पशुपंक्षीसम्बन्धी विवरण ११३

**तालिका नं. ७३ :** कृषि प्रयोजनका लागि हाल परिवारमा भएको पशुपंक्षीसम्बन्धी विवरण ११४

**तालिका नं. ७४ :** पशुपंक्षीहरूको उत्पादन तथा बिक्रीसम्बन्धी वडागत विवरण ११६

**तालिका नं. ७५ :** पशुपंक्षी जन्य वस्तुको उत्पादनसम्बन्धी विवरण ११८

**तालिका नं. ७६ :** नगरपालिकामा सञ्चालित व्यापार /व्यवसायहरू १२०

**तालिका नं. ७७ :** बैंकको विवरण १२१

**तालिका नं. ७८ :** सहकारी संस्थाको विवरण १२२

**तालिका नं. ७९ :** बैंकमा खाता भए/नभएको आधारमा परिवार संख्याको विवरण १२४

**तालिका नं. ८० :** सडक सुविधा पहुँचको प्रकारका आधारमा वडागत घरपरिवारको विवरण १२७

**तालिका नं. ८१ :** बसपार्कको विवरण १२८

**तालिका नं. ८२ :** टाढाको वस्तीदेखि वडा केन्द्रसम्म पुग्न लाग्ने समयसम्बन्धी विवरण १२९

**तालिका नं. ८३ :** वडा केन्द्रदेखि नगरपालिका केन्द्रसम्म पुग्न लाग्ने समयसम्बन्धी विवरण १३०

**तालिका नं. ८४ :** परिवारमा भएको साधन तथा सुविधाको विवरण १३२

**तालिका नं. ८५ :** दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण १३४

**तालिका नं. ८६ :** खाना पकाउने इन्धनको आधारमा घरपरिवारको विवरण १३५

**तालिका नं. ८७ :** बाह्रविसे नगरपालिकामा रहेका विद्यालयको विवरण १३९

**तालिका नं. ८८ :** २०७५ सालमा नगरपालिकामा रहेका शिक्षण संस्थाहरूमा अध्ययनरत विद्यार्थीहरूको विवरण १४१

**तालिका नं. ८९ :** नगरपालिकामा रहेका शिक्षण संस्थाहरूमा २०७५ सालमा अध्ययनरत जनजाति विद्यार्थीहरूको विवरण १४३

**तालिका नं. ९० :** नगरपालिकामा रहेका शिक्षण संस्थाहरूमा २०७५ सालमा अध्ययनरत दलित विद्यार्थीहरूको विवरण १४६

**तालिका नं. ९१ :** शिक्षक दरबन्दीको विवरण १४७
**तालिका नं. ९२ :** ५ देखि ६० वर्ष उमेर समूहका जनसंख्याको साक्षरताको स्थिती १४९
**तालिका नं. ९३ :** ५ देखि ३५ वर्ष उमेर समूहका हाल स्कूल कलेज गए नगएको विवरण १५०
**तालिका नं. ९४ :** ५ देखि २४ वर्ष उमेर समूहका हाल स्कूल कलेज गए नगएको विवरण १५१
**तालिका नं. ९५ :** ५-२४ वर्ष उमेरसमूहका हाल स्कूलरकलेज नजानुको कारणका आधारमा विवरण १५३
**तालिका नं. ९६ :** १० वर्ष वा सोभन्दा बढी उमेर भएका जनसंख्या औपचारिकरअनौपचारिक तालिमसम्बन्धी विवरण १५४
**तालिका नं. ९७ :** औपचारिक तालिमको विषयको आधारमा वडागत विवरण १५५
**तालिका नं. ९८ :** नगरमा भएका स्वास्थ्य संस्थाको विवरण १५९
**तालिका नं. ९९ :** नगरपालिकाको विगत २ वर्षको खोपको विवरण १६०
**तालिका नं. १०० :** सुरक्षित मातृत्व सम्बन्धी विवरण १६१
**तालिका नं. १०१ :** सुत्केरी भएका महिलाहरूको सुत्केरी गराएको स्थानसम्बन्धी विवरण १६१
**तालिका नं. १०२ :** प्रोटोकलअनुसार ४ पटक गर्भ जाँचसम्बन्धी विवरण १६१
**तालिका नं. १०३ :** १५ देखि ४९ वर्षसम्मका विभिन्न उमेर समूहका विवाहित महिलाहरूले जन्म दिएका सन्तानहरूको आधारमा जसंख्याको विवरण १६२
**तालिका नं. १०४ :** १५ देखि ४९ वर्षका विवाहित महिलाबाट जीवित जन्म भएका सन्तानको विवरण १६३
**तालिका नं. १०५ :** १५-४९ उमेरसमूहका विवाहित महिलाहरूको पहिलो बच्चा जन्मिदाको उमेरसम्बन्धी विवरण १६४
**तालिका नं. १०६ :** बितेका १२ महिनामा जन्मेका शिशुहरूको जन्मदाको तौलका आधारमा वडागत विवरण १६५
**तालिका नं. १०७ :** नगरपालिकाको विगत २ वर्षको पोषणको अवस्था १६७
**तालिका नं. १०८ :** ५ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण १६८
**तालिका नं. १०९ :** दीर्घरोग रोगको प्रकारअनुसार जनसंख्याको विवरण १६९
**तालिका नं. ११० :** रोगहरूको विवरण १७०
**तालिका नं. १११ :** महिला सहकारी संस्था १७१
**तालिका नं. ११२ :** महिला विकास शाखा १७१
**तालिका नं. ११३ :** खेलकुद मैदान तथा पिकनीकस्थल र पार्कको विवरण १७३

**तालिका नं. ११४ :** अपाङ्गताको किसिमअनुसार जनसंख्याको विवरण १७४

**तालिका नं. ११५ :** विगत १२ महिनामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनसंख्याको विवरण १७५

**तालिका नं. ११६ :** खानेपानीको मुख्य श्रोतको आधारमा घरपरिवारको विवरण १७६

**तालिका नं. ११७ :** खानेपानी शुद्ध बनाउने तरिकाको आधारमा वर्गीकरण १७७

**तालिका नं. ११८ :** परिवारले प्रयोग गर्ने चर्पीको प्रकारका आधारमा परिवारको विवरण १७८

**तालिका नं. ११९ :** घरबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधारमा परिवारको विवरण १७९

**तालिका नं. १२० :** प्रहरी ईकाईहरूको विवरण १८२

**तालिका नं. १२१ :** जिल्ला प्रहरी कार्यालय सि.पा. तथा मातहत कार्यालयहरू रहेको स्थान र दुरीको विवरण १८२

**तालिका नं. १२२ :** सामुदायिक तथा सहकारी भवनसम्बन्धी विवरण १८२

**तालिका नं. १२३ :** संघ संस्था तथा विभिन्न समूहरूको विवरण १८३

**तालिका नं. १२४ :** वन्यजन्तु तथा पशुपंक्षी १८८

**तालिका नं. १२५ :** ई.व.का.हरूको कार्यक्षेत्र १८९

**तालिका नं. १२६ :** जिल्ला वन कार्यालयद्धारा हस्तान्तरित सामुदायिक वनहरूको संक्षिप्त विवरण १९१

**तालिका नं. १२७ :** जिल्ला वन कार्यालयमा दर्ता भएका निजी वनहरूको विवरण १९३

**तालिका नं. १२८ :** बाह्रविसे नगरपालिकामा रहेका कबुलियति वनको विवरण १९४

**तालिका नं. १२९ :** मानव विकास सूचकको विवरण (HDI) १९७

**तालिका नं. १३० :** गरीबीको दरको विवरण १९८

**तालिका नं. १३१ :** जननिर्वाचित प्रतिनिधीहरूको विवरण २०१

**तालिका नं. १३२ :** नगरपालिकामा कार्यरत कर्मचारीहरूको विवरण २०२

# नक्सा सूची


| | | |
|---|---|---|
| नक्सा नं. १ : | नगरपालिकाकाको वस्तुस्थिति चित्रण | ४ |
| नक्सा नं. २ : | नगरपालिकाको वार्डहरूको विभाजन नक्सा | ७ |
| नक्सा नं. ३ : | नगरपालिकाकाको वडाअनुसार क्षेत्रफलको नक्सा | ८ |
| नक्सा नं. ४ : | नगरपालिकाको उचाइको वितरण | १० |
| नक्सा नं. ५ : | नगरपालिकाको भिरालोपना | १३ |
| नक्सा नं. ६ : | नगरपालिकाको नदी सञ्जाल | १८ |
| नक्सा नं. ७ : | नगरपालिकामा रहेका धार्मिक क्षेत्रहरू | २४ |
| नक्सा नं. ८ : | नगरपालिकाको जनसंख्या नक्सा | २७ |
| नक्सा नं. ९ : | नगरपालिकाको घरधुरी संख्या नक्सा | २८ |
| नक्सा नं. १० : | नगरपालिकाको जनसंख्याको अनुपात | ३२ |
| नक्सा नं. ११ : | नगरपालिकाको भू-उपयोग विवरण | ७४ |
| नक्सा नं. १२ : | नगरपालिकाको वस्तीहरूको नक्सा | ७७ |
| नक्सा नं. १३ : | नगरपालिकामा रहेको सडक सञ्जाल | १२६ |

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

विकास निर्माणका वैज्ञानिक योजना तर्जुमा गर्नका लागि विश्वसनीय तथा भरपर्दो तथ्याङ्कीय आधार नै महत्वपूर्ण हुन्छ । यसले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न महत्वपूर्ण भूमिका खेल्ने हुनाले विशिष्टिकत प्रश्नावलीको आधारमा तयार परिएको Mobile Apps मार्फत घरधुरी तथ्याङ्क संकलन गरी नगरपालिकामा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले सङ्कलन गरी यो नगरपालिका पार्श्वचित्र तयार गरिएको छ ।

कुनै पनि स्थानीय तह (नगरपालिका/गाउँपालिका) ले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५" को अनुसूची ३ मा नगर पार्श्वचित्रको ढाँचा सहित समग्र नगरपालिकाको विकास सम्बन्धी योजना तथा नीतिहरू तर्जुमा गर्नु पूर्व नगर पार्श्वचित्रलाई अद्यावधिक गर्ने निर्माण नगरेको खण्डमा अनिवार्य रुपमा निर्माण गर्नुपर्ने उल्लेख छ । साथै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको समग्र वस्तुस्थिति झल्कने पार्श्वचित्र निर्माणलाई उच्च महत्व दिएको छ । यसै प्रयोजनको लागि नगरपालिकाको वस्तुस्थिति झल्कने गरी यस नगरपालिका पार्श्वचित्र (Municipality Profile) तयार गरिएको हो ।

## १.२ नगरपालिका पार्श्वचित्र तयारीको उद्देश्यहरू

नगरपालिका पार्श्वचित्र मूलतः बाह्रविसे नगरपालिकाको आगामी नीति तथा कार्यक्रम, योजना तर्जुमा गर्नका लागि तथ्याङ्कीय आधार सृजना गर्ने सन्दर्भमा तयार गरिएको हो । यसले योजना तथा कार्यक्रमको निर्माण कार्यान्वयन, अनुगमन, मूल्याङ्कन जस्ता कुराको लेखाजोखा गर्न मद्दत गर्नेछ ।

- नगरपालिकाको आर्थिक, सामाजिक तथा जनसांख्यिक पक्षहरूको प्राथमिक तथ्याङ्क तयार पार्ने ।
- नगरपालिकाभित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने ।
- नगरपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरूको अवगत गराउने ।
- नगरपालिकाको जनसांख्यिक तथा विकासात्मक वस्तुस्थितिको बारेमा जानकारी गराउने ।
- नगरपालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।
- नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।
- नगरपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने ।

- नगरपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तर सम्म सूचनाको उपलब्धता गराई व्यवस्थापनमा सहयोग गर्ने ।
- नगरपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।
- स्थानीय आवश्यकता र स्रोत साधनको उपलब्धताको अवस्थाको जानकारी गराउने ।

## १.३ अध्ययनको महत्व

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्देशन गरे बमोजिम नगरपालिका/गाउँपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । नगरपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले विकासका आयामहरूको तुलनात्मक मूल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट प्रस्तुत गर्दछ । विभिन्न स्थानको आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्न यस अध्ययनले बाह्रविसे नगरपालिकालाई सहयोग गर्नुका साथै समावेशी, समानुपातिक र समन्यायिक विकासमा अन्य सरोकारवालाहरूलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा पार्श्वचित्र सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरूलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ ।

## १.४ अध्ययनको औचित्य

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संघीय संरचना अनुरूप नगरपालिकाहरूलाई स्वायत्त स्थानीय सरकारको रूपमा स्थापित गरेको छ । विकास निर्माणका क्रियाकलाप सञ्चालन गर्न सर्वप्रथम नगरपालिकाको यथार्थ वस्तुगत विवरण तयार पार्नु जरुरी हुने भएकोले समग्र विकासको प्रस्थान विन्दुको रूपमा रहेको नगरपालिकाको समस्या चुनौती, सम्भावना र आवश्यकताको तथ्यहरूको संगालोका रूपमा रहेको यो पार्श्वचित्र निर्माणको काम अर्थपूर्ण र अनिवार्य छ । पूर्वाधार विकासका दृष्टिले कमजोर स्थितिमा रहेको नेपालको सन्दर्भमा Profile तयार गर्ने कार्यले विशेष महत्व राख्दछ किनकि यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा नगरपालिकालाई उपलब्ध स्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन एवम् अनुगमन मूल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो औचित्यपूर्ण रहन्छ ।

## १.५ नगरपालिका पार्श्वचित्र तयारी विधि

पार्श्वचित्र तयारीको क्रममा अपनाइएका तरिका र साधनहरूको उपयोगलाई अध्ययन विधीमा उल्लेख गरिएको छ । नगरपालिका पार्श्वचित्र तयारीका विधीहरू निम्नानुसार छन् ।

- विशिष्टीकृत प्रश्नावली निर्माण गरी Android Apps द्वारा प्रत्येक घरपरिवारको जनसांख्यिक, आर्थिक, सामाजिक र भौतिक पक्षहको विवरण प्राप्त गर्न गणकहरू परिचालन गरी आवश्यक तथ्याङ्क संकलन गरिएको ।
- यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्याङ्कहरू समावेश गरिएको ।

- विभिन्न सर्वेक्षण, मानव विकास प्रतिवेदन आदिका नतिजाहरू समावेश गरिएको ।
- भौतिक विकास पूर्वाधार, वातावरणीय व्यवस्थापन, सामाजिक विकास, आर्थिक विकास, वित्तीय व्यवस्थापन तथा संस्थागत विकास आदि, नतिजा, सूचकहरू, पुस्ट्याईका आधारहरू, जोखिम पक्षहरू, कार्यक्रमको पहिचान, जस्ता विषयवस्तु समावेश गरिएको ।

यसर्थ पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्वितीय (Secondary) दुवै सूचना संकलन गरी गरिएको छ । भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS data), स्थलस्वरुप नक्सा, हवाई नक्सा, नापी नक्सा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ। वडा तहका समस्याहरू र खाँचोहरू वडाबासीहरू बीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ। यसका साथै नगरपालिकाको स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, बुद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अर्न्तवार्ता गरी नगरपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ । नगरपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू नगरपालिका कार्यालय लगायत नगरपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

## १.६ नगरपालिका पार्श्वचित्र तयारीका सिमाहरू

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेबमोजिम नगरपालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्याङ्कहरूको स्रोत र आधार वर्ष खुलाईएको छ । प्रश्नावलीमा उल्लेखित प्रश्नको आधारमा प्राप्त तथ्याङ्क नगरपालिकाका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय विभागहरू, सम्बन्धित नगरपालिका आदि स्रोतहरूबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ। पार्श्वचित्रको अवधारणा अनुसार यस दस्ताबेजले बाह्रविसे नगरपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ। अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ। तैपनि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई पनि केही सिमिततामा बाँधेको छ। तथापी यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ।

# खण्ड : २ नगरपालिकाको परिचय

## २.१ संक्षिप्त परिचय




नक्सा नं. १ : नगरपालिकाकाको वस्तुस्थिति चित्रण

बाह्रविसे नगरपालिका नेपालको ३ नं प्रदेश अन्तर्गत सिन्धुपाल्चोक जिल्लामा पर्दछ। १३४.८ वर्ग.कि.मि. क्षेत्रफल रहेको यस नगरपालिकाको पूर्वमा भोटेकोशी गाउँपालिका र दोलखा जिल्ला, पश्चिममा बलेफी र जुगल गाउँपालिका, भोटेकोशी गाउँपालिका र दक्षिणमा त्रिपुरासुन्दरी र बलेफी गाउँपालिका पर्दछन् । बाह्रविसे नगरपालिकालाई मिति २०७३ फागुन २२ गते साविकको घोर्थली (१-४), कर्थली, बाह्रविसे, गाती, घुम्थाङ, मानेश्वरा र राम्चे गा.वि.स. समावेश गरी जम्मा ९ वडा कायम गरिएको छ।

घरधुरी तथ्याङ्क सर्वेक्षण, २०७५ अनुसार नगरपालिकामा कूल २६,११४ जनसंख्या रहेको छ। यस नगरपालिकामा विभिन्न धर्म मान्ने जातजातिहरूको बसोबास रहेको छ। जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै ९,७०३ अर्थात ३७.२ प्रतिशत तामाङ्ग, दोस्रोमा ६,९४९ अर्थात २६.६ प्रतिशत क्षेत्री, तेस्रोमा नेवार १२ प्रतिशत, चौथो र पाँचौमा क्रमश शेर्पा ६.७ प्रतिशत र पहाडी ब्राह्मण ४.२ प्रतिशत रहेका छन्। त्यसैगरी कामी, मगर, थामी गुरुङ्ग, दमाई/ढोली र अन्य जातजातिहरूको पनि बसोबास रहेको छ। नगरपालिकाको औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरूमा व्यापार, व्यवसाय, लघुउद्योग, नोकरीका साथै वैदेशिक रोजगारी हुन्। परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमश आधुनिक जीवनशैली समेत अभ्यस्त हुदैछन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम समेत रहेको छ। अध्ययनका लागि यस नगरपालिकाका शैक्षिक संस्थाहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिका/नगरपालिका तथा जिल्लाबाट समेत आउने गरेका छन्। अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सीमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्।

विगतमा लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। दशैं, तिहार, माघि, होली, महाशिवरात्री, कृष्णजन्माष्टमी, ल्होसारहरू, न्वागी, इद, छठपर्व, होली, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ।

## २.२ राजनैतिक तथा प्रशासनिक केन्द्र

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित नगरपालिका, गाउँपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदनअनुसार तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकको घोर्थली (१-४), कर्थली, बाह्रविसे, गाती, घुम्थाङ, मानेश्वरा र राम्चे गा.वि.स. समावेश गरी बाह्रविसे नगरपालिका

घोषणा गरिएको हो । यस नगरपालिकामा ९ वडाहरू कायम गरिएको छ । हाल बाह्रविसे नगरपालिकाको संरचना यस प्रकार रहेको छ ।

**तालिका नं. १ :** बाह्रविसे नगरपालिकाको वडा विभाजन

| वडा नं. | समावेश भएका साविक गा.वि.स.हरू | समावेश भएका वडा नं. |
|---|---|---|
| १ | घोर्थली | १ - ४ |
| २ | कर्थली | १ - ९ |
| ३ | बाह्रविसे | १ - ४ |
| ४ | बाह्रविसे | ५ - ९ |
| ५ | गाती | १ - ५ |
| ६ | गाती | ६ - ९ |
| ७ | घुम्थाङ | १ - ९ |
| ८ | मानेश्वरा | १ - ९ |
| ९ | राम्चे | १ - ९ |




*तस्बिर: नगरपालिका कार्यालय, स्रोत : न.पा.*




नक्सा नं. २ : नगरपालिकाको वार्डहरूको विभाजन नक्सा




नक्सा नं. ३ : नगरपालिकाकाको वडाअनुसार क्षेत्रफलको नक्सा

## २.३ भूक्षेत्र (टोपोग्राफी)

### २.३.१ माटोको बनावट र उर्वराशक्ति

भौगोलिक हिसाबले ८५°४९'२०" देखि ८६°१'४१" पूर्वी देशान्तर र २७°४५'३९" देखि २७°५५'५" उत्तरी अक्षांशमा अवस्थित बाह्रविसे नगरपालिकाको कूल क्षेत्रफल १३४.८१ वर्ग कि.मि. रहेको छ। जसमा ५६.३६ वर्ग कि.मि. खेतीपातीको लागि उपयुक्त देखिन्छ। त्यसैगरी ४०.३४ वर्ग कि.मि. जमिन वनजंगलले ओगटेको, १८.६९ वर्ग कि. मि. घाँस क्षेत्र र १८.४९ वर्ग कि.मि. झाडीले ओगटेको छ। प्राकृतिक सम्पदाको हिसाबले यो नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटोको धनी हुनुको साथै जलाधार भएको नगरपालिका हो। नगरपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, कोदो, मास, मुसुरो, अरहर, तोरी आदि हुन्।

### २.३.२ भू-आकृति तथा माटोको बनोट

बाह्रविसे नगरपालिका हालको नयाँ संरचना अनुसार प्रदेश नं. ३ अन्तर्गत रहेको पहाडी जिल्ला सिन्धुपाल्चोकमा पर्दछ। बाह्रविसे नगरपालिका समुद्री सतहबाट ७९० मिटर उचाइदेखि ३,७०० मिटरसम्मको उँचाईमा फैलिएर रहेको छ। यो नगरपालिकाको भू-आकृति तथा माटोको बनोट मुख्यतया दुई भागमा विभाजन भएको देखिन्छ जुन निम्नअनुसार छन् :

#### (क) लेकाली भाग (२१३४ मि.भन्दा माथि)

२१३४ मि.भन्दा माथिको भागलाई लेकाली भागमा विभाजित गरिएको छ। यो भाग सामान्यतया २१३४ मिटरभन्दा अग्लो, हिउदमा निकै जाडो हुने हिंउ पर्ने तथा ग्रेनाईट ढुङ्गा, दर्शन ढुङ्गा आदि प्रशस्त पाईने गर्दछ। अन्न उत्पादन पनि कम हुने यस क्षेत्रमा पशुपालनमा भेंडा, बाख्रा, चौंरी आदि पाल्ने गरिन्छ। अन्नमा आलु, मकै, फापर, कोदो मात्र उत्पादन हुने यस क्षेत्रमा सल्लो गुराँस, धुपी, खर्सु वाँझ आदि वनस्पतिहरू पाईन्छन्।

#### (ख) पहाडी भाग (९१६-२१३४)

१०६१ मिटर उचाइदेखि २१३४ मिटरसम्मको भाग पर्ने स्थान पहाडी भागमा पर्दछ। स्वस्थ्यकर हावापानीसमेत भएको यस भेगमा पाखो बारीमा समेत राम्रो खेती हुन्छ। घनावस्ती भएको यस भागमा मकै, गहुँ, धान, कोदो, आलु उत्पादन गरिन्छ। यस भेगको जंगलमा कटुस, चाप, ओखर, चिउरी, पिपल, टिमुर, चिलाउने, साल आदिका रुख पाईन्छन्। यस क्षेत्रमा सवै किसिमका जातजातिका वसोवास रहेको पाईन्छ।

#### (ग) बेशी (७९०-९१५)

तराई तथा भित्री मधेशको समेत हावापानी पाउने यस भेगमा मुख्यतया बेशी समथर खेतबारी रहेकोले राम्रो खेती हुन्छ। घनाबस्ती समेत रहेको यस क्षेत्रमा व्यापारिक कृयाकलाप फस्टाउनुको साथै बजार केन्द्रहरूमा घरेलु उद्योगहरू समेत रहेको छन्। साल, साझ, शिरिस, वैदार, बाँस, निगालो, चिउरी आदिका रुखहरू पाइन्छन्। मकै, धान, गहुँ, तोरीको खेती गरिन्छ। यस क्षेत्रमा गर्मीमा बढी गर्मी र हिउँदमा हुस्सु र चिसो हावापानी कायम हुन्छ।




नक्सा नं. ४ : नगरपालिकाको उचाइको वितरण

## २.४ भू-क्षेत्रको वर्गीकरण

बाह्रविसे नगरपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलन जस्ता प्रबृत्तिका आधारमा अध्ययन गर्दा भूमिको बर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रबृत्ति भूबनोटअनुसार फरक पर्दै जान्छ। त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical characteristics) का आधारमा माटोको अवस्था र भिरालोपन आँकडन गरिएको छ । बाह्रविसे नगरपालिकाको भूमिलाई भू-बनौट, पारिस्थितिक प्रणाली, तथा भू-स्खलन जस्ता तत्वका आधारमा भूमिको वर्गीकरणलाई हेर्दा नगरपालिकाको जमिनमा ० डिग्रिदेखि ७५ डिग्रिसम्मको भिरालोपन देखिन्छ । यस नगरपालिकाको भू-उपयोगको अवस्थालाई हेर्दा धेरै भिरालो तथा कम समथर भूमि रहेको पाइन्छ । जसलाई तल उल्लेख गरिएको छ ।

### क) Slope 0°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ।

यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाइ सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।

### ख) Slope 5°-30° (माटोको गहिराई ५०-१०० से.मि. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मि. देखि १०० से.मि. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ । यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरुपमा देखा परि रहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतिका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन।

तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुऱ्याउन सक्दछ ।

यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा पहिलेदेखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा सावधानी अपनाउनु पर्दछ। एक्कासी बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।

### ग) वर्ग : Slope <$40^0$-$50^0$ माटोको गहिराई २० से.मि. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मि. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ । यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायिकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पति खेतीका लाीग अनुपयुक्त मानिन्छ ।

यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झै एकातिर यस्तो जमिनमा भू-क्षयीकरणको प्रवृत्ति ति तीब्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुन: अधिग्रहण (reclaim) गर्न असम्भव नै हुन्छ । उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ ।




नक्सा नं. ५ : नगरपालिकाको भिरालोपना

## २.५ नगरपालिकामा रहेका सम्भाव्यता र अवसरहरू

नगरपालिका क्षेत्रमा कृषि, लघु व्यवसाय, उद्योग, व्यापार, पोखरीहरूमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्। समग्रमा यस बाह्रविसे नगरपालिकाको क्षेत्र हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। नगरपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सोको अधिकतम लागत मूल्यले गर्दा सोको प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यवसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

नगरपालिकामा रहेको उर्वर भूमिको उच्चतम वैज्ञानिक सदुपयोग हुन सकिरहेको छैन भने अर्कोतर्फ वैज्ञानिक कृषि प्रणालीको अभावका कारण माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी सिँचाइको प्रबन्धका साथै माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि नगरपालिकालाई एउटा बस्न लायक पर्यावरण अनुकूल विकास गर्न सकिन्छ।

नगरपालिकाको ग्रामीण क्षेत्रमा जडिबुटी उत्पादन, दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले ग्रामीण पहुँच विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा जडिबुटी संकलन केन्द्र, दुध चिस्यान केन्द्र, कोल्ड स्टोर, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस नगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ। यस नगरपालिकामा प्राकृतिक नदी तथा खोलाहरू भएको र केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाको माग पूर्ति गर्न सक्ने सम्भावना रहेको छ। भोटेकोशीको जलसम्पदा रहेकोले चिसो पानीमा हुने ट्राउट जातका माछाको व्यवसायीक उत्पादन समेत गर्न सकिन्छ।

नगरपालिकामा रहेको विभिन्न ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

नगरपालिका तथा देशमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस नगरपालिकाका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी नगरपालिकामा रोजगारी श्रृजना भएमा नगरपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठूलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ। यसका अतिरिक्त बाह्रविसे नगरपालिकाको विकासका लागि विभिन्न सम्भावनायुक्त उपायहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- नगरपालिका क्षेत्रभित्र रहेका पानीका स्रोतहरूबाट आधुनिक कूलो तथा नहर मार्फत् पानी सिँचाइ गरी व्यवसायीक रुपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै आर्थिक गतिविधिहरू बढ्ने र समग्र नगरपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ ।
- तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि राजधानी उपत्यका निकट नभएकोले व्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।
- यस नगरपालिकामा थप औद्योगिक क्षेत्र विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरू रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरू यस क्षेत्रमा क्रियाशिल रहेकाले नगरपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ ।
- नगरपालिका क्षेत्रमा उपभोक्ताहरूको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.६ नगरपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरू

यस बाह्रविसे नगरपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान समस्या चुनौती र सम्भावनाहरू निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

## क) अवसर र सम्भावनाहरू

- उर्वर कृषि जमिन, पोखरी र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।
- विषम भोगौलिक बनावट हुनु ।
- शिक्षित मानवीय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- युवा जनसमुदायको बाहुल्यता देखिन्छ ।
- राष्ट्रिय राजमार्ग प्रणालीसंग आवद्ध भएको छ ।
- शिक्षा केन्द्रहरूको संचालनमा व्यवस्था
- पर्यटन क्षेत्रको विकास गर्न सकिने
- तातोपानी नाका संचालन गर्न सके सीमाक्षेत्रमा हुने मानविय कृयाकलापहरूले यहाँको आर्थिक विकासमा टेवा पुग्ने देखिन्छ ।

## ख) चुनौती र समस्याहरू

- नगरपालिकाको क्षेत्र भित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना पर्याप्तता नहुनु ।
- सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरूको समन्वयको अभाव ।
- वातावरण संरक्षण र फोहोर व्यवस्थापनको ठोस योजना नहुनु ।
- स्वास्थ्यको पर्याप्त सुविधा नहुनु
- नगरपालिका क्षेत्रमा खानेपानी उचित व्यवस्थापन हुन नसक्नु ।
- नगरपालिका क्षेत्रभित्रका धेरै सडकहरू कच्ची तथा कम गुणस्तरको रहनु ।
- कृषियोग्य भूमी भएतापनि व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- आयश्रोतको कमिले नगरपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- योजनाबद्ध बस्ती बिकासको अभाव ।
- जलसम्पदाको समुचित सदुपयोग हुन नसक्नु ।
- आकासे पानीमा निर्भर सिचाई ।
- परम्परागत कृषि प्रणाली ।
- सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरूको समन्वयको अभाव ।

- योजनावद्ध वस्ती विकासको अभाव ।
- वातावरण संरक्षणको ठोस कार्यक्रमको अभाव ।

## २.७ नदी तथा खोलाको विवरण

नगरपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदी, खोलानाला तथा पोखरीहरूले विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रूपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता जलाधार क्षेत्रबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत सिँचाइको लागि पानीको प्रयोग गर्दछन्। मानव वस्तीको क्रमिक विकास भूमण्डलीय तापक्रम वृद्धि, जलवायु परिवर्तन, वनजंगल विनास, प्राकृतिक प्रकोप आदिले प्राकृतिक जलक्षेत्रहरू सुक्ने साथसाथै नदी नाला तथा खोला छेउछाउ अव्यवस्थित बसोवास र त्यहाँबाट निस्किएका फोहोर र ढलको उचित व्यवस्थापनले नदी तथा खोलाको स्वरुप वातावरणीय रुपामा सुधार उन्मुख देखिन्छ। त्यसकारण यी प्राकृतिक ताल तलाउ तथा खोलानालालाई संरक्षण गरी पर्यटकीय आकर्षकको केन्द्रको रुपमा विकसित गर्दै लैजानुपर्छ । यस नगरपालिकामा रहेका नदिहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. २ :** नदी तथा खोलानालाहरूको विवरण

| वडा नं. | नदी तथा खोला नालाको नाम |
|---|---|
| १ | तोङमार, आमादिङ घट्टेखोला, खामादिङ खोला, |
| २ | सुनकोशी ,खहरेखोला, आरूबोटे खोला, बेधुखोला, चनौटे खोला, कशेरी खोला, हाँडिखोला, भैसेखोला |
| ३ | भोटेकोशी, खाग्दल |
| ४ | भोटेकोशी, सुनकोशी |
| ५ | याल्मु खोला, खहरे खोला, खागदल खोला, काभ्रे खोला, दुध्मु छागा |
| ६ | फाङफुगे खोला, पधेरो खोला,लप्सी खोला, मानि खोला |
| ७ | खरे खोला, खलाङ्से खोला, मिरे खोला, गुए खोला, अधेरी खोला, चिविङ खोला |
| ८ | घट्टेखोला, अधँरी खोला, काभ्रेखोला, साउने खोला, खहरे खोला, गुह्य खोला,बौला खोला, भुते खोला |
| ९ | अधेरी खोला, कान्ले  खोला, गाडखोला |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७५*




नक्सा नं. ६ :  नगरपालिकाको नदी सञ्जाल

## २.८ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू



*तस्बिरः बृकमलादेवी मन्दिर, वार्ड नं २, सिम्ले, स्रोत : न.पा*



*तस्बिरः फाल्दुक गुम्बा, वार्ड नं ७, फाल्दुक, स्रोत : न.पा*




*तस्बिरः विलिभर्स चर्च, वार्ड नं ८, सिमल बिसौना, स्रोत : न.पा*

एउटा विशिष्ट भौगोलिक संरचनाले श्रृजना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा पर्यटकीय गन्तव्य स्थलकोरुपमा परिचित छ । पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको बरदान हो । अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरू, अनवरत बग्ने कञ्चन हिम नदीहरू, झर्ना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जंगल यहाँको प्राकृतिक निधिहरू हुन् भने यहाँको संस्कृति, जाति तथा रहनसहनसमेत पर्यटनका आकर्षक पक्षहरू हुन् । यी सम्पूर्ण पर्यटकीय सम्पतिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक सम्वृद्धिमा उल्लेखनीय योगदान पुर्‍याई देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ । तसर्थ पर्यटन नीति २०६५ ले मुलभूतरुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पूर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ ।

**तालिका नं. ३ :** धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू

| क्र.श | धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थल | ठेगाना |
|---|---|---|
| १ | सेल्पु गुम्बा | वडा नं. १, दोलङ्सा |
| २ | गेल्बु साङगे गुम्बा | वडा नं. १, ठेनासा |
| ३ | छत्रेमाहादेव स्थान | वडा नं. १ |
| ४ | कालिङचोक | वडा नं. १ |
| ५ | तामाखानी | वडा नं. १ |
| ६ | सेतिदेवि मन्दिर | वडा नं. २, रिपार |
| ७ | इलिछिलुङ गुम्बा | वडा नं. २, दुरुमथलि |
| ८ | कुम्हेश्वर महादेव | वडा नं. २, काभ्रे |
| ९ | इमानुएल बाइबल मिसनरि चर्च | वडा नं. २, कर्थली |
| १० | महाङ्काली मन्दिर | वडा नं. २, भण्डारीटोल |
| ११ | कालिका मन्दिर | वडा नं. २, वि.क टोल |
| १२ | सिताथान महादेव स्थान | वडा नं. २ |
| १३ | दैछिङ कैछिङ् गुम्बा | वडा नं. २ |
| १४ | माचखर्क सेतिदेवी महादेव स्थान | वडा नं. २ |
| १५ | बृकमलादेवी | वडा नं. २, सिम्ले |
| १६ | बिष्णु मन्दिर | वडा नं. ३ |
| १७ | सेतिदेव मन्दिर | वडा नं. ३ |
| १८ | भिमसेन मन्दिर | वडा नं. ३ |
| १९ | भुकदेव नारायण मन्दिर | वडा नं. ३ |
| २० | बागेश्वरी मन्दिर | वडा नं. ३ |
| २१ | सागा लामा गुम्बा | वडा नं. ३ |
| २२ | इमानुएल चर्च | वडा नं. ३ |
| २३ | श्री काफेश्वर महादेव मन्दिर | वडा नं.४, सुनकोशी |
| २४ | क्षमादेवी मन्दिर | वडा नं.४, क्षमादेवी |
| २५ | कालिदेवी मन्दिर | वडा नं.४ |
| २६ | बौद्ध स्तुपा | वडा नं.४ |
| २७ | इमानुएल चर्च | वडा नं.४ |
| २८ | दुतिया खडा देवी माई | वडा नं. ५, सिगार्चे |
| २९ | पन्चकन्या सेतिदेवि माइ | वडा नं. ५ |
| ३० | सेतिदेवी कसेरी | वडा नं. ५ |
| ३१ | टुङटुङ महादेव स्थान | वडा नं. ६ |

| क्र.श | धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थल | ठेगाना |
|---|---|---|
| ३२ | भिमसेन स्थान | वडा नं. ६ |
| ३३ | भयौलिकुण्ड गुम्बा | वडा नं. ६ |
| ३४ | फाल्दुक गुम्बा | वडा नं. ७, फाल्दुक |
| ३५ | बेथेल एजि मन्डली | वडा नं. ७, हुन्दुङ |
| ३६ | आरुचे सातकन्या बनसुकि देवी | वडा नं. ७, आरुचे |
| ३७ | घलसा उग्रेन छेलिङ गुम्बा | वडा नं. ७, देउराली |
| ३८ | दोर्जेलिङ निमा गुम्बा | वडा नं. ८, घुमाङ्गोत |
| ३९ | गोल्मा भिमसेन थान | वडा नं. ८, गोल्माथान |
| ४० | भद्रकाली मन्दिर | वडा नं. ८, हरे |
| ४१ | कुन्सङ धेछेलिङ गुम्बा | वडा नं. ८, मानेश्वारा |
| ४२ | विलिभर्स चर्च | वडा नं. ८, सिमल बिसौना |
| ४३ | सेती देवी | वडा नं. ८ |
| ४४ | काली देवी | वडा नं. ८ |
| ४५ | पञ्चकन्या माइ मन्दिर | वडा नं. ८ |
| ४६ | तिनकन्या माइ | वडा नं. ८ |
| ४७ | बच्छलादेवी मन्दिर | वडा नं. ८ |
| ४८ | रक्त देवी | वडा नं. ८ |
| ४९ | दिङमा गुम्बा | वडा नं. ८ |
| ५० | सेरलिङ गुम्बा | वडा नं. ८ |
| ५१ | गोल्मा राजा मन्दिर | वडा नं. ९, कोटगाउँ |
| ५२ | कालिका मन्दिर | वडा नं. ९, भण्डारी गाउँ |
| ५३ | बगरे गणेश मन्दिर | वडा नं. ९, बगरे |
| | **मुख्य पर्यटकीय स्थल** | |
| १ | गोल्बो साङ्गे गुफा | वडा नं. १, फापर डाँडा |
| २ | थलथला झरना | वडा नं. १, थलथला |
| ३ | घ्यु ढुङगा | वडा नं. १ |
| ४ | गौरीशंकर संरक्षण क्षेत्रमा लोपउन्मुख रेड पाण्डा रहेको | वडा नं. १ |
| ५ | मुकरुन्चे | वड नं. ३ |
| ६ | थला डाँडा | वड नं. ३ |
| ७ | अँगेरीपाखा खेल मैदान | वडा नं. ४ |
| ८ | सुनकोशी | वडा नं. ४ |
| ९ | बोक्सी गुफा क्षमादेवी | वडा नं. ४ |
| १० | टुँडिखेल | वडा नं.७, घुम्थाङ |

| क्र.श | धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थल | ठेगाना |
|---|---|---|
| ११ | बन्देल पोखरी | वडा नं. ७, देउराली |
| १२ | पुरानो ब्यारेक | वडा नं. ७ |
| १३ | ॐ पार्क | वडा नं. ७, देउराली |
| १४ | मुनथला | वडा नं. ८ |
| १५ | घुडे | वडा नं. ८ |
| १६ | पश्चिम खर्क | वडा नं. ८ |
| १७ | खाङ्ग्रे गुफा | वडा नं. ९ |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७५*



*तस्विर: ॐ पार्क, वार्ड ७, देउराली, स्रोत : न.पा.*

## २.९ मुख्य चाडपर्वहरू

यस नगरपालिकामा  विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने मानिसहरू रहेका छन् भने त्यस्तै क्रिस्चियन र इस्लाम धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाति र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ, होली, चैते दशैं, साउने-माघे सक्रान्ती, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोह्रश्राद्ध, छोनाम (न्वागी), कूल-थानी पूजा, संकट पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाईन डे आदि चाडपर्वहरू रहेका छन् ।




नक्सा नं. ७ : नगरपालिकामा रहेका धार्मिक क्षेत्रहरू

# खण्ड ३ : जनसांख्यिक विवरण

## ३.१ वडागत घरपरिवार संख्या तथा लिङ्गको आधारमा जनसंख्याको विवरण

२०७५ सालमा बाह्रविसे नगरपालिकामा सम्पन्न गरिएको घरपरिवार तथ्याङ्क संकलनबाट प्राप्त तथ्याङ्कअनुसार कूल १३४.८ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको ९ वडाहरूमा रहेका ७,६९७ घरपरिवारमा अक्सर बसोबास गर्ने कूल २६,११४ जनसंख्या रहेको छ। तथ्याङ्कलाई हेर्दा लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरूमा पुरुषको जनसंख्या बढी अर्थात १०३ जना देखिन्छ। अर्कोतर्फ औषतमा प्रतिवर्ग किलोमिटर क्षेत्रफलमा १९४ जनाको दरमा जनघनत्व रहेको देखिन्छ। अर्थात् नगरपालिकाको कूल क्षेत्रफलले कूल जनसंख्यालाई भाग गर्दा प्रतिवर्ग किलोमिटर क्षेत्रफलमा १९४ जनसंख्या पर्न आउँछ। क्षेत्रफलको हिसाबले वडा नं. ७ सबैभन्दा बढी क्षेत्रफल भएको वडा हो भने जनसंख्याको हिसाबले वडा नं. ३ सबैभन्दा बढी जनसंख्या भएको वडा हो। जनघनत्वको हिसाबले वडा नं. ४ सबैभन्दा ठूलो वडा हो भने वडा नं. १ मा सबैभन्दा कम घरपरिवार र जनसंख्या देखिन्छ। तथ्याङ्कलाई विश्लेषण गर्दा ३ पक्षहरू महत्वपूर्ण देखिन्छन्। पहिलो जनघनत्व दोस्रो लैङ्गिक अनुपात तेस्रो औषत परिवारको आकार। जनघनत्वको हिसाबले वडा नं. ३ र ४ सबैभन्दा बढी जनघनत्व भएको वडा हुनुका पछाडि अन्य वडाहरूको तुलनामा वडा नं. ३ र ४ मा रहेका विभिन्न मानवीय सुविधाहरू शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सुरक्षा, व्यापार आदिको सघनता हो। भौगोलिक, सामाजिक तथा आर्थिक साथै वातावरणीय कारणहरूले जनघनत्वमा प्रभाव पर्दछन्। तसर्थ योजना निर्माणमा जनघनत्व र त्यसलाई प्रत्यक्ष प्रभाव पार्ने तत्वहरूको अध्ययन गर्नु अर्थात जनसंख्या वितरणलाई क्षेत्रगत हिसाबले सन्तुलनमा राख्न मानवीय सुविधाहरूमा केन्द्रित हुनुपर्दछ।

यस नगरपालिकामा लैङ्गिक हिसाबले वडा नं. ८ बाहेक सबै वडामा महिलाको भन्दा पुरुषको जनसंख्या बढी देखिन्छ। हुन त महिला वा पुरुषको संख्या घटबढ हुने वा महिला वा पुरुष जन्मने विषय नितान्त जैविक परि घटना हो तथापी आधुनिक विज्ञानको विकासले भ्रुण पहिचान गर्ने र गैह्र कानूनी रुपमा गर्भपतन गर्ने जस्ता कृयाकलापहरू समेत पितृसत्तात्मक समाजमा हुने गरेकोले यो विषय मानविय नियन्त्रणमा भैइसकेको अर्थात छोरा वा छोरी जन्माउने विषय मानविय नियन्त्रणमा रहेकोले सोको प्रभाव समेत हुन सक्दछ। छोराको चाहनाले सो अवस्था सृजना गर्दछ।

त्यस्तै औषत परिवारको आकारमा समेत उल्लेख्य रुपमा कमी आएको देखिन्छ। विगतका जनगणनाहरू भन्दा हालको परिवारको आकारमा बाबु, आमा र दुई सन्तान समेत नहुने अर्थात औषत परिवारको आकार ४ भन्दा कम रहेको देखिन्छ। यसले के पुष्टि गर्दछ भने प्रजनन् दरमा उल्लेख्य रुपमा कमी हुँदै गएको छ।

**तालिका नं. ४ :** वडाअनुसार घरधुरी, जनसंख्या, लैंगिक अनुपात, क्षेत्रफल तथा जनघनत्व सम्बन्धी विवरण

| वडा नं. | घरपरिवार | अक्सर बसोबास गर्ने जनसंख्या | | | औषत परिवार आकार | क्षेत्रफल (वर्ग कि.मि.) | जनघनत्व (प्रति वर्ग कि.मि.) | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | | | | |
| १ | ३१० | ६५८ | ६५३ | १३११ | ४.२३ | १२ | १०९ | १००.८ |
| २ | ९९३ | १७६१ | १७३३ | ३४९४ | ३.३९ | २६.१ | १३४ | १०१.६ |
| ३ | ११९५ | २१९९ | २०८९ | ४२८८ | ३.५९ | ६.७७ | ६३३ | १०५.३ |
| ४ | १००९ | १७३६ | १६४७ | ३३८३ | ३.३५ | ३.७१ | ९१२ | १०५.४ |
| ५ | ५८८ | ९८० | ९५५ | १९३५ | ३.२९ | ६.४२ | ३०१ | १०२.६ |
| ६ | ४७७ | ८६२ | ८०७ | १६६९ | ३.५० | १२.८२ | १३० | १०६.८ |
| ७ | ११७३ | १९१३ | १८३९ | ३७५२ | ३.२० | ३६.३८ | १०३ | १०४.० |
| ८ | ९८७ | १६७२ | १७३७ | ३४०९ | ३.४५ | १९.२६ | १७७ | ९६.३ |
| ९ | ९२८ | १४७६ | १३९७ | २८७३ | ३.१० | ११.३४ | २५३ | १०५.७ |
| **जम्मा** | **७६६०** | **१३२५७** | **१२८५७** | **२६११४** | **३.३९** | **१३४.८** | **१९४** | **१०३.१** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

**तालिका नं. ५ :** अक्सर बसोबास गर्ने तथा अनुपस्थित जनसंख्याको विवरण

| वडा नं. | अक्सर बसोबास गर्ने जनसंख्या | | | अनुपस्थित जनसंख्या | | | जम्मा जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | ६५८ | ६५३ | १३११ | ६९ | ५१ | १२० | ७२७ | ७०४ | १४३१ |
| २ | १७६१ | १७३३ | ३४९४ | ४८५ | ३७३ | ८५८ | २२४६ | २१०६ | ४३५२ |
| ३ | २१९९ | २०८९ | ४२८८ | ३७ | ३६ | ७३ | २२३६ | २१२५ | ४३६१ |
| ४ | १७३६ | १६४७ | ३३८३ | ५२९ | ४१६ | ९४५ | २२६५ | २०६३ | ४३२८ |
| ५ | ९८० | ९५५ | १९३५ | १७९ | १३१ | ३१० | ११५९ | १०८६ | २२४५ |
| ६ | ८६२ | ८०७ | १६६९ | १११ | ११४ | २२५ | ९७३ | ९२१ | १८९४ |
| ७ | १९१३ | १८३९ | ३७५२ | ९६१ | ७९५ | १७५६ | २८७४ | २६३४ | ५५०८ |
| ८ | १६७२ | १७३७ | ३४०९ | ५१४ | ३५० | ८६४ | २१८६ | २०८७ | ४२७३ |
| ९ | १४७६ | १३९७ | २८७३ | ५८७ | ५०३ | १०९० | २०६३ | १९०० | ३९६३ |
| **जम्मा** | **१३२५७** | **१२८५७** | **२६११४** | **३४७२** | **२७६९** | **६२४१** | **१६७२९** | **१५६२६** | **३२३५५** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*




नक्सा नं. ८ : नगरपालिकाको जनसंख्या नक्सा




नक्सा नं. ९ : नगरपालिकाको घरधुरी संख्या नक्सा

## ३.२ लिङ्गको आधारमा उत्तरदाताको विवरण

**तालिका नं. ६ :** लिङ्गको आधारमा उत्तरदाताको विवरण

| वडा | पुरूष | | महिला | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | २५५ | ८२.३% | ५५ | १७.७% | ३१० |
| २ | ६८८ | ६९.१% | ३०८ | ३०.९% | ९९६ |
| ३ | ९८० | ८२.०% | २१५ | १८.०% | ११९५ |
| ४ | ६२६ | ५७.७% | ४५९ | ४२.३% | १०८५ |
| ५ | ४०८ | ६९.२% | १८२ | ३०.८% | ५९० |
| ६ | २६९ | ५६.४% | २०८ | ४३.६% | ४७७ |
| ७ | ८६८ | ७३.९% | ३०६ | २६.१% | ११७४ |
| ८ | ७३९ | ७४.९% | २४८ | २५.१% | ९८७ |
| ९ | ५३० | ५७.१% | ३९८ | ४२.९% | ९२८ |
| **जम्मा** | **५३६३** | **६९.३%** | **२३७९** | **३०.७%** | **७७४२** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस बाह्रविसे नगरपालिकामा २०७५ सालमा गरिएको घरपरिवार तथ्याङ्क संकलनअनुसार कूल ७,६६० घर परिवारहरू रहेका छन् । कूल घरपरिवारहरू मध्ये घरपरिवार तथ्याङ्क संकलनमा उत्तरदाताको रुपमा सहभागीहरूको तथ्याङ्क हेर्दा ५,३६३ जना पुरुष र २,३७९ जना महिला सहभागीहरूले उत्तरदाताको रूपमा सहभागिता जनाएको देखिन्छ । अर्थात सकृयताको अवस्था साथै घरमूलीको रुपमा उत्तर दिने वा उत्तर दिन अग्रसर हुने विषयमा महिलाको भन्दा पुरुषको संख्या उल्लेख्य देखिन्छ । यो तथ्याङ्कले समेत महिलाहरूको तुलनात्मक निस्कृयता प्रतिविम्बित गर्दछ । विस्तृत विवरण तालिकामा उल्लेख छ ।



## ३.३ लिङ्गअनुसार वडागत जनसंख्या विवरण

**तालिका नं. ७ :** लिङ्गअनुसार वडागत जनसंख्या विवरण

| वडा नं. | घरपरिवार | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ३१० | ६५८ | ५.०% | ६५३ | ५.१% | १३११ | ५.०% |
| २ | ९९३ | १७६१ | १३.३% | १७३३ | १३.५% | ३४९४ | १३.४% |
| ३ | ११९५ | २१९९ | १६.६% | २०८९ | १६.२% | ४२८८ | १६.४% |
| ४ | १००९ | १७३६ | १३.१% | १६४७ | १२.८% | ३३८३ | १३.०% |
| ५ | ५८८ | ९८० | ७.४% | ९५५ | ७.४% | १९३५ | ७.४% |
| ६ | ४७७ | ८६२ | ६.५% | ८०७ | ६.३% | १६६९ | ६.४% |
| ७ | ११७३ | १९१३ | १४.४% | १८३९ | १४.३% | ३७५२ | १४.४% |
| ८ | ९८७ | १६७२ | १२.६% | १७३७ | १३.५% | ३४०९ | १३.१% |
| ९ | ९२८ | १४७६ | ११.१% | १३९७ | १०.९% | २८७३ | ११.०% |
| **जम्मा** | ७६६० | १३२५७ | १००.०% | १२८५७ | १००.०% | २६११४ | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका कूल ७,६६० परिवारहरूमा कूल १३,२५७ पुरुष र १२,८५७ महिला गरी २६,११४ जनसंख्या रहेको छ । वडागत विवरणअनुसार सबैभन्दा धेरै घरपरिवारहरू भएको वडा न. ३ जहाँ ११९५ घरपरिवारहरू र सबैभन्दा कम घरपरिवारहरू भएको वडा भने वडा नं. १ जहाँ ३१० घरपरिवारहरू रहेका छन् । वडागत जनसंख्याको महिला/पुरुषको अनुपात विवरण अरु गाउँपालिका तथा नगरपालिकाको तुलनामा यस नगरपालिकामा महिलाको भन्दा पुरुषको जनसंख्या बढी देखिन्छ । वडा नं ८ मा बाहेक सबै वडाहरूमा महिलाको जनसंख्या पुरुषको भन्दा कम देखिन्छ । लैङ्गिक अनुपातलाई हेर्दा प्रति १०० जना महिलामा १०३ पुरुषको संख्या देखिन्छ । अर्थात

लैङ्गिक अनुपात $= \frac{\text{पुरुषको संख्या}}{\text{महिलाको संख्या}} \times १००$

$= \frac{१३२५७}{१२८५७} \times १००$

= १०३.१ जना पुरुष

लैङ्गिक अनुपात १००:१०३

यसको अर्थ प्रति १०० जना महिलाको जनसंख्यासँग पुरुषको जनसंख्याको आँकडा मिलाउँदा १०३.१ जना पुरुषहरू पर्दछन् । पुरुषको जनसंख्याको तुलनामा महिलाको जनसंख्या कम देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।






नक्सा नं. १० : नगरपालिकाको जनसंख्याको अनुपात

## ३.४ उमेरसमूह अनुसार वडागत जनसंख्याको विवरण

**तालिका नं. ८ :**उमेरसमूह अनुसार वडागत जनसंख्याको विवरण

| उमेर समूह | | वडा नं. | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| **० - ४ वर्ष** | संख्या | ९१ | २५६ | २५९ | २५१ | १६७ | ११० | २६५ | २५४ | १६० | **१८१३** |
| | उमेर समूह प्रतिशत | ६.९% | ७.३% | ६.०% | ७.४% | ८.६% | ६.६% | ७.१% | ७.५% | ५.६% | **६.९%** |
| **५ वर्ष - ९ वर्ष** | संख्या | ९५ | २५६ | ४०४ | २९३ | १८६ | १६० | ३२८ | २६८ | २१५ | **२२०५** |
| | उमेर समूह प्रतिशत | ७.२% | ७.३% | ९.४% | ८.७% | ९.६% | ९.६% | ८.७% | ७.९% | ७.५% | **८.४%** |
| **१० वर्ष - १४ वर्ष** | संख्या | १३७ | ३४५ | ३८४ | २७६ | २१० | १९९ | ३७१ | ३२६ | २७१ | **२५१९** |
| | उमेर समूह प्रतिशत | १०.५% | ९.९% | ९.०% | ८.२% | १०.९% | ११.९% | ९.९% | ९.६% | ९.४% | **९.६%** |
| **१५ वर्ष - १९ वर्ष** | संख्या | १२० | ३६४ | ४४० | ३१७ | १७३ | २०४ | ३४५ | ३४५ | २९२ | **२६००** |
| | उमेर समूह प्रतिशत | ९.२% | १०.४% | १०.३% | ९.४% | ८.९% | १२.२% | ९.२% | १०.१% | १०.२% | **१०.०%** |
| **२० वर्ष - २४ वर्ष** | संख्या | १५१ | ३५५ | ४०९ | ३०८ | १६६ | १४९ | ३२७ | ३२८ | २४६ | **२४३९** |
| | उमेर समूह प्रतिशत | ११.५% | १०.२% | ९.५% | ९.१% | ८.६% | ८.९% | ८.७% | ९.६% | ८.६% | **९.३%** |
| **२५ वर्ष - २९ वर्ष** | संख्या | १५१ | २८६ | ४५१ | ३०२ | १६१ | १२१ | २८५ | २४९ | २५१ | **२२५७** |
| | उमेर समूह प्रतिशत | ११.५% | ८.२% | १०.५% | ८.९% | ८.३% | ७.२% | ७.६% | ७.३% | ८.७% | **८.६%** |
| **३० वर्ष - ३४ वर्ष** | संख्या | ८५ | २७५ | ३४९ | २७५ | १४५ | ८४ | २२३ | १९८ | २०१ | **१८३५** |
| | उमेर समूह प्रतिशत | ६.५% | ७.९% | ८.१% | ८.१% | ७.५% | ५.०% | ५.९% | ५.८% | ७.०% | **७.०%** |
| **३५ वर्ष - ३९ वर्ष** | संख्या | १२५ | २१४ | २८१ | २३१ | १११ | ९७ | २१७ | २०८ | २०० | **१६८४** |
| | उमेर समूह प्रतिशत | ९.५% | ६.१% | ६.६% | ६.८% | ५.७% | ५.८% | ५.८% | ६.१% | ७.०% | **६.४%** |
| **४० वर्ष - ४४ वर्ष** | संख्या | ७० | १८९ | २४७ | २१६ | १०९ | १०६ | २२१ | १८० | १८३ | **१५२१** |
| | उमेर समूह प्रतिशत | ५.३% | ५.४% | ५.८% | ६.४% | ५.६% | ६.४% | ५.९% | ५.३% | ६.४% | **५.८%** |
| **४५ वर्ष - ४९ वर्ष** | संख्या | ७५ | १९८ | १९१ | १८२ | ८९ | ९८ | २०६ | १८२ | १७४ | **१३९५** |
| | उमेर समूह प्रतिशत | ५.७% | ५.७% | ४.५% | ५.४% | ४.६% | ५.९% | ५.५% | ५.३% | ६.१% | **५.३%** |
| **५० वर्ष - ५४ वर्ष** | संख्या | ५६ | १७६ | २५५ | १९६ | १०१ | ७६ | २३६ | २२३ | १७५ | **१४९४** |
| | उमेर समूह प्रतिशत | ४.३% | ५.०% | ५.९% | ५.८% | ५.२% | ४.६% | ६.३% | ६.५% | ६.१% | **५.७%** |
| **५५ वर्ष - ५९ वर्ष** | संख्या | ३५ | १४३ | १४४ | १२८ | ७१ | ५३ | १६७ | १३८ | ११९ | **९९८** |
| | उमेर समूह प्रतिशत | २.७% | ४.१% | ३.४% | ३.८% | ३.७% | ३.२% | ४.५% | ४.०% | ४.१% | **३.८%** |
| **६० वर्ष - ६४ वर्ष** | संख्या | ४३ | १३७ | १५३ | ११६ | ६३ | ६३ | १७१ | १४८ | १३५ | **१०२९** |
| | उमेर समूह प्रतिशत | ३.३% | ३.९% | ३.६% | ३.४% | ३.३% | ३.८% | ४.६% | ४.३% | ४.७% | **३.९%** |

| उमेर समूह | | वडा नं. | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| **६५ वर्ष - ६९ वर्ष** | संख्या | २७ | ११२ | १०६ | ९० | ५० | ४७ | १६३ | १५२ | ९८ | **८४५** |
| | उमेर समूह प्रतिशत | २.१% | ३.२% | २.५% | २.७% | २.६% | २.८% | ४.३% | ४.५% | ३.४% | **३.२%** |
| **७० वर्ष - ७४ वर्ष** | संख्या | २१ | ८९ | ८५ | ७९ | ६३ | ४४ | ११० | ८५ | ६३ | **६३९** |
| | उमेर समूह प्रतिशत | १.६% | २.५% | २.०% | २.३% | ३.३% | २.६% | २.९% | २.५% | २.२% | **२.४%** |
| **७५ वर्ष सो भन्दा बढी** | संख्या | २९ | ९९ | १३० | १२३ | ७० | ५८ | ११७ | १२५ | ९० | **८४१** |
| | उमेर समूह प्रतिशत | २.२% | २.८% | ३.०% | ३.६% | ३.६% | ३.५% | ३.१% | ३.७% | ३.१% | **३.२%** |
| **जम्मा** | **संख्या** | **१३११** | **३४९४** | **४२८८** | **३३८३** | **१९३५** | **१६६९** | **३७५२** | **३४०९** | **२८७३** | **२६११४** |
| | **उमेर समूह प्रतिशत** | **१००.०%** | **१००.०%** | **१००.०%** | **१००.०%** | **१००.०%** | **१००.०%** | **१००.०%** | **१००.०%** | **१००.०%** | **१००.०%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका कूल २६,११४ जनसंख्यामध्ये १५ देखि १९ वर्ष उमेर समूहका बालबालिकाको जनसंख्या सबैभन्दा बढी २,६०० अर्थात १० प्रतिशत, १० देखि १४ वर्ष उमेर समूहका २,५१९ अर्थात ९.६ प्रतिशत र तेस्रोमा २० देखि २४ वर्ष उमेर समूहका २,४३९ अर्थात ९.३ प्रतिशत रहेका छन् । समग्र तथ्याङ्कलाई विश्लेषण गर्दा उमेर समूह बढ्दै जाँदा जनसंख्या घट्दै गैरहेको छ । १५ देखि १९ वर्ष भित्रको जनसंख्या सबैभन्दा बढी देखिन्छ । १० वर्षभन्दा मुनिका बालबालिकाको जनसंख्या र २४ वर्षमाथिका प्रौढ तथा वृद्धवृद्धाहरूको संख्या क्रमश घट्दै गैरहेको देखिन्छ ।

यूवा उमेरको जनसंख्या बढी हुनु राम्रो भएतापनि उनीहरूको शिक्षा, स्वास्थ्य तथा मानव संसाधन विकासमा राज्यले व्यापक लगानी गर्नुपर्ने हुन्छ । यूवा उमेरसमूह धेरै हुनुलाई जनसंख्याको लाभांश भनिन्छ । अर्कोतर्फ यूवाहरूलाई सहि दिशातर्फ उन्मूख बनाउन र रोजगारीका अवसरहरू श्रृजनागरी राष्ट्र निर्माणमा सरिक बनाउनु समाज र राज्यको दायित्व हुन आउँछ । बालबालिका तथा शिशुहरूको संख्या कमहुनुले क्रमश प्रजनन दर घट्दै गएको संकेत गर्दछ भने वृद्धवृद्धाहरूको तथा प्रौढहरूको संख्या कम हुनुले औषत आयू अन्य देशहरूको तुलनामा कम हुनु र प्रौढ अवस्थामा लाग्ने रोगका कारण पाका उमेरको जनसंख्याको मृत्यूदर बढी हुनु भन्ने जनाउँछ । यद्यपि बढ्दो उमेरको संख्या कम हुनु स्वभाविक हो । उमेरअनुसारको जनसंख्याको विश्लेषण गर्दा प्रत्येक उमेर समूहका आवश्यकताहरू सम्बोधन गरी उनीहरूको उचित व्यवस्थापन गर्नु नै चुनौतीपूर्ण हुन्छ । बालबालिकाको पोषण र स्याहार तथा शिक्षा, यूवालाई उचित रोजगारी र वृद्धहरूलाई आवश्यक सामाजिक सूरक्षा तथा स्वास्थ्य सेवा र स्याहार राज्यले निर्वाह गर्नुपर्ने दायित्वहरू भित्र आउँछन् । नगरपालिकाले यसतर्फ ध्यान पुऱ्याउन आवश्यक छ । वडागत उमेरसमूह अनुसारको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९ :** उमेर र लिङ्गअनुसार वडागत जनसंख्याको विवरण

| वडा | लिङ्ग | ० - ४ वर्ष | ५ वर्ष - ९ वर्ष | १० वर्ष - १४ वर्ष | १५ वर्ष - १९ वर्ष | २० वर्ष - २४ वर्ष | २५ वर्ष - २९ वर्ष | ३० वर्ष - ३४ वर्ष | ३५ वर्ष - ३९ वर्ष | ४० वर्ष - ४४ वर्ष | ४५ वर्ष - ४९ वर्ष | ५० वर्ष - ५४ वर्ष | ५५ वर्ष - ५९ वर्ष | ६० वर्ष - ६४ वर्ष | ६५ वर्ष - ६९ वर्ष | ७० वर्ष - ७४ वर्ष | ७५ वर्ष सो भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरूष | ५० | ३८ | ७२ | ५८ | ८४ | ६८ | ४३ | ६३ | ३९ | ३३ | २६ | २२ | २५ | ११ | ११ | १५ | ६५८ |
| | महिला | ४१ | ५७ | ६५ | ६२ | ६७ | ८३ | ४२ | ६२ | ३१ | ४२ | ३० | १३ | १८ | १६ | १० | १४ | ६५३ |
| | जम्मा | ९१ | ९५ | १३७ | १२० | १५१ | १५१ | ८५ | १२५ | ७० | ७५ | ५६ | ३५ | ४३ | २७ | २१ | २९ | १३११ |
| २ | पुरूष | ११७ | १३७ | १७८ | १९० | १७४ | १४६ | १३० | १११ | ९१ | ९८ | ९० | ८४ | ६५ | ६७ | ४२ | ४१ | १७६१ |
| | महिला | १३९ | ११९ | १६७ | १७४ | १८१ | १४० | १४५ | १०३ | ९८ | १०० | ८६ | ५९ | ७२ | ४५ | ४७ | ५८ | १७३३ |
| | जम्मा | २५६ | २५६ | ३४५ | ३६४ | ३५५ | २८६ | २७५ | २१४ | १८९ | १९८ | १७६ | १४३ | १३७ | ११२ | ८९ | ९९ | ३४९४ |
| ३ | पुरूष | १३३ | २१८ | १९७ | २२३ | २११ | २२१ | १८४ | १४४ | १३४ | ९२ | १३४ | ६४ | ८६ | ५६ | ४० | ६२ | २१९९ |
| | महिला | १२६ | १८६ | १८७ | २१७ | १९८ | २३० | १६५ | १३७ | ११३ | ९९ | १२१ | ८० | ६७ | ५० | ४५ | ६८ | २०८९ |
| | जम्मा | २५९ | ४०४ | ३८४ | ४४० | ४०९ | ४५१ | ३४९ | २८१ | २४७ | १९१ | २५५ | १४४ | १५३ | १०६ | ८५ | १३० | ४२८८ |
| ४ | पुरूष | १५१ | १४९ | १५० | १६१ | १५० | १५५ | १३० | ११३ | ११६ | ९१ | १०३ | ६० | ५४ | ४६ | ४७ | ६० | १७३६ |
| | महिला | १०० | १४४ | १२६ | १५६ | १५८ | १४७ | १४५ | ११८ | १०० | ९१ | ९३ | ६८ | ६२ | ४४ | ३२ | ६३ | १६४७ |
| | जम्मा | २५१ | २९३ | २७६ | ३१७ | ३०८ | ३०२ | २७५ | २३१ | २१६ | १८२ | १९६ | १२८ | ११६ | ९० | ७९ | १२३ | ३३८३ |
| ५ | पुरूष | ८२ | ९३ | ११७ | ७९ | ९५ | ७६ | ७२ | ४८ | ५२ | ४५ | ५६ | ३९ | ३२ | २४ | ३६ | ३४ | ९८० |
| | महिला | ८५ | ९३ | ९३ | ९४ | ७१ | ८५ | ७३ | ६३ | ५७ | ४४ | ४५ | ३२ | ३१ | २६ | २७ | ३६ | ९५५ |
| | जम्मा | १६७ | १८६ | २१० | १७३ | १६६ | १६१ | १४५ | १११ | १०९ | ८९ | १०१ | ७१ | ६३ | ५० | ६३ | ७० | १९३५ |
| ६ | पुरूष | ५९ | ८० | १२६ | ९४ | ७१ | ६६ | ४२ | ५० | ५३ | ५१ | ४२ | २६ | २८ | २२ | २३ | २९ | ८६२ |
| | महिला | ५१ | ८० | ७३ | ११० | ७८ | ५५ | ४२ | ४७ | ५३ | ४७ | ३४ | २७ | ३५ | २५ | २१ | २९ | ८०७ |
| | जम्मा | ११० | १६० | १९९ | २०४ | १४९ | १२१ | ८४ | ९७ | १०६ | ९८ | ७६ | ५३ | ६३ | ४७ | ४४ | ५८ | १६६९ |
| ७ | पुरूष | १४१ | १६९ | १९४ | १६८ | १५० | १४५ | ११९ | ९५ | १०७ | १०१ | १२६ | ९७ | १०१ | ८७ | ६० | ५३ | १९१३ |
| | महिला | १२४ | १५९ | १७७ | १७७ | १७७ | १४० | १०४ | १२२ | ११४ | १०५ | ११० | ७० | ७० | ७६ | ५० | ६४ | १८३९ |
| | जम्मा | २६५ | ३२८ | ३७१ | ३४५ | ३२७ | २८५ | २२३ | २१७ | २२१ | २०६ | २३६ | १६७ | १७१ | १६३ | ११० | ११७ | ३७५२ |

| वडा | लिङ्ग | ० - ४ वर्ष | ५ वर्ष - ९ वर्ष | १० वर्ष - १४ वर्ष | १५ वर्ष - १९ वर्ष | २० वर्ष - २४ वर्ष | २५ वर्ष - २९ वर्ष | ३० वर्ष - ३४ वर्ष | ३५ वर्ष - ३९ वर्ष | ४० वर्ष - ४४ वर्ष | ४५ वर्ष - ४९ वर्ष | ५० वर्ष - ५४ वर्ष | ५५ वर्ष - ५९ वर्ष | ६० वर्ष - ६४ वर्ष | ६५ वर्ष - ६९ वर्ष | ७० वर्ष - ७४ वर्ष | ७५ वर्ष सो भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | पुरूष | १३० | १४६ | १७० | १६२ | १४७ | ११९ | १०९ | १०४ | ७८ | ८३ | ९९ | ६३ | ८१ | ८९ | ४० | ५२ | १६७२ |
| | महिला | १२४ | १२२ | १५६ | १८३ | १८१ | १३० | ८९ | १०४ | १०२ | ९९ | १२४ | ७५ | ६७ | ६३ | ४५ | ७३ | १७३७ |
| | जम्मा | २५४ | २६८ | ३२६ | ३४५ | ३२८ | २४९ | १९८ | २०८ | १८० | १८२ | २२३ | १३८ | १४८ | १५२ | ८५ | १२५ | ३४०९ |
| ९ | पुरूष | १०२ | १३१ | १४८ | १३३ | १२० | ११६ | ८९ | ९७ | ९४ | ९२ | ८७ | ६२ | ७६ | ४६ | ३६ | ४७ | १४७६ |
| | महिला | ५८ | ८४ | १२३ | १५९ | १२६ | १३५ | ११२ | १०३ | ८९ | ८२ | ८८ | ५७ | ५९ | ५२ | २७ | ४३ | १३९७ |
| | जम्मा | १६० | २१५ | २७१ | २९२ | २४६ | २५१ | २०१ | २०० | १८३ | १७४ | १७५ | ११९ | १३५ | ९८ | ६३ | ९० | २८७३ |
| **जम्मा** | **पुरूष** | **९६५** | **११६१** | **१३५२** | **१२६८** | **१२०२** | **१११२** | **९१८** | **८२५** | **७६४** | **६८६** | **७६३** | **५१७** | **५४८** | **४४८** | **३३५** | **३९३** | **१३२५७** |
| | **महिला** | **८४८** | **१०४४** | **११६७** | **१३३२** | **१२३७** | **११४५** | **९१७** | **८५९** | **७५७** | **७०९** | **७३१** | **४८१** | **४८१** | **३९७** | **३०४** | **४४८** | **१२८५७** |
| | **जम्मा** | **१८१३** | **२२०५** | **२५१९** | **२६००** | **२४३९** | **२२५७** | **१८३५** | **१६८४** | **१५२१** | **१३९५** | **१४९४** | **९९८** | **१०२९** | **८४५** | **६३९** | **८४१** | **२६११४** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेको कूल २६,११४ जनसंख्यामध्ये कूल १३,२५७ पुरुष र १२,८५७ जना महिला रहेका छन् । १५ देखि २९, ३५ देखि ३९, ४५ देखि ४९ र ७४ वर्षमाथि उमेर समूहका किशोरी र महिलाहरूको बाहुल्यता रहेको छ भने यस बाहेकका उमेर समूहमा पुरुषको संख्या बढी रहेको छ । यसरी लैङ्गिक अनुपात हेर्दा प्रति १०० जना महिलामा १०३ जना पुरुष रहेका छन् । वडा नं. ८ बाहेक सबै वडामा पुरुषको बाहुल्यता रहेको छ । लैङ्गिक भेदभाव उन्मूलनका विविध प्रयासहरू भै रहेतापनि ठोस उपलब्धी भने हासिल हुन सकेको देखिँदैन । यद्यपि यसमा सुधार भने भैरहेको छ । उमेरसमूह अनुसार हेर्दा १५ देखि ३९ वर्ष उमेर समूह भित्रका किशोरी र महिलाहरूको जनसंख्यामा र उमेर पुगेका महिलाहरूका शारीरिक, मानसिक, सामाजिक तथा आर्थिक मुद्दाहरूलाई सम्बोधन गर्ने खालको योजनाहरू निर्माण गर्नु जरुरी छ । प्रजनन स्वास्थ्य, यौन स्वास्थ्य, रजस्वलासम्बन्धी समस्याहरू, महिला मैत्री शौचालय, परामर्श केन्द्रहरू, महिला हिंसा, चेलीवेटी बेचविखन, घरेलु लैङ्गिक हिंसा, पाठेघर खस्ने समस्या, दाइजो प्रथा, महिला शसक्तिकरण तथा अधिकार जस्ता विषयहरू आम महिलाका प्रमुख तथा संवेदनशिल विषय भएकोले नगरपालिकाले यी विषयहरूको प्रभावकारी योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने संकेत समग्र तथ्याङ्कले गर्दछ । साथै पुरुषहरूको समेत शिक्षा, स्वास्थ्य र रोजगारीमा विशेष ध्यान पुर्‍याउनु पर्ने देखिन्छ । वडागत विवरण माथिको तालिकामा प्रस्तुत गरिएको छ ।


उमेरसमूह र लिङ्गअनुसार जनसंख्याको विवरण
७५ + वर्ष
७०-७४ वर्ष
६५-६९ वर्ष
६०-६४ वर्ष
५५-५९ वर्ष
५०-५४ वर्ष
४५-४९ वर्ष
४०-४४ वर्ष
३५-३९ वर्ष
३०-३४ वर्ष
२५-२९ वर्ष
२०-२४ वर्ष
१५-१९ वर्ष
१०-१४ वर्ष
५-९ वर्ष
०-४ वर्ष
-१५००
-१०००
-५००
०
५००
१०००
१५००
महिला
पुरुष

## ३.५ जातजातिको आधारमा वडागत जनसंख्याको विवरण

**तालिका नं. १० :** जातजातिको आधारमा वडागत जनसंख्याको विवरण

| जातजाति | वडा नं. | | | | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | संख्या | प्रतिशत |
| **तामाङ्ग** | ११३ | ११८३ | १८०८ | ३७९ | १२१४ | १०९४ | १२१७ | १८५५ | ८४० | **९७०३** | **३७.२** |
| **क्षेत्री** | ० | १२९२ | १५०२ | १३१४ | ५३३ | ३६ | ५५६ | ८२४ | ८९२ | **६९४९** | **२६.६** |
| **नेवार** | ० | १०८ | ३५७ | १०२२ | १२६ | ३७४ | ७६९ | १४४ | २३१ | **३१३१** | **१२.०** |
| **शेर्पा** | ६५७ | २९२ | ६० | ९४ | ० | ४७ | ५७३ | ५ | ३४ | **१७६२** | **६.७** |
| **ब्राह्मण पहाडी** | ० | ५३ | २३ | २७८ | ० | ० | ५० | २८२ | ४१६ | **११०२** | **४.२** |
| **कामी** | ५५ | १७१ | १५५ | ३२ | ६ | १७ | २५० | १०९ | १९ | **८१४** | **३.१** |
| **मगर** | ४७९ | १४ | १२१ | २० | २७ | ४ | ४३ | २ | ३८ | **७४८** | **२.९** |
| **थामी** | ० | ७१ | ० | ३२ | ० | ० | ७८ | ० | २५१ | **४३२** | **१.७** |
| **गुरुङ्ग** | ४ | १४१ | ० | ३ | १३ | ० | १५९ | ६५ | ९ | **३९४** | **१.५** |
| **दमाई/ढोली** | ० | ३२ | ९९ | ३५ | ० | २९ | १६ | ३९ | ६४ | **३१४** | **१.२** |
| **अन्य** | ३ | १३७ | १४६ | १६२ | १६ | ६८ | ३९ | ८४ | ७३ | **७२८** | **२.८** |
| **विदेशी** | ० | ० | ० | ४ | ० | ० | ० | ० | ० | **४** | **०.०** |
| **थाहा नभएको** | ० | ० | ५ | ८ | ० | ० | १ | ० | ० | **१४** | **०.१** |
| **उल्लेख नगरिएको** | ० | ० | १२ | ० | ० | ० | १ | ० | ६ | **१९** | **०.१** |
| **जम्मा** | **१३११** | **३४९४** | **४२८८** | **३३८३** | **१९३५** | **१६६९** | **३७५२** | **३४०९** | **२८७३** | **२६११४** | **१००.०** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै ९,७०३ अर्थात ३७.२ प्रतिशत तामाङ्ग, दोस्रोमा ६,९४९ अर्थात २६.६ प्रतिशत क्षेत्री, तेस्रोमा नेवार ३१३१ अर्थात १२ प्रतिशत, चौथो र पाँचौमा क्रमश शेर्पा ६.७ प्रतिशत र पहाडी ब्राह्मण ४.२ प्रतिशत रहेका छन् । त्यसैगरी कामी, मगर, थामी, गुरुङ,

दमाई/ढोली र अन्य जातजातिहरूको पनि बसोबास रहेको छ । यसरी जातिय हिसाबले विविधतायुक्त समाजमा स्थानीयहरू सामाजिक सहिष्णुताका साथ वसेको पाइन्छ । तामाङ, क्षेत्री र नेवार जस्ता जाती र जनजातिहरूको थातथलोको रुपमा समेत रहेको यो नगरपालिकामा तामाङ्ग, नेवार, शेर्पा, थामी, गुरुङ्ग मगर जस्ता जनजातिहरूको लगायत अन्य जातजातिको मौलिक संस्कृति, परम्परा, भाषा र रहनसहनलाई संरक्षण गरी उनीहरूको पहिचान कायम राख्ने कार्यक्रमहरूको निर्माण गर्नु आवश्यक छ । विस्तृत विवरण वडागत रुपमा तालिकामा प्रस्तुत गरिएको छ ।

**जातजातीको आधारमा वडागत जनसंख्याको वितरण**



## ३.६ नगरपालिकामा बोलिने भाषाको आधारमा जनसंख्याको विवरण

**तालिका नं. ११ :** नगरपालिकामा बोलिने भाषाको आधारमा जनसंख्याको विवरण

| वडा नं. | | मातृभाषा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | तामाङ | शेर्पा | नेवारी | अन्य | थाहा नभएको | जम्मा |
| १ | संख्या | ६९७ | ९२ | ३५३ | ० | १६९ | ० | १३११ |
| | मातृभाषा प्रतिशत | ४.६% | १.२% | २२.३% | ०.०% | ३४.०% | ०.०% | ५.०% |
| २ | संख्या | २९११ | ४४५ | ९६ | २६ | १६ | ० | ३४९४ |
| | मातृभाषा प्रतिशत | १९.४% | ५.८% | ६.१% | १.८% | ३.२% | ०.०% | १३.४% |
| ३ | संख्या | २९४८ | १२५२ | ३४ | ३९ | १५ | ० | ४२८८ |
| | मातृभाषा प्रतिशत | १९.७% | १६.४% | २.१% | २.८% | ३.०% | ०.०% | १६.४% |
| ४ | संख्या | २१९५ | ३४७ | ९५ | ६९९ | ४७ | ० | ३३८३ |
| | मातृभाषा प्रतिशत | १४.६% | ४.६% | ६.०% | ४९.६% | ९.५% | ०.०% | १३.०% |
| ५ | संख्या | ७०५ | ११८४ | १ | १८ | २७ | ० | १९३५ |
| | मातृभाषा प्रतिशत | ४.७% | १५.५% | .१% | १.३% | ५.४% | ०.०% | ७.४% |
| ६ | संख्या | ५७१ | ९२८ | १५६ | १२ | २ | ० | १६६९ |
| | मातृभाषा प्रतिशत | ३.८% | १२.२% | ९.८% | .९% | ०.४% | ०.०% | ६.४% |
| ७ | संख्या | १६४६ | ९३८ | ८११ | २६८ | ८८ | १ | ३७५२ |
| | मातृभाषा प्रतिशत | ११.०% | १२.३% | ५१.२% | १९.०% | १७.७% | ५०.०% | १४.४% |
| ८ | संख्या | १४८२ | १७७४ | ५ | १४६ | २ | ० | ३४०९ |
| | मातृभाषा प्रतिशत | ९.९% | २३.३% | .३% | १०.४% | ०.४% | ०.०% | १३.१% |
| ९ | संख्या | १८४७ | ६६० | ३४ | २०० | १३१ | १ | २८७३ |
| | मातृभाषा प्रतिशत | १२.३% | ८.७% | २.१% | १४.२% | २६.४% | ५०.०% | ११.०% |
| **जम्मा** | संख्या | **१५००२** | **७६२०** | **१५८५** | **१४०८** | **४९७** | **२** | **२६११४** |
| | प्रतिशत | **५७.४%** | **२९.२%** | **६.१%** | **५.४%** | **१.९%** | **०.०%** | **१००.०%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका कूल २६,११४ जनसंख्यामध्ये सबैभन्दा बढी १५,००२ अर्थात ५७.४ प्रतिशतले नेपाली भाषा, ७,६२० अर्थात २९.२ प्रतिशतले तामाङ्ग भाषा, १,५८५ अर्थात ६.१ प्रतिशतले शेर्पा भाषा, १,४०८ अर्थात ५.४ प्रतिशतले  र १.९ प्रतिशतले अन्य भाषा प्रयोग गर्ने गरेको पाइयो । यस नगरपालिका तामाङ जातिहरू

सबैभन्दा धेरै साथै नेवार जातिको पनि उल्लेख्य जनसंख्या भएकोले उनीहरूको कला, संस्कृति तथा भाषालाई जर्गेना गर्ने खालका विशेष कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ। संविधानको धारा ३२ मा भाषा तथा संस्कृतिको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको र धारा ३१ को शिक्षासम्बन्धी हकको उपधारा ५ बमोजिम "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ।" भनि स्पष्ट किटान गरेको छ। तसर्थ तामाङ वा अन्य अर्थात आफ्नो मातृभाषामा पढ्न चाहने विद्यार्थीहरूलाई नगरपालिकाले विशेष व्यवस्था गर्न सक्ने प्रावधान रहेको छ। वडाअनुसार विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.७ धर्मअनुसार जनसंख्याको वडागत विवरण

**तालिका नं. १२ :** धर्मअनुसार जनसंख्याको वडागत विवरण

| वडा | हिन्दू | बौद्ध मार्गी | क्रिश्चियन | ईस्लाम | अन्य | किराँत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ९१ | ११७० | ४१ | ८ | १ | ० | १३११ |
| २ | १८२२ | १५७६ | ९२ | ० | १ | ३ | ३४९४ |
| ३ | ३०८९ | १०२१ | १७३ | ४ | १ | ० | ४२८८ |
| ४ | २९०१ | ४०९ | ६५ | ५ | ३ | ० | ३३८३ |
| ५ | ७१० | १२२४ | १ | ० | ० | ० | १९३५ |
| ६ | ६१७ | १०१० | ४१ | १ | ० | ० | १६६९ |
| ७ | २२८५ | ११६७ | २९७ | ० | ३ | ० | ३७५२ |
| ८ | १५४८ | १८५३ | ८ | ० | ० | ० | ३४०९ |
| ९ | २०३० | ८३० | ३ | १० | ० | ० | २८७३ |
| **जम्मा** | **१५०९३** | **१०२६०** | **७२१** | **२८** | **९** | **३** | **२६११४** |
| **प्रतिशत** | **५७.८%** | **३९.३%** | **२.८%** | **.१%** | **.०%** | **.०%** | **१००.०%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका कूल २६,११४ जनसंख्यामध्ये १५,०९३ अर्थात ५७.८ प्रतिशत जनसंख्याले हिन्दू धर्म मान्दछन् । दोस्रोमा बौद्ध धर्म मान्नेको संख्या १०,२६० अर्थात ३९.३ प्रतिशत र तेस्रोमा क्रिस्चियन धर्म मान्नेको संख्या ७२१ अर्थात २.८ प्रतिशत रहेको छ । ईस्लाम, किँरात तथा अन्य धर्म मान्ने धर्मावलम्बीहरू नगण्य संख्यामा रहेका छन् । नगरपालिकामा केही मात्रामा धार्मिक विविधता रहेपनि हिन्दू र बौद्ध धर्मावलम्बीहरूको प्रधानता रहेको तथ्याङ्कले देखाउँछ । नेपालमा सदियौंदेखि रहि आएको धार्मिक सहिष्णुता भने यस नगरपालिकामा कायमै रहेको देखिन्छ । बौद्ध धर्मावलम्बीहरूको राम्रो बाहुल्यता भएकाले बौद्ध धर्म संस्कृति जगेर्ना गर्ने तथा गुम्बा र चैत्यको निर्माण गरी मौलिकतामा आधारित सांस्कृतिक तथा धार्मिक केन्द्रको रुपमा नगरपालिकालाई विकास गर्न सकिन्छ । वडागत रुपमा विभिन्न धर्मावलम्बीहरूको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.८ लैङ्गिक आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थिति

**तालिका नं. १३ :** लैङ्गिक आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थिति

| वडा | लिङ्ग | विवाह नभएको | एक विवाह | वहु विवाह | पुनर्विवाह | विदुर/विधुवा | सम्बन्ध बिच्छेद/पारपाचुके | छुट्टिएको | थाहा नभएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरूष | २४३ | ३०८ | ११ | १ | ५ | १ | १ | ० | ५७० |
| | महिला | २०० | ३४६ | २ | ० | ६ | ० | १ | ० | ५५५ |
| | जम्मा | ४४३ | ६५४ | १३ | १ | ११ | १ | २ | ० | ११२५ |
| २ | पुरूष | ५७९ | ८३८ | १९ | २७ | २४ | ५ | १४ | १ | १५०७ |
| | महिला | ४६४ | ९२४ | १० | ८ | ६० | ५ | ३ | १ | १४७५ |
| | जम्मा | १०४३ | १७६२ | २९ | ३५ | ८४ | १० | १७ | २ | २९८२ |
| ३ | पुरूष | ६६२ | ११२४ | ४० | ४ | १६ | ० | ० | २ | १८४८ |
| | महिला | ४९९ | १२२४ | ६ | ० | ४७ | ० | ० | १ | १७७७ |
| | जम्मा | ११६१ | २३४८ | ४६ | ४ | ६३ | ० | ० | ३ | ३६२५ |

| वडा | लिङ्ग | विवाह नभएको | एक विवाह | वहु विवाह | पुनर्विवाह | विदुर/विधुवा | सम्बन्ध बिच्छेद/पारपाचुके | छुट्टिएको | थाहा नभएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | पुरूष | ५२० | ८५६ | २६ | १५ | १८ | ० | १ | ० | १४३६ |
| | महिला | ३७९ | ९४८ | २ | ५ | ६५ | २ | १ | १ | १४०३ |
| | जम्मा | ८९९ | १८०४ | २८ | २० | ८३ | २ | २ | १ | २८३९ |
| ५ | पुरूष | २८० | ४४१ | ६५ | ११ | ५ | ० | ३ | ० | ८०५ |
| | महिला | २०६ | ५२० | २३ | १० | १७ | ० | १ | ० | ७७७ |
| | जम्मा | ४८६ | ९६१ | ८८ | २१ | २२ | ० | ४ | ० | १५८२ |
| ६ | पुरूष | २७५ | ३८० | २६ | १७ | १८ | २ | १ | ४ | ७२३ |
| | महिला | २०१ | ४२२ | ६ | ३ | ३८ | १ | ३ | २ | ६७६ |
| | जम्मा | ४७६ | ८०२ | ३२ | २० | ५६ | ३ | ४ | ६ | १३९९ |
| ७ | पुरूष | ५४२ | ८९९ | १०१ | १ | ४२ | ६ | ११ | १ | १६०३ |
| | महिला | ४४१ | १००४ | ४ | १६ | ८४ | २ | ५ | ० | १५५६ |
| | जम्मा | ९८३ | १९०३ | १०५ | १७ | १२६ | ८ | १६ | १ | ३१५९ |
| ८ | पुरूष | ४५५ | ८३९ | ३६ | ३३ | १६ | ५ | ११ | १ | १३९६ |
| | महिला | ३९४ | ९९३ | ७ | २१ | ६७ | १ | ७ | १ | १४९१ |
| | जम्मा | ८४९ | १८३२ | ४३ | ५४ | ८३ | ६ | १८ | २ | २८८७ |
| ९ | पुरूष | ४०७ | ७५१ | ३१ | ३४ | ११ | ३ | ६ | ० | १२४३ |
| | महिला | ३३९ | ८५१ | ८ | १० | ४१ | ४ | २ | ० | १२५५ |
| | जम्मा | ७४६ | १६०२ | ३९ | ४४ | ५२ | ७ | ८ | ० | २४९८ |
| **जम्मा** | **पुरूष** | **३९६३** | **६४३६** | **३५५** | **१४३** | **१५५** | **२२** | **४८** | **९** | **११९३१** |
| | **महिला** | **३१२३** | **७२३२** | **६८** | **७३** | **४२५** | **१५** | **२३** | **६** | **१०९६५** |
| | **जम्मा** | **७०८६** | **१३६६८** | **४२३** | **२१६** | **५८०** | **३७** | **७१** | **१५** | **२२०९६** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

लैङ्गिक आधारमा १० वर्षमाथिको जनसंख्याको वैवाहिक स्थितिलाई हेर्दा १० वर्ष वा सोभन्दा माथिका कूल २२,०९६ जनामध्ये ३,९६३ पुरुष र ३१२३ महिला अविवाहित अर्थात कहिल्यै विवाह नभएको देखिन्छ भने ७,१५९ पुरुष र ७,८३६ महिलाहरूको विवाह भएको देखिन्छ। त्यसैगरी विवाहितमध्ये बहुविवाह गर्ने पुरुषको संख्या ३५५ र महिलाको संख्या ६८ रहेको छ । त्यसैगरी पुर्नविवाह गर्ने पुरुषहरू १४३ र महिला ७३ रहेको, १५५ जना पुरुषहरू विधुर छन् भने ४२५ विद्यवा छन्, सम्बन्ध विच्छेद/पारपाचुके गर्नेमा २२ जना पुरुष र १५ जना महिला, छुट्टिएर बस्नेमा ४८ जना पुरुष र २३ जना महिला र केही पनि थाहा नभएको ९ जना पुरुष र ६ जना महिला रहेको तथ्याङ्कले देखाउँछ । यहाँ तुलनात्मक रुपमा महिला र पुरुषको वैवाहिक अवस्थालाई हेर्दा असमान अवस्था देखिन्छ । पुरुषको तुलनामा बढी महिलाको विवाह भएको साथै विधुर पुरुषभन्दा विधवा महिलाको संख्यासमेत बढी देखिन्छ। पुरुषभन्दा महिलाको विवाह छिटो गर्ने परिपाटी र विधवा महिलालाई विवाह गरी स्वीकार्ने सामाजिक सोचाइमा कमी रहेका कारण पुरुष र महिला बीचमा ठूलो असमानता देखिएको हो । यस प्रकारका असमानताको अन्त्य गर्न सामाजिक जागरणका कार्यक्रमहरूलाई प्रभावकारी ढंगले संचालन गर्नुपर्दछ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.९ उमेर समूहका आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण

**तालिका नं. १४ :** उमेर समूहका आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण

| हालको उमेर समूह | विवाह नभएको | | एक विवाह | | वहु विवाह | | पुनर्विवाह | | विदुर/विधुवा | | सम्बन्ध विच्छेद/पारपाचुके | | छुट्टिएको | | थाहा नभएको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १० वर्ष - १४ वर्ष | २५१७ | ९९.९ % | २ | .१% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | २५१९ |
| १५ वर्ष - १९ वर्ष | २३७२ | ९१.२% | २२३ | ८.६% | १ | .०% | १ | .०% | ० | ०.०% | ० | ०.०% | ३ | .१% | ० | ०.०% | २६०० |
| २० वर्ष - २४ वर्ष | १२२९ | ५०.४ % | ११८९ | ४८.७% | ८ | .३% | ७ | .३% | ३ | .१% | ० | ०.०% | ३ | .१% | ० | ०.०% | २४३९ |
| २५ - २९ वर्ष | ४७४ | २१.० % | १७४७ | ७७.४% | १७ | .८% | ७ | .३% | २ | .१% | ६ | .३% | ३ | .१% | १ | .०% | २२५७ |
| ३० वर्ष - ३४ वर्ष | १३९ | ७.६% | १६२९ | ८८.८% | ३१ | १.७% | १९ | १.०% | ७ | .४% | ३ | .२% | ७ | .४% | ० | ०.०% | १८३५ |
| ३५ वर्ष - ३९ वर्ष | ६४ | ३.८% | १५३२ | ९१.०% | ४० | २.४% | २६ | १.५% | १० | .६% | ४ | .२% | ७ | .४% | १ | .१% | १६८४ |

| हालको उमेर समूह | विवाह नभएको | | एक विवाह | | वहु विवाह | | पुनर्विवाह | | विदुर/विधुवा | | सम्बन्ध विच्छेद/पारपाचुके | | छुट्टिएको | | थाहा नभएको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| ४० वर्ष - ४४ वर्ष | ४९ | ३.२% | १३८३ | ९०.९% | ४२ | २.८% | १९ | १.२% | १२ | .८% | ७ | .५% | ९ | .६% | ० | ०.०% | १५२१ |
| ४५ वर्ष - ४९ वर्ष | ४३ | ३.१% | १२४६ | ८९.३% | ४७ | ३.४% | २३ | १.६% | २५ | १.८% | ३ | .२% | ७ | .५% | १ | .१% | १३९५ |
| ५० वर्ष - ५४ वर्ष | ४६ | ३.१% | १३२७ | ८८.८% | ४८ | ३.२% | २० | १.३% | ३७ | २.५% | ५ | .३% | ७ | .५% | ४ | .३% | १४९४ |
| ५५ वर्ष - ५९ वर्ष | ४१ | ४.१% | ८५० | ८५.२% | ३४ | ३.४% | १४ | १.४% | ४९ | ४.९% | २ | .२% | ६ | .६% | २ | .२% | ९९८ |
| ६० वर्ष - ६४ वर्ष | ४० | ३.९% | ८५६ | ८३.२% | ४१ | ४.०% | २० | १.९% | ५८ | ५.६% | ३ | .३% | ९ | .९% | २ | .२% | १०२९ |
| ६५ वर्ष - ६९ वर्ष | २५ | ३.०% | ६५२ | ७७.२% | ३७ | ४.४% | २३ | २.७% | १०० | ११.८ % | ४ | .५% | ४ | .५% | ० | ०.०% | ८४५ |
| ७० वर्ष - ७४ वर्ष | २२ | ३.४% | ४६३ | ७२.५% | ३८ | ५.९% | २२ | ३.४% | ८७ | १३.६% | ० | ०.०% | ४ | .६% | ३ | .५% | ६३९ |
| ७५ वर्ष भन्दा माथि | २५ | ३.०% | ५६९ | ६७.७% | ३९ | ४.६% | १५ | १.८% | १९० | २२.६% | ० | ०.०% | २ | .२% | १ | .१% | ८४१ |
| जम्मा | ७०८६ | ३२.१% | १३६६८ | ६१.९% | ४२३ | १.९% | २१६ | १.०% | ५८० | २.६% | ३७ | .२% | ७१ | .३% | १५ | .१% | २२०९६ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा १० वर्षभन्दा माथिको उमेर समूहमा रहेका २२,०९६ जनसंख्यामध्ये कहिल्यै विवाह नगरेको जनसंख्या ७,०८६ अर्थात ३२.१ प्रतिशत, विवाहित १४,९८७ अर्थात ६७.८२ प्रतिशत, बहुविवाह गर्नेको १.९ प्रतिशत, पुर्नविवाह गर्ने १ प्रतिशत, विधवा वा विधुरको संख्या २.६ प्रतिशत, सम्बन्ध विच्छेद भएका ०.२ प्रतिशत, छुट्टिएको ०.३ प्रतिशत र थाहा नभएको ०.१ प्रतिशत भएकोले नगरपालिकामा समग्र वैवाहिक अवस्था सामान्य रहेको देखिन्छ । हाल विधवा विवाहलाई प्रोत्साहन गर्न राज्यले नितिहरू लिएको र जनचेतनामा आएको

सकारात्मक परिवर्तनले विधवा बस्ने क्रम घटिरहेको भएतापनि व्यापक रुपमा सुधार गर्न समय लाग्ने देखिन्छ । विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## ३.१० उमेर समूह तथा लैङ्गिक आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण

**तालिका नं. १५ :** उमेर समूह तथा लैङ्गिक आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण

| वैवाहिक स्थिति | लिङ्ग | हालको उमेरसमूह | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १० वर्ष - १४ वर्ष | १५ वर्ष - १९ वर्ष | २० वर्ष - २४ वर्ष | २५ वर्ष - २९ वर्ष | ३० वर्ष - ३४ वर्ष | ३५ वर्ष - ३९ वर्ष | ४० वर्ष - ४४ वर्ष | ४५ वर्ष - ४९ वर्ष | ५० वर्ष - ५४ वर्ष | ५५ वर्ष - ५९ वर्ष | ६० वर्ष - ६४ वर्ष | ६५ वर्ष - ६९ वर्ष | ७० वर्ष - ७४ वर्ष | ७५ वर्ष भन्दा माथि | जम्मा |
| विवाह नभएको | पुरूष | १३५१ | १२०७ | ७८६ | ३०६ | ८४ | २९ | २९ | ३१ | ३५ | ३० | ३० | १३ | १५ | १७ | ३९६३ |
| | महिला | ११६६ | ११६५ | ४४३ | १६८ | ५५ | ३५ | २० | १२ | ११ | ११ | १० | १२ | ७ | ८ | ३१२३ |
| | जम्मा | २५१७ | २३७२ | १२२९ | ४७४ | १३९ | ६४ | ४९ | ४३ | ४६ | ४१ | ४० | २५ | २२ | २५ | ७०८६ |
| | प्रतिशत | ९९.९% | ९१.२% | ५०.४% | २१.०% | ७.६% | ३.८% | ३.२% | ३.१% | ३.१% | ४.१% | ३.९% | ३.०% | ३.४% | ३.०% | ३२.१% |
| एक विवाह | पुरूष | १ | ५९ | ४०४ | ७७६ | ७९० | ७३५ | ६७४ | ५९९ | ६६२ | ४२४ | ४४१ | ३५२ | २४० | २७९ | ६४३६ |
| | महिला | १ | १६४ | ७८५ | ९७१ | ८३९ | ७९७ | ७०९ | ६४७ | ६६५ | ४२६ | ४१५ | ३०० | २२३ | २९० | ७२३२ |
| | जम्मा | २ | २२३ | ११८९ | १७४७ | १६२९ | १५३२ | १३८३ | १२४६ | १३२७ | ८५० | ८५६ | ६५२ | ४६३ | ५६९ | १३६६८ |
| | प्रतिशत | ०.१% | ८.६% | ४८.७% | ७७.४% | ८८.८ % | ९१.०% | ९०.९% | ८९.३% | ८८.८ % | ८५.२% | ८३.२% | ७७.२% | ७२.५% | ६७.७% | ६१.९% |
| वहु विवाह | पुरूष | ० | १ | ७ | १६ | २५ | ३५ | ३५ | ३२ | ३८ | ३० | ३६ | ३३ | ३४ | ३३ | ३५५ |
| | महिला | ० | ० | १ | १ | ६ | ५ | ७ | १५ | १० | ४ | ५ | ४ | ४ | ६ | ६८ |
| | जम्मा | ० | १ | ८ | १७ | ३१ | ४० | ४२ | ४७ | ४८ | ३४ | ४१ | ३७ | ३८ | ३९ | ४२३ |
| | प्रतिशत | | ०.०% | ०.३% | ०.८% | १.७% | २.४% | २.८% | ३.४% | ३.२% | ३.४% | ४.०% | ४.४% | ५.९% | ४.६% | १.९% |
| पुनर्विवाह | पुरूष | ० | ० | ३ | ६ | १५ | १६ | १४ | १२ | १३ | १० | १४ | १६ | १४ | १० | १४३ |
| | महिला | ० | १ | ४ | १ | ४ | १० | ५ | ११ | ७ | ४ | ६ | ७ | ८ | ५ | ७३ |
| | जम्मा | ० | १ | ७ | ७ | १९ | २६ | १९ | २३ | २० | १४ | २० | २३ | २२ | १५ | २१६ |
| | प्रतिशत | | ०.०% | ०.३% | ०.३% | १.०% | १.५% | १.२% | १.६% | १.३% | १.४% | १.९% | २.७% | ३.४% | १.८% | १.०% |
| विदुर/विधुवा | पुरूष | ० | ० | ० | १ | ० | २ | २ | ३ | ७ | १५ | १७ | ३० | २६ | ५२ | १५५ |
| | महिला | ० | ० | ३ | १ | ७ | ८ | १० | २२ | ३० | ३४ | ४१ | ७० | ६१ | १३८ | ४२५ |
| | जम्मा | ० | ० | ३ | २ | ७ | १० | १२ | २५ | ३७ | ४९ | ५८ | १०० | ८७ | १९० | ५८० |
| | प्रतिशत | | ०.०% | ०.१% | ०.१% | ०.४% | ०.६% | ०.८% | १.८% | २.५% | ४.९% | ५.६% | ११.८% | १३.६% | २२.६% | २.६% |

| वैवाहिक स्थिति | लिङ्ग | हालको उमेरसमूह | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १० वर्ष - १४ वर्ष | १५ वर्ष - १९ वर्ष | २० वर्ष - २४ वर्ष | २५ वर्ष - २९ वर्ष | ३० वर्ष - ३४ वर्ष | ३५ वर्ष - ३९ वर्ष | ४० वर्ष - ४४ वर्ष | ४५ वर्ष - ४९ वर्ष | ५० वर्ष - ५४ वर्ष | ५५ वर्ष - ५९ वर्ष | ६० वर्ष - ६४ वर्ष | ६५ वर्ष - ६९ वर्ष | ७० वर्ष - ७४ वर्ष | ७५ वर्ष भन्दा बढी | जम्मा |
| सम्बन्ध बिच्छेद /पारपाचुके | पुरूष | ० | ० | ० | ४ | १ | ३ | ३ | ३ | २ | २ | २ | २ | ० | ० | २२ |
| | महिला | ० | ० | ० | २ | २ | १ | ४ | ० | ३ | ० | १ | २ | ० | ० | १५ |
| | जम्मा | ० | ० | ० | ६ | ३ | ४ | ७ | ३ | ५ | २ | ३ | ४ | ० | ० | ३७ |
| | प्रतिशत | | ०.०% | ०.०% | ०.३% | ०.२% | ०.२% | ०.५% | ०.२% | ०.३% | ०.२% | ०.३% | ०.५% | ०.०% | ०.०% | ०.२% |
| छुट्टिएको | पुरूष | ० | १ | २ | २ | ३ | ४ | ७ | ५ | ४ | ५ | ८ | २ | ४ | १ | ४८ |
| | महिला | ० | २ | १ | १ | ४ | ३ | २ | २ | ३ | १ | १ | २ | ० | १ | २३ |
| | जम्मा | ० | ३ | ३ | ३ | ७ | ७ | ९ | ७ | ७ | ६ | ९ | ४ | ४ | २ | ७१ |
| | प्रतिशत | | ०.१% | ०.१% | ०.१% | ०.४% | ०.४% | ०.६% | ०.५% | ०.५% | ०.६% | ०.९% | ०.५% | ०.६% | ०.२% | ०.३% |
| थाहा नभएको | पुरूष | ० | ० | ० | १ | ० | १ | ० | १ | २ | १ | ० | ० | २ | १ | ९ |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १ | २ | ० | १ | ० | ६ |
| | जम्मा | ० | ० | ० | १ | ० | १ | ० | १ | ४ | २ | २ | ० | ३ | १ | १५ |
| | प्रतिशत | | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.१% | ०.०% | ०.१% | ०.३% | ०.२% | ०.२% | ०.०% | ०.५% | ०.१% | ०.१% |
| **कूल जम्मा** | **पुरूष** | १३५२ | १२६८ | १२०२ | १११२ | ९१८ | ८२५ | ७६४ | ६८६ | ७६३ | ५१७ | ५४८ | ४४८ | ३३५ | ३९३ | १११३१ |
| | **महिला** | ११६७ | १३३२ | १२३७ | ११४५ | ९१७ | ८५९ | ७५७ | ७०९ | ७३१ | ४८१ | ४८१ | ३९७ | ३०४ | ४४८ | १०९६५ |
| | **जम्मा** | २५१९ | २६०० | २४३९ | २२५७ | १८३५ | १६८४ | १५२१ | १३९५ | १४९४ | ९९८ | १०२९ | ८४५ | ६३९ | ८४१ | २२०९६ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका १० वर्षभन्दा माथिको २२,०९६ जनसंख्यामध्ये १५ देखि १९ वर्षसम्मका ९९.९ प्रतिशत जनसंख्या अविवाहित देखिन्छ भने ०.१ प्रतिशत विवाहित देखिन्छ । त्यसैगरी २५ देखि २९ वर्ष समूहको ७९ प्रतिशत जनसंख्या विवाहित र २१ प्रतिशत जनसंख्या अविवाहित देखिन्छ। ३५ देखि ३९ वर्ष समूहको भने ९६.२ प्रतिशत जनसंख्या विवाहित रहेका र ३.८ प्रतिशत अविवाहित रहेको देखिन्छ। विधवाको संख्या भने स्वाभाविक रुपमा उमेर बढ्दै जाँदा बढ्दै गएको पाइन्छ। छुट्टीएर बसेको उमेर समूहको तथ्याङ्कलाई हेर्दा २० देखि ४९ वर्षको बीचमा बढी र पाको उमेर वा सानो उमेर समूहमा कम देखिन्छ। पाको उमेरमा मनोवैज्ञानिक र भौतिक रुपमा समेत जोडिको आवश्यकता पर्ने साथै सानो उमेरमा विपरित लिङ्गीप्रति स्वाभाविक आर्कषण हुनेहुँदा छुट्टिएर बस्नेको संख्या कम भएको अनुमान लगाउन सकिन्छ भने बीचको उमेर समूहमा व्यवहारीक जीवनमा पारिवारिक कलह वा टकरावका कारण बेमेल श्रृजना भई छुट्टिएर बसेको हुनसक्छ। अर्कोतर्फ केही जनसंख्या

भने जीवनभर अविवाहित बस्ने प्रवृत्ति यस नगरपालिकामा समेत रहेको छ । समग्रमा हेर्दा नगरपालिकाको वैवाहिक स्थिति सामान्य नै मान्न सकिन्छ थप विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

## ३.११ १० वर्ष वा सोभन्दा माथिको लैङ्गिक आधारमा विवाहित जनसंख्याको पहिलो विवाह गर्दाको उमेरको विवरण

**तालिका नं. १६ :** १० वर्ष वा सोभन्दा माथिको लैङ्गिक आधारमा विवाहित जनसंख्याको पहिलो विवाह गर्दाको उमेरको विवरण

| वडा | पहिलो विवाह गर्दाको उमेर | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १५ वर्षभन्दा कम | | १५ - १९ वर्ष | | २० - २४ वर्ष | | २५ - २९ वर्ष | | ३० - ३४ वर्ष | | ३५ - ३९ वर्ष | | ४० वर्ष वा सोभन्दा बढी | | जम्मा | |
| | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला |
| १ | १५ | ३० | ८२ | १२९ | १६५ | १६१ | ४६ | २३ | १४ | ७ | ५ | ४ | ० | १ | ३२७ | ३५५ |
| २ | ३५ | ८८ | ३६७ | ५५४ | ४१४ | ३११ | ८३ | ४८ | १५ | ५ | ९ | २ | ४ | २ | ९२७ | १०१० |
| ३ | ६३ | १२७ | ३४७ | ५६० | ५४७ | ४५४ | १७७ | १०८ | ३३ | १९ | ६ | ४ | ११ | ५ | ११८४ | १२७७ |
| ४ | ८९ | १५२ | १८१ | ४४७ | ४०० | ३३४ | १८१ | ६८ | ३८ | १२ | १४ | ७ | १३ | ३ | ९१६ | १०२३ |
| ५ | २४ | ८३ | १८९ | २९१ | २०७ | १४८ | ६९ | ३३ | २४ | १० | ८ | ३ | ४ | ३ | ५२५ | ५७१ |
| ६ | १३ | ४७ | १७१ | २६६ | १७४ | ११७ | ५६ | ३३ | १८ | ६ | ९ | २ | ३ | २ | ४४४ | ४७३ |
| ७ | ४४ | ६२ | ३२८ | ४९५ | ४१९ | ४२४ | १९७ | १०२ | ५२ | २२ | १६ | २ | ४ | ८ | १०६० | १११५ |
| ८ | ३० | १२३ | २९३ | ६१९ | ४७४ | ३०८ | १११ | ३३ | २४ | ९ | ६ | ० | २ | ४ | ९४० | १०९६ |
| ९ | ८८ | २०९ | ३५४ | ४५८ | २६१ | १८२ | ९७ | ४९ | २६ | १२ | ६ | २ | ४ | ४ | ८३६ | ९१६ |
| **जम्मा** | ४०१ | ९२१ | २३१२ | ३८१९ | ३०६१ | २४३९ | १०१७ | ४९७ | २४४ | १०२ | ७९ | २६ | ४५ | ३२ | ७१५९ | ७८३६ |
| **प्रतिशत** | २.७% | ६.१% | १५.४% | २५.५% | २०.४% | १६.३% | ६.८% | ३.३% | १.६% | .७% | .५% | .२% | .३% | .२% | ४७.७% | ५२.३% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

लैङ्गिक आधारमा विवाहित जनसंख्याको पहिलो विवाह गर्दाको उमेरको विवरण हेर्दा पहिलो विवाह गर्दाको उमेर १४ वर्षसम्म रहेको जनसंख्यामध्ये ४०१ जना पुरुष र ९२१ जना महिला रहेको पाइयो । यसैगरी पहिलो विवाह गर्दाको उमेर १५ देखि १९ हुने पुरुषको संख्या २,३१२ र महिलाको जनसंख्या ३,८१९ रहेको छ अर्थात कूल विवाहित जनसंख्याको ३१.६ प्रतिशत महिलाहरूको १९ वर्ष नपुग्दै वा पुग्दा पुग्दै विवाह भैसकेको हुन्छ। अर्कोतर्फ २०-२४ वर्षको उमेर भित्र पहिलो विवाह गर्ने पुरुषको जनसंख्या महिलाको भन्दा बढी छ अर्थात सो उमेर

समूहमा नपुग्दै अधिकांश किशोरहरूको विवाह भैसकेको देखिन्छ । समग्र महिला र पुरुषको संयूक्त तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी ६,८८० जना अर्थात ४०.९ प्रतिशत विवाहितहरूको पहिलो विवाह गर्दाको उमेर १५ देखि १९ नै रहेको छ ।

कानूनी रुपमा हेर्दा समेत मुलूकी संहिताको प्रावधानअनुसार २० वर्षभन्दा कम उमेरमा विवाह गर्न नपाउने बन्देज रहेतापनि त्यसको कार्यान्वयनको अवस्था नाजुक देखिन्छ । छिटो विवाह गर्नाले अध्ययन रोजगारीमा पर्ने नकारात्मक प्रभावका साथै शारीरिक तथा मानसिक विकाससमेत पूर्णरुपमा नभैसकेको अवस्थामा विवाह गर्दा त्यसले पारिवारिक र सामाजिक रुपमा जटिलता थप्ने निश्चित छ । तसर्थ उपयुक्त समयमा विवाह गर्न अनिवार्य गर्नुपर्ने र छिटो विवाह गर्ने कार्यलाई पूर्ण रुपले निरुत्साहित गर्नुपर्ने र त्यसो गर्नेलाई कानूनी दायरामा ल्याउनुपर्ने देखिन्छ । समग्र पक्षलाई मध्यनजर गर्दा २५ देखि २९ वर्षको उमेर विवाहका लागि उपयुक्त मान्न सकिन्छ । अन्य उमेरसमूह अनुसारको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## ३.१२ परिवारले प्रयोग गरेको घरको स्वामित्वको आधारमा घरपरिवारको विवरण

**तालिका नं. १७ :** परिवारले प्रयोग गरेको घरको स्वामित्वको आधारमा घरपरिवारको विवरण

| वडा | निजी | | भाडामा | | संस्थागत | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | ३०९ | ९९.७% | ० | ०.०% | ० | ०.०% | १ | .३% | ३१० |
| २ | ९७४ | ९८.१% | ७ | .७% | ० | ०.०% | १२ | १.२% | ९९३ |
| ३ | ११५१ | ९६.३% | ३६ | ३.०% | ० | ०.०% | ८ | .७% | ११९५ |
| ४ | ८४४ | ८३.६% | १६१ | १६.०% | ३ | .३% | १ | .१% | १००९ |
| ५ | ५८२ | ९९.०% | ५ | .९% | ० | ०.०% | १ | .२% | ५८८ |
| ६ | ४६९ | ९८.३% | ४ | .८% | ४ | .८% | ० | ०.०% | ४७७ |
| ७ | ११४४ | ९७.५% | १८ | १.५% | १ | .१% | १० | .९% | ११७३ |
| ८ | ९८१ | ९९.४% | ३ | .३% | १ | .१% | २ | .२% | ९८७ |
| ९ | ८८९ | ९५.८% | ३२ | ३.४% | ३ | .३% | ४ | .४% | ९२८ |
| **जम्मा** | **७३४३** | **९५.९%** | **२६६** | **३.५%** | **१२** | **.२%** | **३९** | **.५%** | **७६६०** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस बाह्रविसे नगरपालिकामा रहेका कूल ७,६६० घरपरिवारहरूमध्ये अधिकांश अर्थात ९५.९ प्रतिशत परिवारको आफ्नै स्वामित्वमा रहेको घर, ३.५ प्रतिशत अर्थात २६६ घरपरिवार भाडामा बस्ने गरेको, ०.२ प्रतिशत अर्थात १२ घरहरू संस्थागत हिसाबले प्रयोग गरेको र अन्यमा ०.५ प्रतिशत अर्थात ३९ घरपरिवारहरू रहेको पाइयो । व्यवसायीक, भाडाको प्रयोजन र संस्थागत हिसाबले प्रयोग भएका घरहरूको संख्या नगन्य हुनुले बाह्रविसे नगरपालिका पूर्ण रुपमा शहरी परिवेशको पुगिनसकेको रहेको स्पष्ट हुन्छ । अन्य वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.१३ परिवारले प्रयोग गरेको घर भएको जग्गाको स्वामित्व विवरण

**तालिका नं. १८ :** परिवारले प्रयोग गरेको घर भएको जग्गाको स्वामित्व विवरण

| वडा | निजी | | गुठी | | सार्वजनिक/सुकुम्बासी/ऐलानी | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ३०८ | ९९.४% | ० | ०.०% | २ | .६% | ० | ०.०% |
| २ | ९९० | ९९.७% | ० | ०.०% | १ | .१% | २ | .२% |
| ३ | ११७० | ९७.९% | ० | ०.०% | ७ | .६% | १८ | १.५% |
| ४ | ९८७ | ९७.८% | ४ | .४% | १४ | १.४% | ४ | .४% |
| ५ | ५७९ | ९८.५% | ० | ०.०% | ४ | .७% | ५ | .९% |
| ६ | ४६३ | ९७.१% | ० | ०.०% | १० | २.१% | ४ | .८% |
| ७ | ११४३ | ९७.४% | ० | ०.०% | १२ | १.०% | १८ | १.५% |
| ८ | ९८५ | ९९.८% | ० | ०.०% | ० | ०.०% | २ | .२% |
| ९ | ९१३ | ९८.४% | १ | .१% | २ | .२% | १२ | १.३% |
| **जम्मा** | **७५३८** | **९८.४%** | **५** | **.१%** | **५२** | **.७%** | **६५** | **.८%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस नगरपालिका स्थित ७,६६० घरपरिवारहरूमध्ये ७,५३८ अर्थात ९८.४ प्रतिशत घरपरिवारहरूले प्रयोग गरेको घर भएको जग्गाको स्वामित्व निजी भएको देखिन्छ । ५२ अर्थात ०.७ प्रतिशत घरपरिवारहरू सार्वजनिक/सुकुम्बासी/ऐलानी रहेको र २ घरपरिवारहरूले गुठीको जग्गामा घर बनाएको र अन्यमा अर्थात स्पष्ट नखुलेको घरपरिवार ६५ रहेको पाइयो । देशमा लोकतान्त्रिक शासन व्यवस्था लागू भई आवास जस्तो आधारभूत मानवीय आवश्यकतालाई संविधानले धारा ३७ मा मौलिक हकको रुपमा प्रत्याभूत गरेपनि यस नगरपालिकामा सकुम्बासीको संख्यासमेत रहेकोले आवास विहिन सुकुम्बासीहरूलाई सस्तो, सुलभ र सुरक्षित आवासका एकीकृत कार्यक्रम सञ्चालन गरी व्यवस्थापन गर्नु पर्ने देखिन्छ। ९८.४ प्रतिशतको आफ्नै स्वामित्वमा रहेको जमिनमा घर हुनु राम्रो भएतापनि आवासको स्तरबारे स्पष्ट नभएकोले सबैलाई सुरक्षित आश्रयस्थल हुनु राज्यको दायित्वका रहेकोले स्थानीय सरकारको रुपमा रहेको नगरपालिकाले यसतर्फ दिर्घकालिन योजना निर्माण गर्नुपर्ने देखिन्छ। वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ३.१४ घरको किसिमको आधारमा घरपरिवारको विवरण

**तालिका नं. १९ :** घरको किसिमको आधारमा घरपरिवार विवरण

| वडा | पक्की | | अर्धपक्की | | कच्ची | | टहरा/झुप्रो/छाप्रो | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | २७८ | ८९.७% | ९ | २.९% | २ | .६% | २१ | ६.८% | ० | ०.०% | ३१० |
| २ | ८८५ | ८९.१% | ४१ | ४.१% | ८ | .८% | ५६ | ५.६% | ३ | .३% | ९९३ |
| ३ | १०७३ | ८९.८% | ३७ | ३.१% | ५ | .४% | ७९ | ६.६% | १ | .१% | ११९५ |
| ४ | ७९५ | ७८.८% | ४९ | ४.९% | २७ | २.७% | १३७ | १३.६% | १ | .१% | १००९ |
| ५ | ४७३ | ८०.४% | ५३ | ९.०% | २७ | ४.६% | ३५ | ६.०% | ० | ०.०% | ५८८ |
| ६ | ३६२ | ७५.९% | ८ | १.७% | २ | .४% | १०५ | २२.०% | ० | ०.०% | ४७७ |
| ७ | १०७४ | ९१.६% | २७ | २.३% | १० | .९% | ५३ | ४.५% | ९ | .८% | ११७३ |
| ८ | ९१३ | ९२.५% | १४ | १.४% | २१ | २.१% | ३९ | ४.०% | ० | ०.०% | ९८७ |
| ९ | ८६२ | ९२.९% | २६ | २.८% | १२ | १.३% | २७ | २.९% | १ | .१% | ९२८ |
| **जम्मा** | **६७१५** | **८७.७%** | **२६४** | **३.४%** | **११४** | **१.५%** | **५५२** | **७.२%** | **१५** | **.२%** | **७६६०** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस नगरपालिकाका कूल ७,६६० मध्ये सबैभन्दा बढी ६,७१५ अर्थात ८७.७ प्रतिशत घरहरू पक्की, ५५२ अर्थात ७.२ प्रतिशत घरपरिवारहरू टहरा /झुप्रो/छाप्रो, २६४ अर्थात ३.४ प्रतिशत अर्धपक्की, ११४ अर्थात १.५ प्रतिशत कच्ची र १५ घरपरिवार वा ०.२ प्रतिशत घरपरिवारहरू अन्य प्रकारको घरमा बस्ने गरेको पाइयो । नगरपालिकामा १.५ प्रतिशत घरहरू कच्ची हुनुले भूकम्पीय जोखिमको हिसाबले अत्यन्त जोखिमपूर्ण अवस्थामा रहेको स्पष्ट हुन्छ । केही घरहरू कच्ची रहनु आर्थिक विपन्नताको सूचकसमेत रहेकोले सुरक्षित आवासका दीर्घकालीन योजना निर्माण गर्नु अनिवार्य देखिन्छ । अर्कोतर्फ ७.२ प्रतिशत घरहरू विपन्न अवस्थामा निम्न गुणस्तरीय जीवन निर्वाह गरी झुप्रो/छाप्रो/टहरामा बस्ने गरेको देखिन्छ । ८७.७ प्रतिशत घरहरू पक्की अवस्थामा रहेपनि भूकम्पिय जोखिमको संवेदनशीलता भएकोले ती घरहरू भू-कम्प प्रतिरोधी समेत हुनुपर्दछ । राष्ट्रिय भवन संहिता अनुरुप सम्पूर्ण घरलाई मापदण्ड भित्र ल्याउनु नगरपालिकाको जिम्मेवारी हो । भूकम्पको

क्षतीको तुलनामा घरहरू मापदण्ड भित्र ल्याउन लाग्ने लागत अतुलनिय रुपम कम पर्दछ । तसर्थ सावधानी अपनाउनु बुद्धिमानी हुन्छ । वडागत विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ३.१५ परिवारले प्रयोग गरेको घर बनेको समय अवधीको आधारमा घरपरिवारको विवरण

**तालिका नं. २० :** परिवारले प्रयोग गरेको घर बनेको समय अवधीको आधारमा घरपरिवारको विवरण

| वडा | ०-४ वर्ष | | ५ वर्ष - ९ वर्ष | | १० वर्ष - १४ वर्ष | | १५ वर्ष - २५ वर्ष | | २६ वर्ष - ५० वर्ष | | ५१ वर्ष - ७५ वर्ष | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | ३०६ | ९८.७% | ४ | १.३% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ३१० |
| २ | ९५४ | ९६.१% | २७ | २.७% | ७ | .७% | ५ | .५% | ० | ०.०% | ० | ०.०% | ९९३ |
| ३ | १०८२ | ९०.५% | ६९ | ५.८% | ११ | .९% | ३० | २.५% | ३ | .३% | ० | ०.०% | ११९५ |
| ४ | ७६३ | ७५.६% | ५७ | ५.६% | ४६ | ४.६% | १११ | ११.०% | ३२ | ३.२% | ० | ०.०% | १००९ |
| ५ | ५६३ | ९५.७% | १४ | २.४% | ५ | .९% | २ | .३% | ३ | .५% | १ | .२% | ५८८ |
| ६ | ४६९ | ९८.३% | ५ | १.०% | ० | ०.०% | ३ | .६% | ० | ०.०% | ० | ०.०% | ४७७ |
| ७ | ११५६ | ९८.६% | १० | .९% | ३ | .३% | ३ | .३% | १ | .१% | ० | ०.०% | ११७३ |
| ८ | ९६० | ९७.३% | २१ | २.१% | ४ | .४% | १ | .१% | १ | .१% | ० | ०.०% | ९८७ |
| ९ | ७९९ | ८६.१% | २५ | २.७% | १७ | १.८% | ८५ | ९.२% | २ | .२% | ० | ०.०% | ९२८ |
| **जम्मा** | **७०५२** | **९२.१%** | **२३२** | **३.०%** | **९३** | **१.२%** | **२४०** | **३.१%** | **४२** | **.५%** | **१** | **.०%** | **७६६०** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा निर्माण भएका घरहरू बनेको समयअवधि हेर्दा ७,०५२ अर्थात ९२.१% घरहरू पछिल्लो चार वर्षको अन्तरालमा, २३२ अर्थात ३ प्रतिशत घरहरू ५ देखि ९ वर्ष अगाडि, ९३ अर्थात १.२ प्रतिशत १० देखि १४ वर्ष अगाडि, २४० अर्थात ३.१ प्रतिशत १५ देखि २५ वर्ष अगाडि, ४२ अर्थात ०.५ प्रतिशत २६ देखि ५० वर्ष अगाडि र १ घर ५१ देखि ७५ वर्ष अगाडि निर्माण भएको देखिन्छ। यस तथ्याङ्कलाई हेर्दा ०-४ वर्ष अगाडि वर्षको अन्तरालमा बनेका घरहरू धेरै रहेको देखिन्छ। त्यसपछि क्रमश पछिल्लो ४ वर्ष निर्माण भएको घरहरू बढी रहनुले यो ४ वर्षको अन्तरालमा वस्ती विस्तारको क्रम अत्यधिक बढी भएको देखिन्छ। २०७२ सालमा गएको महाभूकम्पको विनाशले पनि सबै घरहरू क्षति भई पछिल्लो चार वर्षमा घर निर्माण धेरै भएको हुनसक्छ। साथै पछिल्लो समय वस्ती विस्तार हुनुको कारण जनसंख्या वृद्धि, बसाइसराँइ र नगरपालिकामा मानवीय सुविधा जस्तै खेतीयोग्य जमिन, सडक वृद्धि भएको देखिन्छ। वडागत पूर्ण विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.१६ परिवार बसोबास गर्ने घरको तल्लाको आधारमा परिवारको विवरण

**तालिका नं. २१ :** परिवारले बसोबास गर्ने घरको तल्लाको आधारमा घरपरिवारको विवरण

| वडा नं. | १ तल्ले | | २ तल्ले | | ३ तल्ले | | ४ वा सोभन्दा बढी तल्ले | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | २९७ | ९५.८% | १३ | ४.२% | ० | ०.०% | ० | ०.०% | ३१० |
| २ | ९२३ | ९३.०% | ६० | ६.०% | ७ | .७% | ३ | .३% | ९९३ |
| ३ | १०९३ | ९१.५% | ६३ | ५.३% | २५ | २.१% | १४ | १.२% | ११९५ |
| ४ | ६२७ | ६२.१% | १३६ | १३.५% | ९४ | ९.३% | १५२ | १५.१% | १००९ |
| ५ | ५४७ | ९३.०% | ३४ | ५.८% | ७ | १.२% | ० | ०.०% | ५८८ |
| ६ | ४५७ | ९५.८% | २० | ४.२% | ० | ०.०% | ० | ०.०% | ४७७ |
| ७ | ११२२ | ९५.७% | ५१ | ४.३% | ० | ०.०% | ० | ०.०% | ११७३ |
| ८ | ७६३ | ७७.३% | २२० | २२.३% | ३ | .३% | १ | .१% | ९८७ |
| ९ | ७८० | ८४.१% | ६० | ६.५% | ६६ | ७.१% | २२ | २.४% | ९२८ |
| **जम्मा** | **६६०९** | **८६.३%** | **६५७** | **८.६%** | **२०२** | **२.६%** | **१९२** | **२.५%** | **७६६०** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस नगरपालिकाका कूल ७,६६० घरपरिवारमध्ये ६,६०९ अर्थात ८६.३% घरपरिवार बसोवास गर्ने घरहरू १ तल्ले, ६५७ अर्थात ८.६ प्रतिशत दुई तल्ले, २०२ अर्थात २.६ प्रतिशत ३ तल्ले, १९२ अर्थात २.५ प्रतिशत घर परिवार ४ वा ४ तल्लाभन्दा बढीको घरमा बसेको पाइयो । कूल घर परिवारहरूको ८६.३ घरहरू एक तल्ले र अन्य घरहरू कच्ची साथै दुई तल्ला भन्दा बढी तल्ला भएका घरहरू कम भएकोले अधिकांश घरहरू निर्वाहको लागि निर्माण भएका र शहरी क्षेत्रको विकास र विस्तार भई धेरै तल्लाहरू भएका घरहरूको संख्या बढी हुने अवस्था नरहेको देखियो ।




## ३.१७ कोठा संख्याको आधारमा परिवारको विवरण

**तालिका नं. २२ :** कोठा संख्याको आधारमा परिवारको विवरण

| वडा | १ - २ कोठा | | ३ - ४ कोठा | | ५ - ६ कोठा | | ७ - १० कोठा | | ११ - १४ कोठा | | १५ - १९ कोठा | | २० वा सोभन्दा बढी कोठा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | २८४ | ९१.६% | २२ | ७.१% | ४ | १.३% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ३१० |
| २ | ७४४ | ७४.९% | २०८ | २०.९% | २८ | २.८% | १० | १.०% | ३ | .३% | ० | ०.०% | ० | ०.०% | ९९३ |
| ३ | ९०४ | ७५.६% | २०६ | १७.२% | ३४ | २.८% | ३५ | २.९% | १४ | १.२% | २ | .२% | ० | ०.०% | ११९५ |
| ४ | ४०५ | ४०.१% | २८३ | २८.०% | १०५ | १०.४% | १३२ | १३.१% | २८ | २.८% | १७ | १.७% | ३९ | ३.९% | १००९ |
| ५ | ४९९ | ८४.९% | ६८ | ११.६% | १८ | ३.१% | ३ | .५% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ५८८ |
| ६ | ३९६ | ८३.०% | ७३ | १५.३% | ४ | .८% | ३ | .६% | ० | ०.०% | ० | ०.०% | १ | .२% | ४७७ |
| ७ | १०५१ | ८९.६% | ११२ | ९.५% | ८ | .७% | १ | .१% | १ | .१% | ० | ०.०% | ० | ०.०% | ११७३ |
| ८ | ७३० | ७४.०% | १९८ | २०.१% | ३६ | ३.६% | २१ | २.१% | ० | ०.०% | ० | ०.०% | २ | .२% | ९८७ |
| ९ | ६२१ | ६६.९% | १७५ | १८.९% | ३२ | ३.४% | ६९ | ७.४% | ११ | १.२% | १४ | १.५% | ६ | .६% | ९२८ |
| **जम्मा** | **५६३४** | **७३.६%** | **१३४५** | **१७.६%** | **२६९** | **३.५%** | **२७४** | **३.६%** | **५७** | **.७%** | **३३** | **.४%** | **४८** | **.६%** | **७६६०** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेको घरहरूमा कोठाहरूको संख्याको आधारमा हेर्दा १ देखि २ वटासम्म कोठा भएका घरहरू ५,६३४ अर्थात ७३.६ प्रतिशत ३-४ वटा कोठा भएका १,३४५ अर्थात १७.६ प्रतिशत ५ देखि ६ वटा कोठाहरू भएका २६९ अर्थात ३.५ प्रतिशत, ७ देखि १० वटा कोठाहरू भएका घरहरू २७४ अर्थात ३.६ प्रतिशत, ११ देखि

१४ कोठाहरू भएका घरहरू ५७ अर्थात ०.७० प्रतिशत, १५ देखि १९ कोठाहरू भएका घरहरू ३३ अर्थात ०.४ प्रतिशत र २० वा सोभन्दा बढी कोठाहरू भएका ४८ अर्थात ०.६ प्रतिशत रहेको देखिन्छ। कूल घरपरिवारको ७३.६ प्रतिशत घरमा जम्मा १ देखि २ वटा मात्र कोठा हुनुले ती परिवारहरूले अत्यन्त साघुँरो र कष्टपूर्ण तरीकाले जीवन निर्वाह गरेको स्पष्ट हुन्छ। कोठाको संख्या कमीहुँदा विद्यार्थीहरूलाई पढ्न शान्त वातावरणको कमी, सबै घरेलु कृयाकलाप जस्तै खाना पकाउने, सुत्ने र केही स्थानहरूमा त घरपालुवा पशु चौपाया वा पंक्षीहरूसमेत सँगै राख्नु पर्ने वाध्यताका कारण व्यक्तिगत, पारिवारिक तथा सामुदायिक स्वास्थ्य र सरसफाईका दृष्टिले समेत अत्यन्त जटिल अवस्था देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.१८ परिवारले प्रयोग गरेको कोठा संख्याको आधारमा परिवारको विवरण

**तालिका नं. २३ :** परिवारले प्रयोग गरेको कोठा संख्याको आधारमा परिवारको विवरण

| वडा | १ - २ कोठा | | ३ - ४ कोठा | | ५ - ६ कोठा | | ७ - १० कोठा | | ११ - १४ कोठा | | १५ वा सोभन्दा बढी कोठा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | २८६ | ९२.३% | २१ | ६.८% | ३ | १.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ३१० |
| २ | ७५२ | ७५.७% | २१० | २१.१% | २१ | २.१% | ८ | .८% | २ | .२% | ० | ०.०% | ९९३ |
| ३ | ९३५ | ७८.२% | २०२ | १६.९% | ३१ | २.६% | २३ | १.९% | ४ | .३% | ० | ०.०% | ११९५ |
| ४ | ५७६ | ५७.१% | ३११ | ३०.८% | ७६ | ७.५% | ४० | ४.०% | ६ | .६% | ० | ०.०% | १००९ |
| ५ | ५०६ | ८६.१% | ७२ | १२.२% | ८ | १.४% | २ | .३% | ० | ०.०% | ० | ०.०% | ५८८ |
| ६ | ३९७ | ८३.२% | ७३ | १५.३% | ४ | .८% | ३ | .६% | ० | ०.०% | ० | ०.०% | ४७७ |
| ७ | १०८४ | ९२.४% | ८० | ६.८% | ८ | .७% | ० | ०.०% | १ | .१% | ० | ०.०% | ११७३ |
| ८ | ७४१ | ७५.१% | २०१ | २०.४% | ३२ | ३.२% | १३ | १.३% | ० | ०.०% | ० | ०.०% | ९८७ |
| ९ | ६५१ | ७०.२% | २११ | २२.७% | ५४ | ५.८% | ११ | १.२% | ० | ०.०% | १ | .१% | ९२८ |
| **जम्मा** | **५९२८** | **७७.४%** | **१३८१** | **१८.०%** | **२३७** | **३.१%** | **१००** | **१.३%** | **१३** | **.२%** | **१** | **.०%** | **७६६०** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेको ७,६६० घरहरूमध्ये १ देखि २ वटा कोठा प्रयोग गर्ने घरपरिवारको संख्या ५,९२८ अर्थात ७७.४ प्रतिशत, ३ देखि ४ वटा कोठा प्रयोग गर्ने घरपरिवारको संख्या १,३८१ अर्थात १८ प्रतिशत, ५ देखि ६ वटा कोठा प्रयोग गर्नेको संख्या २३७ अर्थात ३.१ प्रतिशत, ७ देखि १० वटा कोठा प्रयोग गर्नेको संख्या १०० अर्थात १.३ प्रतिशत, ११ देखि १४ वटा कोठाहरू प्रयोग गर्नेको संख्या १३ अर्थात ०.२ प्रतिशत र यसभन्दा बढी कोठाहरू प्रयोग गर्नेको संख्या भने अत्यन्त न्यून रहेको छ। १ देखि २ मात्र कोठाहरू प्रयोग गर्ने घरपरिवारको संख्या बढी हुँदा नगरपालिकाका अधिकांश घरपरिवारको आवास उपभोगको तह ऋणात्मक रहेको तथ्याङ्कले देखाउँछ। यसमा आफ्ना नागरिकहरूलाई विपन्नताबाट आधारभूत मानवीय आवश्यकता परिपूर्ति हुने अवस्थामा पुऱ्याउन स्थानीय, प्रदेश तथा संघीय सरकारहरूले गरीबी निवारणका प्रभावकारी कार्यक्रमहरूलाई सघन रुपमा संचालन गर्नुपर्ने देखिन्छ।




## ३.१९ घर तथा जमिनमा महिलाको स्वामित्वसम्बन्धी विवरण

**तालिका नं. २४ :** घर तथा जमिनमा महिलाको स्वामित्वसम्बन्धी विवरण

| वडा नं. | महिलाको नाममा घर/जग्गा छ | | महिलाको नाममा घर/जग्गा छैन | | थाहा छैन | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | ३६ | ११.६% | १९८ | ६३.९% | ७६ | २४.५% | ३१० |
| २ | १४१ | १४.२% | ८३२ | ८३.८% | २० | २.0% | ९९३ |
| ३ | ११० | ९.२% | ७९३ | ६६.४% | २९२ | २४.४% | ११९५ |
| ४ | २३० | २२.८% | ६५७ | ६५.१% | १२२ | १२.१% | १००९ |
| ५ | ९१ | १५.५% | ४९७ | ८४.५% | ० | ०.०% | ५८८ |
| ६ | ४१ | ८.६% | ४१८ | ८७.६% | १८ | ३.८% | ४७७ |
| ७ | ९७ | ८.३% | ९४१ | ८०.२% | १३५ | ११.५% | ११७३ |
| ८ | १९४ | १९.७% | ६६५ | ६७.४% | १२८ | १३.०% | ९८७ |
| ९ | २४९ | २६.८% | ६५१ | ७०.२% | २८ | ३.०% | ९२८ |
| जम्मा | ११८९ | १५.५% | ५६५२ | ७३.८% | ८१९ | १०.७% | ७६६० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस नगरपालिकामा रहेका कूल ७,६६० घरपरिवारहरूमध्ये १,१८९ अर्थात १५.५ प्रतिशत घरपरिवारमा महिलाको स्वामित्वमा घर तथा जमिन रहेको छ भने ५,६५२ अर्थात् ७३.८ प्रतिशत घरपरिवारमा पुरुषको नै स्वामित्व रहेको देखिन्छ । ८१९ अर्थात १०.७ प्रतिशत घरपरिवारहरूबाट भने थाहा नभएको अर्थात स्पष्ट उत्तर प्राप्त भएन । यस तथ्याङ्कलाई हेर्दा झण्डै ५ भागको १ भागभन्दा कम महिलाको जमिन र घरमा स्वामित्व रहेको देखिन्छ । हालका वर्षहरूमा शिक्षाको सकारात्मक प्रभाव, सञ्चार माध्यमको विकास र त्यसको प्रचारात्मक प्रभाव, प्रमुख राजनैतिक तथा सामाजिक परिवर्तन जस्ता कारणले लैङ्गिक भेदभाव क्रमशः कम हुँदै गएतापनि नगरपालिकाको तथ्याङ्कलाई हेर्दा जम्मा १/५ भागभन्दा कम महिलाहरूमा नाममात्रको जग्गा जमिनको स्वामित्व रहेको छ। यस तथ्यले लैङ्गिक भेद्भाव हटाउन राज्यले प्रभावकारी कदमहरू कडाइका साथ चाल्नु अनिवार्य छ । तथ्याङ्को वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.२० अनुपस्थित जनसंख्या

६ महिनाभन्दा लामो समयसम्म काम, शिक्षा, व्यवसाय, अन्य रोजगारी वा नोकरी, औषधोपचार जस्ता कारणले घरपरिवारमा अनुपस्थित हुने जनसंख्यालाई अनुपस्थित जनसंख्या भनिन्छ। तसर्थ यस्तो जनसंख्या मुल थलोमा अनुपस्थित रहने भएकोले त्यसलाई अनुपस्थित जनसंख्याकोरुपमा तथ्याङ्कमा देखाउने गरिन्छ । अनुपस्थित जनसंख्याहरू सेवा सुविधाको खोजीमा धेरै शहर केन्द्रित भएको पाईन्छ। जसले नगरपालिकाका कतिपय घरहरू खाली रहेको पाईन्छ। यसको समाधान गर्न नगरपालिकाले जनतालाई आवश्यक पर्ने आधारभूत सेवा सुविधालाई घरदैलोमा पुऱ्याउन जोड दिनुपर्ने देखिन्छ । यस बाह्रविसे नगरपालिकामा रहेको अनुपस्थित घरपरिवार तथा जनसंख्याको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. २५ :** अनुपस्थित जनसंख्याको विवरण

| वडा | पुरूष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ६९ | १.१% | ५१ | .८% | १२० | १.९% |
| २ | ४८५ | ७.८% | ३७३ | ६.०% | ८५८ | १३.७% |
| ३ | ३७ | .६% | ३६ | .६% | ७३ | १.२% |
| ४ | ५२९ | ८.५% | ४१६ | ६.७% | ९४५ | १५.१% |
| ५ | १७९ | २.९% | १३१ | २.१% | ३१० | ५.०% |
| ६ | १११ | १.८% | ११४ | १.८% | २२५ | ३.६% |
| ७ | ९६१ | १५.४% | ७९५ | १२.७% | १७५६ | २८.१% |
| ८ | ५१४ | ८.२% | ३५० | ५.६% | ८६४ | १३.८% |
| ९ | ५८७ | ९.४% | ५०३ | ८.१% | १०९० | १७.५% |
| **जम्मा** | **३४७२** | **५५.६%** | **२७६९** | **४४.४%** | **६२४१** | **१००.०%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*



### ३.२०.१ उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसंख्याको विवरण

**तालिका नं. २६ :** उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसंख्याको विवरण

| वडा | | अनुपस्थित व्यक्ति अनुपस्थित हुँदाको उमेर समूह | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ० - ९ वर्ष सम्म | १० - १९ वर्ष | २० - २९ वर्ष | ३० - ३९ वर्ष | ४० - ४९ वर्ष | ५० वर्ष वा सोभन्दा बढी | जम्मा |
| १ | पुरूष | २ | १६ | ३१ | १७ | २ | १ | ६९ |
| | महिला | ५ | १२ | २७ | ७ | ० | ० | ५१ |
| २ | पुरूष | १२१ | १३९ | १५७ | ५० | ११ | ७ | ४८५ |
| | महिला | ९७ | ९१ | १४४ | ३३ | २ | ६ | ३७३ |
| ३ | पुरूष | १ | ६ | १६ | ६ | ७ | १ | ३७ |
| | महिला | ५ | ९ | १४ | ८ | ० | ० | ३६ |
| ४ | पुरूष | १०९ | १५० | १६८ | ५८ | २३ | २० | ५२८ |
| | महिला | ९८ | १०६ | १३९ | ३८ | २० | १५ | ४१६ |
| ५ | पुरूष | २५ | ४२ | ७४ | २६ | १० | २ | १७९ |
| | महिला | १८ | ३७ | ५५ | १८ | २ | १ | १३१ |
| ६ | पुरूष | १२ | ३८ | ४९ | ९ | २ | १ | १११ |
| | महिला | १० | ३७ | ४७ | १४ | ५ | १ | ११४ |
| ७ | पुरूष | ३४४ | २३५ | २५९ | ८२ | २५ | १६ | ९६१ |
| | महिला | ३६७ | १३९ | १९९ | ५५ | २० | १५ | ७९५ |
| ८ | पुरूष | १०९ | १२५ | २१४ | ५१ | १० | ५ | ५१४ |
| | महिला | ८५ | ७५ | १४४ | ३० | १० | ६ | ३५० |
| ९ | पुरूष | १३८ | १६१ | १९७ | ६९ | १४ | ८ | ५८७ |
| | महिला | १४७ | ११२ | १८३ | ४० | ११ | १० | ५०३ |
| कूल जम्मा | **पुरूष** | **८६१** | **९१२** | **११६५** | **३६८** | **१०४** | **६१** | **३४७१** |
| | **प्रतिशत** | **१३.८** | **१४.६** | **१८.७** | **५.९** | **१.७** | **१.०** | **५५.६** |
| | **महिला** | **८३२** | **६१८** | **९५२** | **२४३** | **७०** | **५४** | **२७६९** |
| | **प्रतिशत** | **१३.३** | **९.९** | **१५.३** | **३.९** | **१.१** | **०.९** | **४४.४** |
| | **जम्मा** | **१६९३** | **१५३०** | **२११७** | **६११** | **१७४** | **११५** | **६२४०** |
| | **प्रतिशत** | **२७.१** | **२४.५** | **३३.९** | **९.८** | **२.८** | **१.८** | **१००.०** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकाको अनुपस्थित जनसंख्याको तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी २०-२९ वर्षका पुरुषहरू ११६५ अर्थात १८.७ प्रतिशत अनुपस्थित भएको पाइयो भने सबैभन्दा कम अनुपस्थित जनसंख्याको उमेर समूह ५० वर्षभन्दा माथिका महिलाहरू ५४ अर्थात ०.९ प्रतिशत रहेका छन् । दोस्रोमा २० देखि २९ वर्ष उमेर समूहका महिला रहेका छन् । यो समूहको अनुपस्थितहरूको संख्या ९५२ अर्थात कूल अनुपस्थित जनसंख्याको १५.३ प्रतिशत रहेको छ । २०-४९ वर्षका २,९०२ अर्थात कूल अनुपस्थित जनसंख्या ६,२४० को २६.२ प्रतिशत पुरुषहरू नगरपालिकामा अनुपस्थित भएको पाइयो । यस तथ्याङ्कको विश्लेषणबाट शसक्त युवा अवस्थाको पुरुष जनसंख्या काम, रोजगारी, अध्ययन वा अन्य कारणले नगरपालिका बाहिर हुनु भनेको नगरपालिकाभित्र ती सबैखाले अवसरहरू न्यून हुनु हो । अर्कोतर्फ महिलाको अनुपस्थित जनसंख्या उल्लेख्य रुपमा कम हुनुले लैङ्गिक असमानता रहेको स्पष्ट हुन्छ । यसको अर्को अर्थ नगरपालिकामा महिला, वृद्धहरू र केटाकेटीको जनसंख्याको बाहुल्यता रहेकोसमेत स्पष्ट हुन्छ । यसरी सक्षम र जुझारु युवा जनशक्तिको ठूलो हिस्सा नगरपालिकाबाट निरन्तर बाहिर

रहँदा नगरपालिकाको समग्र विकासमा दीर्घकालीन नकारात्मक प्रभाव पर्दछ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.२०.२ शैक्षिक स्तरको आधारमा नगरपालिकामा अनुपस्थित जनसंख्याको विवरण

**तालिका नं. २७ :** शैक्षिक स्तरको आधारमा नगरपालिकामा अनुपस्थित जनसंख्याको विवरण

| अनुपस्थित हुँदा उत्तीर्ण गरेको कक्षा/तह | वडा नं. | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | |
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | प्रतिशत |
| **नर्सरी/केजी** | ० | ३९ | ० | २८ | १० | ४ | ४० | ४१ | ३६ | १९८ | ३.२% |
| **कक्षा १** | ८ | २६ | ३ | १६ | १९ | ९ | २१ | १९ | १८ | १३९ | २.२% |
| **कक्षा २** | १० | १५ | १ | २२ | ३३ | १२ | ३१ | १६ | २५ | १६५ | २.६% |
| **कक्षा ३** | ५ | २६ | ४ | २० | २१ | १७ | ६२ | १३ | ३७ | २०५ | ३.३% |
| **कक्षा ४** | १० | २८ | ३ | १६ | ३५ | १३ | ७१ | ३९ | ३४ | २४९ | ४.०% |
| **कक्षा ५** | २० | २६ | १० | ३४ | ४८ | २१ | ९८ | ३९ | २७ | ३२३ | ५.२% |
| **कक्षा ६** | ६ | २६ | ३ | १६ | ९ | १७ | ६८ | ३३ | २० | १९८ | ३.२% |

| अनुपस्थित हुँदा उत्तीर्ण गरेको कक्षा/तह | वडा नं. | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | |
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | प्रतिशत |
| कक्षा ७ | ६ | २७ | ८ | २८ | १० | १५ | ६० | ३८ | ३१ | २२३ | ३.६% |
| कक्षा ८ | ११ | ४८ | ६ | ३८ | २५ | १० | ५८ | ४३ | ४२ | २८१ | ४.५% |
| कक्षा ९ | १ | २१ | १ | २४ | ९ | ४ | ३८ | १९ | १५ | १३२ | २.१% |
| कक्षा १० | १५ | ५९ | ५ | ७१ | ११ | २२ | ९५ | ७५ | १६९ | ५२२ | ८.४% |
| एसईई/एसएलसी/सो सरह | १४ | १६० | ४ | १५५ | १६ | १३ | ५६ | ११७ | १०३ | ६३८ | १०.२% |
| प्रविणता प्रमाणपत्र वा सो सरह | ५ | ९३ | ११ | १६२ | ६ | २० | १२ | १०४ | १०४ | ५१७ | ८.३% |
| स्नातक वा सो सरह | ० | १४ | २ | ६३ | १ | १ | २३ | ७ | ३९ | १५० | २.४% |
| स्नातकोत्तर वा सो सरह | ० | ३ | ० | २० | २ | ० | ४ | ४ | २२ | ५५ | .९% |
| पीएचडी वा सो सरह | ० | ० | ० | ५ | ० | ० | ० | ० | २ | ७ | .१% |
| अन्य | ० | ११ | ० | ४ | १५ | १२ | ९९ | ३६ | १४६ | ३२३ | ५.२% |
| अनौपचारिक शिक्षा | ० | ३९ | २ | १५ | ० | ७ | १ | ५ | ३० | ९९ | १.६% |
| साक्षर | ८ | ९८ | ४ | २५ | ४ | ० | १०९ | २४ | ९९ | ३७१ | ५.९% |
| थाहा नभएको | १ | ९९ | ६ | १८२ | ३६ | २८ | ८१० | १९२ | ९१ | १४४५ | २३.२% |
| जम्मा | १२० | ८५८ | ७३ | ९४४ | ३१० | २२५ | १७५६ | ८६४ | १०९० | ६२४० | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

शैक्षिक स्तरको आधारमा हेर्दा कूल अनुपस्थित जनसंख्या ६,२४० मध्ये सबैभन्दा बढी एसईई/एसएलसी/सो सरह कक्षा अध्ययन गरेका ६३८ अर्थात १०.२ प्रतिशत, दोस्रोमा १० कक्षा अध्ययन गरेका ५२२ अर्थात ८.४ प्रतिशत र तेस्रोमा प्रविणता प्रमाणपत्र वा सो सरह अध्ययन गरेका ५१७ अर्थात जम्मा ८.३ प्रतिशत जनसंख्या काम तथा रोजगारी वा अन्य कारणले अनुपस्थित भएको पाइयो । तथ्याङ्कलाई हेर्दा कक्षा १० देखि प्रविणता प्रमाणपत्र वा सो सरह अध्ययन पूरा गरी काम वा रोजगारमा बाहिरिने जनसंख्या र पढ्दा पढ्दै अध्ययन छाडेर काम वा रोजगारीका लागि हिड्ने जनसंख्या उल्लेख्य रहेको पाइयो । यस हिसाबले शिक्षित र दक्ष जनशक्तिभन्दा अर्धशिक्षित र अदक्ष वा अर्धदक्ष जनसंख्याले अध्ययनभन्दा सामान्य स्तरको वा स्तरभन्दा न्यून खालको रोजगारी वा काममा बाहिरिएको संकेत गर्दछ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### ३.२०.३ अनुपस्थित व्यक्तिको अनुपस्थित हुनुको कारणसम्बन्धी विवरण

**तालिका नं. २८ :** अनुपस्थित व्यक्तिको अनुपस्थित हुनुको कारणसम्बन्धी विवरण

| वडा | अनुपस्थित हुनुको कारण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | काम/जागिरको खोजी | अध्ययन/तालिम | आश्रित | थाहा छैन | निजी नोकरी | व्यापार/व्यवसाय | अन्य | सरकारी जागिर | द्वन्द्व | जम्मा |
| १ | ७९ | १९ | ३ | २ | १५ | १ | १ | ० | ० | १२० |
| २ | ३१८ | १९५ | १८२ | २० | ७७ | ३९ | १० | १६ | १ | ८५८ |
| ३ | २० | ९ | १ | ० | ३९ | १ | १ | २ | ० | ७३ |
| ४ | १११ | ३०८ | ११३ | ३९ | १७४ | ११७ | ५० | ३० | २ | ९४४ |
| ५ | २०६ | ७३ | ९ | ३ | २ | ७ | ८ | २ | ० | ३१० |
| ६ | ५८ | ५७ | २ | ५ | १८ | ११ | ७० | ३ | १ | २२५ |
| ७ | ७२० | १५३ | ४१३ | ३३४ | ३७ | ४२ | ५२ | ५ | ० | १७५६ |
| ८ | ४१२ | २६१ | ४५ | २९ | २३ | ४१ | २३ | ३० | ० | ८६४ |
| ९ | ३५४ | ३०३ | १८८ | २० | ५३ | ८८ | ४० | ४० | ४ | १०९० |
| **जम्मा** | २२७८ | १३७८ | ९५६ | ४५२ | ४३८ | ३४७ | २५५ | १२८ | ८ | ६२४० |
| **प्रतिशत** | ३६.५% | २२.१% | १५.३% | ७.२% | ७.०% | ५.६% | ४.१% | २.१% | ०.१% | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा अनुपस्थित रहेका कूल ६,२४० जनसंख्यामध्ये सबैभन्दा धेरै काम/जागिरको सिलसिलामा २,२७८ अर्थात ३६.५ प्रतिशत, अध्ययन/तालिमको शिलशिलामा १,३७८ अर्थात २२.१ प्रतिशत, आश्रित अनुपस्थित जनसंख्या ९५६ अर्थात १५.३ प्रतिशत । त्यसैगरी निजी नोकरीको शिलशिलामा ४३८ अर्थात ७ प्रतिशत, व्यापार/व्यवसायको शिलशिलामा ३४७ अर्थात ५.६ प्रतिशत, सरकारी जागिरको शिलशिलामा १२८ अर्थात २.१८ प्रतिशत, द्वन्द्वले गर्दा ८ अर्थात ०.१ प्रतिशत, अन्य शिलशिलामा २५५ अर्थात ४.१ प्रतिशत र थाहा नभएकोमा ४५२ अर्थात ७.२ प्रतिशत अनुपस्थित रहेको देखिन्छ । अनुपस्थित हुने जनसंख्याको कारणहरू हेर्दा नगरपालिका भित्र शिक्षा तथा रोजगारको गुणस्तरिय र पर्याप्त अवसरहरू नभएर उपयूक्त अवसरको खोजीमा बाहिरिएको तथ्य देखिन्छ । ११.३ प्रतिशत अनुपस्थित जनसंख्याको अनुपस्थित रहने कारण नखुलेपनि अधिकांश बाहिरिनेहरूमा काम, रोजगारी तथा शिक्षाको खोजीमा नै परिवार सहित अनुपस्थित रहने हुँदा उनीहरूसँग आश्रित सदस्यहरू विशेषगरी विद्यालय जाने बालबालिका साथमा गएको कारणले हो । वडाअनुसारको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




### ३.२०.४ गन्तव्यस्थलको आधारमा अनुपस्थित जनसंख्याको विवरण

**तालिका नं. २९ :** गन्तव्यस्थलको आधारमा अनुपस्थित जनसंख्याको विवरण (पहिलो)

| वडा | हाल बसिरहेको स्थान | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नेपालको अर्को जिल्ला | एसियाली राष्ट्र | अष्ट्रेलिया /न्यूजील्याण्ड | युरोपेली राष्ट्र | उत्तर अमेरिकी राष्ट्र | दक्षिण अमेरिकी राष्ट्र | अफ्रिकन राष्ट्र | अन्य राष्ट्र | थाहा छैन | जम्मा |
| १ | २६ | ६५ | ० | २ | ६ | ० | १० | ११ | ० | १२० |
| २ | ६३७ | १३६ | ४ | ५ | ४ | ० | ० | ६२ | १० | ८५८ |
| ३ | ७ | ५४ | २ | १ | ४ | ० | ० | ४ | १ | ७३ |
| ४ | ७८९ | ९५ | ६ | ६ | २१ | १ | ० | १२ | १४ | ९४४ |
| ५ | १७२ | १२३ | ० | ० | ० | ० | ० | ८ | ७ | ३१० |
| ६ | १२९ | ० | ० | २ | ० | ० | ० | ९२ | २ | २२५ |
| ७ | १२९४ | ३५६ | २ | २ | ३ | ० | ० | ९२ | ७ | १७५६ |
| ८ | ६९५ | ७४ | ० | ० | ० | ० | ० | ७६ | १९ | ८६४ |
| ९ | ९४५ | ९३ | १२ | ९ | ८ | ० | ० | १४ | ९ | १०९० |
| **जम्मा** | **४६९४** | **९९६** | **२६** | **२७** | **४६** | **१** | **१०** | **३७१** | **६९** | **६२४०** |
| **प्रतिशत** | **७५.२%** | **१६.०%** | **०.४%** | **०.४%** | **०.७%** | **०.०%** | **०.२%** | **५.९%** | **१.१%** | **१००.०%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा अनुपस्थित रहेका ६,२४० जनसंख्यामध्ये सबैभन्दा बढी ४,६९४ अर्थात ७५.२ प्रतिशत जनसंख्या देशभित्रकै अन्य जिल्लाहरूमा रहेको, ९९६ अर्थात १६ प्रतिशत जनसंख्या एसियन मुलुकहरूमा रहेको, ४६ जना अर्थात ०.७ प्रतिशत उत्तर अमेरिकी राष्ट्रमा रहेको र २७ अर्थात ०.४ प्रतिशत युरोपेली राष्ट्र, २६ अर्थात ०.४ प्रतिशत अष्ट्रेलिया तथा न्यूजिल्याण्डमा गएको देखिन्छ । त्यसैगरी अफ्रिकन राष्ट्र, दक्षिण अमेरिकी राष्ट्र तथा अन्य मूलुकहरूमा जानेको संख्या नगण्य देखिन्छ । तथ्याङ्कको विश्लेषणबाट ठूलो संख्याको अनुपस्थित जनसंख्या अवसरको खोजीमा देशकै अन्य शहरी इलाकामा सेवा क्षेत्र, सरकारी नोकरीको शिलसिलामा अन्य जिल्ला तथा

अध्ययन तथा अन्य अवसरको कारण संघीय राजधानी काठमाडौंमा रहेको अनुमान गर्न सकिन्छ । अर्कोतर्फ देश बाहिर गएको जनसंख्या भने रोजगारीको शिलशिलामा एसियाका विभिन्न मुलुकहरूमा पुग्नेको संख्या भने दोस्रोमा रहेको स्पष्ट हुन्छ । यसबाहेक अन्य यूरोपियन मूलुक, अमेरिकन मूलुक र अष्ट्रेलिया जानेहरूको संख्या भने अत्यन्त न्यून रहेको छ ।




### ३.२०.५ देशअनुसार गन्तव्यस्थलका आधारमा अनुपस्थित जनसंख्याको विवरण

**तालिका नं. ३० :** देशअनुसार गन्तव्यस्थलका आधारमा अनुपस्थित जनसंख्याको विवरण

| वडा | वडा नं. | | | | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | प्रतिशत |
| अन्य राष्ट्र | १० | ४६ | ४ | १२ | ८ | ९२ | ९२ | ७६ | १४ | ३५४ | २२.९% |
| मलेसिया | १३ | ३८ | १५ | ३१ | ३७ | ० | ६८ | १८ | २२ | २४२ | १५.७% |
| भारत | २ | ५ | ० | ४ | १ | ० | १७० | १९ | २९ | २३० | १४.९% |
| कतार | ५ | २१ | २ | ९ | १५ | ० | १९ | १३ | ७ | ९१ | ५.९% |
| साउदी अरेबिया | ८ | १२ | ३ | ४ | २१ | ० | २४ | २ | २ | ७६ | ४.९% |
| कुवेत | १ | ६ | ३ | ६ | २६ | ० | १५ | ९ | ६ | ७२ | ४.७% |
| अन्य एशियाली राष्ट्र | २ | २ | २१ | ११ | ११ | ० | १५ | ० | ७ | ६९ | ४.५% |
| थाहा छैन | ० | १० | १ | १३ | ७ | २ | ७ | १९ | ९ | ६८ | ४.४% |
| ईराक | ५ | १९ | ३ | ३ | ६ | ० | १८ | १ | २ | ५७ | ३.७% |
| अमेरिका | ६ | ४ | ३ | १६ | ० | ० | ३ | ० | ८ | ४० | २.६% |
| दक्षिण कोरिया | ११ | १८ | १ | १ | ० | ० | १ | ० | ० | ३२ | २.१% |
| जापान | २ | ५ | ० | ६ | ० | ० | ३ | ५ | ९ | ३० | १.९% |

| वडा | वडा नं. | | | | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | प्रतिशत |
| जोर्डन | ५ | ५ | १ | ७ | ० | ० | ३ | ४ | ५ | ३० | १.९% |
| अष्ट्रेलिया | १ | ५ | २ | ६ | ० | ० | २ | ० | १२ | २८ | १.८% |
| युनाइटेड अरब इमिरेटस | ० | १० | ० | ० | ० | ० | ७ | ० | ० | १७ | १.१% |
| ओमान | २ | २ | ० | १ | ३ | ० | ४ | ० | ० | १२ | .८% |
| चीन | ० | १ | १ | ७ | ० | ० | ० | १ | २ | १२ | .८% |
| अन्य यूरोपेली राष्ट्र | ० | ४ | १ | ० | ० | ० | १ | ० | ३ | ९ | .६% |
| डेनमार्क | ० | २ | ० | ४ | ० | ० | ० | ० | १ | ७ | .५% |
| बहराईन | २ | ० | ० | २ | १ | ० | २ | ० | ० | ७ | .५% |
| कोङ्गो | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ | .४% |
| क्यानाडा | ० | ० | १ | ५ | ० | ० | ० | ० | ० | ६ | .४% |
| जर्मनी | ० | ० | ० | १ | ० | २ | ० | ० | ३ | ६ | .४% |
| माल्दिभ्स | ० | ० | ४ | १ | ० | ० | १ | ० | ० | ६ | .४% |
| लेवनन | ० | ० | ० | १ | ० | ० | ४ | ० | ० | ५ | .३% |
| इजरायल | ३ | २ | ० | ० | ० | ० | ० | ० | ० | ५ | .३% |
| दक्षिण अफ्रिका | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | .३% |
| ईरान | ० | १ | ० | ० | २ | ० | १ | ० | ० | ४ | .३% |
| मकाउ | २ | ० | ० | ० | ० | ० | १ | ० | ० | ३ | .२% |
| रसिया | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | २ | .१% |
| नेदरल्याण्ड | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | २ | .१% |
| हडकङ | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ | .१% |
| थाइल्याण्ड | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | २ | .१% |
| अन्य दक्षिण अमेरिकी राष्ट्र | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | .१% |
| अन्य उत्तर अमेरिकी राष्ट्र | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | .१% |
| बेलायत | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | .१% |
| पोर्चुगल | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | .१% |
| इटाली | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | .१% |
| सिंगापुर | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | .१% |
| फिलिपिन्स | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | .१% |
| म्यान्मार ( बर्मा) | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | .१% |
| श्रीलंका | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | .१% |
| जम्मा | ९४ | २२१ | ६६ | १५४ | १३८ | ९६ | ४६२ | १६९ | १४५ | १५४५ | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

माथि उल्लेखित तालिकामा अनुपस्थित जनसंख्याको गन्तव्यस्थल विभाजन गरिएको छ । नेपालको अन्य जिल्लाबाहेक देशअनुसार गन्तव्यस्थलका आधारमा अनुपस्थित जनसंख्याको विवरण हेर्दा सबैभन्दा बढी अनुपस्थित जनसंख्याको १५.७ प्रतिशत मलेसियामा, दोस्रोमा १४.९ प्रतिशत भारतमा र तेस्रोमा कतार ४.९

प्रतिशत रहेको छ । त्यसैगरी साउदी अरेबिया, कुवेत, इराक लगायत अन्य मुलुकमा जानेहरूको संख्या पनि उल्लेख्य रहेको तथ्याङ्कले पुष्टी गर्दछ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

## ३.२१ नागरिकताको आधारमा वडागत जनसंख्याको विवरण

**तालिका नं. ३१ :** नागरिकताको आधारमा वडागत जनसंख्याको विवरण

| वडा | नागरिकता | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | नेपाली | | भारतीय | | अन्य | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | १३११ | ५.०% | ० | ०.०% | ० | ०.०% | १३११ | ५.०% |
| २ | ३४९० | १३.४% | १ | २.२% | ३ | ४२.९% | ३४९४ | १३.४% |
| ३ | ४२८३ | १६.४% | १ | २.२% | ४ | ५७.१% | ४२८८ | १६.४% |
| ४ | ३३६५ | १२.९% | १८ | ३९.१% | ० | ०.०% | ३३८३ | १३.०% |
| ५ | १९३५ | ७.४% | ० | ०.०% | ० | ०.०% | १९३५ | ७.४% |
| ६ | १६६८ | ६.४% | १ | २.२% | ० | ०.०% | १६६९ | ६.४% |
| ७ | ३७५१ | १४.४% | १ | २.२% | ० | ०.०% | ३७५२ | १४.४% |
| ८ | ३४०८ | १३.१% | १ | २.२% | ० | ०.०% | ३४०९ | १३.१% |
| ९ | २८५० | १०.९% | २३ | ५०.०% | ० | ०.०% | २८७३ | ११.०% |
| **जम्मा** | **२६०६१** | **१००.०%** | **४६** | **१००.०%** | **७** | **१००.०%** | **२६११४** | **१००.०%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका कूल २६,११४ जनसंख्यामध्ये २६,०६१ जनसंख्याको राष्ट्रियता नेपाली रहेको छ । भारतिय ४६ र अन्यको संख्या ७ रहेको देखिन्छ । कामकाजको शिलशिलामा यस नगरपालिकामा आएका केही भारतिय र अन्य भए पनि धेरै नेपाली राष्ट्रियता भएका नेपालीहरूको नै बसोबास रहेको देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



## ३.२२ बसाई सराईको अवस्था

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरूमध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ। यस बाह्रविसे नगरपालिका विगतदेखि बजार केन्द्रपनि रहेको कारण छिमेकी गाउँपालिका/नगरपालिका एवं जिल्लाबाट बसाईसराई गरी आउने गरेको पाइन्छ। साथै विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थाई वा अस्थाई रुपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ। यसरी बसाई सरी जानु वा आउनुका विभिन्न कारणहरू छन्। तीमध्ये मुख्य कारणहरू आर्थिक वृद्धि, रोजगारी, अवसर, द्वन्द्व, सामाजिक कारण, व्यापार र रोजगार हुन्।

### ३.२२.१ जन्मस्थानको आधारमा जनसंख्याको विवरण

**तालिका नं. ३२ :** जन्म स्थानको आधारमा जनसंख्याको विवरण

| वडा | जन्मस्थान | | | | |
|---|---|---|---|---|---|
| | यही न.पा.मा | यही जिल्लामा | अन्य जिल्लामा | विदेशमा | जम्मा |
| १ | १२२९ | १९ | ६२ | १ | १३११ |
| २ | २४९४ | ८३६ | १६२ | २ | ३४९४ |
| ३ | ३३८९ | ७०१ | १९३ | ५ | ४२८८ |
| ४ | १७५१ | १३८२ | २२४ | २६ | ३३८३ |
| ५ | १७२२ | १६८ | ३९ | ६ | १९३५ |
| ६ | १५९५ | ५३ | २० | १ | १६६९ |
| ७ | ३४४५ | २१६ | ७३ | १८ | ३७५२ |
| ८ | ३१३६ | २३० | ४३ | ० | ३४०९ |
| ९ | २५५३ | २३१ | ६३ | २६ | २८७३ |
| **जम्मा** | **२१३१४** | **३८३६** | **८७९** | **८५** | **२६११४** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

### ३.२२.२ यस नगरपालिकाभन्दा बाहिर जन्मस्थान भएका जनसंख्याको यस नगरपालिकामा बसोबास गर्नुका कारणको विवरण

**तालिका नं. ३३ :** यस नगरपालिकाभन्दा बाहिर जन्मस्थान भएका जनसंख्याको यस नगरपालिकामा बसोबास गर्नुका कारणको विवरण

| वडा | यहाँ बस्नुको मुख्य कारण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृषि | व्यापार र व्यवसाय | जागिर र नोकरी | अध्ययन र तालिम | विवाह | आश्रित | प्राकृतिक प्रकोप | कामको खोजी | अन्य | जम्मा |
| १ | १ | ० | ० | १ | ७९ | ० | ० | १ | ० | ८२ |
| २ | २९५ | २९ | १४ | १३९ | ३२१ | १६२ | ३ | ३० | ७ | १००० |
| ३ | १७७ | ४२ | २६ | २१९ | ३४० | ३ | २२ | २ | ६८ | ८९९ |
| ४ | १० | ३९९ | २१९ | ४३१ | ३४० | ९४ | ३६ | ५५ | ४८ | १६३२ |
| ५ | २ | ३ | ५ | ५ | ९७ | ८९ | २ | ८ | २ | २१३ |
| ६ | १ | ० | ७ | ० | ६६ | ० | ० | ० | ० | ७४ |
| ७ | ० | २ | १२ | ० | २४५ | २८ | ० | १ | १९ | ३०७ |
| ८ | ५ | ० | ० | ३ | २४४ | १३ | ४ | ० | ४ | २७३ |
| ९ | ५ | ३५ | १८ | ६ | २४२ | ८ | २ | ३ | १ | ३२० |
| **जम्मा** | **४९६** | **५१०** | **३०१** | **८०४** | **१९७४** | **३९७** | **६९** | **१००** | **१४९** | **४८००** |
| **प्रतिशत** | **१०.३%** | **१०.६%** | **६.३%** | **१६.८%** | **४१.१%** | **८.३%** | **१.४%** | **२.१%** | **३.१%** | **१००.०%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस नगरपालिकाभन्दा बाहिर जन्मस्थान भएका जनसंख्याको यस नगरपालिकामा बसोबास गर्नुका कारणको विवरण हेर्दा कूल ४८०० जनसंख्या अन्य स्थानमा जन्म भएर यस नगरपालिकामा बसोबास गर्दै आएका छन् । यसमध्ये सबैभन्दा धेरै विवाहको कारण यस नगरपालिकामा आउनेहरूको संख्या १,९७४ अर्थात ४१.१ प्रतिशत, अध्ययन र तालिमको कारणले आएका जनसंख्या ८०४ अर्थात १६.८ प्रतिशत, व्यापार तथा व्यवसायको कारणले आउनेको संख्या ५१० अर्थात १०.६ प्रतिशत, कृषि अर्थात खेतिपातीको कारण आउनेको संख्या ४९६ अर्थात १०.३ प्रतिशत रहेको छ । त्यसैगरी जागिर तथा नोकरी, आश्रित, प्राकृतिक प्रकोप, कामको खोजी अन्य इत्यादी कारणले आउनेको संख्या समेत रहेको छ । नगरपालिकामा आकर्षित हुनेमध्ये अधिकांश यहाँ उपलब्ध भौतिक तथा सामाजिक पूर्वाधारको उपलब्धताको कारण बसाई सराई गरी आएको हुनसक्ने देखिन्छ । आश्रित तथा विवाह भई बसाईसराई आउनु स्वभाविक हो । अन्य विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ३.२३ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानुनी प्रक्रियाहरू पालना गर्नु पर्ने हुन्छ। नागरिकता, राहादानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रक्रिया पालना गर्नुपर्ने हुन्छ । यसका लागि सरकारले आधिकारीक प्रमाणपत्र उपलब्ध गराउँछ । जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना समयमा नै दर्ता गर्नु पर्ने हुन्छ । संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो । कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ। यसको आधारमा सरकारले नीति बनाउने हुँदा सोका लागि जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ ।

## ३.२३.१ पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण

**तालिका नं. ३४ :** पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण

| वडा | जन्मदर्ता भएको | | | | जन्मदर्ता नभएको | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | | महिला | | पुरूष | | महिला | | पुरूष | | महिला | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ३६ | ५३.७% | ३१ | ४६.३% | १४ | ५८.३% | १० | ४१.७% | ५० | ५४.९% | ४१ | ४५.१% |
| २ | ७० | ४७.६% | ७७ | ५२.४% | ४७ | ४३.१% | ६२ | ५६.९% | ११७ | ४५.७% | १३९ | ५४.३% |
| ३ | ७७ | ४८.१% | ८३ | ५१.९% | ५६ | ५६.६% | ४३ | ४३.४% | १३३ | ५१.४% | १२६ | ४८.६% |
| ४ | ११७ | ६०.३% | ७७ | ३९.७% | ३४ | ५९.६% | २३ | ४०.४% | १५१ | ६०.२% | १०० | ३९.८% |
| ५ | ६२ | ५०.०% | ६२ | ५०.०% | २० | ४६.५% | २३ | ५३.५% | ८२ | ४९.१% | ८५ | ५०.९% |
| ६ | ५२ | ५५.९% | ४१ | ४४.१% | ७ | ४१.२% | १० | ५८.८% | ५९ | ५३.६% | ५१ | ४६.४% |
| ७ | ७९ | ५४.५% | ६६ | ४५.५% | ६२ | ५१.७% | ५८ | ४८.३% | १४१ | ५३.२% | १२४ | ४६.८% |
| ८ | ९५ | ५०.८% | ९२ | ४९.२% | ३५ | ५२.२% | ३२ | ४७.८% | १३० | ५१.२% | १२४ | ४८.८% |
| ९ | ६७ | ६३.८% | ३८ | ३६.२% | ३५ | ६३.६% | २० | ३६.४% | १०२ | ६३.८% | ५८ | ३६.३% |
| **जम्मा** | **६५५** | **५३.६%** | **५६७** | **४६.४%** | **३१०** | **५२.५%** | **२८१** | **४७.५%** | **९६५** | **५३.२%** | **८४८** | **४६.८%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा जन्म भएका पाँच वर्षमुनिका कूल १,८१३ बालबालिका मध्ये ६५५ अर्थात ५३.६ प्रतिशत बालक र ५६७ अर्थात ४६.४ प्रतिशत बालिकाको जन्म दर्ता भएको छ भने ३१० अर्थात ५२.५ प्रतिशत बालक र २८१ अर्थात ४७.५ प्रतिशत बालिकाको जन्म दर्ता नभएको देखिन्छ । जन्म, मृत्यु, बसाइ-सराइ र विवाह जस्ता जीवनका प्रमुख व्यक्तिगत घटनाको अनिवार्य र समयमै दर्ता गर्नुपर्दछ । यसबाट स्थानीय सरकारलाई यकिन तथ्याङ्कको अभिलेख तयार पार्न सहयोग पुग्दछ भने अर्कोतर्फ नागरिकहरूले राज्यबाट प्राप्त गर्ने सेवा सुविधाका लागि नागरिकको पहिचान कायम गर्न र अन्य कानूनी कृयाकलापहरूमा यसको आवश्यकता पर्दछ तसर्थ जन्मदर्तालाई समयमै अनिवार्य रुपमा गर्न प्रोत्साहन गर्ने कार्यक्रमहरू स्थानीय सरकारले गर्नुपर्ने देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



### ३.२३.२ पछिल्लो १२ महिनामा परिवारको सदस्य मृत्यसम्बन्धी विवरण

**तालिका नं. ३५ :** पछिल्लो १२ महिनामा परिवारको सदस्य मृत्युसम्बन्धी विवरण

| वडा | मृतकको लिङ्ग | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरूष | | महिला | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | २ | १.६% | ३ | २.४% | ५ | ४.०% |
| २ | १५ | १२.०% | ९ | ७.२% | २४ | १९.२% |
| ३ | ८ | ६.४% | २ | १.६% | १० | ८.०% |
| ४ | ५ | ४.०% | ८ | ६.४% | १३ | १०.४% |
| ५ | ७ | ५.६% | ४ | ३.२% | ११ | ८.८% |
| ६ | ५ | ४.०% | ३ | २.४% | ८ | ६.४% |
| ७ | ४ | ३.२% | १० | ८.०% | १४ | ११.२% |
| ८ | २० | १६.०% | ८ | ६.४% | २८ | २२.४% |
| ९ | ९ | ७.२% | ३ | २.४% | १२ | ९.६% |
| **जम्मा** | **७५** | **६०.०%** | **५०** | **४०.०%** | **१२५** | **१००.०%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस नगरपालिकामा रहेका कूल ७,६६० घरपरिवारहरूमध्ये १२५ जनाको मृत्यु भएको छ । जसमा ७५ जना अर्थात ६० प्रतिशत पुरुष र ५० अर्थात ४० प्रतिशत महिलाको मृत्यु भएको देखिन्छ । सबैभन्दा धेरै मृत्यूको अभिलेख भएको वडा ८ रहेको छ भने वडा नं. १ मा कम मृत्यु भएको देखिन्छ । वडागत विस्तृत तथ्याङ्क तालिकामा प्रस्तुत गरिएको छ ।

$$\text{कोरा मृत्युदर} = \frac{\text{विगत १२ महिनामा भएको मृत्यू संख्या}}{\text{मध्य वर्षको जनसंख्या}} \times १००० = \frac{१२५}{२६११४} \times १००० = ४.७ \text{ जना}$$

अर्थात प्रतिहजार जनसंख्यामा प्रतिवर्ष ४.७ जनाको मृत्यु हुने तथ्याङ्कले देखाउँछ। यद्यपी कोरा मृत्युदरले मृत्युको अवस्थाबारे यथार्थ चित्रण गर्न भने सक्दैन ।



### ३.२३.३ मृत्यु दर्तासम्बन्धी विवरण

**तालिका नं. ३६ :** मृत्यु दर्तासम्बन्धी विवरण

| वडा | मृत्यू दर्ता भएको | | मृत्यू दर्ता नभएको | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | ३ | ६०.०% | २ | ४०.०% | ५ |
| २ | ७ | २९.२% | १७ | ७०.८% | २४ |
| ३ | ५ | ५०.०% | ५ | ५०.०% | १० |
| ४ | ६ | ४६.२% | ७ | ५३.८% | १३ |
| ५ | ४ | ३६.४% | ७ | ६३.६% | ११ |
| ६ | ४ | ५०.०% | ४ | ५०.०% | ८ |
| ७ | २ | १४.३% | १२ | ८५.७% | १४ |
| ८ | १३ | ४६.४% | १५ | ५३.६% | २८ |
| ९ | ७ | ५८.३% | ५ | ४१.७% | १२ |
| **जम्मा** | **५१** | **४०.८%** | **७४** | **५९.२%** | **१२५** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा तथ्याङ्क संकलन अवधिको पछिल्लो १२ महिनामा मृत्यु भएका कूल १२५ जनामध्ये ५१ जना अर्थात ४०.८ प्रतिशतको मृत्यु दर्ता भएको र ७४ जना अर्थात ५९.२ प्रतिशतको मृत्यु दर्ता नभएको देखिन्छ । स्थानीय सरकारको तथ्याङ्कको आधारको रुपमा रहने पञ्जिकरणलाई हरेक नागरिकले जिम्मेवार भएर सहयोग पुऱ्याउनु पर्दछ । यसका लागि थप प्रचार प्रसारको खाँचो देखिन्छ । मृत्यू दर्ता समयमै गर्दा अन्य कानूनी कृयाकलाप जस्तै नामसारी, हकभोग आदि सहज हुने र तथ्याङ्कसमेत अध्यावधी गर्न सकिन्छ ।



### ३.२३.४ तथ्याङ्क संकलनको पछिल्लो १२ महिनामा मृत्यु हुनेको उमेर समूह र लिङ्गसम्बन्धी विवरण

**तालिका नं. ३७ :** तथ्याङ्क संकलनको पछिल्लो १२ महिनामा मृत्यु हुनेको उमेर समूह र लिङ्गसम्बन्धी विवरण

| मृतकको उमेर समूह | मृतकको लिङ्ग | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **१ वर्षभन्दा कम** | १ | .८% | २ | १.६% | ३ | २.४% |
| **१-४ वर्ष** | ० | ०.०% | १ | .८% | १ | .८% |
| **५ वर्ष - ९ वर्ष** | १ | .८% | ० | ०.०% | १ | .८% |
| **१० वर्ष - १४ वर्ष** | ० | ०.०% | ३ | २.४% | ३ | २.४% |
| **१५ वर्ष - १९ वर्ष** | ३ | २.४% | १ | .८% | ४ | ३.२% |
| **२० वर्ष - २४ वर्ष** | ३ | २.४% | २ | १.६% | ५ | ४.०% |
| **२५ वर्ष - २९ वर्ष** | ३ | २.४% | १ | .८% | ४ | ३.२% |
| **३० वर्ष - ३९ वर्ष** | ६ | ४.८% | ४ | ३.२% | १० | ८.०% |
| **४० वर्ष - ४९ वर्ष** | ६ | ४.८% | १ | .८% | ७ | ५.६% |
| **५० वर्ष - ५९ वर्ष** | ७ | ५.६% | ३ | २.४% | १० | ८.०% |
| **६० वर्ष - ६९ वर्ष** | १२ | ९.६% | ११ | ८.८% | २३ | १८.४% |
| **७० वर्ष - ७९ वर्ष** | १६ | १२.८% | ७ | ५.६% | २३ | १८.४% |
| **८० वर्ष - ८९ वर्ष** | ११ | ८.८% | ९ | ७.२% | २० | १६.०% |
| **९० वर्ष - ९९ वर्ष** | ३ | २.४% | ४ | ३.२% | ७ | ५.६% |
| **थाहा छैन** | ३ | २.४% | १ | .८% | ४ | ३.२% |
| **जम्मा** | **७५** | **६०.०%** | **५०** | **४०.०%** | **१२५** | **१००.०%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा विगत १२ महिनामा मृत्यु हुनेहरूको संख्यालाई हेर्दा सबैभन्दा बढी मृत्यु संख्या ६० वर्षदेखि ८९ वर्षसम्म उमेर समूहका देखिन्छ । यस उमेर समूहमा पुरुषको संख्या बढी अर्थात ३९ छ भने महिलाको संख्या २७ देखिन्छ । सबैभन्दा कम मृत्यु हुने उमेर समूह भने १ देखि ९ वर्षको उमेर समूह देखिन्छ जहाँ महिला र पुरुष १/१ गरी २ जनाको मृत्यु भएको देखिन्छ । चौधौ आवधिक योजनाका अनुसार नेपालमा जन्मदाको बखत आम नेपालीको औषत आयू ६९ वर्ष उल्लेख गरिएको छ । सामान्यतया उमेर पुगेर हुने प्राकृतिक मृत्यूलाई स्वाभाविक मान्न सकिन्छ तसर्थ यस नगरपालिकामा बढी मृत्यू हुने उमेर समूह हेर्दा ६० वर्षमाथिको नै देखिन्छ । यद्यपि पछिल्लो समय औषधी विज्ञान र चिकित्सा पद्धतिमा भएको उच्च विकास र आधुनिक औषधि उपचारमा वृद्धि भएको पहुँच र क्रमिक रुपमा स्वास्थ्य चेतनाको वृद्धिका कारण नेपालको औषत आयूसमेत विगतका वर्षभन्दा बढ्दै गैरहेको छ ।



# खण्ड ४ : भू-उपयोग

## ४.१ भू-उपयोग

बाह्रविसे नगरपालिका विद्यमान भू-उपयोग हेर्दा नगरको ४१.८० प्रतिशत (५६.३६ वर्ग कि.मि.) जग्गा खेतियोग्य जमिनको रुपमा रहेको छ भने २९.९२ प्रतिशत (४०.३४ वर्ग कि.मि.) वनले ओगटेको छ। नगरपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस नगरपालिका खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। त्यस्तै नगरपालिकामा घाँसले १३.८७ प्रतिशत (१८.६९ वर्ग कि.मी ) भूभाग ओगटेको छ। झाडीले १३.७१ प्रतिशत (१८.४९ वर्ग कि.मि), बालुवाले ०.६६ प्रतिशत (०.८९ वर्ग कि.मि.) र अन्य (चट्टान/भिर, बाँझो जमिन) ले ०.०३ प्रतिशत (०.०४ वर्ग कि.मि.) ओगटेको छ। नगरमा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरबासीहरूको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकूल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरू अवलम्बन गर्न सकिन्छ। यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। भू-उपयोगको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ३८ :** भू-उपयोग विश्लेषण २०७५

| विवरण | क्षेत्रफल (वर्ग कि.मि. मा) | प्रतिशत |
|---|---|---|
| खेतियोग्य जमिन | ५६.३६ | ४१.८० |
| वन जंगल | ४०.३४ | २९.९२ |
| घाँस | १८.६९ | १३.८७ |
| झाडी | १८.४९ | १३.७१ |
| बालुवा | ०.८९ | ०.६६ |
| चट्टान भिर | ०.०२ | ०.०२ |
| बाँझो जमिन | ०.०२ | ०.०१ |
| **जम्मा** | **१३४.८१** | **१००** |

*स्रोत : नापी विभाग, २०७५*






नक्सा नं. ११ : नगरपालिकाको भू-उपयोग विवरण

## ४.२ वस्ती विकासको स्वरुप



*तस्बिर: बाह्रविसे बजार, स्रोत न.पा*

बाह्रविसे नगरपालिकाको सडक सञ्जाल देशको अरनीको राजमार्ग हुँदै राष्ट्रिय राजमार्ग प्रणालीसँग जोडिएको हुँदा नगरपालिकाको सबै वडाहरूमा सडक, विद्युत, संचार जस्ता सुविधाहरूको पहुँच क्रमश वृद्धि भएको देखिन्छ। यसका अतिरिक्त अधिकांश क्षेत्रहरू क्रमश विकसित भैरहेका देखिन्छन्। नगरपालिकामा अधिकांश विकट भू-भागबाट नगरपालिका केन्द्रमा बसाइसराइको क्रम वृद्धि भइरहेको र नगरपालिकाका अन्य क्षेत्रहरूमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित योजना बनाएर बाटो, खानेपानी, ढल निकास इत्यादीको समयमै विकास गर्नुपर्ने देखिन्छ। नगरबासीहरूलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरू, सम्बन्धित वडा मै स्थापना गरी सेवा प्रवाह गर्ने वडा समिति स्थापना गरी सेवा प्रवाह भै रहेका छन् । यसैगरी नगरपालिकामा भएका मुख्य वस्ती तथा बजार केन्द्रहरूको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३९ :** वडाअनुसार मुख्य वस्तीहरू तथा बजार केन्द्रको विवरण

| वडा नं. | मुख्य वस्तीहरू तथा बजार केन्द्र |
|---|---|
| १ | खामाथाङ बस्ति, दोलाँसा बस्ति, आमादिङ वस्ति, ठेनासा वस्ती, ज्याङगुर्सा वस्ती, मानेडाँडाँ वस्ती, नगर्पा वस्ती |
| २ | कर्थली, दुरूम्थली ,काभ्रे, बुधेपा र सिम्ले |
| ३ | बाह्रविसे, खोर्सानीबारी, ठूलीपँलाती, थापा गाउँ (सापचौ), धार्पा, थलाडाँडा |
| ४ | बाह्रविसे बजार, सुनकोशी बजार, पलाँती बाहुन डाँडा, क्षमादेवी |
| ५ | सिगाँचे , कुखुरे , खोरङ, कशेरी ,बुगाम र भन्ज्याङ्ग |
| ६ | गाती, मान्द्रा, सोताङ र डाँडाकटेरी |
| ७ | नागपुजे, घुम्थाङ |
| ८ | जम्बु, एक्लेवेसी, खरिबोटे, सुङ्गुरे, माझि गाउँ, हर्रे, साङबारी, आलडाँडा, खिपिङ, लामाटोल, मास्लो टोल, छिमिटोल, पुच्छर टोल, नेपाल गाउँ, राउत गाउँ, बोरावारी, डाँडाखेत, कामीगाउँ, दमाइगाउँ, पौडेल गाउँ, घिमिरेछाप, घुमाङकोट, सुनखानी, घुडे, जैसी गाउँ |
| ९ | बाह्रविसे बजार, नयाँ बजार, पुराना गाउँ, रातोमाटा, चुल्ठि साहुबेसी राम्चे दमार गौरीगाउँ, प्यारे, ठोटनेरी |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७५*

## ४.३ क्रमिक विकास भइरहेका बस्तीहरूको विवरण

बाह्रविसे नगरपालिका विषम भौगोलिक अवस्था भएपनि जलवायुको आधारमा बसोबासको लागि उपयुक्त मानिएको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथै यातायातको आंसिक सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पु्याइरहेको पाइन्छ। यसका साथै विभिन्न स्थानहरूमा नगरपालिकाहरूले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम साथै स-साना व्यापारिक केन्द्रको रुपमा क्रमिक विकास भइरहेको छ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य वृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

नगरपालिका क्षेत्रहरूको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरू संचालन गर्नु पर्दछ । यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरूलाई टेवा पु्याउने हिसावले प्राथमिकता दिनु पर्दछ ।




नक्सा नं. १२ : नगरपालिकाको वस्तीहरूको नक्सा

## ४.४ घर निर्माण सम्पन्न प्रमाणपत्रको आधारमा परिवारको विवरण

**तालिका नं. ४० :** घर निर्माण सम्पन्न प्रमाणपत्रको आधारमा परिवारको विवरण

| वडा | घर निर्माण सम्पन्न प्रमाणपत्र | | | |
|---|---|---|---|---|
| | छ | छैन | थाहा छैन | जम्मा |
| १ | ० | १६० | १५० | ३१० |
| २ | १३ | ९७४ | ६ | ९९३ |
| ३ | २७१ | ५८४ | ३४० | ११९५ |
| ४ | ५५१ | २१३ | २४५ | १००९ |
| ५ | ३ | ५७९ | ६ | ५८८ |
| ६ | १३८ | ३१९ | २० | ४७७ |
| ७ | ४१३ | ६९१ | ६९ | ११७३ |
| ८ | ४५९ | ४३८ | ९० | ९८७ |
| ९ | १६९ | ६७८ | ८१ | ९२८ |
| जम्मा | २०१७ | ४६३६ | १००७ | ७६६० |
| | २६.३% | ६०.५% | १३.१% | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा लालपुर्जा भएको आफ्नै जमिनमा घर निर्माण गरेका ७,६६० घरपरिवारहरूमध्ये जम्मा २,०१७ अर्थात २६.३ प्रतिशत घरहरूको मात्र घर निर्माण सम्पन्न प्रमाणपत्र रहेको छ भने ४६३६ अर्थात ६०.५ प्रतिशत घरपरिवारको घर निर्माण सम्पन्न प्रमाणपत्र छैन । त्यसैगरी १००७ अर्थात १३.१ प्रतिशत घरपरिवारमा घर निर्माण सम्पन्न प्रमाणपत्र थाहा नभएको देखिन्छ। यस अवस्थालाई हेर्दा नगरपालिकाका ६० प्रतिशत भन्दा बढी घरपरिवारहरू भवन निर्माणका सुरक्षित विधिहरू नअपनाइ बनाइएका हुन सक्छन्, भूकम्प, पहिरो र डुबान आदिको उच्च जोखिम भएका क्षेत्रहरूमा जोखिम हुने हुँदा राष्ट्रिय भवन निर्माण संहितामा रहेर नगरपालिकाले भवन निर्माण मापदण्ड लागू गरी सुरक्षा संवेदनशिलतामा ध्यान दिनु आवश्यक छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ । मापदण्ड पुरा नभएका घरहरूको लगत संकलन गरी निश्चित समय दिएर मापदण्ड पुरा गरी प्रमाणपत्र लिने व्यवस्था मिलाउनु आवश्यक देखिन्छ।



## ४.५ मालपोत मूल्याङ्कन

| बाह्रविसे नगरपालिका | |
|---|---|
| **क) सडक/वाटोसंग जोडिएको घडेरी जग्गाको न्यूनतम मुल्याङ्कन** | |
| १. | अरनिको राजमार्गसंग जोडिएको साविक राम्चे गा.वि.स. को वडा नं. २ र ५ हाल बाह्रविसे न.पा. वडा नं. ९ क्षेत्र भित्रका घडेरी जग्गा प्रति रोपनी रू. ४०,००,०००।– (चालिस लाख मात्र) |
| २. | बाह्रविसे-बुधेपा सडकसंग जोडिएका साविक कर्थली गा.वि.स. वडा नं. ३, ७, ८ र ९ हाल बाह्रविसे न.पा. वडा नं. २ का घडेरी जग्गा प्रति रोपनी रू. ३०,००,०००।– (तीस लाख मात्र) |
| ३. | अरनिको राजमार्गसंग जोडिएका साविक राम्चे गा.वि.स. को वडा नं. ७ हाल बाह्रविसे न.पा. वडा नं. ९ का घडेरी जग्गा प्रति रोपनी रू. ४०,००,०००।– (चालिस लाख मात्र ) र साविक बाह्रविसे गा.वि.स. वडा नं. १, ८ र ९ हाल बाह्रविसे न.पा. वडा नं. ३, ४ का घडेरी जग्गा प्रति रोपनी रू. ५०,००,०००।– (पचास लाख मात्र) |
| ४. | साविक राम्चे गा.वि.स. को वडा नं. ७ र साविक बाह्रविसे गा.वि.स. को वडा नं. १, ८ र ९ हाल बाह्रविसे न.पा. वडा नं. ९, ३, ४ का बजार क्षेत्रको भित्री मोटरबाटोसंग जोडिएका घडेरी जग्गा प्रति रोपनी रू. २५,००,०००।– (पच्चिस लाख मात्र) |
| ५. | अरनिको राजमार्गसंग जोडिएका साविक गाती गा.वि.स. हाल बाह्रविसे न.पा. वडा नं. ५ र ६ क्षेत्रका घडेरी जग्गा प्रति रोपनी रू. ४०,००,०००।– (चालिस लाख मात्र) |
| ६. | यस नगरपालिका क्षेत्र भित्र अन्य मोटर वाटोसंग जोडिएका घडेरी जग्गा प्रति रोपनी रू. १६,००,०००।– (सोह्र लाख मात्र) |
| ७. | यस नगरपालिका क्षेत्रका वडा नं. ३, ४, ५, ६ र ९ भित्रका गोरेटो वाटोसंग जोडिएका घडेरी जग्गा प्रति रोपनी रू. ८,००,०००।– (आठ लाख मात्र) |
| ८. | यस नगरपालिका क्षेत्रका वडा नं. १, २, ७ र ८ भित्रका गोरेटो वाटोसंग जोडिएका घडेरी जग्गा प्रति रोपनी रू. ५,००,०००।– (पांच मात्र) |

**ख) माथी खण्ड (क) मा उल्लेख भए बाहेकमा जग्गाको किसिमको आधारमा कायम गरिएको जग्गाको न्यूनतम मुल्याङ्कन**

| सि.नं. | नगरपालिका | हाल कायम वडा नं. | साविकको गा.वि.स. | जग्गाको विवरण | प्रति रोपनी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | अब्बल | दोयम | सीम | चाहार |
| २ | बाह्रविसे नगरपालिका | १ | घोर्थली (१-४) | खेत | ३४००० | ३२००० | ३०००० | २८००० |
| | | | | पाखो | २६००० | २४००० | २२००० | २०००० |
| | | २ | कर्थली | खेत | ४०००० | ३८००० | ३६००० | ३४००० |
| | | | | पाखो | ३०००० | २८००० | २६००० | २४००० |
| | | ३ | बाह्रविसे | खेत | ६०००० | ५४००० | ५०००० | ४६००० |
| | | | | पाखो | ४२००० | ३८००० | ३४००० | ३०००० |
| | | ४ | बाह्रविसे | खेत | ६०००० | ५४००० | ५०००० | ४६००० |
| | | | | पाखो | ४२००० | ३८००० | ३४००० | ३०००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ५ | गाती | खेत | ५०००० | ४६००० | ४२००० | ३८००० |
| | | | | पाखो | ४०००० | ३६००० | ३४००० | ३२००० |
| | | ६ | गाती | खेत | ५०००० | ४६००० | ४२००० | ३८००० |
| | | | | पाखो | ४०००० | ३६००० | ३४००० | ३२००० |
| | | ७ | घुम्थाङ | खेत | ३४००० | ३२००० | ३०००० | २८००० |
| | | | | पाखो | २६००० | २४००० | २२००० | २०००० |
| | | ८ | मानेश्वारा | खेत | ४०००० | ३६००० | ३४००० | ३२००० |
| | | | | पाखो | ३२००० | २८००० | २६००० | २२००० |
| | | ९ | राम्चे | खेत | ६०००० | ५४००० | ५०००० | ४६००० |
| | | | | पाखो | ४०००० | ३६००० | ३२००० | २८००० |

## ४.६ कोठा वा फ्ल्याट भाडामा दिएका घरपरिवारहरूको वडागत विवरण

**तालिका नं. ४१ :** कोठा वा फ्ल्याट भाडामा दिएका घरपरिवारहरूको वडागत विवरण

| वडा | कोठा वा फ्ल्याट भाडामा दिएको | | | |
|---|---|---|---|---|
| | भाडामा दिएको | भाडामा नदिएको | थाहा नभएको | जम्मा |
| १ | ० | ३०८ | २ | ३१० |
| २ | ४ | ९६९ | २० | ९९३ |
| ३ | १२ | ११३८ | ४५ | ११९५ |
| ४ | ८६ | ७१८ | २०५ | १००९ |
| ५ | ४ | ५७८ | ६ | ५८८ |
| ६ | ३ | ४६६ | ८ | ४७७ |
| ७ | ९ | ११३५ | २९ | ११७३ |
| ८ | ६ | ९७५ | ६ | ९८७ |
| ९ | ६५ | ८०५ | ५८ | ९२८ |
| जम्मा | १८९ | ७०९२ | ३७९ | ७६६० |
| प्रतिशत | २.५% | ९२.६% | ४.९% | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा आफ्नै घर भएका ७,६६० अर्थात ९२.६ प्रतिशत घरपरिवारहरूले कोठा भाडामा लगाएका छैनन् भने मात्र १८९ अर्थात २.५ प्रतिशत घरपरिवारहरूले कोठा भाडामा लगाएको पाइन्छ जुन अत्यन्त नगण्य संख्या हो । त्यसैगरी ३७९ घरपरिवार अर्थात ४.९ प्रतिशत घरपरिवारको विवरण थाहा नभएको देखिन्छ । वडागत विस्तृत विवरण तालिममा प्रस्तुत गरिएको छ। व्यापक रुपमा आर्थिक, शैक्षिक र अन्य कृयाकलापहरू हुने शहरी क्षेत्रहरूको विकास नभएकोले अत्यन्त सिमीत संख्यामा मात्र कोठाहरू भाडामा लगाएको देखिन्छ ।




## ४.७ भू-क्षय सम्भावित क्षेत्र

नगरपालिकाका पहाडी भीर तथा खोचहरू, नदी तथा खोला किनारका भागहरू भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। प्राकृतिक वातावरणमा असर पर्ने मानवीय गतिविधिका कारणबाट नगरपालिका क्षेत्रमा अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रवृत्ति एवं खोलाबाट अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेतीतर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरूमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ। मूलतः नगरपालिकाका खोलाहरूको वरिपरि नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले भूकम्पीय प्रकोपका कारण समेत यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकूल प्रभाव पारेको छ। यसक्रमलाई रोक्नको लागि ढल निकासको व्यवस्था मिलाउनुपर्ने देखिन्छ। त्यस्तै, अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालीन उपायको रुपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालीन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरि वृक्षारोपण गर्ने र दीर्घकालीन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्नेतर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।

## ४.९ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

**तालिका नं. ४२ :** नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र. सं. | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र नगरपालिकामा भूकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागू नभएको | जुनसुकै समयमा |
| २ | बाढी | नगरपालिकामा विशेषतः साना खोला र खोल्साहरू बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरूले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरी क्षति पुऱ्याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ३ | पहिरो | भौगोलिकरुपले विकट तथा नाङ्गा डाँडा पाखाहरू तथा भुकम्प प्रभावित भीर पाखाहरूमा पहिरो जाने गरेको । | असार - असोज |
| ४ | आगलागि | नगरपालिकाको घनावस्ती रहेका अति विपन्न समुदायका घरहरू सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागिका घटना बढी हुने गरेको। | चैत्र–जेष्ठ |
| ५ | महामारी | प्राकृतिक प्रकोप पश्चात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूलन क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ६ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ७ | जंगली जनावर आतंक | नगरपालिकाको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरू | जुनसुकै समयमा |
| ८ | मौसमी सुख्खा | पानी नपरेमा सिँचाइ नपुगेका भागहरू | असार –भदौ |
| ९ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| १० | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*स्रोतः जिल्ला समन्वय समिति, सिन्धुपाल्चोक २०७५*

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ नगरपालिका अर्थतन्त्रको संरचनात्मक स्वरुप

नगरपालिकाको अर्थतन्त्र मुख्यतया : कृषि, उद्योग, व्यापार, सेवामूलक व्यवसाय, नोकरी, निर्माण, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट भएकाले भएको यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको सीमित क्षेत्रहरूमा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन । यस परिवेशमा आधुनिक कृषि तथा पशुपालनलाई बढी जोड दिनुपर्दछ । नगरपालिकामा रहेका प्राकृतिक स्रोत तथा जलाधार क्षेत्र, जैविक विविधताले नगरपालिकाको विकासमा थप सम्भावना बोकेको छ । मील, फर्निचर उद्योग, क्रसर उद्योग, कुखुरा पालन, पशुपालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू हुन् । यस नगरपालिकाका मानिसहरू क्रमश साना उद्योगहरूको विकासतर्फ लागिरहेका छन् । यस नगरपालिकाका मुख्य आर्थिक क्रियाकलापहरूमा कृषि, व्यापार व्यवसाय, नोकरी र विकल्पमा वैदेशिक रोजगार रहेको देखिन्छ।

आर्थिक विकास अन्तर्गत स-साना उद्योगहरू, सेवामूलक व्यवसाय, नोकरी, व्यापार शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन्। समग्रमा यस नगरपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ। नगरपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

नगरपालिकामा भएका नदी तथा खोलाका पानी संकलन गरी माछापालन, सिंचाइ, पर्यटन प्रवर्द्धन लगायत जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था रहेको छ । माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई नगरकै माछाले बजार लिने सम्भावना रहेको छ। नगरपालिकाको विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ। नगरपालिकाको आसपासमा पर्यटकीय होटेल व्यवसायहरूबाट प्रशस्त लाभ लिन सकिने सम्भावना रहेको छ ।

## ५.२ नगरपालिकाको रोजगारी, आम्दानी तथा खर्चको अवस्था

### ५.२.१ आम्दानीका मुख्य श्रोतहरूको आधारमा परिवारको विवरण (बहुउत्तरमा आधारित)

**तालिका नं. ४३ :** आम्दानीका श्रोतहरूको आधारमा परिवारको विवरण (बहुउत्तरमा आधारित)

| आम्खानीका श्रोतहरू | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या |
| **कृषि/पशुपालन/माछापालन/मौरीपालन** | १७२ | ६४१ | ५१० | ३०० | ४३१ | २७८ | ७४१ | ८१२ | ५८५ | ४४७० |
| **उद्योगधन्दा सञ्चालन** | १ | १५० | २० | १२ | २ | ५ | ४० | २ | १२ | २४४ |
| **व्यापार व्यवसाय** | २५ | १४१ | १५८ | २४६ | ३४ | ३३ | १०४ | ७१ | १८८ | १००० |
| **नोकरी** | ८ | ८४ | ९५ | २३८ | ४७ | ९० | ७७ | १५० | २६० | १०४९ |
| **पेन्सन** | ० | १७ | ११ | ३२ | १४ | ३ | ४ | ७ | ७४ | १६२ |
| **घर तथा जग्गाको भाडा** | ० | ६ | ६ | ८७ | ५ | २ | ३ | ६ | ६९ | १८४ |
| **सवारी साधन, मेसिन तथा उपकरणहरूको भाडा** | ० | १५ | २६ | ५९ | ८ | १० | ३९ | १२ | ६७ | २३६ |
| **ब्याज तथा लाभांश** | ४ | १ | ० | ३ | ० | २ | २ | ४ | २ | १८ |
| **विप्रेषण (वैदेशिक)** | ३१ | ५९ | ४३ | ४४ | ६४ | ६४ | १२८ | ५१ | ७३ | ५५७ |
| **विप्रेषण (आन्तरिक)** | ६ | १२ | ६१ | ५ | १० | ६४ | ११४ | १७१ | ४७ | ४९० |
| **दैनिक ज्यालादारी** | १२६ | ३२४ | ३५८ | १३३ | ३२५ | २५१ | ३६८ | २४६ | २७५ | २४०६ |
| **अन्य** | ३ | १७ | ३३ | २९ | ५ | ७ | ४५ | ३८ | १४ | १९१ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

आम्दानीका मुख्य श्रोतहरूमा नगरपालिकामा रहेका कूल ७,६६० घरपरिवारहरूमध्ये ४,४७० घरपरिवारहरूको आम्दानीको श्रोत कृषि/पशुपालन/माछापालन/मौरीपालन रहेको छ भने दोस्रोमा दैनिक ज्यालादारी बाट आम्दानी गर्ने २४०६, नोकरी बाट १०४९, व्यापार व्यवसायबाट १,००० घरपरिवारहरू रहेका छन् । त्यसैगरी ५५७ घरपरिवारको आम्दानीको श्रोत भने विप्रेषण वैदेशिक र ४९० घरपरिवारको विप्रेषण (आन्तरिक) रहेको छ । अन्य आम्दानीका श्रोतहरू भने न्यून घरपरिवारहरूमा रहेको पाइन्छ । जुन यो तथ्याङ्कले समेत ठूलो नाफा हुने र उत्पादनमूखी व्यवसायमा मानिसको संलग्नता अत्यन्त न्यून र परम्परागत कृषि र सामान्य व्यापार व्यवसायमा अधिक संलग्नता रहेको देखिन्छ । राम्रो लगानि गरी उच्च प्रतिफल प्राप्त गर्न सक्ने क्षेत्रहरूको पहिचान गरी व्यवसायीकतातर्फ युवा उद्यमीहरूलाई तालिम तथा अभिमुखिकरण गरी आकर्षित गर्नुपर्ने देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



## ५.२.२ आफ्नो वार्षिक आम्दानीले परिवार धान्न पुग्ने समय अवधिका आधारमा परिवारको विवरण (सबै प्रकारको आम्दानी)

**तालिका नं. ४४ :** आफ्नो वार्षिक आम्दानीले परिवार धान्न पुग्ने समय अवधिका आधारमा परिवारको विवरण

| वडा | ० - ३ महिना | ४ - ६ महिना | ७ - ९ महिना | १० - ११ महिना | १२ महिना | जम्मा | औषत धान्न पुग्ने महिना |
|---|---|---|---|---|---|---|---|
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | |
| १ | १७५ | ९८ | २५ | २ | ९ | ३०९ | ४.०० |
| २ | १७ | १०५ | ४१४ | १३४ | ३२३ | ९९३ | ९.५१ |
| ३ | १२२ | १७८ | ३८९ | ८६ | ४२० | ११९५ | ८.६९ |
| ४ | १६१ | १२९ | १२९ | ३१ | ५४२ | ९९२ | ८.७६ |
| ५ | १३ | ६४ | १७७ | ८७ | २४७ | ५८८ | ९.७४ |
| ६ | ६ | ५ | ७ | ० | ४५९ | ४७७ | ११.७४ |
| ७ | ११४ | १३१ | २८ | ५४ | ८४६ | ११७३ | १०.०० |
| ८ | ५२ | १९८ | १३५ | ४३ | ५५९ | ९८७ | ९.५५ |
| ९ | १४ | ३३ | ३० | ६८ | ७८१ | ९२६ | ११.३३ |
| **जम्मा** | ६७४ | ९४१ | १३३४ | ५०५ | ४१८६ | ७६४० | ९.५२ |
| **प्रतिशत** | ८.८२ | १२.३२ | १७.४६ | ६.६१ | ५४.७९ | १००.०० | |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस नगरपालिकामा रहेका कूल ७,६४० घरपरिवारहरूमध्ये आफ्नै वार्षिक आम्दानीले बाह्र महिना धान्नेको संख्या ४,१८६ अर्थात ५४.७९ प्रतिशत देखिन्छ। त्यसैगरी १० देखि ११ महिनासम्म धान्न पुग्ने घरपरिवारको संख्या ५०५ अर्थात ६.६१ प्रतिशत, ७ देखि ९ महिनासम्म धान्न पुग्ने घरपरिवारको संख्या १३३४ अर्थात् १७.४६ प्रतिशत, ४ देखि ६ महिनासम्म धान्न पुग्नेको संख्या ९४१ अर्थात १२.३२ प्रतिशत र ० देखि ३ महिना मात्र धान्न पुग्नेको संख्या ६७४ अर्थात ८.८२ प्रतिशत रहेको छ। झण्डै आधा जनसंख्याले वार्षिकरुपमा गर्ने अत्यन्त न्यून आम्दानीले बाह्रै महिना दुःख गुजारा गरी खर्च धान्ने गरेको स्पष्ट हुन्छ। अर्कोतर्फ वार्षिक आम्दानीले वर्षभरी धान्न नसक्ने घरपरिवारहरू समेत रहेको तथ्याङ्कले यो अवस्थामा रहेको जनसंख्या चरम गरीबीको अवस्थामा रहेको पुष्टि हुन्छ। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था लागू भैसकेको र स्थानीय सरकारमा धेरै हक अधिकारहरू प्रत्याभूत भैसकेको र दिगो विकास लक्ष्यको लक्ष्य १ मै सबै प्रकारका गरिबीको अन्त्य गर्ने उल्लेख भएको अवस्थामा यस्ता गरीबीमा रहेको जनसंख्यालाई लोक कल्याणकारी राज्यको मूल मर्मअनुसार सवलीकरण र संरक्षण गर्नु आवश्यक देखिन्छ। वडागत पूर्ण विवरण तालिकामा प्रस्तुत गरिएको छ।




### ५.२.३ ऋणको आधारमा घरपरिवारको विवरण

**तालिका नं. ४५ :** ऋण भएका घरपरिवारको विवरण

| वडा | छ | | छैन | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | १९३ | ६२.५% | ११६ | ३७.५% | ३०९ |
| २ | ३८३ | ३८.६% | ६१० | ६१.४% | ९९३ |
| ३ | २९८ | २४.९% | ८९७ | ७५.१% | ११९५ |
| ४ | ५४५ | ५४.९% | ४४७ | ४५.१% | ९९२ |
| ५ | ३१५ | ५३.६% | २७३ | ४६.४% | ५८८ |
| ६ | ५२ | १०.९% | ४२५ | ८९.१% | ४७७ |
| ७ | ३८७ | ३३.०% | ७८६ | ६७.०% | ११७३ |
| ८ | ४२० | ४२.६% | ५६७ | ५७.४% | ९८७ |
| ९ | ३६९ | ३९.८% | ५५७ | ६०.२% | ९२६ |
| **जम्मा** | **२९६२** | **३८.८%** | **४६७८** | **६१.२%** | **७६४०** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका कूल ७,६४० घरपरिवारहरूमध्ये विभिन्न वित्तीय संस्था, सहकारी वा अन्य तवरले आफ्ना विभिन्न आर्थिक क्रियाकलाप सञ्चालन गर्न वा व्यापार व्यवसायमा लगानी गर्न ऋण लिने घरपरिवारहरूको संख्या २,९६२ अर्थात ३८.८ प्रतिशत र ऋण नलिने घरपरिवारहरूको संख्या ४,६७८ अर्थात ६१.२ प्रतिशत रहेका छन् । ऋण लिनुका उद्देश्यहरूमध्ये अत्यावश्यक आवश्यकता परिपूर्ति गर्न ऋण लिनेको संख्या लगानी वा उत्पादनमूलक व्यवसाय गर्न ऋण लिनेको संख्याभन्दा बढी भएको अनुमान सजिलै लगाउन सकिन्छ ।




### ५.२.४ ऋण लिनुको कारणका आधारमा घरपरिवारहरूको विवरण (बहुउत्तरमा आधारित)

**तालिका नं. ४६ :** ऋण लिनुको कारणका आधारमा घरपरिवारहरूको विवरण (बहुउत्तरमा आधारित)

| ऋण लिनुको कारण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या |
| व्यापार/उद्योग व्यवसायको लागि | १६ | ३७ | १३ | १२९ | २५ | ५ | ३८ | ४६ | ४२ | ३५१ |
| कृषि व्यवसायको लागि | २३ | १७ | ७ | १२ | ४७ | ३ | ३९ | ६१ | १२ | २२१ |
| घर बनाउन/जग्गा जमिन किन्न | १६९ | ३११ | २६९ | ३७६ | २४८ | ३८ | २९८ | ३४९ | २७५ | २३३३ |
| जन्म/मृत्यु/विवाह/ब्रतबन्धको लागि | १० | १३ | ० | १५ | ४ | ० | ७८ | २३ | २५ | १६८ |
| चाडपर्व मनाउन | १९ | ८ | १ | ११ | ४ | ० | ६८ | ४९ | १३ | १७३ |
| औषधी उपचारको लागि | ३५ | २७ | ७ | ६५ | २४ | ४ | ५९ | ७६ | ३७ | ३३४ |
| शैक्षिक शुल्क तिर्न तथा शैक्षिक सामाग्री किन्न | १४ | १३ | २ | ४० | १६ | १ | १२ | ५६ | ३० | १८४ |
| घरायसी उपभोग गर्न | ७३ | ३९ | १५ | ६४ | ५६ | ३ | १०६ | १११ | ६५ | ५३२ |
| परिवारका सदस्यलाई विदेश पठाउन | ६ | १३ | ३ | १९ | १९ | ० | ९ | १९ | १२ | १०० |
| अन्य प्रयोजनको लागि | १ | ० | ४ | २ | १ | ० | ११ | ४ | ३ | २६ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा ऋण लिनेहरूको प्रयोजन हेर्दा सबैभन्दा बढी घर बनाउन/जग्गा जमिन किन्नका लागि ऋण लिने परिवारको संख्या २,३३३, दोस्रोमा घरायसी उपभोग गर्नको लागि ऋण लिने परिवारको संख्या ५३२, तेस्रोमा व्यापार/उद्योग व्यवसायको लागि ऋण लिने परिवारको संख्या ३५१, चौथौंमा औषधी उपचारको लागि ऋण लिने परिवारको संख्या ३३४ रहेका छन् । कृषिमा लगानी, शिक्षा र उत्पादन प्रवर्द्धन गर्न निकै कम घरपरिवारले ऋण लिएको देखिन्छ । जसमध्ये २२१ कृषि व्यवसायको लागि र १८४ ले शैक्षिक शुल्क तिर्न तथा शैक्षिक सामाग्री किन्न ऋण लिएको देखिन्छ । तथ्याङ्कको विश्लेषण गर्दा दैनिक जीवन निर्वाह र सुरक्षाका आधारभूत मानवीय आवश्यकता पूर्ती गर्न जस्तै भवन निर्माण तथा घरायसी गर्जो टार्न अधिकांश ऋण लिएको तथ्य स्पष्ट हुन्छ । नागरिकका आधारभूत आवश्यकता पूरा गर्ने दायितव राज्यको हुने संघीय लोकतान्त्रिक गणतन्त्रात्मक

संविधानले शिक्षा, स्वास्थ्य, खाद्यान्न जस्ता आवश्यकताहरूलाई मौलिक अधिकारको रुपमा स्थापित गरिसकेको सन्दर्भमा स्थानीय तथा संघीय सरकारले नागरिकका यी सवालहरूलाई सम्बोधन गर्नुपर्ने हुन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ५.२.५ ऋण लिएको श्रोतको आधारमा घरधुरीको विवरण

**तालिका नं. ४७ :** ऋण लिएको श्रोतको आधारमा घरधुरीको विवरण

| वडा | व्यक्ति | बैंक | सहकारी | अन्य वित्तीय संस्था | अन्य |
|---|---|---|---|---|---|
| १ | १७९ | ११ | ३५ | ५० | ० |
| २ | २७९ | ५७ | १५८ | ५२ | ५ |
| ३ | २१५ | ५७ | ५० | २६ | ० |
| ४ | २७४ | १६३ | २७० | १०७ | ० |
| ५ | २३७ | ९ | ११२ | ३५ | १ |
| ६ | ३४ | ६ | २ | ७ | २ |
| ७ | २८१ | ३० | १२० | ९६ | १ |
| ८ | ३०२ | ८६ | २८७ | १३ | ० |
| ९ | १९४ | ३४ | २९९ | २१ | ० |
| **जम्मा** | **१९९५** | **४५३** | **१३३३** | **४०७** | **९** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा ऋण लिएका कूल घरपरिवारमध्ये सबैभन्दा धेरै १,९९५ परिवारले व्यक्तिबाट ऋण लिएको, १,३३३ परिवारले सहकारी संस्थाबाट ऋण लिएको, ४५३ परिवारले बैंकबाट ऋण लिएको र ४०७ परिवारले अन्य वित्तिय संस्थाबाट ऋण लिएको तथ्याङ्क छ । भने नगरपालिकामा कतिपय परिवारले एकभन्दा बढी स्रोतबाट ऋण लिएको देखिन्छ । सबैभन्दा धेरै घरपरिवारले व्यक्तिबाट ऋण लिएको यथार्थले के स्पष्ट गर्दछ भने नागरिकहरूको बैङ्क तथा ठूला वित्तिय संस्थाको पहुँच कमी रहेको हो कि भन्ने बुझाउँछ तर पछिल्लो समयमा सहकारी तथा वित्तिय संस्थाहरूबाट ऋण लिने प्रवृत्ति विगतको भन्दा बढी रहेको देखिन्छ । अर्कोतर्फ बैङ्कबाट कर्जा लिँदा धितो तथा

अन्य प्रशासनिक झन्जट हुने भएकोले चर्को ब्याजको मारमा परेतापनि विना धितो व्यक्तिसँग ऋण लिन सहज हुने भएकोले साधारण मानिसहरू यसतर्फ बढी आर्कषित देखिन्छन् । यसले थप आर्थिक भार पर्नगई नागरिकलाई गरीबीमा धकेल्न बाध्य पार्दछ । हाल राष्ट्र बैङ्कले हरेक स्थानीय सरकार रहेको नगरपालिकामा एक बैङ्क शाखा खोल्न गरेको निर्देशनले बैङ्कहरूमा ग्रामीण सर्वसाधारणको पहुँच वृद्धिहुने अपेक्षागर्न सकिन्छ । वडागत पूर्ण विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

ऋण लिएको श्रोतको आधारमा परिवारको विवरण




### ५.२.६ विप्रेषणबाट आएको रकम खर्च हुने प्रमुख क्षेत्रको आधारमा परिवारको विवरण

**तालिका नं. ४८ :** विप्रेषणबाट आएको रकम खर्च हुने प्रमुख क्षेत्रको आधारमा परिवारको विवरण

| वडा | | वडा नं. | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | |
| | | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | प्रतिशत |
| **विप्रेषण खर्च भएको पहिलो क्षेत्र** | घरायसी उपभोग | १३ | ७९ | १ | ४८ | ६६ | ५० | ५२ | ७० | ५० | ४२९ | ३०.४% |
| | शिक्षामा खर्च गरेको | ४४ | ५० | २ | २९ | १२ | ११ | ९० | २० | ४२ | ३०० | २१.३% |
| | घर बनाएको | ० | २९ | १ | १५ | १० | २५ | १८ | ९३ | ३ | १९४ | १३.७% |
| | स्वास्थ्य उपचारमा खर्च | १४ | २१ | ० | ८ | ० | २ | ८१ | ७ | ४२ | १७५ | १२.४% |
| | ऋण तिरेको | १२ | २६ | १ | ८ | ३६ | ४ | ४८ | १९ | ३ | १५७ | ११.१% |
| | बचत गरेको | १ | १६ | ५० | ३ | ३ | ७ | १९ | १२ | ० | १११ | ७.९% |
| | विवाह/ब्रतबन्ध/चाडबाड मनाएको | ४ | ८ | ० | ० | ० | ० | ४ | २ | १ | १९ | १.३% |
| | अन्य | ० | १ | ४ | ० | १ | ० | १ | ० | ० | ७ | .५% |
| | जग्गा किनेको | १ | ० | ० | ० | १ | ० | ० | ३ | ० | ५ | .४% |
| | अरूलाई ऋण दिएको | २ | ० | ० | १ | ० | ० | १ | १ | ० | ५ | .४% |
| | व्यापार/व्यवसायमा लगानी गरेको | ० | ० | ० | ० | ० | ३ | ० | ० | ० | ३ | .२% |
| | वस्तुभाउ खरिद गरेको | ० | ० | ० | ० | ० | ० | २ | ० | १ | ३ | .२% |
| | थाहा छैन | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | २ | .१% |
| | गरगहना खरिद गरेको | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | .१% |
| | **जम्मा** | **९१** | **२३१** | **५९** | **११३** | **१२९** | **१०२** | **३१६** | **२२७** | **१४३** | **१४११** | **१००.०%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा अनुपस्थित रहेर आन्तरिक वा बाह्य (वैदेशिक) विप्रेषण प्रवाह गर्नेहरूको परिवार संख्या १,४११ रहेका छन् । उत्तरदाताहरूलाई प्रश्न गर्दा तपाईले विप्रेषणबाट प्राप्त रकमलाई खर्च गर्नुपर्दा कुन क्षेत्रलाई सबैभन्दा पहिलो प्राथमिकता दिनुहुन्छ भनेर सोधिएकोमा प्रश्नमा सबैभन्दा धेरै ४२९ परिवारले विप्रेषणबाट प्राप्त रकम घरायसी क्षेत्रमा खर्च गर्ने गरेको पाइयो । त्यसैगरी ३०० घरपरिवारले शिक्षामा, १९४ घरपरिवारले घर निर्माणमा, १७५ घरपरिवारले स्वास्थ्य उपचारमा, १५७ घरपरिवारले ऋण तिर्न र १११ घरपरिवारले मात्र बचत गरेको पाइन्छ । यसरी समय र श्रम खर्चेर पठाएको विप्रेषण रकम निरन्तर आधारभूत आवश्यकता परिपूर्तिमा मात्र खर्चनु पर्दा अन्य उत्पादनशील क्षेत्रमा लगानी गर्ने विषय ओझेलमा पर्ने र जीवनस्तर सुधारमा प्रगति नहुने संकेत देखिन्छ ।

संविधानले मौलिक हकको रुपमा स्थापित गरेको स्वास्थ्य सेवामा नागरिकको पहुँच अत्यन्त न्यून हुनु र कमाइको ठूलो अंश औषधि उपचारमा खर्च गर्नुपर्ने बाध्यतामा जनसाधारणहरू रहेको स्पष्ट हुन्छ । संविधानले मौलिक हकका रुपमा स्थापित गरी आधारभूत शिक्षालाई पूर्ण रुपमा निःशुल्क गर्ने प्रावधानको व्यवस्था गरेपनि त्यसको व्यवहारिक र प्रभावकारी कार्यान्वय हुन नसक्दा पारिवारिक खर्चको ठूलो हिस्सा निजीक्षेत्रका विद्यालय तथा विश्वविद्यालयहरूमा र कतिपय अवस्थामा वैदेशिक अध्ययनमा समेत खर्च हुने गरेको छ । अर्कोतर्फ शिक्षा गुणस्तरिय जीवनको प्रमुख पूर्वाधार भएको तथ्य सर्वसाधारणमा महशुस भैसकेको र शिक्षामा गर्ने लगानी गुणस्तरीय जीवनको लागि गरिएको लगानीको रुपमा स्विकार गरेको पाइन्छ । यसले ग्रामीण र पिछडिएको समाजमा क्रमशः शिक्षाको आवश्यकता बारेको चेतना वृद्धि भैरहेको संकेत गर्दछ । तर राज्यको मूल दायित्व अन्तर्गत पर्ने शिक्षामा नै धेरै लगानी गर्नुपर्ने वाध्यता रहेको स्पष्ट हुन्छ । तसर्थ नगरपालिकाले विप्रेषणलाई उत्पादनशिल लगानीका क्षेत्रहरू जस्तै कृषि, उद्योग, पर्यटन, उर्जा जस्ता क्षेत्रमा केन्द्रित गर्ने ठोस कार्ययोजना निर्माण गर्नु आवश्यक देखिन्छ ।

## ५.३ कृषि

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ्य उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरूको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरू फलफूल, पशुपंक्षी, मत्स्य सिँचाइ साथै कृषि उत्पादन र क्षेत्रफलसम्बन्धी विविध सूचनाहरू कृषि तथ्याङ्को क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्तरमा कृषिसम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि विकास सहकारी तथा गरिबी निवारण मंत्रालय र केन्द्रीय तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादनको वृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ । नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागि कृषिमा निर्भर रहेका छन् । वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा

बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरू हुन् । कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाइ, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरूमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ ।

नगरपालिकाको ठूलो क्षेत्रफल कृषि योग्य भूभागले भरिएको क्षेत्रकोरुपमा रहेको छ । सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा मास, मसुरो, रहर, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी र भटमास उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, टमाटर उत्पादन हुन्छ । साथै नगरपालिकामा सुन्तला, आरु, अम्बा, कागती जस्ता फलफुल पनि उत्पादन हुने गरेको पाईन्छ । बाह्रविसे नगरपालिका कृषि क्षेत्रलाई अझ व्यवसायिक र आधुनिकरण गर्नु पर्ने देखिन्छ । जसले नगरपालिकाको आर्थिक वृद्धिदर वृद्धि भई विकास हुने देखिन्छ ।

### ५.३.१ कृषिजन्य बालीसम्बन्धी विवरण

बाह्रविसे नगरपालिकामा धान, गहुँ, मकै, तोरी, मास, भटमास लगायतका बालीको उत्पादन हुन्छ । तेलहन बाली अन्तर्गत तोरीको उत्पादन भएको देखिन्छ । यस्तैगरी तरकारी तथा पहाडी र हिमाली भेगमा पाइने फलफूलहरूको पनि राम्रो उत्पादन हुने गरेको छ । बालीपात्रको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४९ :** बाली पात्रो (लगाउने समय तथा भित्र्याउने समय)

| बाली | व्याड राख्ने/वीउ छर्ने समय | वेर्ना सार्ने समय | बाली भित्र्याउने समय |
|---|---|---|---|
| धान वर्षे | जेष्ठ, आषाढ | आषाढ, श्रावण | कार्तिक, मार्ग |
| मकै वर्षे | चैत्र, बैशाख | | आषाढ, श्रावण, भाद्र |
| गहुँ | कार्तिक, मार्ग | | चैत्र, बैशाख |
| जौं | कार्तिक, मार्ग | | चैत्र, बैशाख |
| धान चैते | माघ, फाल्गुण | फाल्गुण, चैत्र | आषाढ |
| मकै वसन्ते | फाल्गुन | | आषाढ |
| मास | आषाढ, श्रावण | | कार्तिक मार्ग |
| तोरी | कार्तिक, मंसिर, पौष | | मार्ग, फल्गुण, चैत्र |
| आलु वर्षे | माघ, फाल्गुण | | आषाढ |
| आलु हिउदे | आश्विन, कार्तिक | | माघ, फाल्गुण |
| भटमास | जेष्ठ, आषाढ | | कार्तिक, मंसिर |
| कोदो | जेष्ठ, आषाढ | आषाढ, श्रावण | कार्तिक, मंसिर |

*श्रोतः नगर कार्यपालिकाको कार्यालय, २०७५*

### ५.३.२ खाद्यान्न बालीका जातहरू

**तालिका नं. ५० :** खाद्यान्न बालीका जातहरू

| सि.नं. | बाली | मुख्य जातहरू |
|---|---|---|
| १. | धान वर्षे | खुमल –४, मकवानपुर-१, खुमल-८, पोखरेली मसिनो, हिमाली, कञ्चन, मालिका, हर्दिनाथ-१ , खुमल-११, अनादी आदि । |
| २. | मकै वर्षे | रामपुर कम्पोजीट, मनकामना-१, मनकामना-३, सितला, देउती, गणेश-१, र वर्णशंकर जातहरू आदि । |
| ३. | धान चैते | हर्दिनाथ-१, चैते-४, चैते-५ |
| ४. | मकै वसन्ते | अरुण-१, अरुण-२,अरुण-४, देउती, रामपुर कम्पोजीट, मनकामना ३, मनकामना ६ |
| ५. | गहुँ | अन्नपूर्ण-४, अन्नपूर्ण-३, पासाङ्गल्हामु, बि.एल१४७३, ध्यन्नदृण्ढ, गौतम आदि । |
| ६. | कोदो | ओख्ले, डल्ले, काव्रे -१, स्थानीय |
| ७. | आलु | डेजिरे, कुफिज्योती, कार्डिनल, खुमल रातो, जनकदेव, स्थानीय पहेलो, एन.पी.आई १०६,, रोजिटा |

*श्रोतः नगर कार्यपालिकाको कार्यालय, २०७५*

### ५.३.३ तरकारी बालीका जातहरू

**तालिका नं. ५१ :** तरकारी बालीका जातहरू

| क्र.सं. | बाली | जातहरू |
|---|---|---|
| १ | काउली | स्नोमिष्टिक, स्नोक्राउन, सिल्भर कप-६०,काठमाण्डौं स्थानीय, ह्वाइट फ्ल्यास |
| २ | बन्दा | ग्रीन कोरोनेट, ग्रीन स्टोन, |
| ३ | मूला | मिनो अर्ली, टोकीनासी, ४० दिने, प्यूठाने रातो |
| ४ | रायो | मार्फा चौडापात, खुमल चौडापात, स्थानीय |
| ५ | गाजर | न्यूकोरोडा, नान्टिज |
| ६ | काँक्रो | भक्तपुर स्थानीय, सिल्भर स्टार, स्थानीय, बेली |
| ७ | जूकीनी | ब्लुम हाउस |
| ८ | सिमी | केटुकी वण्डर, फोर सिजन |
| ९ | पालुङ्गो | पाटने छनौट |
| १० | फर्सी | स्थानीय |
| ११ | प्याज | रेड क्रियल, नासिक-५३, स्थानीय |
| १२ | चम्सुर | स्थानीय |
| १३ | खोर्सानी | अकबरे, जिरे, आकाशे, स्थानीय |
| १४ | गोलभेंडा | सृजना, सम्झना, लप्सी गेडे, सि.एल.११३१, सिंगापुरे, स्थानीय, मनिषा, वारी, बिशेष |

*श्रोतः नगर कार्यपालिकाको कार्यालय, २०७५*

### ५.३.४ मसला, कफीका बालीका जातहरू

**तालिका नं. ५२ :** मसला, कफीका बालीका जातहरू

| क्र.सं. | बाली | जातहरू |
|---|---|---|
| १ | अलैंची | रामसाई, गोलसाई, डम्बरसाई, साउने, जिर्मले आदि |
| २ | अदुवा | क्पुरकोट १, स्थानीय, वोसे, |
| ३ | लसुन | स्थानीय |
| ४ | बेसार | सुगन्धा, स्थानीय |
| ५ | कफी | |

*श्रोत: नगर कार्यपालिकाको कार्यालय, २०७५*

### ५.३.५ कृषक समुहको विवरण

**तालिका नं. ५३ :** कृषक समूहको विवरण

| क्र.स. | समूहको नाम | ठेगाना | अध्यक्षको नाम | उद्देश्य | फोन | सदस्य संख्या | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | पुरुष |
| १ | महाकाली अर्गानिक कृ.स | वडा नं. ८ | निर्मला तामाङ | खाद्यान | ९८१२२५२१६२ | ८ | ११ |
| २ | सेतिदेवी अर्गानिक कृ.स | वडा नं. ८ | फुलकाजी गुरुङ | अलैची | ९८२३३९९६७२ | १५ | ८ |
| ३ | कसेरी प्रगतिशिल म.कृ.स | वडा नं. ५ | राजमायाँ तामाङ | गोलभेडाँ | ९८०३२४८९७९ | १५ | ० |
| ४ | गाति प्रगतिशिल म.कृ.स | वडा नं. ६ | पेम्वा तामाङ | गोलभेडाँ | ९८१८८८७६०० | १५ | ० |
| ५ | जय गणेश अर्गानिक उत्पादन कृ.स | वडा नं. ८ | राजु पौडेल | तरकारी | ९८४९३४४२२४ | १७ | १२ |
| ६ | नमुना कृ.स | वडा नं. ८ | योग प्र.नेपाल | खाद्यान | ९८१३०५१५१२ | १० | ८ |
| ७ | मङगलभुमि अर्गानिक उत्पादक कृ.स | वडा नं. ९ | जिवन थामी | तरकारी | ९८१८३३८०१७ | ५ | ११ |
| ८ | सिगार्चे प्रगतिशिल म.कृ.स | वडा नं. ५ | मिछि तामाङ | खाद्यान | ९७४१०२६३७४ | १५ | ० |
| ९ | बच्छला देवि कृ.स. | वडा नं. ८ | मान ब.कार्की | खाद्यान | ९५१६६५०३१८ | ४ | १८ |
| १० | सेतिदेवी अर्गानिक उत्पादन कृ.स | वडा नं. ८ | रेशम ब.भण्डारी | तरकारी | ९८०८३२१४०६ | ११ | ४ |
| ११ | पलाती फलफुल, तरकारी तथा मसला बाली उत्पादन कृ.स | वडा नं. ३ | शिवहरि बस्नेत | फलफुल, तरकारी,मसला उत्पादन | ९८६०३३६८५९ | ३ | १९ |
| १२ | कालीदेवी कृ.स | वडा नं. ८ | धनसिंह तामाङ | फलफुल तरकारी | ९७७४११८४६३९ | २ | १८ |
| १३ | एकादशी कृ.स | वडा नं. ४ | पदम ब.राउत | तरकारी | ९८२३५७४००७ | ४ | १४ |
| १४ | नैम विर कृ.स | वडा नं. ४ | शान्ता राउत | तरकारी | ९८०४२३७४९५ | ११ | १२ |
| १५ | भुकदेउ नारायण कृ.स | वडा नं. ३ | सुस्मिता भण्डारी | तरकारी | ९६२११५३५७५ | १७ | १ |

| क्र.स. | समूहको नाम | ठेगाना | अध्यक्षको नाम | उद्देश्य | फोन | सदस्य संख्या | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | पुरुष |
| १६ | हयिाली कृ.स | वडा नं. ७ | कान्छी तामाङ | तरकारी | ९८१८४१३१८७ | २२ | ९ |
| १७ | डाडाँकटेरी महिला कृ.स | वडा नं. ६ | सिता कुमारी श्रेष्ठ | तरकारी | ९६१२१७०६९३ | १५ | ० |
| १८ | गणेश अर्गानिक उत्पादन कृ.स | वडा नं. ८ | गौरीशंकर नेपाल | तरकारी | ९६१११४३९११ | ३ | १५ |
| १९ | राधाकृष्ण सहकारी कृ.स | वडा नं. १ | लाल प्रसाद तिमल्सिना | नगदे बाली | ९८४३५३१४३० | ४ | १६ |
| २० | सात कन्या अर्गानिक कृ.स | वडा नं. ८ | शुभ लक्ष्मी तामाङ | खाद्यान | | १५ | ४ |
| २१ | महिला कृ.स | वडा नं. ९ | चिनि मायाँ कान्छी | खाद्यान | ९८४९०१४९१८ | २२ | ० |
| २२ | माङकाली माई महिला कृ.स | वडा नं. २ | रिनु भण्डारी | खाद्यान | | १४ | २ |
| २३ | सेतिदेवी कृ.स | वडा नं. ३ | नरेन्द्रब.बस्नेत | खाद्यान | ९५१५४२५४४१ | ४ | १४ |
| २४ | मंगलमय कृ.स | वडा नं. ९ | भोटिनी थामी | तरकारी | ९८५०८९४३७५ | २७ | ० |
| २५ | उज्यालो एमले बेसीं कृ.स | वडा नं. ८ | देवी दत्त तिवारी | फलफुल | ९८४१८०३८९९ | १० | १३ |
| २६ | फूलवारी कृ.स | वडा नं. ७ | सरस्वति नेवार | तरकारी | ९८०५४१३०८४ | १९ | ४ |
| २७ | सेतिदेवी कृ.स | वडा नं. ८ | विर मायाँ तामाङ | खाद्यान | ९८२३१७८०५८ | २२ | ३ |
| २८ | नयाँ गोरेटो कृ.स | वडा नं. ९ | नइन्द्र ब.सुवेदी | खाद्यान्न | | २० | ० |
| २९ | भिमसेन अर्गानिक कृ.स | वडा नं. ८ | नकुल प्र नेपाल | तरकारी अन्न | ९७१४४८५१४० | ४ | १५ |
| ३० | कालिदेवी अर्गानिक कृ.स | वडा नं. ८ | कृष्ण ब. कार्की | तरकारी फलफुल | ९६१४८९५४७५ | २२ | २ |
| ३१ | रातमाटा जैविक कृ.स | वडा नं. ९ | नारायण ब.रायमाझी | तरकारी | ९८४९९८३५०२ | १० | ९ |
| ३२ | एकट्रिप कृ.स | वडा नं. ४ | कृष्ण प्.न्यौपाने | तरकारी | ९८५१०७४७७१ | ९ | ११ |
| ३३ | रायो कृ.स | वडा नं. ५ | नानी रोक्का | खाद्यन्न | ९६१११७८४१२ | २५ | ० |
| ३४ | फुर्केसल्ला तामाखानी कृ.स | वडा नं. ९ | तेज ब.थापा | खाद्यन्न | ९८०४७६४१६७ | ५ | १८ |
| ३५ | भिमसेन अर्गानिक कृ.स | वडा नं. ८ | डिल ब.तामाङ | तरकारी | ९८०३४९१५२० | ३ | १२ |
| ३६ | भुमेस्थान कृ.स | वडा नं. ९ | लक्ष्मी तिमिल्सीना | तरकारी | ९८०८८६२१०४ | १५ | १० |
| ३७ | सुनकोशी अर्गानिक कृ.स | वडा नं. २ | पूर्ण ब.राउत | खाद्यन्न | ९८६०६५०१८७ | १९ | १५ |
| ३८ | वोटीवाटी कृषक समुह | वडा नं. ४ | सुस्मीता नेपाल | तरकारी | ९६२११७८४१७ | १० | ८ |
| ३९ | जनजागरण महिला कृ.स | वडा नं. ४ | शर्मिला गुरुङ | खाद्यन्न | ९८०३८५०३३४ | १५ | ० |
| ४० | गोल्मा वहुउदेश्यीय कृ.स. | वडा नं. ८ | गौरीशंकर नेपाल | अलैची | ९८५११४७८४८ | ५ | १० |
| ४१ | भद्रकाली अर्गानिक उ.कृ.स. | वडा नं. ८ | गौरीशंकर नेपाल | अलैची | | २ | १५ |
| जम्मा | | | | | | ४९३ | ३४१ |

*श्रोत: नगर कार्यपालिकाको कार्यालय, २०७५*

## ५.३.६ कृषिजन्य उद्योग तथा आधुनिक फार्महरूको विवरण

**तालिका नं. ५४ :** कृषिजन्य उद्योग तथा आधुनिक फार्महरूको विवरण

| क्र.स. | उद्योगको नाम | ठेगाना | दर्ता भएको वर्ष |
|---|---|---|---|
| १ | क्षमादेवी पोल्ट्री फर्म | वाह्रविसे ६ | २०६५ |
| २ | माँमा गाई फर्म | मनेस्वारा ५ | २०६९ |
| ३ | पौडेल पराजुली गाई फर्म | राम्चे ८ | २०६९ |
| ४ | बस्नेत डोका थुन्चे उद्योग | बाह्रबिसे १ | २०६९ |
| ५ | श्री हिमाली डेरी उद्योग | कर्थली १ | २०६९ |
| ६ | सिन्धु सनराइज एग्रो कल्चर फर्म | राम्चे-५ | २०७२ |
| ७ | भट्टे डाडाँ बाख्रा फर्म | राम्चे-९ | २०७२ |
| ८ | पुष्प बहुउद्देश्य कृषि फार्म (फलफूल), नारायण बहादुर लामा | बा.न.पा -३ | |
| ९ | सिमटोल कृषि फार्म (फलफुल तरकारी, निर बहादुर तामाङ | बा.न.पा -१ | |

*श्रोत: घरेलु तथा साना उद्योग विकास समिति, सिन्धुपाल्चोक*

## ५.३.७ घरेलु तथा साना उद्योग विकास समिति सिन्धुपाल्चोकमा दर्ता भएका उद्योगहरू

**तालिका नं. ५५ :** घरेलु तथा साना उद्योग विकास समिति सिन्धुपाल्चोकमा दर्ता भएका राईस मिल

| सि.नं. | नगरपालिका | व्यवसायको प्रकार | संख्या |
|---|---|---|---|
| १ | बाह्रविसे नगरपालिका | टेलर | १ |
| २ | बाह्रविसे नगरपालिका | ढुङ्गा | १ |
| ३ | बाह्रविसे नगरपालिका | फर्निचर | २ |
| ४ | बाह्रविसे नगरपालिका | मिल | १८ |
| ५ | बाह्रविसे नगरपालिका | निर्माण | २० |
| ६ | बाह्रविसे नगरपालिका | चिया/कफी उत्पादन | १ |
| ७ | बाह्रविसे नगरपालिका | ग्रिल उद्योग | ३ |
| ८ | बाह्रविसे नगरपालिका | उत्पादनमुलक | २ |
| ९ | बाह्रविसे नगरपालिका | कृषि, बन्यजन्य तथा पशुपालन | १६ |
| १० | बाह्रविसे नगरपालिका | कागज प्रेस सम्बन्धी | ४ |
| ११ | बाह्रविसे नगरपालिका | गरगहना | ७ |
| १२ | बाह्रविसे नगरपालिका | खाद्य | २ |
| १३ | बाह्रविसे नगरपालिका | होटल | ७ |

*श्रोत: घरेलु तथा साना उद्योग विकास समिति, सिन्धुपाल्चोक*

### ५.३.८ कृषि सेवा केन्द्रको विवरण

**तालिका नं. ५६ :** जनसंख्या प्रतिसेवा केन्द्र/उपकेन्द्र

| क्र.स. | कृषि सेवा केन्द्र | सेवा पुऱ्याउने साविकका गा.वि.स. |
|---|---|---|
| १ | बाह्रविसे | गाती, मानेश्वाँरा, घुम्थाङ, राम्चे, बाह्रविसे, कर्थली र घोर्थली |

*श्रोत: नगर कार्यपालिकाको कार्यालय, २०७५*

### ५.३.९ पकेट क्षेत्रको विवरण

**तालिका नं. ५७ :** पकेट क्षेत्रको विवरण

| क्र.सं. | पकेट क्षेत्रको नाम | पकेट क्षेत्रका ठेगाना( गा.वि.स./न.पा.) | बाली | पकेट क्षेत्रले ढाकेको अनूमानित क्षेत्रफल | पुर्वाधारको अवस्था ( सडक, सिंचाई विधूतको पहूँच आदि) | विस्तार गर्न सकिने सम्भाव्य क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बाह्रविसे पकेट | कर्थली | | ८० | ग्रामीण सडक र विद्युतको पँहुच | १५ | कृ.से.के. बाह्रविसे |
| २ | डाँडापाखर पकेट | घोर्थली | आलुखेती | १९० | ग्रामीण सडक र विद्युतको पँहुच | | कृ.से.के. डाँडापाखर |
| ३ | बाह्रविसे पकेट | मानेस्वारा, राम्चे, बाह्रबिसे | | ४५० | सिंचाई, ग्रामीण सडक र विद्युतको पँहुच | | कृ.से.के. बाह्रविसे |
| ४ | पकेट क्षेत्र | कर्थली, वडा नं. २ | तरकारी | | | | |

*श्रोत: नगर कार्यपालिकाको कार्यालय, २०७५*

### ५.३.१० नगरपालिकामा हालसम्म संचालित कृषक पाठशालाहरूको विवरण

**तालिका नं. ५८ :** नगरपालिकामा हालसम्म संचालित कृषक पाठशालाहरूको विवरण

| सि.नं. | कृषक पाठशालाको नाम | ठेगाना | पाठशाला संचालन भएको साल | बाली | सहभागी संख्या |
|---|---|---|---|---|---|
| १ | राम्चेफाट आइ.पि.एम.कृषक पाठशाला | राम्चे २ | २०७१ | करेला | २५ |
| २ | सूनकोसी आइ.पि.एम.कृषक पाठशाला | राम्चे ७ | २०७२ | करेला | २५ |

*श्रोत: नगर कार्यपालिकाको कार्यालय, २०७५*

### ५.३.११ कृषि सहकारी संस्थाको विवरण

**तालिका नं. ५९ :** कृषि सहकारी संस्थाको विवरण

| क्र.सं. | संस्थाको नाम | ठेगाना | | दर्ता नं. | दर्ता मिति | सदस्य संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | साविक | हाल बा.न.पा. | | | महिला | पुरुष | जम्मा |
| १ | कुसल साना किसान कृषि सहकारी संस्था लि. | बाह्रबिसे १ | ३ | २०१३ | ०६९/०७/१७ | ० | ० | ० |
| २ | हर्राबारी कृषि सहकारी संस्था लि. | | ३ | २१३५ | ०७०/०३/०६ | २८ | ३३ | ६१ |
| ३ | बाह्रदेवी कृषि सहकारी संस्था लि. | | ३ | २४२७ | ०७४/०४/०८ | ८४ | १२१ | २०५ |
| ४ | कफेश्वर कृषि सहकारी संस्था लि. | बाह्रबिसे ७ | ४ | १६७६ | ०६७/०८/०८ | १३ | १३ | २६ |
| ५ | कालीका महालक्ष्मी साना किसान कृषि सहकारी संस्था लि. | बाह्रबिसे ७ | ४ | २३७७ | ०७३/१०/०७ | १० | ४६ | ५६ |
| ६ | मानेश्वाँरा महिला कृषि सहकारी संस्था लि. | मानेश्वाँरा ९ | ८ | १९१७ | ०६९/०४/०४ | ४२५ | ० | ४२५ |
| ७ | समाज जागरण कृषि सहकारी संस्था लि. | | ८ | २००९ | ०६९/०७/०१ | ० | ० | ० |
| ८ | भद्रकाली कृषि सहकारी संस्था लि. | मानेश्वाँरा ९ | ८ | २११७ | ०७०/०२/२८ | ० | ० | ० |
| ९ | हिमचुली साना किसान कृषि सहकारी संस्था लि. | | ८ | ६ | ०६६/०२/२५ | ४८० | ३०९ | ७८९ |
| १० | गुन्द्रुक गाउँ कृषि सहकारी संस्था लि. | राम्चे २ | ९ | २१०५ | ०७०/०१/१३ | ० | ० | ० |
| ११ | तपाई हाम्रो नमुना साना किसान कृषि सहकारी संस्था लि. | राम्चे ७ | ९ | २२२९ | ०७१/०४/२६ | २९२ | ६८१ | ९७३ |
| १२ | नमुना कफि सहकारी संस्था लि. | | ०४ | | | | | |
| १३ | गाती कफी उत्पादन सहकारी लि. | | ०४ | | | | | |
| | **जम्मा** | | | | | १३३२ | १२०३ | २५३५ |

*श्रोत: नगर कार्यपालिकाको कार्यालय, २०७५*

### ५.३.१२ कृषि बालीमा लाग्ने रोग

नगरपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदि नै मुख्य रुपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरू देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरू देखिन्छन् । यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरू मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, जरा कुहिने, ओइलाउने आदि रोगहरूको प्रकोपबाट कृषकहरू समस्यामा परेका छन् । मुख्य बालीहरूमा लाग्ने शत्रु जीव र रोगहरूको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

**तालिका नं. ६० :** विभिन्न बालीमा लाग्ने रोग विवरण

| क.सं. | बाली | प्रमुख कीराहरू | प्रमुख रोगहरू | प्रमुख झारपातहरू |
|---|---|---|---|---|
| १. | धान | गवारो, पातबेरुवा, पतेरो,हरियो फड्के,मिलिवग,हिस्पा,ट्वाँटीकीरा, खैरो फड्के किरा | डढुवा रोग, फेद कुहिने रोग, खैरो थोप्ले रोग, फुट रट, | मोथे, दुबो, सामा |
| २. | मकै | खुम्रे, धर्के गभारो, फौजी किरा, फेद कटुवा, लाहि, | डाँठ कुहिने, घोगा कुहिने रोग, पातको डढुवा, डाउने मिल्ड्यु | मोथे, बन्सो, लुडे, पिरे, बेथे |
| ३. | गहुँ | लाहि | पहेलो सिन्दुरे, खैरो सिन्दुरे, कालो पोके, | बेथे, पिरे, रगते झार |
| ४. | आलु | लाहि, रातो कमिला, फेद कटुवा, खुम्रे, , | अगौटे डढुवा, पछौटे डढुवा, ऐजेरु, खैरो पिपचक्के, भाईरस | मोथे, बेथे, बन्सो |
| ५. | तरकारी(काउली, बन्दा,रायो, मूला आदि | बन्दाको पुतली, इट्टा बुट्टे पुतली, उफने खपटे, फेद कटुवा खुम्रे, लाहि, रातो कमिला, तोरीको झिंगा | डाउनी मिल्ड्यु, पातको थोप्ले रोग, कोत्रे रोग, ड्याम्पिङ्ग अफ, निमाटोड, क्लव रुट | मोथे, बेथे, गन्धे |
| ६. | तरकारी (गोलभेंडा, काँक्रो, फर्सी, खुर्सानी आदि) | फलको गभारो, सेतो झिंगा, रातो खपटे, फल कुहाउने औंसा, लाही, रातो कमिला | ओइलाउने रोग, अगौटे डढुवा, पछौटे डढुवा, कोत्रे रोग, CMV रोग, पाउडरी मिल्ड्यु, डाउने मिल्ड्यु | दुबा, गन्धे, काने |
| ७. | आँप | कोयामा लाग्ने घुन, फल कुहाउने झिंगा, मुनामा ऐंजेरु बनाउने, फड्के किरा, कत्ले किरा, पातमा ऐंजेरु बनाउने | कोत्रे रोग, गम्मोसिस, कालो ढुंसी, सेतो धूले ढुंसी | मोथे, दुबो, लुडे |
| ८. | सुन्तला | सेतो झिंगा, फल कुहाउने औंसा, पात खन्ने कीरा, मिलि वग, कागतीको पुतली, कत्ले कीरा, लाहि, सिल्ला, गभारो, पतेरो | फेद कुहिने रोग, कोत्रे रोग, दाद गुलाबी रोग, कालो ढुंसी, सेतो धुले ढुंसी, ग्रीनिङ, गम्मोसिस | गन्धे, दुवो, वनमारा |

*श्रोत: नगर कार्यपालिकाको कार्यालय, २०७५*

### ५.३.१३ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरूले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरूको बजारीकरण प्रचलन विकास हुन थालेको छ । नगरपालिका निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका विभिन्न ढाँचाहरू अभ्यासमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरूले कृषि बजारको क्रमिक विकासमा टेवा पु¥याएका छन् । नगरपालिकामा विभिन्न हाट बजारहरूबाट कृषि लगायत अन्य वस्तुहरूको (तरकारी, खाद्यान्न तथा लत्ताकपडा, पशुजन्य ) बजारीकरण हुने गरेको देखिन्छ। यस नगरपालिकाको बाह्रविसेमा सोमबार र शुक्रबार हाट बजार लाग्ने गर्दछ।

### ५.३.१४ कृषक र गैर-कृषक घर परिवारको विवरण

**तालिका नं. ६१ :** कृषक र गैर-कृषक घरपरिवारको विवरण

| वडा | कृषिमा आवद्ध भएको | | कृषिमा आवद्ध नभएको | | उल्लेख नगरिएको | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | १७५ | ५६.५% | १३५ | ४३.५% | ० | ०.०० | ३१० |
| २ | ७८३ | ७८.९% | २१० | २१.१% | ० | ०.०० | ९९३ |
| ३ | ६९९ | ५८.५% | ४९६ | ४१.५% | ० | ०.०० | ११९५ |
| ४ | ३७५ | ३७.६% | ६२३ | ६२.४% | ११ | १.०९ | १००९ |
| ५ | ४५६ | ७७.६% | १३२ | २२.४% | ० | ०.०० | ५८८ |
| ६ | २७५ | ५७.७% | २०२ | ४२.३% | ० | ०.०० | ४७७ |
| ७ | ८५९ | ७३.२% | ३१४ | २६.८% | ० | ०.०० | ११७३ |
| ८ | ७७४ | ७८.४% | २१३ | २१.६% | ० | ०.०० | ९८७ |
| ९ | ५३९ | ५८.१% | ३८८ | ४१.९% | १ | ०.११ | ९२८ |
| जम्मा | ४९३५ | ६४.५% | २७१३ | ३५.५% | १२ | ०.१६ | ७६६० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

**नोट : नगण्य मात्रामा खेती गर्ने वा अत्यन्त न्यून संख्यामा (१ वा २ वटा) पशुपंक्षी पाल्ने परिवारलाई कृषक परिवार भन्न मिल्दैन ।**

केन्द्रिय तथ्याङ्क विभागको परिभाषामा कृषक परिवार भन्नको लागि निश्चित क्षेत्रफलमा खेतीपाती गरेको वा निश्चित संख्यामा वस्तुभाउ पालेको हुनुपर्दछ । अर्थात कृषक परिवार हुनको लागि गाई/गोरु, भैंसी/राँगा, जसलाई Big Head भनिन्छ कम्तीमा १ वटा पालेको, भेडा, बाखा, च्याङ्ग्रा, बंगुर, सुङ्गुर कम्तीमा २ वटा पालेको र हाँस/कुखुरा कम्तीमा २० वटा पालेको हुनुपर्दछ। अर्कोतर्फ हिमाल र पहाडमा भए कम्तिमा ०.०१२७२ हेक्टर जग्गामा खेती गरेको, तराईमा भए कम्तीमा ०.०१३५५ हेक्टर जग्गामा खेती गरेको हुनुपर्ने उल्लेख गरिएको छ । यस परिभाषालाई हेर्दा नगरपालिकामा खेतीपाती गर्ने र पशुपंक्षी पाल्ने कूल ७,६६० घरपरिवारहरूमध्ये ४,९३५ अर्थात ६४.५ प्रतिशत कृषक परिवारको रूपमा र २,७१३ अर्थात ३५.५ प्रतिशत गैर-कृषक परिवारको रुपमा रहेका छन् । यस प्रकारको गैर-कृषक परिवारसमेत कृषि गणनामा समावेश हुँदा कृषिमा संलग्न जनसंख्याको तथ्यमा केही फरक पर्ने वा बढी देखिन आउँछ तसर्थ खास कृषक परिवार र गैर कृषक परिवारको बीचमा भिन्नता हुँदा तथ्यको नजिक पुग्न सकिन्छ ।




### ५.३.१५ कृषि पेशा अंगाल्ने परिवार, कृषक परिवार र उनीहरूले भोगचलन गरेको जमिनको विवरण

**तालिका नं. ६२ :** कृषि पेशा अंगाल्ने परिवार, कृषक परिवार र उनीहरूले भोगचलन गरेको जमिनको विवरण

| वडा | आफ्नो जग्गा आफैँले चलन गरेको | | अरूको जग्गा आफूले चलन गरेको | | आफ्नो जग्गा अरूले चलन गरेको | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | छ | | छ | | छ | | छ | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | १८८ | ५.५% | ३५ | ६.७% | ३७ | ७.६% | २६० | ५.९% |
| २ | ६१३ | १८.०% | ९७ | १८.६% | ५६ | ११.६% | ७६६ | १७.४% |
| ३ | २७४ | ८.०% | ३७ | ७.१% | ५६ | ११.६% | ३६७ | ८.३% |
| ४ | २३१ | ६.८% | ३१ | ६.०% | ३४ | ७.०% | २९६ | ६.७% |
| ५ | ४३३ | १२.७% | ६९ | १३.२% | १८ | ३.७% | ५२० | ११.८% |
| ६ | २६१ | ७.७% | १९ | ३.६% | १४ | २.९% | २९४ | ६.७% |
| ७ | ६८९ | २०.२% | १६१ | ३०.९% | १४० | २८.९% | ९९० | २२.५% |
| ८ | ३६८ | १०.८% | ३० | ५.८% | ६६ | १३.६% | ४६४ | १०.५% |
| ९ | ३४७ | १०.२% | ४२ | ८.१% | ६३ | १३.०% | ४५२ | १०.३% |
| **जम्मा** | **३४०४** | **१००.०%** | **५२१** | **१००.०%** | **४८४** | **१००.०%** | **४४०९** | **१००.०%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा कृषि प्रयोजनको जमिन भएका वा कृषि प्रयोजनको जमिन भोगचलन गर्ने परिवारको संख्या ४४०९ मध्ये आफ्नो जग्गा आफैले चलन गरेको ३४०४ घरपरिवार, अरुको जग्गा आफुले चलन गरेको ५२१ घरपरिवार र आफ्नो जग्गा अरुलाई चलन गर्न दिएको ४८४ घरपरिवार रहेको छ। सबै कृषि प्रयोजनको जमिन हुने परिवारले कृषि कर्म गरेको छैनन् भने कृषि प्रयोजनको जमिन नहुने परिवारले पनि अरुको जमिनमा खेति गर्ने गरेका छन्। मूलत यस तथ्याङ्कले कृषि प्रयोजनको जमिनको पूर्णरुपमा सदुपयोग भई दिगो उत्पादनशील काममा प्रयोग भएको छ कि छैन भन्ने कुरालाई इङ्गित गर्दछ। पहिलो कुरा वास्तविक कृषि कर्ममा संलग्न परिवारले जमिनको सही सदुपयोग गर्न पाउनुपर्दछ भने दोस्रो कृषि योग्य जमिनलाई जमिनको स्तरअनुसार बालीनाली लगाई सदुपयोग गर्नुपर्दछ।

## ५.३.१६ आफ्नो उत्पादनले खान पुग्ने समयसम्बन्धी विवरण

**तालिका नं. ६३ :** आफ्नो उत्पादनले खान पुग्ने समयसम्बन्धी विवरण

| वडा नं | ०- ३ महिना | ४- ६ महिना | ७-९ महिना | १०-११ महिना | १२ महिना | उल्लेख नगरिएको | जम्मा | औषतमा खान पुग्ने समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | १०५ | ५७ | १० | ० | ३ | | १७५ | ३.८० |
| २ | ११२ | ४८५ | ९३ | २२ | ७१ | | ७८३ | ६.०८ |
| ३ | १३६ | २८४ | ८६ | २८ | १६५ | | ६९९ | ६.९१ |
| ४ | ११७ | ११३ | ४१ | १४ | ९० | | ३७५ | ६.४७ |
| ५ | १३३ | २२१ | ४२ | ६ | ५४ | | ४५६ | ५.५५ |
| ६ | २२ | १०२ | २२ | ३ | १२६ | | २७५ | ८.५९ |
| ७ | ५३ | ३७२ | ७४ | ३५ | ३२५ | | ८५९ | ८.३४ |
| ८ | ८५ | ३०४ | १११ | ३७ | २३७ | | ७७४ | ७.७४ |
| ९ | ४९ | ७० | २४ | १५ | ३८० | १ | ५३९ | १०.०३ |
| **जम्मा** | ८१२ | २००८ | ५०३ | १६० | १४५१ | १ | ४९३५ | ७.३२ |
| **प्रतिशत** | १६.४५ | ४०.६९ | १०.१९ | ३.२४ | २९.४० | ०.०२ | १००.०० | |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा कृषिमा संलग्न रहेका कूल ४,९३५ घरपरिवारहरूमध्ये आफ्नै कृषि उत्पादनले ० देखि ३ महिनासम्म खानपुग्ने घरपरिवारको संख्या ८१२ अर्थात १६.४५ प्रतिशत, ४ देखि ६ महिनासम्म खान पुग्ने घरपरिवार संख्या २,००८ अर्थात ४०.६९ प्रतिशत, ७ देखि ९ महिनासम्म खान पुग्ने घरपरिवार संख्या ५०३ अर्थात १०.१९ प्रतिशत, १० देखि ११ महिनासम्म खानपुग्नेको संख्या १६० अर्थात ३.२४ प्रतिशत र १२ महिना खान पुग्ने घरपरिवारको संख्या १,४५१ अर्थात २९.४० प्रतिशत छ। तथ्याङ्कले जम्मा ३ महिना वा सोभन्दा कम समय खानपुग्ने संख्या १६.३५ प्रतिशत देखिएको छ। नगरपालिकामा रहेका कूल परिवारहरूमा औषतमा ७.३ महिनासम्म मात्र आफ्नो उत्पादनले खान पुग्ने देखिन्छ। यद्यपि आफ्नै कृषि पेशाबाट खान नपुगे तापनि अन्य पेशाबाट राम्रो आम्दानी भई खरिद गरी खाने परिवारहरूसमेत हुन्छन् तर पूर्ण रुपमा ग्रामीण परिवेश भएको यस नगरपालिकामा आफ्नै उत्पादनबाट खान नपुग्ने धेरै हुनुले ती परिवारमा गरिबीको संकेत गर्दछ। यस प्रकारका परिवारको आधारभूत आवश्यकता मध्ये खाद्यान्नको सूरक्षाको लागि उपयूक्त कार्यक्रमहरू संचालन गर्नुपर्ने देखिन्छ। खाद्य सूरक्षाको एक मात्र उपाय उपलब्ध कृषि योग्य जमिनको पूर्ण सदुपयोग नै हो। पूर्ण विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ५.३.१७ कृषि प्रयोजनको लागि जग्गा/जमिनसम्बन्धी विवरण

**तालिका नं. ६४ :** कृषिको प्रयोजनको लागि जग्गा/जमिन भए/नभएको आधारमा परिवारको विवरण

| वडा | जमिन भएको वा भोगचलन गर्ने परिवार | जमिन भोगचलन गर्ने परिवार | जग्गाको जम्मा क्षेत्रफल ( हे) | प्रतिपरिवार औषत जमिन |
|---|---|---|---|---|
| | संख्या | संख्या | जम्मा क्षेत्रफल | |
| १ | २६० | २२३ | ६५.५४ | .२५ |
| २ | ७६६ | ७१० | ३११.३९ | .४१ |
| ३ | ३६७ | ३११ | १२०.३७ | .३३ |
| ४ | २९६ | २६२ | ९४.७९ | .३२ |
| ५ | ५२० | ५०२ | १८०.९८ | .३५ |
| ६ | २९४ | २८० | १२०.७७ | .४१ |
| ७ | ९९० | ८५० | ४८३.८४ | .४९ |
| ८ | ४६४ | ३९८ | १८०.७७ | .३९ |
| ९ | ४५२ | ३८९ | २१३.२६ | .४७ |
| **जम्मा** | **४४०९** | **३९२५** | **१७७१.७१** | **.४०** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका कूल घरपरिवारहरूमध्ये कृषि प्रयोजनको जमिनको स्वामित्व भएका वा भोगचलन गरेका घरपरिवारहरूको संख्या ४४०९ रहेका छन् जसमा जमिन भोगचलन गर्ने परिवारको संख्या ३९२५ रहेको छ भने आफ्नो जग्गा अरुले चलन गरेको ४८४ रहेको छ । यसको अर्थ ४८४ परिवारको आफ्ने जमिन नभएर अरुको जमिन भोगचलन गरेका छन् । कृषिलाई उच्च प्रतिफलमूखी बनाउन ध्यान पुऱ्याउनु पर्ने र कृषि क्षेत्रमा रहेको अदृष्य बेरोजगारीलाई न्यून गर्ने कार्यक्रमहरू ल्याउनुपर्ने हुन्छ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

चौधौं आवधिक योजना २०७३/७४ - २०७५/७६) अनुसार करिब ६३% जनसंख्या जीविका तथा बेरोजगारको लागि कृषिमा निर्भर रहेका छन् भने कूल गार्हस्थ्य उत्पादनमा यसको (कृषि क्षेत्रको) योगदान २९.३७ प्रतिशत

रहेको छ । नेपालको संविधान भाग ३ को धारा ३६ (३) बमोजिम "प्रत्येक नागरिकलाई कानुनबमोजिम खाद्य सम्प्रभुताको हक" को सुनिश्चितता गरिएको सन्दर्भमा कृषि उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने भूमिको वैज्ञानिक वितरण र व्यवस्थापन गर्दै व्यवसायिक खेतीतर्फ कृषकलाई आर्कषित गर्ने नीति राज्यद्वारा अंगिकार गरिनुपर्छ ।




### ५.३.१८ कृषि प्रयोजनको लागि उपयोग भएको जग्गाजमिनको क्षेत्रफलको आधारमा परिवारको विवरण

**तालिका नं. ६५ :** कृषि प्रयोजनको लागि उपयोग भएको जग्गाजमिनको क्षेत्रफलको आधारमा परिवारको विवरण

| वडा नं. | जम्मा जग्गाको क्षेत्रफल (हे) | | | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ०.०१ हे - ०.५ हे. | | ०.५ हे. - १ हे. | | १ हे. - २ हे. | | २ हे.- ५ हे. | | ५ हे. - १० हे. | | १० हे. भन्दा बढी | | उल्लेख नगरिएको | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | २२३ | ८५.८% | ३१ | ११.९% | ६ | २.३% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ० | | २६० |
| २ | ५८९ | ७६.९% | १२६ | १६.४% | ३१ | ४.०% | १९ | २.५% | १ | .१% | ० | ०.०% | ० | | ७६६ |
| ३ | २९५ | ८०.४% | ४८ | १३.१% | २१ | ५.७% | ३ | .८% | ० | ०.०% | ० | ०.०% | ० | | ३६७ |
| ४ | २४३ | ८२.१% | ४१ | १३.९% | ६ | २.०% | २ | ०.७% | १ | ०.३% | ० | ०.०% | ३ | १.०% | २९६ |
| ५ | ३८९ | ७४.८% | ९५ | १८.३% | ३४ | ६.५% | २ | .४% | ० | ०.०% | ० | ०.०% | ० | | ५२० |
| ६ | २१९ | ७४.५% | ५६ | १९.०% | १३ | ४.४% | ६ | २.०% | ० | ०.०% | ० | ०.०% | ० | | २९४ |
| ७ | ६७५ | ६८.२% | २२७ | २२.९% | ७० | ७.१% | १७ | १.७% | ० | ०.०% | १ | .१% | ० | | ९९० |
| ८ | ३५७ | ७६.९% | ८४ | १८.१% | १९ | ४.१% | ४ | .९% | ० | ०.०% | ० | ०.०% | ० | | ४६४ |
| ९ | २८४ | ६२.८% | १३५ | २९.९% | २८ | ६.२% | ४ | .९% | १ | .२% | ० | ०.०% | ० | | ४५२ |
| **जम्मा** | **३२७४** | **७४.३%** | **८४३** | **१९.१%** | **२२८** | **५.२%** | **५७** | **१.३%** | **३** | **०.१%** | **१** | **०.०%** | **३** | **०.१%** | **४४०९** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा कृषि प्रयोजनको जमिन हुने र प्रयोग गर्नेको कूल संख्या ४,४०९ रहेकोमा ४८४ ले अरुको जमिनमा कृषि कर्म गरेको पाइयो । नगरपालिकामा ०.०१ हे. देखि ०.५ हे. जमिन कृषि प्रयोजनको लागि उपयोग गर्नेहरूको संख्या सबैभन्दा धेरै ३,२७४ अर्थात ७४.३ प्रतिशत, ०.५ - १.० हेक्टर जमिनहुने ८४३

अर्थात १९.१ प्रतिशत, १ हेक्टरदेखि २ हेक्टरसम्म हुनेको संख्या २२८ अर्थात ५.२ प्रतिशत रहेको पाइयो । २ हेक्टरभन्दा माथि हुनेहरूको संख्या भने न्यून देखिन्छ । ठूलो जनसंख्याको आफ्नै कृषि प्रयोजनको जमिनको स्वामित्व रहेता पनि केहीले भने अर्काको जमिनमा खेती गरेको पाइयो । एकातर्फ नेपालको संविधान, (२०७२) भाग ४ धारा ५१ (ङ.३) "किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायिकरण, औद्योगिकीकरण, विविधिकरण र आधुनिकीकरण गर्ने" कृषि तथा भूमिसुधारसम्बन्धी नीति लिएको भएता पनि यस नगरपालिकामा कृषिमा संलग्न खास जनशक्तिको पहुँचमा जमिन अत्यन्त कम रहेको र अर्कोतर्फ धेरै परिवारमा जमिन खण्डीकरण भई व्यवसायीक कृषि फष्टाउन नसकेको देखिन्छ जुन कृषि क्षेत्रको प्रमुख समस्याको रुपमा रहेका छन् । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ५.३.१९ कृषि प्रयोजनका लागि भएको जग्गा जमिन सिंचाइ सुविधासम्बन्धी विवरण

**तालिका नं. ६६ :** कृषि प्रयोजनका लागि भएको जग्गा जमिन सिंचाइ सुविधासम्बन्धी विवरण

| वडा | सिंचित जग्गाको क्षेत्रफल (हे.) | | | असिंचित जग्गाको क्षेत्रफल (हे.) | | |
|---|---|---|---|---|---|---|
| | संख्या | जम्मा क्षेत्रफल | प्रतिपरिवार औषत जमिन | संख्या | जम्मा क्षेत्रफल | प्रतिपरिवार औषत जमिन |
| १ | २३ | ३.३५ | ०.१५ | २५० | ६२.१९ | ०.२५ |
| २ | ५३१ | २४०.८३ | ०.४५ | २९६ | ७०.५६ | ०.२४ |
| ३ | ३४ | ६.१५ | ०.१८ | ३६० | ११४.२२ | ०.३२ |
| ४ | ७५ | २६.५३ | ०.३५ | २४६ | ६८.२६ | ०.२८ |
| ५ | १६७ | ५२.८९ | ०.३२ | ४१९ | १२८.१० | ००.३१ |
| ६ | १४० | ५४.४१ | ०.३९ | १८७ | ६६.३६ | ०.३५ |
| ७ | ३८६ | ८०.४६ | ०.२१ | ९०६ | ४०३.३८ | ०.४५ |
| ८ | ३४९ | ९७.३९ | ०.२८ | ३५९ | ८३.३८ | ०.२३ |
| ९ | ३२९ | १४२.९६ | ०.४३ | १७८ | ७०.३० | ०.३९ |
| **जम्मा** | २०३४ | ७०४.९८ | ०.३५ | ३२०१ | १०६६.७३ | ०.३३ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा कृषि प्रयोजनको जमिन भएका वा कृषि प्रयोजनको जमिन भोगचलन गर्ने परिवारको संख्या ४,४०९ रहेको छ । त्यसैगरी कूल ७०४.९८ हेक्टर सिंचित जमिन उपयोग गर्ने परिवार संख्या २०३४ रहेको छ जसमा प्रतिपरिवार औषत ०.३५ हे. जमिन हुन आउछ । त्यस्तै कूल १०६६.७३ हेक्टर असिंचित जमिन उपभोग गर्ने परिवार ३२०१ रहेको छ जसमा प्रतिपरिवार औषत ०.३३ हे. जमिन हुन आउछ । असिंचित जमिनको क्षेत्रफल आधा भन्दा बढी हुनु र सिंचित जमिनको सही र पूर्ण सदुपयोग नहुँदा खाद्यान्न, तरकारी र अन्य कृषिजन्य उपजहरू आयात गर्नुपर्ने हुन्छ । यसले परनिर्भरता बढाउँछ । तसर्थ नगरपालिकालाई कृषि र खाद्यान्न उत्पादनमा सबल बनाउन सके आर्थिक क्षेत्रमा उल्लेख्य सुधार भई निर्यात प्रर्वद्धन गर्न सकिन्छ । अर्कोतर्फ सिँचाइ सुविधा नपुगेको कृषि योग्य जमिनमा सुविधा पुऱ्याउन पहल गर्नुपर्ने देखिन्छ । सिँचाइ सुविधा पुग्न नसक्ने स्थानहरूमा डालेघाँस, फलफुल खेति वा कृषिका कम सिँचाइ वा सिँचाइ आवस्यक नपर्ने वैकल्पिक उत्पादन हुने विधिहरू अपनाई जमिनको सदुपयोग गर्न सकिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६७ :** कृषि प्रयोजनका लागि भएको जग्गा जमिन सिंचाइ सुविधासम्बन्धी विवरण

| वडा | कृषि प्रयोजनका लागि जमिन भएको वा भोगचलन गर्ने पिरवार | सिंचित जग्गाको क्षेत्रफल (हे.) | | | असिंचित जग्गाको क्षेत्रफल (हे.) | | |
|---|---|---|---|---|---|---|---|
| | | जमिनको उपयोग गर्ने परिवार | जम्मा क्षेत्रफल | प्रतिपरिवार औषत जमिन | जमिनको उपयोग गर्ने परिवार | जम्मा क्षेत्रफल | प्रतिपरिवार औषत जमिन |
| १ | २६० | २३ | ३.३५ | .१५ | २५० | ६२.१९ | .२५ |
| २ | ७६६ | ५३१ | २४०.८३ | .४५ | २९६ | ७०.५६ | .२४ |
| ३ | ३६७ | ३४ | ६.१५ | .१८ | ३६० | ११४.२२ | .३२ |
| ४ | २९६ | ७५ | २६.५३ | .३५ | २४६ | ६८.२६ | .२८ |
| ५ | ५२० | १६७ | ५२.८९ | .३२ | ४१९ | १२८.१० | .३१ |
| ६ | २९४ | १४० | ५४.४१ | .३९ | १८७ | ६६.३६ | .३५ |
| ७ | ९९० | ३८६ | ८०.४६ | .२१ | ९०६ | ४०३.३८ | .४५ |
| ८ | ४६४ | ३४९ | ९७.३९ | .२८ | ३५९ | ८३.३८ | .२३ |
| ९ | ४५२ | ३२९ | १४२.९६ | .४३ | १७८ | ७०.३० | .३९ |
| **जम्मा** | **४४०९** | **२०३४** | **७०४.९८** | **.३५** | **३२०१** | **१०६६.७३** | **.३३** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

## ५.३.२० कृषिजन्य उत्पादन विवरण

**तालिका नं. ६८ :** कृषिजन्य उत्पादन विवरण

| बाली समूह | | वडा नं. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
| **अन्न बाली** | उत्पादन गर्ने | ८८ | १९६२ | १४८८ | ७५० | १२८० | ७१४ | २७४१ | २४१२ | १११६ | १२५५१ |
| | उत्पादन नगर्ने | ७८७ | १९५३ | २००७ | ११२५ | १००० | ६६१ | १५५४ | १४५८ | १५७९ | १२१२४ |
| | जम्मा | ८७५ | ३९१५ | ३४९५ | १८७५ | २२८० | १३७५ | ४२९५ | ३८७० | २६९५ | २४६७५ |
| **दाल बाली** | उत्पादन गर्ने | १ | ५४ | ८० | ५८ | ५४ | ३६ | २२३ | ३७० | २७३ | ११४९ |
| | उत्पादन नगर्ने | १३९९ | ६२१० | ५५१२ | २९४२ | ३५९४ | २१६४ | ६६४९ | ५८२२ | ४०३९ | ३८३३१ |
| | जम्मा | १४०० | ६२६४ | ५५९२ | ३००० | ३६४८ | २२०० | ६८७२ | ६१९२ | ४३१२ | ३९४८० |
| **तेल बाली** | उत्पादन गर्ने | ० | ३ | २ | ९ | १ | ३ | ७८ | १ | ६० | १५७ |
| | उत्पादन नगर्ने | ७०० | ३१२९ | २७९४ | १४९१ | १८२३ | १०९७ | ३३५८ | ३०९५ | २०९६ | १९५८३ |
| | जम्मा | ७०० | ३१३२ | २७९६ | १५०० | १८२४ | ११०० | ३४३६ | ३०९६ | २१५६ | १९७४० |
| **तरकारी बाली** | उत्पादन गर्ने | १११ | १८२ | १५७ | १६६ | ९४ | ८५ | ५८६ | २५७ | ५९८ | २२३६ |
| | उत्पादन नगर्ने | १२८९ | ६०८२ | ५४३५ | २८३४ | ३५५४ | २११५ | ६२८६ | ५९३५ | ३७१४ | ३७२४४ |
| | जम्मा | १४०० | ६२६४ | ५५९२ | ३००० | ३६४८ | २२०० | ६८७२ | ६१९२ | ४३१२ | ३९४८० |
| **मसला बाली** | उत्पादन गर्ने | १ | ३२१ | ९१ | १४६ | १८८ | ६१ | ४५५ | २१० | ९५९ | २४३२ |
| | उत्पादन नगर्ने | १०४९ | ४३७७ | ४१०३ | २१०४ | २५४८ | १५८९ | ४६९९ | ४४३४ | २२७५ | २७१७८ |
| | जम्मा | १०५० | ४६९८ | ४१९४ | २२५० | २७३६ | १६५० | ५१५४ | ४६४४ | ३२३४ | २९६१० |
| **फलफूल बाली** | उत्पादन गर्ने | ० | ७ | १८ | १०० | ३५ | २ | १ | ५ | ७३ | २४१ |
| | उत्पादन नगर्ने | १५७५ | ७०४० | ६२७३ | ३२७५ | ४०६९ | २४७३ | ७७३० | ६९६१ | ४७७८ | ४४१७४ |
| | जम्मा | १५७५ | ७०४७ | ६२९१ | ३३७५ | ४१०४ | २४७५ | ७७३१ | ६९६६ | ४८५१ | ४४४१५ |
| **अन्य बाली** | उत्पादन गर्ने | ० | ९ | ४ | ६ | २ | १ | १ | २ | ५ | ३० |
| | उत्पादन नगर्ने | ७०० | ३१२३ | २७९२ | १४९४ | १८२२ | १०९९ | ३४३५ | ३०९४ | २१५१ | १९७१० |
| | जम्मा | ७०० | ३१३२ | २७९६ | १५०० | १८२४ | ११०० | ३४३६ | ३०९६ | २१५६ | १९७४० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस नगरपालिकामा खेतीपातीमा संलग्न कूल घरपरिवारहरूमध्ये १२,५५१ अन्नबाली उत्पादन गरेको, १,१४९ ले दलहनबाली, १५७ ले तेलहन बाली, २२३६ ले तरकारीबाली, २४३२ ले मसलाबाली, २४१ ले फलफूल र ३० ले अन्य अन्न बाली लगाउने गरेका छन् । समग्र तथ्याङ्कको विश्लेषण गर्दा परम्परागत अन्न बाली भने झण्डै सबै घरपरिवारहरूले लगाउने गरेको देखियो तर फलफूल, तेलहन र तरकारी जस्ता नगदेबालीको खेतीगर्ने घरपरिवारहरू भने उल्लेख्य रुपमा कम देखिन्छ ।

यस तथ्याङ्कले समेत परम्परागत निर्वाहमूखी खेतीपातीमा ग्रामीण अर्थतन्त्र सीमित रहेको देखिन्छ । फलफूल, तरकारी र अन्य नगदेबालीको वैज्ञानिक र व्यवसायीक खेतीबाट उर्वर जमिनको पूर्ण सदुपयोग गरी निर्यात प्रवर्द्धन गर्न सकेमात्र ग्रामीण अर्थतन्त्र सबल हुने देखिन्छ । यसका लागि नगरपालिकाले कृषि विकास गुरुयोजना निर्माण गरी यूवा कृषक तथा अन्य कृषकहरूलाई व्यवसायीक ढंगले अधिक फाइदा हुने खालका नगदेबाली, फलफूल तथा तरकारी बालीमा आकर्षण गरी कृषि विमा, विउविजनमा सहुलियत, बजारीकरणको व्यवस्था, कोल्ड स्टोर, तालिम, किटनाशक तथा मलखादको उपलब्धता जस्ता विषयहरूमा राज्यले ध्यान पुऱ्याउनु जरुरी छ ।



## ५.३.२१ कृषि उत्पादन बिक्री वितरण गर्ने घरपरिवारको तथ्याङ्क

नगरपालिकामा खाद्यान्न बाली खेती गर्ने कूल १२,५५१ मध्येबाट आफूले प्रयोग गरी बढी भएको अन्न बेच्नेको संख्या ३९० घरपरिवार अर्थात ३.१ प्रतिशत रहेको छ भने १२,१६१ अर्थात ९६.९ प्रतिशत घरपरिवार खाद्यान्न बालीको बिक्री गर्दैनन् । यसका कारण अवैज्ञानिक र परम्परागत कृषि प्रणाली, निर्वाहमुखी खेती, उद्यमशिलता र व्यवसायिक सोचको न्युनता जस्ता कारणहरू रहेका छन् । यसको कारण सीमित जमिन र न्यून परिमाणको उत्पादन नै हो । त्यसैगरी दलहन बालीको खेतीगर्ने ११४९ मध्ये जम्मा २२ घरपरिवारले मात्र दलहन बाली बिक्री गरेको पाइयो । नगरपालिकामा तेलहन बालीको खेतीगर्ने जम्मा १५७ घरपरिवारहरूमध्ये कुनै पनि घरपरिवारले बिक्री नगरेको पाइयो । तेलबाली बिक्री नगर्नुको अर्थ सीमित परिमाणको उत्पादन भई घरायसी प्रयोजनका लागिमात्र प्रयोग हुनु वा सोको समेत अभाव हुनाले हो ।

नगरपालिकामा कृषिजन्य उत्पादनमध्ये तरकारी बालीको बिक्री पनि सन्तोषजनक देखिदैन । तरकारी बालीको खेतीगर्ने जम्मा २२३६ घरपरिवारहरूमध्ये ३८२ अर्थात १७.१ प्रतिशत परिवारहरूले तरकारीबाली बेच्ने गरेको पाइयो । यस प्रकारको अवस्थालाई निर्वाहमूखी कृषि भनिन्छ । यद्यपि समग्रमा कृषिजन्य उत्पादन व्यवसायिक नभई प्रायजसो घरायसी प्रयोजनको लागि मात्र उत्पादन हुने गरेको देखिन्छ । त्यसैगरी मसला बालीको कुल उत्पादनको ७.७ प्रतिशत, फलफूल बाली ५.४ प्रतिशत र अन्य बाली २० प्रतिशत बिक्री गरेको पाइयो । अधिकांश घरपरिवारले बाली बिक्री नगर्नु र ठूलो संख्यामा रहेका किसानहरूले खेती नै नगर्नुको कारण प्राविधिक ज्ञानको कमी, बजारीकरण, विउविजन तथा परम्परागत सोचको खेती प्रणाली हुन सक्छन् । तसर्थ आधारभूत कृषि पूर्वाधारको विकास मार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि, कृषिजन्य उपजहरूको व्यवसायीकरण र बजारीकरण, कृषि सूचना तथा सञ्चार, प्रसार र तालिम लगायत गुणस्तर नियमन, मानव तथा पशु रोग व्यवस्थापन एवंम विपद व्यवस्थापन तथा सचेतना जस्ता ठोस कार्यक्रमको कार्यान्वयन मार्फत कृषि क्षेत्रको पुनःउत्थान गर्नुपर्ने आवश्यकता छ ।

**तालिका नं. ६९ :** कृषि उत्पादन बिक्री वितरण गर्ने घरपरिवारको तथ्याङ्क

| बाली समूह | | वडा नं. | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | प्रतिशत |
| **अन्न बाली** | बिक्री नगरेको | ५३ | १९४९ | १४८५ | ७३२ | १२५२ | ७०१ | २७०७ | २३३५ | ९४७ | १२१६१ | ९६.९% |
| | बिक्री गरेको | ३५ | १३ | ३ | १८ | २८ | १३ | ३४ | ७७ | १६९ | ३९० | ३.१% |
| | जम्मा | ८८ | १९६२ | १४८८ | ७५० | १२८० | ७१४ | २७४१ | २४१२ | १११६ | १२५५१ | १००.०% |
| **दाल बाली** | बिक्री नगरेको | ० | ५३ | ८० | ५७ | ५४ | ३६ | २१९ | ३६९ | २५९ | ११२७ | ९८.१% |
| | बिक्री गरेको | १ | १ | ० | १ | ० | ० | ४ | १ | १४ | २२ | १.९% |
| | जम्मा | १ | ५४ | ८० | ५८ | ५४ | ३६ | २२३ | ३७० | २७३ | ११४९ | १००.०% |
| **तेल बाली** | बिक्री नगरेको | ० | ३ | २ | ९ | १ | ३ | ७८ | १ | ६० | १५७ | १००.०% |
| | बिक्री गरेको | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०% |
| | जम्मा | ० | ३ | २ | ९ | १ | ३ | ७८ | १ | ६० | १५७ | १००.०% |

| बाली समूह | | वडा नं. | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | प्रतिशत |
| **तरकारी बाली** | बिक्री नगरेको | ६२ | १५२ | १५२ | १५३ | ८९ | ८० | ५२४ | १९२ | ४५० | १८५४ | ८२.९% |
| | बिक्री गरेको | ४९ | ३० | ५ | १३ | ५ | ५ | ६२ | ६५ | १४८ | ३८२ | १७.१% |
| | जम्मा | १११ | १८२ | १५७ | १६६ | ९४ | ८५ | ५८६ | २५७ | ५९८ | २२३६ | १००.०% |
| **मसला बाली** | बिक्री नगरेको | ० | ३११ | ९१ | १३० | १८६ | ६० | ४४२ | २०१ | ८२३ | २२४४ | ९२.३% |
| | बिक्री गरेको | १ | १० | ० | १६ | २ | १ | १३ | ९ | १३६ | १८८ | ७.७% |
| | जम्मा | १ | ३२१ | ९१ | १४६ | १८८ | ६१ | ४५५ | २१० | ९५९ | २४३२ | १००.०% |
| **फलफूल बाली** | बिक्री नगरेको | ० | ५ | १८ | ९९ | ३४ | १ | १ | ३ | ६७ | २२८ | ९४.६% |
| | बिक्री गरेको | ० | २ | ० | १ | १ | १ | ० | २ | ६ | १३ | ५.४% |
| | जम्मा | ० | ७ | १८ | १०० | ३५ | २ | १ | ५ | ७३ | २४१ | १००.०% |
| **अन्यबाली** | बिक्री नगरेको | ० | ७ | ३ | ५ | २ | १ | १ | १ | ४ | २४ | ८०.०% |
| | बिक्री गरेको | ० | २ | १ | १ | ० | ० | ० | १ | १ | ६ | २०.०% |
| | जम्मा | ० | ९ | ४ | ६ | २ | १ | १ | २ | ५ | ३० | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*



## ५.४ पशुपालन

नगरपालिकामा विशेषगरी गाई, भैंसी, बाख्रा, सुँगुर नै यहाँका मुख्य घरपालुवा जनावर हुन्। यसबाट नगरपालिका बासीहरूको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ। पशुजन्य उत्पादनहरू जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी, बोकाहरूको बिक्रीबाट आम्दानी बढेको देखिन्छ। यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा फार्महरू लगायतका कृषिजन्य उद्योगहरू रहेका छन्। नेपालको सन्दर्भमा कृषि सेवाको पुरकको पशुपालन व्यवसाय रहेको देखिन्छ यस्तै बाह्रविसे नगरपालिकामा पनि विभिन्न व्यवसायिक तथा सामान्य पशुपालन हुने गरेको देखिन्छ। नगरपालिकामा पशुपालन व्यवसायलाई अझ व्यवस्थित बनाउन सके अर्थतन्त्रमा विकास हुने देखिन्छ।

### ५.४.१ पशु नश्ल

नगरपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरूमा गाई, भैंसी, बाख्रा, भेंडा र बंगुर रहेका छन्। सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरूको हिस्सा कूल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ। गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाख्रा र बंगुरतर्फ उन्नत जातका भालेहरूसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरूमा वर्णशंकरको संख्या बढ्दो छ। तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन। त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरूले अपेक्षाकृत बढी उत्पादक जनावरहरूको आहारा खाई दिनुसमेत यस क्षेत्रको समस्या हो। तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरूलाई भविष्यको राम्रो माउमा विकसित गर्ने कुरा मध्यनजर गरी थप कार्यक्रमहरू संचालन गर्नु आवश्यक छ।

सारांशमा, विगतका वर्षहरूमा नगरपालिकाको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणात्मक विकास सम्भव भएको छ। तर हालको परिमाणात्मक विकासको गति सुस्त छ। पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तरपशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईंदैन। त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको पनि एकदम खाँचो सर्वत्र महसुस गरिएको छ। पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरूको उत्पादकत्व अति न्युन हुनु, युवा वर्गहरू विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन।

### ५.४.२ पशुपंक्षीमा लाग्ने रोगहरू

कृषकहरूको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरूको पालन यस नगरपालिकामा पनि आम्दानीको स्रोत रहेको देखिन्छ। नगरपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन्सम्बन्धी र जुका पर्दछन्। नगरपालिकाको वन जंगलसँग जोडिएका वडाहरूमा

एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस नगरपालिकामा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवत जावत तथा आयात, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। यी रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भइरहेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस नगरपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेका छन्। नगरपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्यसमेत नगरपालिकाका विभिन्न वडाहरूमा संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन । तथापि यहाँका पशुपंक्षीहरूमा खोरेत, भ्यागुते, चरचरे, नाम्ले जुका, रेवीज जस्ता रोगहरूको प्रकोप रहेको छ भने पंक्षीहरूमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ ।

**तालिका नं. ७० :** पशुमा देखिएका रोगको विवरण

| S.N. | Disease | Animals | | | | Other |
|---|---|---|---|---|---|---|
| 1 | Liver Fluke | Cattle | Buffalo | Goats | | |
| 2 | HS@BQ | Cattle | Buffalo | Goats | | |
| 3 | Pramphistomom | Cattle | Buffalo | Goats | | |
| 4 | Nerves Sign | Cattle | Buffalo | Goats | | |
| 5 | Respiratory Sign | Cattle | Buffalo | Goats | | |
| 6 | Cocciodiosis | | | | Fowl | |
| 7 | Skin Lesions | | | | Fowl | |
| 8 | Wound/Abscess | Cattle | Buffalo | Goats | | |
| 9 | Red Urine | Cattle | Buffalo | Goats | | |
| 10 | Abortion | Cattle | Buffalo | Goats | | |
| 11 | Warble Infestation | Cattle | Buffalo | Goats | | |
| 12 | Diarrhoea | Cattle | Buffalo | Goats | | |
| 13 | Infertility | Cattle | Buffalo | Goats | | |
| 14 | Mastitis | Cattle | Buffalo | Goats | | |
| 15 | Distocia | Cattle | Buffalo | Goats | | |
| 16 | Prolapse | Cattle | Buffalo | Goats | | |
| 17 | Retained Placenta | Cattle | Buffalo | Goats | | |
| 18 | Mange | Cattle | Buffalo | Goats | | |
| 19 | Rabis | Cattle | Buffalo | Goats | | Dog |
| 20 | Tick/Lice(External Parasite) | Cattle | Buffalo | Goats | Fowl | |
| 21 | Intestinal Helmenthis | | | | Fowl | |

| S.N. | Disease | Animals | | | | Other |
|---|---|---|---|---|---|---|
| 22 | Orf | | | Goats | | |
| 23 | Parasitic Gastroenteritis | Cattle | Buffalo | Goats | | Pig |
| 24 | Anoestrous | Cattle | Buffalo | Goats | | |
| 25 | Indigestion/Anorexia | Cattle | Buffalo | Goats | | |
| 26 | Tympany/Bloats | Cattle | Buffalo | Goats | | |
| 27 | Magout wound | Cattle | Buffalo | Goats | | |
| 28 | Cough | Cattle | Buffalo | Goats | | |
| 29 | Pnoumonia | Cattle | Buffalo | Goats | | |
| 30 | Gumbarrow | | | | Fowl | |
| 31 | Cyst | Cattle | Buffalo | Goats | | |
| 32 | FMD | | | Goats | | |
| 33 | PPR | | | Goats | | |
| 34 | Ranikhet | | | | Fowl | |
| 35 | CRD | | | | Fowl | |

*स्रोतः जिल्ल पशु कार्यालय, २०७५*

### ५.४.३ कृषि प्रयोजनका लागि घरपालुवा पशुपंक्षी पालनका आधारमा परिवारको विवरण

**तालिका नं. ७१ :** घरपालुवा पशुपंक्षीसम्बन्धी विवरण

| वडा | पशुपंक्षी पालन गर्ने परिवार | | पशुपंक्षी पालन नगर्ने परिवार | | उल्लेख नगरिएको | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | १३४ | ४३.२% | १७६ | ५६.८% | ० | | ३१० |
| २ | ६६२ | ६६.७% | ३३१ | ३३.३% | ० | | ९९३ |
| ३ | ४३७ | ३६.६% | ७५८ | ६३.४% | ० | | ११९५ |
| ४ | २५३ | २५.१% | ७४४ | ७३.७% | १२ | १.२% | १००९ |
| ५ | ३७२ | ६३.३% | २१६ | ३६.७% | ० | | ५८८ |
| ६ | १९५ | ४०.९% | २८२ | ५९.१% | ० | | ४७७ |
| ७ | ७२८ | ६२.१% | ४४५ | ३७.९% | ० | | ११७३ |
| ८ | ५९८ | ६०.६% | ३८९ | ३९.४% | ० | | ९८७ |
| ९ | ४४५ | ४८.१% | ४८१ | ५१.९% | २ | ०.२% | ९२८ |
| जम्मा | ३८२४ | ४९.९% | ३८२२ | ४९.९% | १४ | ०.२% | ७६६० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

पशुपंक्षीपालन क्षेत्रले देशको कूल गार्हस्थ्य उत्पादनमा करिब ११ प्रतिशत र कूल कृषि गार्हस्थ्य उत्पादनमा २९.३७ प्रतिशत योगदान गर्दै आएको सन्दर्भमा यस क्षेत्रको विशेष आर्थिक महत्व रहेको छ। नगरपालिकाको कूल ७,६६० घरपरिवारहरू मध्ये पशुपंक्षी पाल्ने घरपरिवारको संख्या ३८२४ अर्थात ४९.९ प्रतिशत र नपाल्ने घरपरिवारको संख्या ३,८२२ अर्थात ४९.९ प्रतिशत रहेको छ। पशुपंक्षी पाल्ने र नपाल्ने परिवार आधा आधा रहेको देखिन्छ। वडा नं. २ मा तुलनात्मकरुपमा धेरै घरपरिवारले पशुपंक्षी पालन गरेको देखिन्छ भने वडा नं. ४ मा कम रहेको देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ। धेरै परिवारले पशुपंक्षी पालेतापनि व्यवसायिक प्रयोजनका लागि पाल्नेहरूको संख्या भने नगण्य रहेको छ।



### ५.४.४ कृषि प्रयोजनका लागि हाल परिवारमा भएको पशुपंक्षीसम्बन्धी विवरण

**तालिका नं. ७२ :** कृषि प्रयोजनका लागि हाल परिवारमा भएको पशुपंक्षीसम्बन्धी विवरण

| वडा नं. | गाई/गोरू | भैंसी/राँगा | भेडा/बाखा/च्याङ्ग्रा | बंगुर/सुंगुर | अन्य चौपाया | हाँस/कुखुरा | अन्य पंक्षी |
|---|---|---|---|---|---|---|---|
| १ | ८८ | ३१ | २० | ० | ० | २१ | १ |
| २ | ३२६ | १५८ | ४९७ | ० | २ | २०६ | २ |
| ३ | १८३ | ११६ | ३६७ | १ | ६ | २३८ | ० |
| ४ | ७७ | ४८ | १९० | २ | ५ | ४३ | ३ |
| ५ | २१८ | ३७ | २९८ | ० | ० | २६९ | ० |
| ६ | १०७ | २३ | १४१ | ० | ० | १२२ | ० |
| ७ | ४७० | २३० | ६४४ | ४ | ० | ३७१ | १ |
| ८ | ३२६ | १०३ | ४७८ | १ | ० | १८१ | २ |
| ९ | २५१ | १३८ | ३८४ | २ | १ | २३९ | ५ |
| **जम्मा** | **२०४६** | **८८४** | **३०१९** | **१०** | **१४** | **१६९०** | **१४** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा कूल ३,८२४ पशुपंक्षी पाल्ने घरपरिवारहरूमध्ये २,०४६ घरपरिवारले गाई/गोरु पाल्ने, ८८४ प्रतिशत घरपरिवारले भैंसी/राँगा, ३,०१९ घरपरिवारले भेडा/बाखा/च्याङ्ग्रा पाल्ने गरेका छन् । गाई र भैंसीको तुलनामा उल्लेख्य संख्यामा भेडा/बाखा पाल्ने गरेको कारण तुलनात्मक रुपमा भेडा बाखा पाल्न सहज हुने र मासु बिक्रीबाट आम्दानीसमेत राम्रो हुने भएकोले हो । अर्कोतर्फ सानो संख्यामा अर्थात १, २ वटा मात्र भेडा/बाखा पाल्ने घरपरिवारको संख्या बढी हुँदा तथ्याङ्कमा बढी देखिन जान्छ । यद्यपि भेडा/बाखाको समेत व्यवसायिक उत्पादन भने हुन सकेको छैन ।

त्यसैगरी नगरपालिकामा १० घरपरिवारहरूले सुङ्गुर/बंगुर पाल्ने गरेका छन्। १६९० घरपरिवारले हाँस/ कुखुरा पालेका छन्। अन्य पशुपंक्षीको तुलनामा हाँस/कुखुरा पाल्न सहज हुने र स्थानीय जातका हाँस/कुखुराबाट राम्रो आम्दानी हुने भएकोले प्राय ग्रामीण क्षेत्रका सबैजसो घरपरिवारले हाँस/कुखुराको पालन गरेको पाइन्छ, अन्य चौपाया पाल्ने जम्मा १४ घरपरिवार रहेका छन्। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




**तालिका नं. ७३ :** कृषि प्रयोजनका लागि हाल परिवारमा भएको पशुपंक्षीसम्बन्धी विवरण

| वडा | पशुपंक्षी | हाल पशुपंक्षी | | | | गत वर्ष पशुपंक्षीको बिक्री | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भएको | | नभएको | | भएको | | नभएको | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | गाई/गोरू | ८८ | ६५.७% | ४६ | ३४.३% | २ | १.५% | १३२ | ९८.५% |
| | भैंसी/राँगा | ३१ | २३.१% | १०३ | ७६.९% | ० | ०.०% | १३४ | १००.०% |
| | भेडा/बाखा/च्याङ्ग्रा | २० | १४.९% | ११४ | ८५.१% | ३ | २.२% | १३१ | ९७.८% |
| | बंगुर/सुंगुर | ० | ०.०% | १३४ | १००.०% | १ | .७% | १३३ | ९९.३% |
| | अन्य चौपाया | ० | ०.०% | १३४ | १००.०% | १ | .७% | १३३ | ९९.३% |
| | हाँस/कुखुरा | २१ | १५.७% | ११३ | ८४.३% | २ | १.५% | १३२ | ९८.५% |
| | अन्य पंक्षी | १ | .७% | १३३ | ९९.३% | ० | ०.०% | १३४ | १००.०% |
| २ | गाई/गोरू | ३२६ | ४९.२% | ३३६ | ५०.८% | १९ | २.९% | ६४३ | ९७.१% |
| | भैंसी/राँगा | १५८ | २३.९% | ५०४ | ७६.१% | १९ | २.९% | ६४३ | ९७.१% |
| | भेडा/बाखा/च्याङ्ग्रा | ४९७ | ७५.१% | १६५ | २४.९% | १०७ | १६.२% | ५५५ | ८३.८% |
| | बंगुर/सुंगुर | ० | ०.०% | ६६२ | १००.०% | ० | ०.०% | ६६२ | १००.०% |
| | अन्य चौपाया | २ | .३% | ६६० | ९९.७% | ० | ०.०% | ६६२ | १००.०% |
| | हाँस/कुखुरा | २०६ | ३१.१% | ४५६ | ६८.९% | ४१ | ६.२% | ६२१ | ९३.८% |
| | अन्य पंक्षी | २ | .३% | ६६० | ९९.७% | ० | ०.०% | ६६२ | १००.०% |

| वडा | पशुपंक्षी | हाल पशुपंक्षी | | | | गत वर्ष पशुपंक्षीको बिक्री | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भएको | | नभएको | | भएको | | नभएको | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ३ | गाई/गोरू | १८३ | ४१.९% | २५४ | ५८.१% | ५ | १.१% | ४३२ | ९८.९% |
| | भैंसी/राँगा | ११६ | २६.५% | ३२१ | ७३.५% | ३ | .७% | ४३४ | ९९.३% |
| | भेडा/बाखा/च्याङ्ग्रा | ३६६ | ८३.९% | ७० | १६.१% | १९ | ४.३% | ४१८ | ९५.७% |
| | बंगुर/सुंगुर | १ | .२% | ४३६ | ९९.८% | १ | .२% | ४३६ | ९९.८% |
| | अन्य चौपाया | ६ | १.४% | ४३१ | ९८.६% | ६ | १.४% | ४३१ | ९८.६% |
| | हाँस/कुखुरा | २३८ | ५४.५% | १९९ | ४५.५% | १३ | ३.०% | ४२४ | ९७.०% |
| | अन्य पंक्षी | ० | ०.०% | ४३७ | १००.०% | ० | ०.०% | ४३७ | १००.०% |
| ४ | गाई/गोरू | ७७ | ३०.४% | १७६ | ६९.६% | ९ | ३.६% | २४४ | ९६.४% |
| | भैंसी/राँगा | ४८ | १९.०% | २०५ | ८१.०% | ८ | ३.२% | २४५ | ९६.८% |
| | भेडा/बाखा/च्याङ्ग्रा | १९० | ७५.१% | ६३ | २४.९% | ६५ | २५.७% | १८८ | ७४.३% |
| | बंगुर/सुंगुर | २ | .८% | २५१ | ९९.२% | ० | ०.०% | २५३ | १००.०% |
| | अन्य चौपाया | ५ | २.०% | २४८ | ९८.०% | २ | .८% | २५१ | ९९.२% |
| | हाँस/कुखुरा | ४३ | १७.०% | २१० | ८३.०% | १४ | ५.५% | २३९ | ९४.५% |
| | अन्य पंक्षी | ३ | १.२% | २५० | ९८.८% | ० | ०.०% | २५३ | १००.०% |
| ५ | गाई/गोरू | २१८ | ५८.६% | १५४ | ४१.४% | ६ | १.६% | ३६६ | ९८.४% |
| | भैंसी/राँगा | ३७ | ९.९% | ३३५ | ९०.१% | १० | २.७% | ३६२ | ९७.३% |
| | भेडा/बाखा/च्याङ्ग्रा | २९८ | ८०.१% | ७४ | १९.९% | ४४ | ११.८% | ३२८ | ८८.२% |
| | बंगुर/सुंगुर | ० | ०.०% | ३७२ | १००.०% | ० | ०.०% | ३७२ | १००.०% |
| | अन्य चौपाया | ० | ०.०% | ३७२ | १००.०% | ० | ०.०% | ३७२ | १००.०% |
| | हाँस/कुखुरा | २६९ | ७२.३% | १०३ | २७.७% | १६ | ४.३% | ३५६ | ९५.७% |
| | अन्य पंक्षी | ० | ०.०% | ३७२ | १००.०% | ० | ०.०% | ३७२ | १००.०% |
| ६ | गाई/गोरू | १०७ | ५४.९% | ८८ | ४५.१% | १ | .५% | १९४ | ९९.५% |
| | भैंसी/राँगा | २३ | ११.८% | १७२ | ८८.२% | २ | १.०% | १९३ | ९९.०% |
| | भेडा/बाखा/च्याङ्ग्रा | १४१ | ७२.३% | ५४ | २७.७% | ७ | ३.६% | १८८ | ९६.४% |
| | बंगुर/सुंगुर | ० | ०.०% | १९५ | १००.०% | ० | ०.०% | १९५ | १००.०% |
| | अन्य चौपाया | ० | ०.०% | १९५ | १००.०% | ० | ०.०% | १९५ | १००.०% |
| | हाँस/कुखुरा | १२२ | ६२.६% | ७३ | ३७.४% | ५ | २.६% | १९० | ९७.४% |
| | अन्य पंक्षी | ० | ०.०% | १९५ | १००.०% | १ | .५% | १९४ | ९९.५% |
| ७ | गाई/गोरू | ४७० | ६४.६% | २५८ | ३५.४% | ७ | १.०% | ७२१ | ९९.०% |
| | भैंसी/राँगा | २३० | ३१.६% | ४९८ | ६८.४% | २९ | ४.०% | ६९९ | ९६.०% |
| | भेडा/बाखा/च्याङ्ग्रा | ६४४ | ८८.५% | ८४ | ११.५% | ७८ | १०.७% | ६५० | ८९.३% |
| | बंगुर/सुंगुर | ४ | .५% | ७२४ | ९९.५% | ३ | .४% | ७२५ | ९९.६% |
| | अन्य चौपाया | ० | ०.०% | ७२८ | १००.०% | १ | .१% | ७२७ | ९९.९% |
| | हाँस/कुखुरा | ३७१ | ५१.०% | ३५७ | ४९.०% | १७ | २.३% | ७११ | ९७.७% |
| | अन्य पंक्षी | १ | .१% | ७२७ | ९९.९% | ० | ०.०% | ७२८ | १००.०% |

| वडा | पशुपंक्षी | हाल पशुपंक्षी | | | | गत वर्ष पशुपंक्षीको बिक्री | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भएको | | नभएको | | भएको | | नभएको | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ८ | गाई/गोरू | ३२६ | ५४.५% | २७२ | ४५.५% | १५ | २.५% | ५८३ | ९७.५% |
| | भैंसी/राँगा | १०३ | १७.२% | ४९५ | ८२.८% | ८ | १.३% | ५९० | ९८.७% |
| | भेडा/बाखा/च्याङ्ग्रा | ४७८ | ७९.९% | १२० | २०.१% | ११८ | १९.७% | ४८० | ८०.३% |
| | बंगुर/सुंगुर | १ | .२% | ५९७ | ९९.८% | १ | .२% | ५९७ | ९९.८% |
| | अन्य चौपाया | ० | ०.०% | ५९८ | १००.०% | ० | ०.०% | ५९८ | १००.०% |
| | हाँस/कुखुरा | १८१ | ३०.३% | ४१७ | ६९.७% | ६२ | १०.४% | ५३६ | ८९.६% |
| | अन्य पंक्षी | २ | .३% | ५९६ | ९९.७% | १ | .२% | ५९७ | ९९.८% |
| ९ | गाई/गोरू | २५१ | ५६.४% | १९४ | ४३.६% | ४३ | ९.७% | ४०२ | ९०.३% |
| | भैंसी/राँगा | १३८ | ३१.०% | ३०७ | ६९.०% | ५१ | ११.५% | ३९४ | ८८.५% |
| | भेडा/बाखा/च्याङ्ग्रा | ३८४ | ८६.३% | ६१ | १३.७% | १६७ | ३७.५% | २७८ | ६२.५% |
| | बंगुर/सुंगुर | २ | .४% | ४४३ | ९९.६% | ० | ०.०% | ४४५ | १००.०% |
| | अन्य चौपाया | १ | .२% | ४४४ | ९९.८% | ० | ०.०% | ४४५ | १००.०% |
| | हाँस/कुखुरा | २३९ | ५३.७% | २०६ | ४६.३% | ७८ | १७.५% | ३६७ | ८२.५% |
| | अन्य पंक्षी | ५ | १.१% | ४४० | ९८.९% | १ | .२% | ४४४ | ९९.८% |
| **जम्मा** | गाई/गोरू | २०४६ | ५३.५% | १७७८ | ४६.५% | १०७ | २.८% | ३७१७ | ९७.२% |
| | भैंसी/राँगा | ८८४ | २३.१% | २९४० | ७६.९% | १३० | ३.४% | ३६९४ | ९६.६% |
| | भेडा/बाखा/च्याङ्ग्रा | ३०१८ | ७८.९% | ८०५ | २१.१% | ६०८ | १५.९% | ३२१६ | ८४.१% |
| | बंगुर/सुंगुर | १० | .३% | ३८१४ | ९९.७% | ६ | .२% | ३८१८ | ९९.८% |
| | अन्य चौपाया | १४ | .४% | ३८१० | ९९.६% | १० | .३% | ३८१४ | ९९.७% |
| | हाँस/कुखुरा | १६९० | ४४.२% | २१३४ | ५५.८% | २४८ | ६.५% | ३५७६ | ९३.५% |
| | अन्य पंक्षी | १४ | .४% | ३८१० | ९९.६% | ३ | .१% | ३८२१ | ९९.९% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

## ५.४.५ पशुपंक्षीहरूको उत्पादन तथा बिक्रीसम्बन्धी वडागत विवरण

**तालिका नं. ७४ :** पशुपंक्षीहरूको उत्पादन तथा बिक्रीसम्बन्धी वडागत विवरण

| वडा | गाई/गोरू | | भैंसी/राँगा | | भेडा/बाखा/च्याङ्ग्रा | | बंगुर/सुंगुर | | अन्य चौपाया | | हाँस/कुखुरा | | अन्य पंक्षी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बिक्री गर्ने परिवार | बिक्री संख्या | बिक्री गर्ने परिवार | बिक्री संख्या | बिक्री गर्ने परिवार | बिक्री संख्या | बिक्री गर्ने परिवार | बिक्री संख्या | बिक्री गर्ने परिवार | बिक्री संख्या | बिक्री गर्ने परिवार | बिक्री संख्या | बिक्री गर्ने परिवार | बिक्री संख्या |
| १ | २ | ३ | ० | | ३ | १७ | १ | ९ | १ | ९ | २ | १४५ | ० | |
| २ | १९ | ५०२६ | १९ | ३७ | १०७ | २५९ | ० | | ० | | ४१ | २८९१ | ० | |
| ३ | ५ | ५ | ३ | १० | १९ | ५१ | १ | ७ | ६ | १४ | १३ | ५१ | ० | |
| ४ | ९ | २२ | ८ | १६ | ६५ | ८१७१ | ० | | २ | १५ | १४ | १३११९ | ० | |
| ५ | ६ | ८ | १० | १२ | ४४ | १५० | ० | | ० | | १६ | ५०७ | ० | |
| ६ | १ | २ | २ | ३ | ७ | २७ | ० | | ० | | ५ | १६८ | १ | ८ |
| ७ | ७ | १४ | २९ | ३५ | ७८ | २२३ | ३ | २० | १ | ८ | १७ | २१२७ | ० | |
| ८ | १५ | २६ | ८ | २१ | ११८ | २४२ | १ | १ | ० | | ६२ | १४६५ | १ | १० |
| ९ | ४३ | ६० | ५१ | ६२ | १६७ | ४९६ | ० | | ० | | ७८ | १४६५ | १ | ८ |
| **जम्मा** | **१०७** | **५१६६** | **१३०** | **१९६** | **६०८** | **९६३६** | **६** | **३७** | **१०** | **४६** | **२४८** | **२१९३८** | **३** | **२६** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा कुल पशुपंक्षी पाल्ने घरपरिवारहरूमध्ये १०७ घरपरिवारले ५,१६६ वटा गाई/गोरु बिक्री गरेको देखिन्छ। त्यसैगरी १३० घरपरिवारले १९६ वटा भैँसी/राँगा, ६०८ घरपरिवारले ९,६३६ वटा भेडा/बाखा/च्याङ्ग्रा, ६ घरपरिवारले ३७ वटा बंगुर/सुंगुर, १० घरपरिवारले ४६ वटा अन्य चौपाया, २४८ घरपरिवारले २१,९३८ वटा हाँस/कुखुरा र ३ घरपरिवारले २६ वटा अन्य पंक्षी बिक्री गरेको पाइन्छ। यस नगरपालिकामा पशुपंक्षी पालन व्यवसायलाई आधुनिकीकरण गरी पशुपंक्षी पाल्न सकिने संभावना भएको हुनाले त्यसका लागि पशुपंक्षी पालक कृषकहरूलाई प्रोत्साहन गरी प्राविधिक ज्ञान तथा सहुलियतपूर्ण ऋण र पशुपंक्षी विमालाई प्रभावकारी ढंगले लागू गर्न सके स्थानीय अर्थतन्त्रमा टेवा पुग्नुका साथै रोजगारीका अवसरहरू वृद्धि हुन्छन्। वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यसपूर्व उल्लेख गरिए जस्तै अन्य पशुपंक्षीको तुलनामा भेडा/बाखा/च्याङ्ग्रा र हाँस/कुखुराको पालन तुलनात्मक रूपमा सहज र राम्रो आम्दानी दिने भएकोले तथ्याङ्कमा बढी देखिएको हो। यद्यपि तथ्याङ्कलाई हेर्दा नगण्य संख्यामा बाहेक सबै प्रकारका पशुपंक्षीहरूको ठूलो परिमाणमा व्यवसायिक उत्पादन भएको देखिँदैन। यसले निर्वाहमूखी पशुपंक्षीपालनको नै निरन्तरता देखाउँछ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।



## ५.४.६ पशुपंक्षी जन्य वस्तुको उत्पादनसम्बन्धी विवरण

**तालिका नं. ७५ :** पशुपंक्षी जन्य वस्तुको उत्पादनसम्बन्धी विवरण

| वडा | दूध | | दूधजन्य वस्तु (घ्यू, चिज, मखन आदि) | | अण्डा | | पशुपंक्षी जन्य अन्य उत्पादन | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन भएको | उत्पादन नभएको | उत्पादन भएको | उत्पादन नभएको | उत्पादन भएको | उत्पादन नभएको | उत्पादन भएको | उत्पादन नभएको |
| १ | १६ | ११८ | ७ | १२७ | २ | १३२ | ० | १३४ |
| २ | २१ | ६४१ | १२ | ६५० | १ | ६६१ | ० | ६६२ |
| ३ | २३ | ४१४ | ९ | ४२८ | १ | ४३६ | ० | ४३७ |
| ४ | ५२ | २०१ | ३१ | २२२ | ५ | २४८ | ० | २५३ |
| ५ | ३२ | ३४० | १७ | ३५५ | ३ | ३६९ | ० | ३७२ |
| ६ | ७ | १८८ | ४ | १९१ | ३ | १९२ | ० | १९५ |
| ७ | ३९ | ६८९ | ३० | ६९८ | ९ | ७१९ | १ | ७२७ |
| ८ | ५२ | ५४६ | ४१ | ५५७ | १७ | ५८१ | ० | ५९८ |
| ९ | ६४ | ३८१ | २० | ४२५ | ११ | ४३४ | ० | ४४५ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा पशुपंक्षी पाल्ने कूल ३,८२४ घरपरिवारहरूमध्ये कूल ६४ घरपरिवारले मात्र दुध उत्पादन गर्ने गरेको देखिन्छ भने २० परिवारले दुग्धजन्य पदार्थ र ११ घरपरिवारले अण्डा उत्पादन गर्ने गरेको देखिन्छ। पशुपंक्षी पाल्ने घरपरिवारको संख्याको आधारमा हेर्दा पशुपंक्षीजन्य पदार्थको उत्पादन गर्नेको संख्या नगण्य देखिन्छ। तथ्याङ्कलाई विश्लेषण गर्दा उत्पादनमूखीभन्दा अनुत्पादक पशुपंक्षीको संख्या अधिक रहेको पाइन्छ। यद्यपि हाँस/कुखुरा तथा भेंडा बाखाको पशुपंक्षीजन्य उत्पादनभन्दा सिधै बिक्री वितरण गर्न सहज हुने हुँदा उत्पादन कम देखिएको हुनसक्छ। पशुपंक्षी पालनलाई उत्पादनमूखी र व्यवसायिक बनाउन नसक्दा आम्दानी सीमित तथा श्रम र समयको खेर हुन जान्छ। यसतर्फ सम्बन्धित सरोकारवाला सबैको ध्यान जानु जरुरी छ। वडागत पूर्ण विवरण तालिकामा प्रस्तुत गरिएको छ।



## ५.५ उद्योग तथा व्यापार व्यवसाय



*तस्बिरः बाह्रविसे बजार, स्रोत न.पा*

विकासको प्रमुख अधारशीलामध्ये उद्योग पनि एक प्रमुख आधार हो । बाह्रविसे नगरपालिकामा ठुला उद्योगहरू नभएतापनि कृषिमा आधारित साना उद्योगहरू सञ्चालनमा रहेका छन् । यसबाहेक मह, बेसार, अदुवा, भटमास, जस्ता कृषिजन्य घरेलु उत्पादनमा पनि क्रमश व्यवसायिक हुँदै जान थालेको छ । परम्परागत उद्योगमा आधारित स-साना घरेलु उद्योगहरू भने सञ्चालनमा रहेको देखिन्छ तर यसलाई अझ व्यवसायिक र प्राथमिकता साथ लैजानु पर्ने देखिन्छ । बाह्रविसे नगरपालिकामा उपलब्ध प्राकृतिक कच्चा पदार्थ तथा विभिन्न स्रोत र साधनले बाह्रविसे नगरपालिकामा उद्योगको संभावना प्रखर देखिन्छ तर लगानी अभाव तथा विभिन्न पूर्वाधारको असुविधाको कारण उद्योगमा अपेक्षित विकास हुन सकेको देखिँदैन । यहाँ सञ्चालित केही साना उद्योगहरूले

बाह्रविसे नगरपालिका लगायत आसपासका क्षेत्रहरूको सीमित स्थानीय आवश्यकता परिपूर्ति गर्न मात्र सफल भएका छन् तर ती उद्योगहरूले राष्ट्रिय माग तथा अर्थतन्त्रको हिस्सा भने खासै ओगट्न सकेको देखिँदैन ।

**तालिका नं. ७६ :** नगरपालिकामा सञ्चालित व्यापार /व्यवसायहरू

| सिनं. | व्यापारको सिसिम | संख्या | सिनं. | व्यापारको सिसिम | संख्या |
|---|---|---|---|---|---|
| १ | किराना तथा खाद्यान्न | १२१ | १२ | भाँडापसल | ६ |
| २ | स्थानीय व्यापार | ५० | १३ | तरकारी फलफुल | ७ |
| ३ | कपडा व्यापार | ५२ | १४ | स्टेशनरी | ६ |
| ४ | आयात निर्यात | २३ | १५ | गिफ्ट | ४ |
| ५ | इलोक्ट्रोनिक, घडी, रेडियो मोबाइल | १५ | १६ | स.पा.आ.नी. | ५ |
| ६ | पेय पदार्थ | १३ | १७ | सुर्ति जन्य पदार्थ | ४ |
| ८ | कस्मेटिक | ८ | १८ | खाना नास्ता | ३ |
| ९ | हार्डवयर | ९ | १९ | फर्निचर | ३ |
| १० | अटोपार्टस | ६ | २० | अन्य | ३० |
| ११ | डेरी | ५ | | **जम्मा** | ३७० |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७५*

## ५.६ व्यापारिक केन्द्र

यहाँ विभिन्न हाट बजारहरू व्यापार व्यवसायका लागि प्रशिद्ध रहेका छन् । यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ। यसैगरी, बाह्रविसे नगरपालिकाबाट थोक व्यापारसमेत हुने गरेको छ । थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल छिमेकी गाउँपालिकासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस नगरपालिका हुने गरेको पाइन्छ।

कृषिजन्य कच्चा पदार्थहरूको उपलब्धता, परम्परागत तथा जातिगत सीप, कौशल, पर्यटकीय महत्वका स्थलहरूको उपलब्धता लगायतका विभिन्न कारणले नगरपालिकामा औद्योगिक विकासको राम्रो सम्भावना रहेको छ । स्थानीय माग कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने संचालित छन् । त्यसैगरी साप्ताहिक रुपमा लाग्ने विभिन्न हाट बजारमा स्थानीय उत्पादन तथा चौपायाको किनबेच हुने गर्दछ । यसले पनि आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ ।

## ५.७ नगरपालिकाको अर्थतन्त्रको विशिष्टिकरण

नगरपालिकाको अर्थतन्त्रमा प्राकृतिक सम्पदाको संरक्षण गरी वैज्ञानिक दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ। कृषि, पशुजन्य कच्चा पदार्थको उपलब्धता, नगरपालिकाका सबैजसो वडाहरूमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको क्रमिक विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त सम्भाव्य जमिन यस नगरपालिकामा रहेको हुँदा नगरपालिकामा कृषि, पशुलगायतको उद्योगका साथै शैक्षिक र

औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ । अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा नगरपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ।

## ५.८ बैंकको विवरण




नगरपालिकामा उद्योग व्यापार लगानी गर्न वित्तीय संस्थाहरूमा वाणिज्य बैंकहरू मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ । यसबाहेक नगरमा संचालित अन्य बैंकहरूले पनि कर्जा उपलब्ध गर्दै आएका छन् भने नगरबासीहरूसँग रहेको रकमलाई निक्षेपको रुपमा स्विकार गरी बचत पनि गर्दै आएका छन् ।

**तालिका नं. ७७ :** बैंकको विवरण

| सि.नं. | वित्तिय संस्थाको नाम | फोन नं. | ठेगाना |
|---|---|---|---|
| १ | सिभिल बैंक लिमिटेड | ०११-४८९२०८४ | बाह्रविसे बजार, वडा नं.४ |
| २ | कृषि विकास बैंक लिमिटेड | ०११-४८९२०१६ | बाह्रविसे बजार, वडा नं.४ |
| ३ | नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड | ०११-४८९०९८ | बाह्रविसे बजार, वडा नं.४ |
| ४ | सिन्धु विकास बैंक | ०११-४८९२४६ | बाह्रविसे बजार, वडा नं.४ |
| ५ | हिमालयन बैंक लि. | ०११-४८९२९० | बाह्रविसे बजार, वडा नं.४ |
| ६ | नेपाल बङ्गलादेश बैंक | ०११-४८९०४२ | बाह्रविसे बजार, वडा नं.४ |
| ७ | ग्लोबल आइ.एम.इ बैंक | ०११-४८९२६७ | बसपार्क, वडा नं.९ |
| ८ | प्रभु बैंक | ०११-४८९२५९ | बसपार्क, वडा नं.९ |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७५*

## ५.९ सहकारी संस्थाको विवरण



**तालिका नं. ७८ :** सहकारी संस्थाको विवरण

| क्र.सं. | संस्थाको नाम | ठेगाना | | दर्ता नं. | दर्ता मिति | सदस्य संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | साविक | हाल बा.न.पा. | | | महिला | पुरुष | जम्मा |
| १ | दोलङ्सा सामुदायिक विकास सहकारी संस्था लि. | | १ | | | ० | ० | ० |
| २ | कर्थली जनजोती सामुदायिक विकास सहकारी संस्था लि. | | २ | ७०४ | ०५९/०१/०४ | १४८ | ५९ | २०७ |
| ३ | सफल महिला बचत तथा ऋण सहकारी संस्था लि. | कर्थली ३ | २ | १७१९ | ०६७/१२/०४ | ४१० | ० | ४१० |
| ४ | सेवा समाज बचत तथा ऋण सहकारी संस्था लि. | | २ | ६५६ | ०५८/०५/०४ | २३८ | १३० | ३६८ |
| ५ | मितेरी बहुउद्येश्यिय सहकारी संस्था लि. | | ३ | ३८४ | ०५५/०१/१५ | २०६ | ३४७ | ५५३ |
| ६ | गोरखनाथ बचत तथा ऋण सहकारी संस्था लि. | | ३ | ११८५ | ०६६/०७/२६ | १२९ | ८४ | २१३ |
| ७ | कुसल साना किसान कृषि सहकारी संस्था लि. | बाह्रबिसे १ | ३ | २०१३ | ०६९/०७/१७ | ० | ० | ० |
| ८ | खुर्सानीबारी बचत तथा ऋण सहकारी संस्था लि. | | ३ | २०८९ | ०६९/१२/१९ | १९३ | २७३ | ४६६ |
| ९ | हर्राबारी कृषि सहकारी संस्था लि. | | ३ | २१३५ | ०७०/०३/०६ | २८ | ३३ | ६१ |
| १० | बाह्रदेवी कृषि सहकारी संस्था लि. | | ३ | २४२७ | ०७४/०४/०८ | ८४ | १२१ | २०५ |
| ११ | समाज सुधार टुकी बचत तथा ऋण सहकारी संस्था लि. | | ४ | १७७ | ०५३/०४/२२ | ० | ० | ० |
| १२ | क्षेमादेवी महिला विकास बचत तथा ऋण सहकारी संस्था लि. | बाह्रबिसे ६ | ४ | ९२९ | ०६४/०२/१७ | ७२ | ० | ७२ |
| १३ | क्षेमादेवी  बचत तथा ऋण सहकारी संस्था लि. | बाह्रबिसे ८ | ४ | ११८० | ०६६/०७/२१ | १४४७ | १५९५ | ३०४२ |

| क्र.सं. | संस्थाको नाम | ठेगाना | | दर्ता नं. | दर्ता मिति | सदस्य संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | साविक | हाल बा.न.पा. | | | महिला | पुरुष | जम्मा |
| १४ | सुनकोशी दुग्ध उत्पादक सहकारी संस्था लि. | बाह्रबिसे ७ | ४ | ११९० | ०६६/०८/०१ | ५० | ० | ५० |
| १५ | सानो पलाँती बचत तथा ऋण सहकारी संस्था लि. | बाह्रबिसे ७ | ४ | १३०८ | ०६६/०१/२४ | ८० | ९० | १७० |
| १६ | अरनिको युवा बचत तथा ऋण सहकारी संस्था लि. | बाह्रबिसे ८ | ४ | १५४३ | ०६७/०१/१० | ४६८ | ५६० | १०२८ |
| १७ | माता चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. | बाह्रबिसे ८ | ४ | १५४७ | ०६७/०१/२६ | ० | ० | ० |
| १८ | अभियान बचत तथा ऋण सहकारी संस्था लि. | बाह्रबिसे ८ | ४ | १५९८ | ०६७/०३/१५ | ६७३ | ९५५ | १६२८ |
| १९ | कफेश्वर कृषि सहकारी संस्था लि. | बाह्रबिसे ७ | ४ | १६७६ | ०६७/०८/०८ | १३ | १३ | २६ |
| २० | सेरोफेरो  बचत तथा ऋण सहकारी संस्था लि. | | ४ | १७०३ | ०६७/१०/२३ | ० | ० | ० |
| २१ | पलाँती बचत तथ ऋण सहकारी संस्था लि. | बाह्रबिसे ८ | ४ | १७८८ | ०६८/०४/२६ | २४५ | ४९६ | ७४१ |
| २२ | कफेश्वर बचत तथा ऋण सहकारी संस्था लि. | बाह्रबिसे ९ | ४ | १८५१ | ०६८/१०/१२ | ० | ० | ० |
| २३ | सक्षम बचत तथा ऋण सहकारी संस्था लि. | | ४ | २१४३ | ०७०/०४/०६ | ० | ० | ० |
| २४ | प्रतिफल बचत तथा ऋण सहकारी संस्था लि. | | ४ | २१६८ | ०७०/०७/०५ | ३२३ | २८३ | ६०६ |
| २५ | स्वाभिमान बचत तथा ऋण सहकारी संस्था लि. | | ४ | २३०६ | ०७२/१०/२२ | ० | ० | ० |
| २६ | कर्थली सहकारी संस्था लि. | | ४ | ५७४ | ०५८/०५/०५ | ० | ० | ० |
| २७ | नमुना कफी सहकारी संस्था लि. | बाह्रबिसे ७ | ४ | ४१ | ०६७/०७/१५ | ६४ | १२ | ७६ |
| २८ | नौलो दिव्यजोती बचत तथा ऋण सहकारी संस्था लि. | | ४ | २३७८ | ०७३/१०/०७ | १८० | १५० | ३३० |
| २९ | कालीका  महालक्ष्मी साना किसान कृषि सहकारी संस्था लि. | बाह्रबिसे ७ | ४ | २३७७ | ०७३/१०/०७ | १० | ४६ | ५६ |
| ३० | जम्बु बचत तथा ऋण सहकारी संस्था लि. | | ५ | १३९० | ०६६/०५/०९ | १५५ | २५५ | ४१० |
| ३१ | सिङ्गार्चे बचत तथा ऋण सहकारी संस्था लि. | गाती २ | ५ | १८६५ | ०६८/११/०१ | १५१ | २११ | ३६२ |
| ३२ | मध्य भोटेकोशी बचत तथा ऋण सहकारी संस्था लि. | | ५ | २०८२ | ०६९/१२/१२ | ० | ० | ० |
| ३३ | तुङ्डुङ् बचत तथा ऋण सहकारी संस्था लि. | गाती ९ | ६ | १५९६ | ०६७/०३/१३ | ० | ० | ० |
| ३४ | सखुवा महिला बचत तथा ऋण सहकारी संस्था लि. | गाती ९ | ६ | १९६९ | ०६९/७० | ६१ | ० | ६१ |
| ३५ | गाती कफी उत्पादक सहकारी संस्था लि. | गाती ९ | ६ | २०९१ | ०६९/१२/१९ | ७ | २१ | २८ |
| ३६ | नमस्ते नेपाल उपभोक्ता सहकारी संस्था लि. | गाती ६ | ६ | | | ० | ० | ० |
| ३७ | घुम्थाङ बचत तथा ऋण सहकारी संस्था लि. | घुम्थाङ ३ | ७ | २२३३ | ०७३/०२/२५ | ६२५ | २०३ | ८२८ |
| ३८ | सयपत्री बचात तथा ऋण सहकारी संस्था लि. | | ८ | ६२ | ०५५/१२/१५ | ० | ० | ० |
| ३९ | सगरमाथा दुग्ध उत्पादक सहकारी संस्था लि. | | ८ | | | ० | ० | ० |
| ४० | मानेश्वाँरा महिला कृषि सहकारी संस्था लि. | मानेश्वाँरा ९ | ८ | १९१७ | ०६९/०४/०४ | ४२५ | ० | ४२५ |
| ४१ | समाज जागरण कृषि सहकारी संस्था लि. | | ८ | २००९ | ०६९/०७/०१ | ० | ० | ० |
| ४२ | भद्रकाली कृषि सहकारी संस्था लि. | मानेश्वाँरा ९ | ८ | २११७ | ०७०/०२/२८ | ० | ० | ० |
| ४३ | हिमचुली साना किसान कृषि सहकारी संस्था लि. | | ८ | ६ | ०६६/०२/२५ | ४८० | ३०९ | ७८९ |

| क.सं. | संस्थाको नाम | ठेगाना | | दर्ता नं. | दर्ता मिति | सदस्य संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | साविक | हाल बा.न.पा. | | | महिला | पुरुष | जम्मा |
| ४४ | मितेरी उपभोक्ता सहकारी संस्था लि. | | ८ | १७७ | ०५२/०४/०२ | २०६ | ३४७ | ५५३ |
| ४५ | सागर बचत तथा ऋण सहकारी संस्था लि. | | ९ | ५५० | ०५७/०४/०८ | ० | ० | ० |
| ४६ | शुभ प्रभात बचत तथा ऋण सहकारी संस्था लि. | | ९ | ११०० | ०६५/०३/०१ | १८५४ | २०५६ | ३९१० |
| ४७ | राम्चे मातृ शिशु बचत तथा ऋण सहकारी संस्था लि. | राम्चे ७ | ९ | १४२३ | ०६६/०७/१७ | ० | ० | ० |
| ४८ | नवकिरण बचत तथा ऋण सहकारी संस्था लि. | राम्चे ५ | ९ | १६६२ | ०६७/०७/१० | ० | ० | ० |
| ४९ | निरन्तर बचत तथा ऋण सहकारी संस्था लि. | राम्चे ७ | ९ | १८६४ | ०६८/११/०१ | २२५ | ४०४ | ६२९ |
| ५० | गुन्द्रुक गाउँ कृषि सहकारी संस्था लि. | राम्चे २ | ९ | २१०५ | ०७०/०१/१३ | ० | ० | ० |
| ५१ | सेतीदेवी महिला विकास बचत तथा ऋण सहकारी संस्था लि. | राम्चे ५ | ९ | १०० | ०५६/०६/०३ | ० | ० | ० |
| ५२ | राम्चे बचत तथा ऋण सहकारी संस्था लि. | | ९ | ११७० | ०६५/०६/१७ | १३०२ | १०२९ | २३३१ |
| ५३ | तपाई हाम्रो नमुना साना किसान कृषि सहकारी संस्था लि. | राम्चे ७ | ९ | २२२९ | ०७१/०४/२६ | २९२ | ६८१ | ९७३ |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७५*

नगरपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा उत्पादक, उपभोक्ता, श्रमिक, बहुउद्देश्य तथा आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। जसको विवरणमाथिको तालिकामा उल्लेख गरिएको छ ।

## ५.१० बैंकमा खाता भए/नभएको आधारमा परिवार संख्याको विवरण

**तालिका नं. ७९ :** बैंकमा खाता भए/नभएको आधारमा परिवार संख्याको विवरण

| वडा | छ | | छैन | | थाहा छैन | | उल्लेख नगरिएको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | २८७ | ९२.६% | १७ | ५.५% | ५ | १.६% | १ | ०.३% | ३१० |
| २ | ९४५ | ९५.२% | ४२ | ४.२% | ६ | ०.६% | ० | ०.०% | ९९३ |
| ३ | ९८९ | ८२.८% | ७७ | ६.४% | १२९ | १०.८% | ० | ०.०% | ११९५ |
| ४ | ७६८ | ७६.१% | १४९ | १४.८% | ७५ | ७.४% | १७ | १.७% | १००९ |
| ५ | ५५२ | ९३.९% | ३६ | ६.१% | ० | ०.०% | ० | ०.०% | ५८८ |
| ६ | ४५९ | ९६.२% | ११ | २.३% | ७ | १.५% | ० | ०.०% | ४७७ |
| ७ | ८१७ | ६९.७% | २५१ | २१.४% | १०५ | ९.०% | ० | ०.०% | ११७३ |
| ८ | ६५७ | ६६.६% | १९५ | १९.८% | १३५ | १३.७% | ० | ०.०% | ९८७ |
| ९ | ८१४ | ८७.७% | ७१ | ७.७% | ४१ | ४.४% | २ | ०.२% | ९२८ |
| जम्मा | ६२८८ | ८२.१% | ८४९ | ११.१% | ५०३ | ६.६% | २० | ०.३% | ७६६० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस नगरपालिकामा रहेका कूल ७,६६० घरपरिवारहरूमध्ये ६,२८८ अर्थात ८२.१ प्रतिशत घरपरिवारको बैङ्क खाता रहेको र ८४९ अर्थात ११.१ प्रतिशत घरपरिवारको बैङ्क खाता नरहेको देखिन्छ । त्यसैगरी ६.६ प्रतिशत थाहा नभएको र ०.३ प्रतिशत उल्लेख नगरिएको देखिन्छ । ग्रामीण जनतालाई आधुनिक बैङ्किङ सुविधा प्रदान गर्न धेरै कार्य गर्नुपर्ने देखिन्छ । यसो गर्दा नागरिकले गर्ने सबै आर्थिक कारोबारको पूर्ण अभिलेख रहन्छ र राज्यद्वारा प्राप्त हुने विभिन्न सुविधाहरू बैङ्किङ प्रणालीबाट गर्दा त्यो लक्षित वर्गमा पुग्ने सुनिश्चितता समेत हुनजान्छ। राज्यलाई वित्तिय व्यवस्थापन गरी सम्पूर्ण जनसाधारणहरूमा बैङ्किङप्रति सकारात्मक धारणा विकासमा सहयोग पुऱ्याउनु पर्ने देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।



# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार




नक्सा नं. १३ : नगरपालिकामा रहेको सडक सञ्जाल

## ६.१ सडक, सवारी तथा यातायात

सडक सञ्जाल तथा यातायात आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह र सामाजिक एकीकरणको माध्यम हो । विकासको आधारभूत पूर्वाधारको रूपमा रहेका यातायातका साधनहरूको माध्यमबाट क्षेत्रीय असमानता कम गर्न, आर्थिक क्रियाकलापलाई गतिशीतला प्रदान गर्न र अन्य क्षेत्रको विकास तथा सेवा प्रवाहलाई सहज बनाउन सकिन्छ । हालसम्म नेपालमा सडकलाई यातायातको मुख्य माध्यमको रूपमा लिइदै आएको भए तापनि, हवाईमार्ग, रेलमार्ग, जलमार्ग, रज्जुमार्गजस्ता अन्य माध्यमहरूको विकासबाट पनि पर्याप्त फाइदा लिन सकिने सम्भावना रहेको छ । कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासलाई गतिशिल बनाउन सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन कृषि तथा गैर कृषि क्षेत्रको विकास गर्न सडक तथा यातायात सेवा एउटा महत्वपूर्ण पूर्वाधारको रुपमा रहेको हुन्छ ।

## ६.२ विद्यमान सडक सञ्जाल

नेपालको प्रदेश नम्बर ३ मा पर्ने बाह्रविसे नगरपालिकाको सबै क्षेत्रहरूमा पर्याप्त रुपमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार भएको छैन । नगरपालिकामा उत्पादन हुने खाद्यान्न, दलहन, फलफूल, दुग्ध उत्पादन आदिको उत्पादन भैरहेकोमा नगरपालिकाका सबै वडाहरूमा सडकको राम्रो सुविधा नभएकाले उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन असहज देखिन्छ। सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधन पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनीसम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ।

### ६.२.१ सडक सुविधा पहुँचको प्रकारका आधारमा वडागत घरपरिवारको विवरण

**तालिका नं. ८० :** सडक सुविधा पहुँचको प्रकारका आधारमा वडागत घरपरिवारको विवरण

| वडा | घरसम्म पुग्ने बाटोको अवस्था | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | पक्की/कालोपत्रे | ग्राभेल सडक | धुले सडक (कच्ची) | गोरेटो बाटो जोडिएको | अन्य | |
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या |
| १ | ० | १ | २०५ | ९० | १४ | ३१० |
| २ | १ | ३१६ | ६२९ | ४६ | १ | ९९३ |
| ३ | ७३ | १९ | ६७८ | ४२१ | ४ | ११९५ |
| ४ | १९० | २९ | २९१ | ४५९ | ४० | १००९ |
| ५ | २६ | ७ | १७० | ३८५ | ० | ५८८ |
| ६ | ४९ | १ | २१२ | १०२ | ११३ | ४७७ |
| ७ | १ | १ | ४४२ | ७१५ | १४ | ११७३ |
| ८ | २५ | ३ | ६५२ | ३०७ | ० | ९८७ |
| ९ | ५३ | ६३ | ५१५ | २७७ | २० | ९२८ |
| जम्मा | ४१८ | ४४० | ३७९४ | २८०२ | २०६ | ७६६० |
| प्रतिशत | ५.५% | ५.७% | ४९.५% | ३६.६% | २.७% | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका ७,६६० घरपरिवारहरूमध्ये सबैभन्दा धेरै अस्थायी सडकको पहुँच रहेको देखिन्छ। जसमा अस्थायी सडकको पहुँच भएको घरपरिवारहरूको संख्या ३,७९४ अर्थात ४९.५ प्रतिशत, गोरेटो सडकको पहुँच भएको घरपरिवार संख्या २८०२ अर्थात ३६.६ प्रतिशत, ग्राभेल गरेको सडकसम्म पहुँच भएको ४४० अर्थात ५.७ प्रतिशत, कालोपत्रे बाटोको पहुँच भएका घरपरिवारहरू ४१८ अर्थात ५.५ प्रतिशत र अन्य २०६ अर्थात २.७ प्रतिशत रहेका छन्। तथ्याङ्कलाई हेर्दा ८८.८८ प्रतिशत घरपरिवारमा सहज प्रकारको सडक पहुँच छैन अर्थात यी परिवारहरूमा या त अस्थायी प्रकृतिको वा गोरेटोमा मात्र पहुँच भएको देखिन्छ। वडा नं. १ मा कालोपत्रे सडक सञ्जालको पहुँच शुन्य रहेको देखिन्छ। त्यसैगरी बाह्रविसे नगरपालिका भरि गोरेटो बाटो कूल १०३ कि.मि. रहेको छ। पूर्वाधार विकासमा सबैभन्दा महत्वपूर्ण सडकको अवस्था नाजुक हुँदा अन्य विकासले गति लिन सक्दैन तसर्थ सहज आवागमनका लागि नगरपालिकाले सडक संचालनको विकास र स्तरको उन्नतिका लागि यातायात गुरुयोजना निर्माण गरी लागू गर्नुपर्ने देखिन्छ। अन्य वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ६.३ यातायात सेवा

नगरपालिकामा यातायात साधनको उपयोग हेर्दा मोटरबाईक, बस, जिप, ट्र्याक्टर, ट्याक्सी, माईक्रो बस लगायतका यातायातका साधन दैनिक रुपमा सञ्चालन हुने गरेको पाइन्छ। नगरपालिकामा सार्वजनिक सवारीको प्रयोग सीमित मात्रामा हुने गरेको पाइन्छ। जसमा काठमाडौं उपत्यकाबाट बाह्रविसेसम्म पुग्ने बसहरू र अन्य सवारी साधनहरू नै मुख्य रहेका छन्। त्यसैगरी हालसम्म नगरमा सञ्चालन भइरहेका बसपार्कको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ८१ :** बसपार्कको विवरण

| सि.नं. | बसपार्कको नाम | ठेगाना | क्षेत्रफल | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | बस स्टेसन | वडा नं. ५, सिगार्चे | ३०० वर्ग कि.मि | ९८०८८००४१२ |
| २ | तातोपानी बसपार्क | वडा नं. ४, बाह्रविसे बजार | ०.५ वर्ग कि.मि | ०११-४८९०३९ |
| ३ | अरनिको यातायात सेवा समिति | वडा नं. ९, बाह्रविसे बजार | ०.५ वर्ग कि.मि | ९८५१०९४६४६ |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७५*



*तस्विरः बस स्टेसन, वार्ड ८, सिगार्चे, स्रोत : न.पा*

## ६.४ टाढाको वस्तीबाट सम्बन्धित वडा केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय

नगरपालिकाका मुख्य बजार क्षेत्रभन्दा बाहिर रहेका अन्य इलाका तथा बस्तीबाट स्थानीयवासीहरूले सेवा लिन जाँदा वडा केन्द्रसम्म पुग्न लाग्ने समय प्रायः १ घण्टा देखि ४ घण्टासम्म देखिन्छ। ग्रामीण परिवेशका यी क्षेत्रहरूमा सडक मार्ग तथा सवारी साधनको उपलब्धता नभएका क्षेत्रहरू समेत रहेका हुन् तसर्थ यातायात योजना निर्माण गरी राज्यद्धारा प्रदान गरीने सेवालाई सुगम बनाउन स्थानीय सरकारले काम गर्नुपर्ने देखिन्छ।

**तालिका नं. ८२ :** टाढाको वस्तीदेखि वडा केन्द्रसम्म पुग्न लाग्ने समयसम्बन्धी विवरण

| वडा नं. | टाढाको वस्तीको नाम | पैदल वा सवारी साधन | वडा केन्द्रसम्म पुग्न लाग्ने समय |
|---|---|---|---|
| १ | पैरे वस्ती, कोथली ठाडोश्वारा | पैदल | १ घण्टा |
| २ | तङ्मार बस्ती | पैदल | ३:३० घण्टा |
| ३ | थला, खानी, बालुवा | पैदल | ४ घण्टा |
| ४ | बखेनी, भिरकुना | पैदल | २ घण्टा |
| ५ | ढुङ्गे, बुकाम, भन्ज्याङ्ग, | पैदल/सवारी साधन | २/१ घण्टा |
| ६ | मान्द्र ,सोताङ | पैदल/सवारी साधन | ३:३० घण्टा/१ घण्टा |
| ७ | | पैदल | ३ घण्टा |
| ८ | घुडे सवै भन्दा टाढा र जम्बु वडा कार्यालयबाट वडा कार्यालय मानेश्वारा डाडाखेतमा छ | पैदल | २ घण्टा |
| ९ | वडा बाह्रविसे बजारको नयाँ बजारमा छ, टाढाको स्थान सुइरे, दमार | पैदल/सवारी साधन | ४ घण्टा/१ घण्टा |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७४*

## ६.५ वडा केन्द्रबाट नगरपालिका केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय

**तालिका नं. ८३ :** वडा केन्द्रदेखि नगरपालिका केन्द्रसम्म पुग्न लाग्ने समयसम्बन्धी विवरण

| वडा नं. | वडा केन्द्र रहेको स्थान | पुग्न लाग्ने समय | |
|---|---|---|---|
| | | **पैदल मार्गबाट** | **सवारी साधनबाट** |
| १ | च्याङगुर्सा | ५ घण्टा | ३ घण्टा |
| २ | नगरपालिका केन्द्र र वडा केन्द्र एकै ठाउँमा: बाह्रविसे | | |
| ३ | बाह्रविसे | ७ मिनेट | |
| ४ | बाह्रविसे | ५ मिनेट | |
| ५ | जम्बु | ३० मि. | १:२० मि. |
| ६ | जुम्बु | ३० मि. | १ घण्टा |
| ७ | घुम्थाङ | ४ घण्टा | |
| ८ | घुडे | | |
| ९ | वडा केन्द्र बाह्रविसे बजारको नयाँ बजारमा | | |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७४*

## ६.६ संचार

सूचना र प्रविधिमा भएका नवीनतम खोज तथा विकासले गाउँ, समुदाय, देश, अन्तर देशलाई एउटा सीमाहिन विश्व समुदायको रुपमा रुपान्तरित गरिदिएको छ। दिनानुदिन संचार प्रविधिको प्रयोग विस्तारित भइरहेको छ। वि.सं. २०४७ सालको दशकमा सीमित जनसंख्याले प्रयोग गर्ने संचारका माध्यामहरू हाल आधारभूत आवश्यकतामा परिणत भएको छ। ११०.३ प्रतिशत टेलिफोनको घनत्व ४६.५ प्रतिशत इन्टरनेटका प्रयोगकर्ता, रेडियोको राष्ट्रिय प्रसारणमा पँहुच ८८ प्रतिशत रहेको तथ्याङ्कले संचार क्षेत्रको तीब्र विकास र विकासका अन्य क्षेत्रमा यसको प्रभाव दर्शाउँछ।

बाह्रविसे नगरपालिकामा स्थानीय एफ.एम स्टेसनहरू र रेडियो नेपाल लगायत विभिन्न अन्य स्टेसनहरू काठमाडौंबाट नै सिधा प्रशारण हुन्छन्। नगरपालिकामा नेपाल टेलिकम र एनसेल दुवैको 3G Network उपलब्ध छ। नगरपालिकामा ADSL, NCell, NTC आदि कम्पनीहरूले इन्टरनेट सेवा पुर्याउँदै आइरहेका छन् विभिन्न केवल नेटवर्क तथा सेटलाइट च्यानल जस्तै डिस होम आदिद्धारा नगरपालिका बासीहरूले मनोरन्जनात्मक टेलिभिजन कार्यक्रमहरू हेर्ने गरेको पाइन्छ।

### ६.६.१ नगरपालिकामा सेवा प्रदान गर्ने एफ.एम. रेडियोहरू

सञ्चार सेवामा एफ.एम तथा रेडियोको महत्वपूर्ण भूमीका रहेको हुन्छ । बाह्रविसे नगरपालिकामा स्थानीय एफ.एम लोकप्रीय एफ.एम प्रसारण हुनुका साथै बीबीसी नेपाली सेवा तथा राष्ट्रिय स्तरका रेडियो नेपालको प्रसारण हुने गरेको पाईन्छ । जसबाट नगरपालिकाका वासिन्दाले प्रत्यक्ष लाभ लिइरहेका छन् ।

### ६.६.२ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस नगरपालिकाका ९ ओटै वडाहरूमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएका छन् । नगरपालिकाको केही क्षेत्रहरूमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

### ६.६.३ हुलाक सेवा

नगरपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवाको इलाका हुलाक र अतिरिक्त हुलाक कार्यालयले हुलाक सेवा पुऱ्याइरहेका छन् । नगरपालिकामा भएका हुलाक कार्यालयहरूबाट नगरपालिका भित्र र नगरपालिका बाहिर एवम् विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् । यद्यपि संचार र यातायातका सेवामा भएको तीब्र र उच्च विकासले हुलाक सेवा प्रयोगकर्ताको संख्या घट्दै गैरहेको छ ।

## ६.७ परिवारमा भएको साधन तथा सुविधाको विवरण

**तालिका नं. ८४ :** परिवारमा भएको साधन तथा सुविधाको विवरण

| विवरण | वडा | | | | | | | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | | २ | | ३ | | ४ | | ५ | | ६ | | ७ | | ८ | | ९ | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| रेडियो | २७ | १.७% | ३५२ | २२.०% | २२६ | १४.१% | २८९ | १८.१% | १४२ | ८.९% | ४६ | २.९% | १८३ | ११.४% | २५४ | १५.९% | ८१ | ५.१% | १६०० |
| टेलिभिजन | ४१ | १.४% | २२९ | ७.७% | ५७१ | १९.२% | ५९९ | २०.२% | १५१ | ५.१% | १७० | ५.७% | ३४० | ११.५% | ३१३ | १०.५% | ५५५ | १८.७% | २९६९ |
| केबल टीभी/डिस | ३२ | १.३% | १६९ | ६.९% | ४५९ | १८.७% | ५७२ | २३.३% | १३३ | ५.४% | ७२ | २.९% | २३१ | ९.४% | २६८ | १०.९% | ५२२ | २१.२% | २४५८ |
| कम्प्युटर/ल्यापटप | ५ | १.२% | १९ | ४.४% | ७९ | १८.४% | १०७ | २४.९% | १४ | ३.३% | १४ | ३.३% | २१ | ४.९% | ३६ | ८.४% | १३५ | ३१.४% | ४३० |
| ईन्टरनेट सुविधा | ११ | .४% | १४३ | ४.८% | ४४६ | १४.८% | ३२३ | १०.७% | ३४० | ११.३% | ४३३ | १४.४% | ५२५ | १७.४% | ४२९ | १४.३% | ३५९ | ११.९% | ३००९ |
| ल्याण्डलाइन फोन | ० | ०.०% | ८ | ५.०% | २२ | १३.८% | ७२ | ४५.३% | ३ | १.९% | १ | .६% | ३ | १.९% | ७ | ४.४% | ४३ | २७.०% | १५९ |
| मोबाइल फोन | १५१ | २.७% | ८१८ | १४.६% | ८३५ | १४.९% | ७६८ | १३.७% | ४५७ | ८.२% | ३७३ | ६.७% | ८५४ | १५.३% | ६९३ | १२.४% | ६५० | ११.६% | ५५९९ |
| मोटरसाईकल/स्कुटर | ८ | १.३% | ५७ | ९.२% | १३४ | २१.७% | १७९ | २९.०% | २७ | ४.४% | १७ | २.८% | २९ | ४.७% | ३४ | ५.५% | १३३ | २१.५% | ६१८ |
| कार/जीप/भ्यान निजी प्रयोगका लागि | १ | .८% | ४ | ३.१% | २३ | १७.७% | ४९ | ३७.७% | ४ | ३.१% | ५ | ३.८% | ९ | ६.९% | ५ | ३.८% | ३० | २३.१% | १३० |
| अन्य ढुवानी साधन ( बस, ट्रक, कार, जीप ...) | ० | ०.०% | ७ | ३.९% | २० | ११.२% | ५८ | ३२.४% | ११ | ६.१% | ४ | २.२% | १८ | १०.१% | ४ | २.२% | ५७ | ३१.८% | १७९ |
| ट्याक्टर | ० | ०.०% | ४ | १०.०% | ४ | १०.०% | १० | २५.०% | १ | २.५% | ० | ०.०% | ० | ०.०% | १ | २.५% | २० | ५०.०% | ४० |
| पावर टिलर/पम्पसेट | ० | ०.०% | ० | ०.०% | ४ | ३३.३% | ३ | २५.०% | १ | ८.३% | ० | ०.०% | १ | ८.३% | १ | ८.३% | २ | १६.७% | १२ |
| साइकल/रिक्सा | ० | ०.०% | १ | ५.३% | ४ | २१.१% | ७ | ३६.८% | ० | ०.०% | ० | ०.०% | २ | १०.५% | २ | १०.५% | ३ | १५.८% | १९ |
| फ्रिज | ० | ०.०% | ४२ | ७.४% | ८८ | १५.४% | १९२ | ३३.७% | १६ | २.८% | ७ | १.२% | १२ | २.१% | १२ | २.१% | २०१ | ३५.३% | ५७० |
| एयर कन्डिसन/कुलर | ० | ०.०% | २ | ५.३% | ७ | १८.४% | ४ | १०.५% | १ | २.६% | ० | ०.०% | ६ | १५.८% | ० | ०.०% | १८ | ४७.४% | ३८ |
| वासिङ मेसिन | ० | ०.०% | ० | ०.०% | २ | ७.१% | १३ | ४६.४% | २ | ७.१% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ११ | ३९.३% | २८ |
| हिटररगिजर/सोलार | ० | ०.०% | ४ | २.६% | ११ | ७.३% | २८ | १८.५% | १३ | ८.६% | १९ | १२.६% | ७ | ४.६% | ० | ०.०% | ६९ | ४५.७% | १५१ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा साधन तथा सुविधाको उपलब्धताको तथ्याङ्क हेर्दा नगरमा रहेका कूल घरपरिवारहरूमध्ये उल्लेखनिय ढंगले उच्च मोबाइल फोन प्रयोगकर्ताको संख्या ५,५९९ रहेको छ । दोस्रोमा इन्टरनेट सुविधा भएको परिवार संख्या ३००९, टेलिभिजन हुने परिवार संख्या २,९६९ रहेको देखिन्छ भने केबल वा डिसहोम प्रयोगकर्ता २,४५८ रहेको देखिन्छ । त्यसैगरी रेडियो हुने परिवार संख्या १,६०० रहेको छ । तथ्याङ्कलाई हेर्दा संचार क्षेत्रको मोबाइल फोन प्रयोगकर्ताहरू झण्डै पूर्णरुपमा भएको अवस्था छ । मोबाइल प्रयोगकर्ताले सबैखाले संचारका सुविधा जस्तै श्रव्य, दृष्य, सुचना, गीत, खबर आदान प्रदान लगायतका धेरै काम गर्न सहज हुने भएकोले टेलिभिजन, रेडियो प्रयोगकर्ताको संख्या पछिल्लो समयमा इन्टरनेट तथा मोबाइलफोनको प्रयोग बढ्दै जाँदा न्यून हुँदै गएको देखिन्छ। अर्कोतर्फ कार/जीप, एर कन्डिसनर, हिटर वा ग्याँस गिजरजस्ता उच्च सुविधाका सामाग्रीहरूको संख्या झन कम देखिन्छ । यद्यपि ग्रामीण इलाकाहरूमा समेत क्रमशः आधुनिक सुख सुविधाका सामग्रीहरूको प्रयोगकर्ताहरू बढ्नाले उपभोक्तावादी संस्कृतिको विकास भइरहेको देखिन्छ । वडागत रुपमा विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



## ६.८ विद्युत तथा उर्जा

### ६.८.१ घरपरिवारले दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

**तालिका नं. ८५ :** दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

| वडा | बिजुली | | सोलार | | मटितेल | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | २५४ | ८१.९% | ४६ | १४.८% | १० | ३.२% | ० | ०.०% | ३१० |
| २ | ९७६ | ९८.३% | १६ | १.६% | १ | .१% | ० | ०.०% | ९९३ |
| ३ | ११५३ | ९६.५% | ४० | ३.३% | २ | .२% | ० | ०.०% | ११९५ |
| ४ | ९९८ | ९८.९% | ९ | ०.९% | ० | ०.०% | २ | ०.२% | १००९ |
| ५ | ४९८ | ८४.७% | ७९ | १३.४% | ११ | १.९% | ० | ०.०% | ५८८ |
| ६ | ४६७ | ९७.९% | १० | २.१% | ० | ०.०% | ० | ०.०% | ४७७ |
| ७ | ११२९ | ९६.२% | ३८ | ३.२% | ० | ०.०% | ६ | .५% | ११७३ |
| ८ | ९७९ | ९९.२% | ८ | .८% | ० | ०.०% | ० | ०.०% | ९८७ |
| ९ | ९२० | ९९.१% | ० | ०.०% | ७ | .८% | १ | .१% | ९२८ |
| **जम्मा** | **७३७४** | **९६.३%** | **२४६** | **३.२%** | **३१** | **.४%** | **९** | **.१%** | **७६६०** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा घरपरिवारहरूले दैनिक बत्ती बाल्न प्रयोग गर्ने इन्धनको स्रोत विश्लेषण गर्दा नगरपालिकाका कूल घरपरिवारहरूमध्ये ७,३७४ अर्थात ९६.३ प्रतिशतले विद्युत, २४६ अर्थात ३.२ प्रतिशतले सोलार, ३१ अर्थात ०.४ प्रतिशत र बाँकीले अन्य इन्धनको स्रोत प्रयोग गर्ने न्युन पाइयो । यस तथ्याङ्कलाई हेर्दा ग्रामीण विद्युतिकरणमा व्यापक विकास भई नगरपालिकामा विद्युतको पहुँच लगभग सतप्रतिशत भएको देखिन्छ भने विद्युत सेवाको पहुँच नपुगेको परिवारहरू नगन्य रहेको देखिन्छ भने सेवा नपुगेका क्षेत्रहरूमा त्यसको विस्तार हुनु जरूरी छ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



### ६.८.२ घरपरिवारले खाना पकाउने इन्धनको आधारमा परिवारको विवरण

**तालिका नं. ८६ :** खाना पकाउने इन्धनको आधारमा घरपरिवारको विवरण

| वडा | काठ दाउरा | | एलपी ग्यास | | मट्टितेल | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ३०९ | ९९.७% | १ | .३% | ० | ०.०% | ० | ०.०% |
| २ | ९७७ | ९८.४% | १६ | १.६% | ० | ०.०% | ० | ०.०% |
| ३ | १०२७ | ८५.९% | १६७ | १४.०% | १ | .१% | ० | ०.०% |
| ४ | ५३० | ५२.५% | ४७७ | ४७.३% | ० | ०.०% | २ | ०.२% |
| ५ | ५५३ | ९४.०% | ३५ | ६.०% | ० | ०.०% | ० | ०.०% |
| ६ | ४१७ | ८७.४% | ६० | १२.६% | ० | ०.०% | ० | ०.०% |
| ७ | ११५८ | ९८.७% | १५ | १.३% | ० | ०.०% | ० | ०.०% |
| ८ | ९११ | ९२.३% | ७६ | ७.७% | ० | ०.०% | ० | ०.०% |
| ९ | ६५२ | ७०.३% | २७६ | २९.७% | ० | ०.०% | ० | ०.०% |
| **जम्मा** | **६५३४** | **८५.३%** | **११२३** | **१४.७%** | **१** | **०.०%** | **२** | **०.०%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकाको कूल घरपरिवारहरूमध्ये ६,५३४ अर्थात ८५.३ प्रतिशतले काठदाउरा, १,१२३ अर्थात १४.७ प्रतिशतले एल.पी ग्याँसको प्रयोग गर्दछन् भने मट्टितेल, एलपी ग्याँस, मट्टितेल र अरु प्रयोग गर्ने जनसंख्या नगन्य रहेको पाइयो । स्थानीयहरूले अधिकांश काठ दाउराको प्रयोग गरेबाट एकातर्फ वनजंगल र पर्यावरणमा क्षति पुग्ने र अर्कोतर्फ धुवाँ र दाउरा संकलन गर्दा लाग्ने समयले क्रमश: स्वास्थ्यमा असर पुऱ्याउनुका साथै समयसमेत बढी खर्च हुने देखिन्छ । तसर्थ ग्रामीण भेगहरूमा वैकल्पिक उर्जाको उत्तम उपायको रुपमा गोबर ग्याँसको प्रयोगलाई प्रोत्साहन गर्ने र आय आर्जनका कार्यक्रमहरूमा केन्द्रित गरी नगरपालिकावासीलाई काठ दाउराको विकल्पतर्फ लैजानुपर्ने देखिन्छ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




दिगो विकासको अवधारणाअनुसार पर्यावरणिय सन्तुलन बनाइ राख्न मानिसको उपभोग शैलीमा परिवर्तन गर्नु अपरिहार्य छ । उदाहरणका लागि नेपालले आधारवर्ष २०१५ मा ७४.७ % रहेको इन्धनको प्राथमिक श्रोतको रुपमा काठ, दाउरा, गुइँठा आदि प्रयोग गर्ने जनसमुदाय सन् २०३० सम्म ३०% मा झार्ने (SDG–7) तथा पकाउने प्रयोजनार्थ LPG प्रयोगलाई १८% (२०१५) बाट ३३% मा पुऱ्याउने लक्ष्य राखेको छ । यसै राष्ट्रिय लक्ष्यलाई आत्मसाथ गर्दै यस नगरपालिकाका नीति तथा कार्यक्रमहरूलाई त्यसतर्फ उन्मुख बनाउनु आवश्यक छ ।

# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा



*तस्विर : कालीदेवी मा.वि., वार्ड ६, गाती, स्रोत : न.पा.*

नेपाललाई अल्पविकसित राष्ट्रहरूको सूचीबाट मुक्त गराई विकासोन्मुख राष्ट्रको सूचीमा समावेश गराउन एवं दिगो विकासका लक्ष्य अनुरुप समावेशी र समन्यायमा आधारित शिक्षा सबैमा पुऱ्याउने संविधान प्रदान अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता सहित शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रुपान्तरणको सेवाहरूको रुपमा विकास गर्ने, सबै तह एवं विद्याको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवं व्यवस्थापकिय क्षमता अभिवृद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नेतर्फ राष्ट्रिय शिक्षा निति र कार्यक्रमहरू लक्षित गरेको चौधौ आवधिक (२०७३/०७४-२०७५/०७६) योजनामा उल्लेख गरिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षणअनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्र यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ।

यस क्षेत्रमा आपतकालीन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धी बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि लामो यात्रा गर्नुपर्ने सेवाको लागत, परम्परागत विश्वास, आदिका स्वास्थ्य क्षेत्रका समस्याहरू हुन् ।

नगरपालिकामा रहेको स्वास्थ्य केन्द्रमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दीअनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरू उपलब्ध हुन सकेको छैन । अस्पतालमा हालसम्म अवस्ट्रेटीसियन (Obstetrician) वा अनेस्थेसिओलोजिस्ट (Anaesthesiologist) छैनन् र पर्याप्त मात्रामा औषधीको आपूर्ति हुदैन।

स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ। दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

**तालिका नं. ९८ :** नगरमा भएका स्वास्थ्य संस्थाको विवरण

| सि.नं. | स्वास्थ्य संस्था | प्रकार | ठेगाना | स्वास्थ्य कर्मीहरूको संख्या | चिकित्सकको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | घुम्थाङ स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | वडा नं. ७, थगाम | ६ | | बर्थिङ सेन्टर आवश्यक |
| २ | गाती स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | वडा नं. ६, डाँडाकटेरी | ५ | | |
| ३ | मानेश्वाँरा स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | वडा नं. ८, डाँडाखेत | २ | | |
| ४ | सामुदायिक स्वास्थ्य इकाइ | प्राथमिक स्वास्थ्य स्याहार केन्द्र | वडा नं. १, च्यागुर्सा | १ | | |
| ५ | बुदेपा स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | वड नं. २, बुदेपा | ५ | | |
| ६ | सामुदायिक | प्राथमिक स्वास्थ्य स्याहार केन्द्र | वडा नं. २, कार्थली | २ | २ | स्कूलको भवनमा रहेको |
| ७ | बाह्रविसे स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | वडा नं. ३, ठूलोपलाती | ४ | | औषधि आवश्यकता अनुसार उपलब्ध नभएको । |
| ८ | प्राथमिक स्वास्थ्य केन्द्र | प्राथमिक स्वास्थ्य स्याहार केन्द्र | वडा नं. ९, बाह्रविसे | १३ | २ | |
| ९ | सेती देवी मेडिकल | फार्मेसी | वडा नं. ९, बाह्रविसे | | | |
| १० | किस्टोन हस्पिटल एण्ड रिसर्च सेन्टर | निजि अस्पताल | वडा नं. ४, बाह्रविसे बजार | १५ | १ | |
| ११ | कुबेर मेडिकल | फार्मेसी | वडा नं. ९, बाह्रविसे | | | |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७५*

### ७.२.१ गााउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक नगरपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। नगरपालिकाका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ। यी स्थानहरूमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ । यद्यपि तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपूर्ति पनि उपलब्ध छैन। शारीरिक वृद्धिको लेखाजोखाजस्ता अन्य सेवाहरू स्वास्थ्य चौकीको तहमा मात्र उपलब्ध गराइन्छ। नगरपालिकामा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

**तालिका नं. ९९ :** नगरपालिकाको विगत २ वर्षको खोपको विवरण

| सि.नं | खोपको नाम | आ.व. २०७३/०७४ | आ.व. २०७४/०७५ |
|---|---|---|---|
| | | संख्या | संख्या |
| १ | वि.सि.जि | ३४५ | ३५२ |
| २ | डि.पि.टि - ३ | ४९८ | ४५५ |
| ३ | हेपटाइटिस "वि" - ३ | ४९८ | ४५५ |
| ४ | दादुरा- २ | ३०० | ४०४ |
| ५ | पोलियो ३ | ४६६ | ४४५ |
| ६ | टि.टि (गर्भवती महिला) -२ र २+ | २१७ | ३१६ |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७५*

### ७.२.२ सुरक्षित मातृत्व सम्बन्धी विवरण

बालबालिकालाई गर्भमा रहँदादेखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानुनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकेको छ। तर १७ प्रतिशत किशोरीहरू १५ देखि १९ वर्ष उमेरमा गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन। नगरपालिकामा विगत २ वर्षको सुरक्षित मातृत्व सम्बन्धी विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १०० :** सुरक्षित मातृत्व सम्बन्धी विवरण

| सि.नं. | विवरण | आ.व. २०७३/०७४ संख्या | आ.व. २०७४/०७५ संख्या |
|---|---|---|---|
| १ | पहिलो पटक गर्भवती जाँच सेवा लिनेको संख्या | ४९८ | ३७७ |
| २ | प्रोटोकल अनुसार पहिलो पटक गर्भवती जाँच सेवा लिनको संख्या | ३०४ | २९४ |
| ३ | प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच सेवा लिनको संख्या | १२९ | १५७ |
| ४ | दक्ष प्रसुतिकर्मीबाट (डाक्टर, नर्स, तालिम प्राप्त अ.न.मी.) प्रसुति गराएको जम्म संख्या | १४५ | १०९ |
| ५ | स्वास्थ्य संस्थामा प्रसुति भएको संख्या | १६३ | १२६ |
| ६ | स्वास्थ्य संस्थामा प्रसुति भएका जातजाति अनुसारको संख्या | | |
| ७ | प्रोटोकल अनुसार ३ पटक सुत्केरी जाँच गरेको संख्या | ६ | १५ |
| ८ | सुरक्षित गर्भपतन सेवा | ० | ० |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७५*

## ७.२.३ विगत १२ महिनामा सुत्केरी भएका महिलाहरूको सुत्केरी गराएको स्थानसम्बन्धी विवरण

**तालिका नं. १०१ :** सुत्केरी भएका महिलाहरूको सुत्केरी गराएको स्थानसम्बन्धी विवरण

| वडा | सुत्केरी गराएको स्थान | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | घरमा | | स्वास्थ्य संस्थामा | | अन्य | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ६ | ६.३% | ३ | १.८% | १ | २०.०% | १० | ३.८% |
| २ | १२ | १२.६% | २१ | १२.८% | ० | ०.०% | ३३ | १२.५% |
| ३ | १४ | १४.७% | २३ | १४.०% | २ | ४०.०% | ३९ | १४.८% |
| ४ | ५ | ५.३% | २८ | १७.१% | ० | ०.०% | ३३ | १२.५% |
| ५ | १९ | २०.०% | १९ | ११.६% | ० | ०.०% | ३८ | १४.४% |
| ६ | ४ | ४.२% | १२ | ७.३% | १ | २०.०% | १७ | ६.४% |
| ७ | २७ | २८.४% | १३ | ७.९% | १ | २०.०% | ४१ | १५.५% |
| ८ | ७ | ७.४% | ३१ | १८.९% | ० | ०.०% | ३८ | १४.४% |
| ९ | १ | १.१% | १४ | ८.५% | ० | ०.०% | १५ | ५.७% |
| **जम्मा** | **९५** | **१००.०%** | **१६४** | **१००.०%** | **५** | **१००.०%** | **२६४** | **१००.०%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

## ७.२.४ विगत १२ महिनामा सुत्केरी भएका महिलाहरूको प्रोटोकलअनुसार ४ पटक गर्भ जाँचसम्बन्धी विवरण

**तालिका नं. १०२ :** प्रोटोकलअनुसार ४ पटक गर्भ जाँचसम्बन्धी विवरण

| वडा | ४ पटक ANC जाँच | | | | | |
|---|---|---|---|---|---|---|
| | जाँच गराएँ | | जाँच गराइँन | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | १० | ४.०% | ० | ०.०% | १० | ३.८% |
| २ | ३३ | १३.२% | ० | ०.०% | ३३ | १२.५% |
| ३ | ३९ | १५.६% | ० | ०.०% | ३९ | १४.८% |
| ४ | ३२ | १२.८% | १ | ७.१% | ३३ | १२.५% |
| ५ | २८ | ११.२% | १० | ७१.४% | ३८ | १४.४% |
| ६ | १५ | ६.०% | २ | १४.३% | १७ | ६.४% |
| ७ | ४० | १६.०% | १ | ७.१% | ४१ | १५.५% |
| ८ | ३८ | १५.२% | ० | ०.०% | ३८ | १४.४% |
| ९ | १५ | ६.०% | ० | ०.०% | १५ | ५.७% |
| **जम्मा** | **२५०** | **१००.०%** | **१४** | **१००.०%** | **२६४** | **१००.०%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

### ७.२.५ १५-४९ वर्ष उमेर समूहका महिलाले हालसम्म जीवित सन्तान जन्म दिए/नदिएको विवरण

नगरपालिकामा रहेका कूल ५,०५५ जना १५ देखि ४९ वर्ष भित्रका विवाहित महिलाहरूको लिइएको तथ्याङ्कअनुसार २ वटा जीवित शिशुलाई जन्मदिने महिलाहरूको संख्या सबैभन्दा धेरै अर्थात १,३११ जना भएको पाइयो । त्यसैगरी १ सन्तान जन्माउने ९९०, ३ सन्तान जन्माउने ७५४, चार सन्तान जन्माउने ३६० रहेका छन् । नगरपालिकामा  ८ वा ८ भन्दा बढी जीवित सन्तान जन्माउने संख्यासमेत ८ जना हुनुले धेरै बच्चा जन्माउने विगतको प्रवृत्ति पाको उमेर समूहका महिलाहरूमा अवशेषका रुपमा रहेको पाइयो । १ देखि ३ वटा जीवित शिशुलाई जन्मदिनेको संख्या भने सबैभन्दा बढी रहेको छ । यो तथ्याङ्कबाट क्रमशः नगरपालिकाको परिवारको औषत आकारमा अर्थात महिलाको खुद प्रजनन् दर घट्दै गैरहेको पाइन्छ । परिवार नियोजन कार्यक्रमको प्रभावकारीता, प्रजनन् स्वास्थमा आएको चेतना र शिक्षाको सामाजिक र पारिवारिक जागरणमा परेको सकारात्मक प्रभावका कारण परिवारको आकार घट्ने क्रममा रहेको पाइन्छ । यस तथ्याङ्कको अर्कोपक्ष भनेको सन्तान नै नभएका महिलाहरूको जनसंख्या हो जसअनुसार कूल १५ देखि ४९ विवाहित महिलाको संख्या कूल ५,०५५ मध्ये १,४२७ महिला बाट एउटा जीवित सन्तानसमेत जन्मेको छैन । मुख्यतया महिलाको प्रजनन् स्वास्थमा भएको जटिलता, प्रजनन् स्वास्थ्य बारेको चेतनाको कमी, औषधोपचारमा पहुँचको कमी, पोषणको कमी, वंशाणुगत कारण आदिले महिलामा बाँझोपन आउन सक्ने तथ्यलाई मनन् गरी त्यसतर्फ उचित कदम चाल्नु पर्ने देखिन्छ । महिलामा बाँझोपन हुँदा देखा पर्ने महिला हिंसा तथा नकारात्मक सामाजिक व्यवहारले लैङ्गिक हिंसा बढाएको तथ्य हामी सामु रहेको छ । वडागत विस्तृत विवरण तथा वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०३ :** १५ देखि ४९ वर्षसम्मका विभिन्न उमेर समूहका विवाहित महिलाहरूले जन्म दिएका सन्तानहरूको आधारमा जसंख्याको विवरण

| सन्तानको संख्या | | वडा नं. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
| **१ सन्तान भएको** | संख्या | ४२ | १४७ | १८३ | १६६ | ७६ | ६१ | १४४ | ११० | ६१ | ९९० |
| **२ सन्तान भएको** | संख्या | ५१ | २०७ | २१२ | २४५ | १०२ | ७७ | १८२ | १३४ | १०१ | १३११ |
| **३ सन्तान भएको** | संख्या | ३० | १२१ | १०७ | ९९ | ७३ | ५० | ११० | ९३ | ७१ | ७५४ |
| **४ सन्तान भएको** | संख्या | १६ | ४८ | ३३ | ४३ | ३१ | ३९ | ८१ | ४२ | २७ | ३६० |
| **५ सन्तान भएको** | संख्या | ५ | १७ | १७ | १४ | २४ | १२ | २५ | १६ | ५ | १३५ |
| **६ सन्तान भएको** | संख्या | ३ | ६ | ५ | ४ | ६ | १० | १२ | ४ | १ | ५१ |
| **७ सन्तान भएको** | संख्या | १ | १ | ५ | १ | ५ | ३ | २ | १ | ० | १९ |
| **८ वा सोभन्दा बढी सन्तान** | संख्या | ० | ० | २ | १ | ३ | ० | २ | ० | ० | ८ |
| **जम्मा** | सन्तान जन्म दिने महिला | **१४८** | **५४७** | **५६४** | **५७३** | **३२०** | **२५२** | **५५८** | **४००** | **२६६** | **३६२८** |
| | सन्तान जन्म नदिने महिला | **१०९** | **१०९** | **२९१** | **९९** | **५७** | **५५** | **१२३** | **२५३** | **३३१** | **१४२७** |
| | जम्मा महिला | **२५७** | **६५६** | **८५५** | **६७२** | **३७७** | **३०७** | **६८१** | **६५३** | **५९७** | **५०५५** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

## ७.२.६ १५ देखि ४९ वर्षका विवाहित महिलाबाट जीवित जन्म भएका सन्तानको विवरण

नगरपालिकामा रहेका १५ देखि ४९ वर्षसम्मका विवाहित आमाहरूले जन्माएका कूल शिशुहरूको संख्या १०,१०२ रहेकोमा छोराको संख्या ५,४१३ र छोरीको संख्या ४,६८९ रहेको छ भने जन्मेका शिशुहरूमा हालसम्म जीवित बालबालिकाको संख्या भने ९,९३२ रहेको छ । त्यसमध्ये ५,३२६ बालक (पुरुष) र ४,६०६ बालिका (महिला) रहेका छन् । अर्थात जीवित जन्मेका १०,१०२ शिशुहरूमध्ये १८४ बालिबालिकाको मृत्यु भैसकेको छ । सामान्यतया यस तथ्याङ्कलाई हेर्दा प्रतिहजार जीवित जन्मेका शिशुहरूमध्ये १८ जनाको हाराहारीमा मृत्यु हुने गर्छ । बच्चा गर्भमा रहँदा गर्भवतीको पूर्ण स्याहार तथा पोषण, शिशु जन्मदा प्रसुती सेवाको उपलब्धता तथा प्रभावकारीतामा कमी, नवजात शिशु र आमाको स्याहार, समग्र मातृशिशु पोषण, विभिन्न प्राणघातक रोग विरुद्धको खोपहरूको सुनिश्चिततामा कमीजस्ता कारणहरूले शिशु र बालबालिकाको मृत्यु हुनेगर्छ । दुर्घटना तथा अन्य दैवी प्रकोप बाहेक प्रजनन् स्वास्थ्यमा स्याहार पुऱ्याउँदा कम हुने जोखिमहरूलाई सजगता अपनाएमा न्यूनिकरण गर्न वा नियन्त्रण गर्न सकिन्छ । तसर्थ यसतर्फ सम्बन्धित सबैको ध्यान जानु आवश्यक छ । उमेरसमूह अनुसारको विवरणलाई हेर्दा २५-२९ वर्षका महिलाहरूले सबैभन्दा धेरै बच्चाहरू जन्माएको पाइयो दोस्रो उमेर समूहमा ३० देखि ३४ वर्षका महिलाहरू रहेका छन् । बालबालिकाको मृत्युको प्रवृत्ति हेर्दा ठूलो उमेर समूहका महिलाहरूले जन्माएका शिशुहरूको तुलनात्मक रुपमा बढी मृत्यु भएको तथ्याङ्कले देखाउँछ । पाको उमेरमा बच्चा जन्माउँदा देखिने प्रजनन्सम्बन्धी जटिलताका कारण वा धेरै बच्चाहरू जन्माउँदा हुने जटिलताका कारण मृत्यु संख्या बढेको हुनसक्छ । समग्र तथा वडागत विवरण तलका दुईवटा तालिकामा प्रस्तुत गरिएको छ । यसलाई तलको स्तम्भ चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. १०४ :** १५ देखि ४९ वर्षका विवाहित महिलाबाट जीवित जन्म भएका सन्तानको विवरण

| जीवित जन्मभएका शिशुको विवरण | आमाको उमेर समूह | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | |
| जीवित जन्म भएका जम्मा | ६२ | ७५८ | १,५२४.० | १,९४९ | २,१०२.० | १,९४४ | १,७६३ | १०,१०२ |
| जीवित जन्म भएका छोरा | ३२ | ४१२ | ८१६.० | ९७८ | १,१२९.० | १,०४७ | ९९९ | ५,४१३ |
| जीवित जन्म भएका छोरी | ३० | ३४६ | ७०८.० | ९७१ | ९७३.० | ८९७ | ७६४ | ४,६८९ |
| हालसम्म जीवित जम्मा | ६२ | ७४७ | १,५१७.० | १,९१६ | २,०७६.० | १,८९६ | १,७१८ | ९,९३२ |
| हालसम्म जीवित छोरा | ३२ | ४०३ | ८१३.० | ९६९ | १,११४.० | १,०१७ | ९७८ | ५,३२६ |
| हालसम्म जीवित छोरी | ३० | ३४४ | ७०४.० | ९४७ | ९६२.० | ८७९ | ७४० | ४,६०६ |
| हाल मृत्यू भैसकेका जम्मा | ० | ११ | १२.० | ३३ | २७.० | ४८ | ४५ | १८४ |
| हाल मृत्यू भैसकेका छोरा | ० | १६ | ६.० | ९ | १६.० | ३० | २१ | ९८ |
| हाल मृत्यू भैसकेका छोरी | ० | ३ | ६.० | २४ | ११.० | १८ | २४ | ८६ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

### ७.२.७ १५-४९ उमेर समूहका विवाहित महिलाहरूको पहिलो बच्चा जन्मिदाको उमेरसम्बन्धी विवरण

कानूनी र प्रजनन स्वास्थको दृष्टिकोणबाट २० वा सो वर्षभन्दा कम उमेरमा आमा बन्नु गैरकानूनी र मातृ तथा शिशु दुवैको स्वास्थ्यका दृष्टिकोणबाट जोखिमपूर्ण मानिन्छ। शारीरिक, मानसिक, आर्थिक रुपमा अपरिपक्व अवस्थामा गर्भाधान र सन्तान जन्माउँदा एकातर्फ अपरिपक्व, कम तौलको, शारीरिक र बौद्धिक रुपमा विकलाङ्ग शिशु जन्मन सक्ने जोखिम उच्च रहन्छ भने अर्कोतर्फ गर्भावस्थाको हेरविचार, मातृ तथा शिशुको स्याहार, खानपान, सरसफाईजस्ता विषयमा पर्याप्त जानकारी नहुँदा आमा र शिशु विभिन्न प्रकारका संक्रमणको सिकार हुन सक्ने संभावना रहन्छ ।

नेपालले सहश्राब्दि विकास लक्ष्य २०००–२०१५ का बिचमा मातृ तथा शिशु स्वास्थको क्षेत्रमा उल्लेखनीय प्रगती हासिल गरेको छ। सन् १९९० लाई आधार वर्ष मान्दा नेपालमा कूल १००० जीवित जन्म भएका शिशुमध्ये १०८ जनाको मृत्यु हुने गरेकोमा यो संख्यामा सारभूत रुपमा गिरावट आई सन् २०१५ सम्म ३३ मा झरेको छ भने ५ वर्षभन्दा कम उमेरका बालबालिकाको मृत्युदर (प्रति हजार) ३८ मा झरेको छ। त्यसैगरी सन् १९९० लाई आधार वर्ष मान्दा मातृमृत्यु (प्रति एकलाख) मा ८५० रहेकोमा सन् २०१५ सम्म २५८ मा झरेको देखिन्छ भने तालिम पाप्त स्वास्थकर्मीबाट प्रसुति गराउने महिलाको अनुपात ५५.६% पुगेको तथ्यांक देखिन्छ (Nepal and the Millennium Development Goals Final Status Report 2000-2015)। यसरी हेर्दा समग्र मातृ तथा शिशु स्वास्थको क्षेत्रमा सकारात्मक परिवर्तनका संकेतहरू देखा परिरहेका छन्।

नगरपालिकाका कूल ३,६३४ महिलालाई पहिलो सन्तान जन्मिदाको उनीहरूको उमेरको बारेमा सोधिएको प्रश्नमा २१ जना अर्थात ०.६ प्रतिशत महिला १५ वर्षभन्दा कम उमेरमा आमा बनेको तथ्यांक प्राप्त भएको छ भने १,२४८ अर्थात ३४.३ प्रतिशत महिलाले १५-१९ वर्षको बिचमा पहिलो सन्तान जन्माएको देखिन्छ। त्यसैगरी १,८२० अर्थात ५०.१ प्रतिशत महिला २०-२४ वर्ष उमेरमा, ४५० अर्थात १२.४ प्रतिशत महिला २५-२९ वर्ष उमेरमा र ६६ जना अर्थात १.८ प्रतिशत महिला ३०-३४ वर्ष उमेरमा आमा बनेको देखिन्छ भने ३५ वर्षमाथि पहिलो पटक आमा बन्नेको संख्या जम्मा २९ जना अर्थात ०.८ प्रतिशत रहेको छ।

**तालिका नं. १०५ :** १५-४९ उमेरसमूहका विवाहित महिलाहरूको पहिलो बच्चा जन्मिदाको उमेरसम्बन्धी विवरण

| वडा | पहिलो बच्चा जन्मदिँदा आमाको उमेर | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १५ वर्षभन्दा कम | १५ - १९ वर्ष | २० - २४ वर्ष | २५ - २९ वर्ष | ३० - ३४ वर्ष | ३५ वर्ष वा सोभन्दा बढी | जम्मा आमाको संख्या |
| १ | ० | २९ | १०२ | १५ | ० | २ | १४८ |
| २ | ० | १६७ | ३११ | ५५ | ११ | ३ | ५४७ |
| ३ | ३ | १७४ | २८८ | ८५ | ९ | ७ | ५६६ |
| ४ | ० | १४६ | ३२८ | ८६ | ११ | २ | ५७३ |
| ५ | ७ | १४० | १३७ | ३१ | ३ | २ | ३२० |
| ६ | ० | ११७ | ९९ | ३१ | ४ | १ | २५२ |
| ७ | ० | २०९ | २५० | ७९ | १६ | ८ | ५६२ |
| ८ | ४ | १४७ | २०२ | ४० | ५ | २ | ४०० |
| ९ | ७ | ११९ | १०३ | २८ | ७ | २ | २६६ |
| **जम्मा** | **२१** | **१२४८** | **१८२०** | **४५०** | **६६** | **२९** | **३६३४** |
| **प्रतिशत** | **.६%** | **३४.३%** | **५०.१%** | **१२.४%** | **१.८%** | **.८%** | **१००.०%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

### ७.२.८ बितेका १२ महिनामा जन्मेका शिशुहरूको जन्मदाको तौलका आधारमा वडागत विवरण

**तालिका नं. १०६ :** बितेका १२ महिनामा जन्मेका शिशुहरूको जन्मदाको तौलका आधारमा वडागत विवरण

| वडा नं. | २.५ केजी भन्दा कम | | २.५ केजी भन्दा बढी | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ० | ०.०% | १० | ५.०% | १० | ३.८% |
| २ | ७ | ११.३% | २६ | १२.९% | ३३ | १२.५% |
| ३ | ४ | ६.५% | ३५ | १७.३% | ३९ | १४.८% |
| ४ | ७ | ११.३% | २६ | १२.९% | ३३ | १२.५% |
| ५ | १० | १६.१% | २८ | १३.९% | ३८ | १४.४% |
| ६ | ३ | ४.८% | १४ | ६.९% | १७ | ६.४% |
| ७ | २१ | ३३.९% | २० | ९.९% | ४१ | १५.५% |
| ८ | ६ | ९.७% | ३२ | १५.८% | ३८ | १४.४% |
| ९ | ४ | ६.५% | ११ | ५.४% | १५ | ५.७% |
| **जम्मा** | **६२** | **१००.०%** | **२०२** | **१००.०%** | **२६४** | **१००.०%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा वितेको १२ महिनामा जन्मेका शिशुहरूको जन्मदाको तौलका आधारमा हेर्दा जम्मा २६४ शिशु जन्मिएकोमा २.५ के.जी.भन्दा कम तौल भएका शिशुहरूको संख्या ६२ र २.५ के.जी. भन्दा बढी तौल हुनेको संख्या २०२ रहेको थियो। २.५ के. जी. भन्दा कम तौलको शिशु जन्मनुमा गर्भवती हुँदा आमाको उचित स्याहार र खानपान नपुग्नु तथा आवश्यक सम्पूर्ण पोषण सहितको आहार नहुनु, धुम्रपान र किशोरी अवस्थामै आमा बन्नुजस्ता कारणहरू जिम्मेबार हुन्छन् । यस्ता शिशुहरूको शिशु मृत्यु दरसमेत उच्च रहन्छ । तसर्थ यसको समाधानका लागि उपयुक्त उमेरमा विवाह, उचित खानपान र स्याहारको प्रबन्ध गर्नुका साथै गर्भवती अवस्थामा परीवारका सदस्यहरूले गर्भवतीको उचित हेरचाह पुऱ्याउनु आवश्यक हुन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



### ७.२.९ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाई विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वाससम्बन्धी रोग, निमोनिया, झाडापखाला, कडा जलविनियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागू गरेको छ। कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ७.२.१० शिशु तथा ५ वर्षमुनिको बाल मृत्युदर

राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण २०१६ (National Demographic and Health Survey 2016) का अनुसार नवजात शिशु मृत्युदर २१ प्रतिहजार, शिशु मृत्युदर ३२ प्रतिहजार र पँच वर्षमुनिको बाल मृत्युदर ३९ प्रतिहजार रहेको तथ्याङ्क सार्वजनिक भएको छ। बाह्रविसे नगरपालिकाको पाँच वर्षमुनिको बाल मृत्युदर तथा शिशु मृत्युदरको तथ्याङ्क नभएतापनि राष्ट्रिय तथ्याङ्कले यहाँको अवस्था अनुमान गर्न सकिन्छ।

### ७.२.११ बालपोषण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्षमुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालवृद्धि अनुमान गर्दै आएको छ। बाल अधिकारसम्बन्धी महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिक बिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। यस नगरपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन्। स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि स्वास्थ्य सञ्जाल विस्तार भएको छ।

**तालिका नं. १०७ :** नगरपालिकाको विगत २ वर्षको पोषणको अवस्था

| सि.नं. | विवरण | आ.व. २०७३/०७४ | आ.व. २०७४/०७५ |
|---|---|---|---|
| | | संख्या | संख्या |
| १ | ५ वर्ष भन्दा मुनिको बालबालिकाको वृद्धि अनुगमन (पटक) | ९०६ | ८८९ |
| २ | गर्भवती महिलाहरूका लागि आइरन चक्की वितरण (जना) | ४५५ | ४५८ |
| ३ | १८० आईरन चक्की पाएका गर्भवती महिलाहरूको संख्या | २२३ | २०६ |
| ४ | गर्भवती महिलाहरूले प्राप्त गरेको जुकाको औषधी (जना) | ४४६ | ४५९ |
| ५ | भिटामिन ए पाएका सुत्केरी महिलाहरूको संख्या | २१३ | १८४ |
| ६ | ६ महिनादेखि ५ वर्ष सम्मका बच्चाहरूलाई खुवाएको भिटामिन ए (जना) | १९९७ | ३७४५ |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७५*

### ७.२.१२ ५ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण

बालबालिका भविष्यका निर्माता हुन् । यसको लागि यिनीहरू स्वस्थ्य र निरोगी हुनु आवश्यक छ । बालक अवस्थामा उनीहरूलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ । बालबालिकाहरूको लागि पाँचओटै खोपहरू नियमित पुरा मात्रामा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुर्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

बाल्यकाल तथा उमेर पुगेपछि लाग्न सक्ने प्राणघातक रोगहरू जस्तै क्षयरोग, भ्यागुते रोग, लहरे खोकी, धनुषटंकार, हेपाटाइटिस बी, इन्फ्लुयन्जा टाइप बी, पोलियो, न्यूमोनिया, दादुरा, रुबेला र जापानिज इन्सफलाइटिस् विरुद्ध चरणबद्ध रुपमा समयमै खोपहरू अनिवार्य रुपमा लगाउनु पर्दछ । ती खोपहरू क्रमश: BCG, DPT, OPV, PCV, IPV, MR, JE / ID हुन् । यसरी खोपहरू समयमै लगाउँदा अत्यन्त सीमित लगानीमा ठूला रोगहरूको जोखिमबाट मुक्त भई बाल मृत्यूदर नियन्त्रण गर्ने प्रभावकारी उपाय हुन्छ ।

यस नगरपालिकामा पाँच वर्षमुनिका कूल २,२७१ बालबालिकामा पूर्णखोप लगाएका बालबालिकाहरूको तथ्याङ्कलाई हेर्दा पूर्ण खोप पाएका बालकमा ७५१ अर्थात ५३.८ प्रतिशत र पूर्ण खोप पाएका बालिकामा ६४४ अर्थात ४६.२ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी पूर्ण खोप नपाएका बालकमा २०६ अर्थात ५२.२ प्रतिशत र पूर्ण खोप नपाएका बालिकामा १८९ अर्थात ४७.८ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी खोप पाएको वा नपाएको यकिन नभएको संख्या पनि उल्लेख्य रहेकोले यति ठूलो संख्याका बालबालिकाहरू खोपबाट टाढा हुँदा उनीहरूको स्वास्थ्य जोखिममा पर्दछ । यसले बाल मृत्युदर बढाउने र बालकको आधारभूत स्वास्थ्य सेवा प्राप्त गरी बाँच्न पाउने मौलिक अधिकारसमेत हनन् हुने हुँदा यसतर्फ सरोकारवालाहरूको ध्यान पुग्नु जरुरी छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०८ :** ५ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण

| वडा | पूर्णखोप पाएका | | | | पूर्णखोप नपाएका | | | | थाहा छैन | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | | महिला | | पुरूष | | महिला | | पुरूष | | महिला | | पुरूष | | महिला | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ४८ | ५६.५% | ३७ | ४३.५% | २ | ३३.३% | ४ | ६६.७% | १३ | ४८.१% | १४ | ५१.९% | ६३ | ५३.४% | ५५ | ४६.६% |
| २ | ७१ | ५०.०% | ७१ | ५०.०% | ४४ | ४१.९% | ६१ | ५८.१% | २१ | ४३.८% | २७ | ५६.३% | १३६ | ४६.१% | १५९ | ५३.९% |
| ३ | ११८ | ५१.५% | १११ | ४८.५% | १२ | ४६.२% | १४ | ५३.८% | ५७ | ५९.४% | ३९ | ४०.६% | १८७ | ५३.३% | १६४ | ४६.७% |
| ४ | १२९ | ६२.०% | ७९ | ३८.०% | २२ | ५५.०% | १८ | ४५.०% | ३१ | ४९.२% | ३२ | ५०.८% | १८२ | ५८.५% | १२९ | ४१.५% |
| ५ | ७२ | ५०.०% | ७२ | ५०.०% | १० | ४५.५% | १२ | ५४.५% | १८ | ४३.९% | २३ | ५६.१% | १०० | ४८.३% | १०७ | ५१.७% |
| ६ | ३५ | ५०.७% | ३४ | ४९.३% | २४ | ५८.५% | १७ | ४१.५% | १४ | ५३.८% | १२ | ४६.२% | ७३ | ५३.७% | ६३ | ४६.३% |
| ७ | १०५ | ५१.०% | १०१ | ४९.०% | ३४ | ५९.६% | २३ | ४०.४% | ३७ | ५१.४% | ३५ | ४८.६% | १७६ | ५२.५% | १५९ | ४७.५% |
| ८ | ९२ | ५०.८% | ८९ | ४९.२% | ३८ | ५२.८% | ३४ | ४७.२% | ३७ | ६४.९% | २० | ३५.१% | १६७ | ५३.९% | १४३ | ४६.१% |
| ९ | ८१ | ६१.८% | ५० | ३८.२% | २० | ७६.९% | ६ | २३.१% | २८ | ५४.९% | २३ | ४५.१% | १२९ | ६२.०% | ७९ | ३८.०% |
| जम्मा | ७५१ | ५३.८% | ६४४ | ४६.२% | २०६ | ५२.२% | १८९ | ४७.८% | २५६ | ५३.२% | २२५ | ४६.८% | १२१३ | ५३.४% | १०५८ | ४६.६% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*



### ७.२.१३ दीर्घ रोगको प्रकारअनुसार दीर्घ रोगीहरूको जनसंख्या विवरण

नगरपालिकामा रहेको कूल जनसंख्यामध्ये दीर्घ रोगका कारण पिडितहरूको संख्या १,८२८ रहेको छ । यीमध्ये सबैभन्दा बढी रक्तचाप र बाथ/हाडजोर्नीसम्बन्धी समस्या भएका ४०९ जना अर्थात २२.४ प्रतिशत, ग्यास्ट्रिक/अल्सर/आन्द्राको रोग हुनेहरू २९८ जना अर्थात १६.३ प्रतिशत, दम हुनेहरू १९१ जना अर्थात १०.४ प्रतिशत रहेका छन् त्यसैगरी नगरपालिकामा मधुमेह, मुटु रोगी, मृगौलासम्बन्धी रोगी, प्रसूतीसम्बन्धी, श्वासप्रश्वाससम्बन्धी र अन्य रोगीहरू रहेका छन् । विशेषगरी खानपान र जीवनशैली, धुम्रपान, मध्यपान, शारीरिक व्यायामको कमी, मानसिक चिन्ता तथा बंशाणुगत कारणले दीर्घ रोगहरू लाग्छन् । तसर्थ यस्ता रोगहरू कम गर्न व्यापक स्वास्थ्य चेतना फैलाउने खालका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०९ :** दीर्घरोग रोगको प्रकारअनुसार जनसंख्याको विवरण

| दीर्घरोगको प्रकार | वडा नं. | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | |
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | प्रतिशत |
| **बाथ/जोर्नी दुखाई** | १२ | ७८ | १३ | १७१ | ८६ | ८ | १९ | १५ | ७ | ४०९ | २२.४% |
| **ग्यास्ट्रिक/अल्सर/आन्द्राको रोग** | ८ | ७० | ८ | १०२ | ४८ | ८ | ४३ | ९ | २ | २९८ | १६.३% |
| **अन्य** | ३ | २१ | २१ | ३२ | ३५ | ३० | ८२ | ३५ | ९ | २६८ | १४.७% |
| **दम** | ८ | ४३ | ८ | ५० | १७ | १२ | ३७ | १५ | १ | १९१ | १०.४% |
| **मुटुसम्बन्धी रोग** | ४ | १८ | ६ | ४४ | ३४ | १२ | १६ | ४ | ८ | १४६ | ८.०% |
| **रक्तचाप (उच्च र न्यून)** | ३ | ३२ | ५ | ६६ | ८ | १ | ७ | १३ | ४ | १३९ | ७.६% |
| **स्वास प्रस्वाससम्बन्धी** | ० | ६३ | ५ | १७ | १४ | १४ | ७ | ४ | ० | १२४ | ६.८% |
| **स्त्री रोग** | ० | २९ | १ | २१ | १५ | ० | १३ | ४ | १ | ८४ | ४.६% |
| **मदुमेह** | ० | ८ | २ | २१ | २ | ० | १ | १ | ० | ३५ | १.९% |
| **पार्किन्सन/अल्जाइमर/माइग्रेन** | ४ | ३ | ० | २० | ४ | ० | १ | १ | १ | ३४ | १.९% |
| **मृगौलासम्बन्धी** | १ | ६ | २ | ८ | ५ | १ | ३ | ५ | ० | ३१ | १.७% |
| **छारे रोग** | २ | ६ | २ | ५ | ३ | १ | ६ | ५ | ० | ३० | १.६% |
| **अर्बुद (क्यान्सर)** | २ | ७ | ० | १ | २ | ० | २ | १ | ० | १५ | .८% |
| **कलेजोसम्बन्धी** | १ | ४ | ० | ५ | २ | ० | १ | १ | ० | १४ | .८% |
| **पेशागत रोग** | ० | ४ | ० | ४ | ० | ० | १ | ० | १ | १० | .५% |
| **जम्मा** | **४८** | **३९२** | **७३** | **५६७** | **२७५** | **८७** | **२३९** | **११३** | **३४** | **१८२८** | **१००.०%** |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५*




### ७.२.१४ २०७४/०७५ माा नगरपालिकामा देखा परेका १० प्रमुख रोगहरूको विवरण

यस नगरपालिकामा पछिल्लो समय देखा परेका १० प्रमुख रोगहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ११० :** रोगहरूको विवरण

| क्र.सं. | प्रमुख रोगहरू | रोगीको संख्या |
|---|---|---|
| १ | Fass Injuries/fractures | १६६४९ |
| २ | Gastritis | १६४३ |
| ३ | Headache | १३५१ |
| ४ | Upper Respiratory Tract Infection (URTI) | १३०० |
| ५ | LRTI | ९०५ |
| ६ | Rhinitis | ८४८ |
| ७ | Backache (Musculoskeletal Pain) | ७८६ |
| ८ | AGE (Acute Gastroenteritis) | ७०१ |
| ९ | Dermatitis | ५६८ |
| १० | Presumed Non Infections | ५६५ |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७५*

### ७.२.१५ महिला सहकारी संस्था

**तालिका नं. १११ :**महिला सहकारी संस्था

| क्र.सं. | सहकारी संस्थाको नाम | ठेगाना (वडा नं. सहित) |
|---|---|---|
| १ | सफल महिला बचत तथा ऋण सहकारी संस्था लि. | बाह्रविसे न.पा. २, कर्थली |
| २ | क्षमोदेवी महिला बचत तथा ऋण सहकारी संस्था लि. | बाह्रविसे न.पा. ४, कर्थली |
| ३ | सखुवा महिला बचत ऋण सहकारी संस्था लि. | बाह्रविसे न.पा. ६, कर्थली |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७५*

### ७.२.१६ महिला विकास शाखा

**तालिका नं. ११२ :** महिला विकास शाखा

| क्र.सं. | संस्थाको नाम | कार्य क्षेत्र | जिल्ला | ठेगाना | सम्पर्क व्यक्ति | मोबाइल नं. |
|---|---|---|---|---|---|---|
| १ | नमस्ते नेपाल | महिला, शिक्षा | सिन्धुपाल्चोक | काठमाडौं | निमा छिरिङ लामा | ९७५१०८५७७५ |
| २ | टि.पि.ओ. नेपाल | मनोसामाजिक सेवा | सिन्धुपाल्चोक | चौतारा | रामबाबु नेपाल | ९८५११२७४७९ |
| ३ | ग्रामीण महिला सिर्जनशी परिवार | महिला, बालबालिका | सिन्धुपाल्चोक | सुनकोशी गा.पा. | नानीमायाँ थापा | ९८५११७७०१३ |
| ४ | टुकी संघ सुनकोशी | महिला, बालबालिका, किशोर, किशोरी | सिन्धुपाल्चोक | सुनकोशी गा.पा. | ज्ञानेन्द्र प्रसाद पौडेल | ९८५११०२३४४ |
| ५ | सुआहारा | पोषण | सिन्धुपाल्चोक | चौतारा | मनोज सिंह | ९८४१७८५४४६ |
| ६ | माइती नेपाल | मानव बेचविखन | सिन्धुपाल्चोक | बाह्रविसे | पवित्रा घिमिरे | ९८०११५१५६३ |
| ७ | जर्मन नेपाल हेल्प एशोसिएसन | शिक्षा | काठमाडौं | काठमाडौं | ठाकुर प्रसाद पौडेल | ९८५१२०१७१५ |
| ८ | सामुदायिक सारथी | स्वास्थ्य, शिक्षा | सिन्धुपाल्चोक | चौतारा | हिरा ब. खड्का | ९८५११७४६८६ |
| ९ | प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपाल | सामुदायिक मेलमिलाप | सिन्धुपाल्चोक | चौतारा | ठाकुरराम चौलागाईं | ९८४९२३६०१७ |
| १० | ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठी | किशोरी शिक्षा र स्वास्थ्य | काठमाडौं | काठमाडौं | कमला अधिकारी | ०१४४२७८१० |
| ११ | कोशिश | मानसिक स्वास्थ्य | ललितपुर | ललितपुर | शिवराम अछामी | ९८५१२२५३६० |
| १२ | एलाइजा परामर्श तथा तालिम केन्द्र | मानसिक स्वास्थ्य | ललितपुर | ललितपुर | बन्दना शर्मा | ९८६००३६६२७ |
| १३ | दिगो समाधान परियोजना | महिला | काठमाडौं | लाजिम्पाट | आस्था प्रधानङ्ग | ९८६०५०५२३५ |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७५*

### ७.२.१७ महिला हिंसा सम्बन्धी विवरण

यस नगरपालिकामा आ.व. २०७५/०७६ मा भएका महिला हिंसाको विवरण अन्तर्गत घरेलु हिंसाबाट पिडित भएका ६ वटा घटनामा सबै कार्यान्वयन भइसकेको छ। श्रीमान्बाट पिडित तथा पिटिएका ३ वटा घटनामा २ वटा कार्यान्वयन भइसकेको छ भने एउटा अनुसन्धानको क्रममा छ। त्यसैगरी सामाजिक कुरितीबाट पिडित २ वटा घटना पनि कार्यान्वनय भइसकेको छ।

## ७.३ खेलकुद मैदान तथा पिकनीकस्थल र पार्कको विवरण



*तस्बिरः टुँडिखेल, वार्ड नं. ७, घुम्थाङ, स्रोत : न.पा.*

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी नगरपालिकाको खेल अनुशासन र खेलकुद विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यताअनुसार यस नगरपालिकामा खेलकुदको विकास भएको पाइन्छ। यसको लागि नगरपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ। तर ती स्थानहरूमा खेलकुदको लागि केही मात्र पूर्वाधार तयार भएको देखिन्छ। जिल्ला समन्वय समिति तथा नगरपालिकाहरूले पनि आ-आफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी जिल्ला, नगरपालिका खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा विभिन्न खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वस्थ शारीरिक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्युन लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठूलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरूमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, ब्याडमिन्टनजस्ता केही खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ।

बाह्रविसे नगरपालिकामा क्षेत्रीय तथा स्थानीय स्तरको रङ्गशाला तथा मैदान निर्माणधीन रहेका छन्। नगरपालिका मनोरञ्जनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद मैदानहरू नभएपनि खुल्ला जमिन, चौर, फुटबल

मैदानमा यहाँका मानिसहरूले मनोरञ्जन लिने गरेको पाइन्छ तर ती खुला जमिन, चौर तथा खेलमैदान व्यवस्थित मैदानको रुपमा विकसित भईसकेको छैन ।

यसैगरी नगरपालिकामा भएका विभिन्न खेलकुद मैदान तथा पिकनीकस्थल र पार्कको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ११३ :** खेलकुद मैदान तथा पिकनीकस्थल र पार्कको विवरण

| वडा नं. | खेलकुदस्थल | पिकनीक स्थल तथा पार्कहरूको विवरण |
|---|---|---|
| १ | | डुम्थलीमा, ठिङसाङ, कप्टि र खाल्सा |
| २ | सुनकोशी उ.मा.वि र नेरा उ.मा.वि | |
| ६ | कालिदेवी मा.विमा र भयौलिकुण्ड खेलकुद मैदान | |
| ४ | खेलकुद मैदान सुनकोशी, अँगेरी पाखा | |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७५*

## ७.४ अपाङ्गता सम्बन्धी विवरण

शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चारसमेत बाट सिर्जना भएको अवरोधसमेतले दैनिक क्रियाकलाप सामान्यरूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ । खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न (Trachoma) रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्वर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ।

अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारीरिक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाई सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग (पहेलो रङको परिचयपत्र) र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन

गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।

घरधुरी तथ्याङ्क सर्वेक्षण २०७५ को तथ्याङ्कअनुसार नगरपालिकामा रहेको कूल २६,११४ जनसंख्यामध्ये, २५,४९२ अर्थात ९७.६ प्रतिशतमा कुनै पनि अपाङ्गता नभएको देखिन्छ भने ६२२ अर्थात २.४ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखिन्छ । अपाङ्गता हुनेहरूमा सबैभन्दा बढी शारीरिक अपाङ्गता भएका २८६ जना, सुनाइसम्बन्धी अपाङ्गता भएका १४१ जना, स्वर बोलाईसम्बन्धी अपाङ्गता भएका ६५ जना, दृष्टिविहिन अपाङ्गता भएका ५६ जना मानसिक अपाङ्गता ३६ जना, श्रवण दृष्टिबिहीन १४ जना, बहुअपाङ्गता १३ र बौद्धिक अपाङ्गता ११ जना रहेका छन् । वडागत अपाङ्गताको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११४ :** अपाङ्गताको किसिमअनुसार जनसंख्याको विवरण

| वडा | अपाङ्गता नभएको | शारीरिक अपाङ्गता | दृष्टिसम्बन्धी अपाङ्गता | सुनाईसम्बन्धी अपाङ्गता | श्रवण दृष्टिबिहीन | स्वरबोलाईसम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहुअपाङ्गता | अपाङ्गता भएको जम्मा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | |
| १ | १२६९ | ११ | १ | २४ | ० | ३ | ० | १ | २ | ४२ | १३११ |
| २ | ३४०९ | ३६ | ८ | २४ | ० | १२ | ४ | १ | ० | ८५ | ३४९४ |
| ३ | ४२१७ | ४२ | ५ | ४ | ३ | १२ | ४ | ० | १ | ७१ | ४२८८ |
| ४ | ३२४७ | ७२ | ८ | ३५ | १ | ८ | ११ | १ | ० | १३६ | ३३८३ |
| ५ | १८८८ | २६ | १५ | ३ | ० | २ | १ | ० | ० | ४७ | १९३५ |
| ६ | १६४७ | ५ | १ | ७ | ० | ४ | ४ | १ | ० | २२ | १६६९ |
| ७ | ३६६३ | ३० | १० | २४ | ९ | ६ | ६ | ४ | ० | ८९ | ३७५२ |
| ८ | ३३२३ | ५२ | ४ | १३ | ० | ११ | ३ | १ | २ | ८६ | ३४०९ |
| ९ | २८२९ | १२ | ४ | ७ | १ | ७ | ३ | २ | ८ | ४४ | २८७३ |
| **जम्मा** | **२५४९२** | **२८६** | **५६** | **१४१** | **१४** | **६५** | **३६** | **११** | **१३** | **६२२** | **२६११४** |
| **प्रतिशत** | ९७.६% | १.१% | ०.२% | ०.५% | ०.१% | ०.२% | ०.१% | ०.०% | ०.०% | २.४% | |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*



## ७.५ विगत १२ महिनामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनसंख्याको विवरण

समाजमा पछाडि पारिएका तथा परेका ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ताको नाममा राज्यकोषबाट सहयोग गर्ने अवधारणा कल्याणकारी राज्यको अवधारणा हो । वि.सं. २०५१ देखि ज्येष्ठ नागरिकलाई मासिक १०० रूपैयाँ भत्ता दिने नारा सहित सुरु गरिएको सामाजिक सुरक्षा भत्ता अहिले ज्येष्ठ नागरिकका साथसाथै एकल महिला, अपाङ्गता भएका र दलित ज्येष्ठ नागरिकलाई समेत प्रदान गरिन्छ । यसले समाजमा पछाडि परेका अशक्तहरूलाई सम्मानपूर्वक बाँच्न प्रोत्साहन हुने विश्वास गरिएको छ । यस नगरपालिकामा वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ११५ :** विगत १२ महिनामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनसंख्याको विवरण

| वडा | सामाजिक सुरक्षा भत्ताको किसिम | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लागू नहुने | जेष्ठ नागरिक | एकल महिला | अशक्त र अपाङ्ग | लोपोन्मुख जातजाति | बाल संरक्षण | निवृत्तिभरण (पेन्सन) | अन्य | नपाएको |
| १ | १२३७ | ३९ | २२ | ८ | १ | ० | ० | १ | ३ |
| २ | ३२४५ | १६१ | ४७ | ८ | ० | २ | १ | १ | २९ |
| ३ | ४००८ | १७९ | ५२ | १३ | ० | ० | ० | ११ | २५ |
| ४ | ३०९९ | १२३ | ९४ | १५ | ० | ० | २ | ४ | ४६ |
| ५ | १७५२ | १०३ | २६ | १० | ० | ० | २ | २ | ४० |
| ६ | १५११ | ७० | ४५ | ४ | २ | ० | १ | ४ | ३२ |
| ७ | ३४३५ | १५९ | ७७ | १९ | ० | १ | ६ | १० | ४५ |
| ८ | ३११४ | १९३ | ५६ | २१ | ० | ० | २ | १ | २२ |
| ९ | २५४९ | २१२ | ५३ | २१ | १ | १८ | ४ | २ | १३ |
| **जम्मा** | **२३९५०** | **१२३९** | **४७२** | **११९** | **४** | **२१** | **१८** | **३६** | **२५५** |
| **प्रतिशत** | **९१.७%** | **४.७%** | **१.८%** | **.५%** | **.०%** | **.१%** | **.१%** | **.१%** | **१.०%** |

*स्रोत : बाह्रविसे नगरपालिका ,२०७५*

## ७.६ खानेपानी तथा सरसफाई

नगरपालिका स्वच्छ र सफा हुनुपर्छ । खानेपानी स्वच्छ जीवनको प्रमुख आधार हो । खानेपानी सुरक्षित नहुँदा विभिन्न दुषित तथा असुरक्षित पानीबाट लाग्ने रोगको जोखिम हुन्छ । खानेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ । खानेपानीमा प्रयोग गरिएको स्रोतको आधारमा नगर तथा नगरपालिकाको स्वास्थ्य स्थिति निर्धारण गर्न सकिन्छ । सुरक्षित खानेपानीको प्रयोगबाट विभिन्न रोगको जोखिम न्युनीकरण गर्न सकिन्छ ।

## ७.६.१ खानेपानीको मुख्य श्रोतको आधारमा घरपरिवारको विवरण

**तालिका नं. ११६ :** खानेपानीको मुख्य श्रोतको आधारमा घरपरिवारको विवरण

| वडा | धारा/पाइप | | ट्यूबवेल/हाते पम्प | | ढाकिएको ईनार | | खुला ईनार/कुवा | | मूल धारा | | नदी/खोला | | जारको पानी | | ट्यांकरको पानी | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | ३०९ | ९९.७% | १ | .३% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ३१० |
| २ | ९८६ | ९९.३% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ६ | .६% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | १ | .१% | ९९३ |
| ३ | ११८६ | ९९.२% | ० | ०.०% | ० | ०.०% | १ | .१% | ५ | .४% | ३ | .३% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ११९५ |
| ४ | ९६६ | ९५.७% | १ | .१% | २ | .२% | ८ | .८% | १४ | १.४% | ११ | १.१% | ० | ०.०% | १ | .१% | ६ | .६% | १००९ |
| ५ | ५१९ | ८८.३% | ० | ०.०% | ० | ०.०% | १५ | २.६% | ४८ | ८.२% | ६ | १.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ५८८ |
| ६ | ४६३ | ९७.१% | १ | .२% | ० | ०.०% | ० | ०.०% | १३ | २.७% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ४७७ |
| ७ | ११६८ | ९९.६% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | २ | .२% | १ | .१% | ० | ०.०% | ० | ०.०% | २ | .२% | ११७३ |
| ८ | ९८६ | ९९.९% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | १ | .१% | ० | ०.०% | ० | ०.०% | ९८७ |
| ९ | ८९८ | ९६.८% | १ | .१% | २ | .२% | ९ | १.०% | १४ | १.५% | २ | .२% | ० | ०.०% | ० | ०.०% | २ | .२% | ९२८ |
| **जम्मा** | ७४८१ | ९७.७% | ४ | .१% | ४ | .१% | ३३ | .४% | १०२ | १.३% | २३ | .३% | १ | .०% | १ | .०% | ११ | .१% | ७६६० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस नगरपालिकामा रहेका ७,६६० घरपरिवारहरू मध्ये धारा/पाइप मार्फत आपूर्ति गरिएको पानी पिउनेको संख्या ७,४८१ अर्थात ९७.७ प्रतिशत भएकाले सामान्यतया धेरैजसो घरपरिवारले धारा/पाइपको पानी पिउने गर्दछन् भन्न सकिन्छ । यद्यपि दोस्रोमा मूलधाराको पानी पिउने परिवारको संख्या १०२ अर्थात १.३ प्रतिशत रहेका छन् । अन्य श्रोत प्रयोग गर्नेको संख्या नगन्य रहेको छ । वडागत रुपमा विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




Sustainable Development Goals Status & Roadmap: २०१६ - २०३० का अनुसार (SDG – 6) आधार वर्ष २०१५ मा सुरक्षित पिउने पानी उपभोग गर्ने जनसंख्या १५% मात्र देखिन्छ । दिगो विकास लक्ष्य अनुगमन

ढाँचासमेत उल्लेख भएको उक्त दस्तावेजअनुसार यो जनसंख्या क्रमश वृद्धि गर्ने अपेक्षा गरिएको छ। जसअनुसार २०१९ मा ३५%, २०२२ मा ५०%, २०५५ मा ६५% हुँदै सन् २०३० सम्म सुरक्षित पिउने पानी प्रयोग कर्ता कूल ज.स.को ९०% हुने महत्वाकांक्षी लक्ष्य राखिएको छ। उक्त राष्ट्रिय लक्ष्य प्राप्तिमा टेवा पुऱ्याउन तथा आम जनसाधारणको जनस्वास्थमा सुधार गर्न पानी प्रयोग गर्दा पानीको उपयुक्तताको परीक्षण र सुरक्षाको उपायहरूबारे व्यापक जनजागरण फैलाउनु पर्ने देखिन्छ।

### ७.६.२ खानेपानी शुद्ध बनाउने तरिकाको आधारमा वर्गीकरण

**तालिका नं. ११७ :** खानेपानी शुद्ध बनाउने तरिकाको आधारमा वर्गीकरण

| वडा | उमाल्ने | | फिल्टर गर्ने | | औषधी (पियुष आदि) राख्ने | | अन्य विधि अपनाउने (जस्तै सोडिस) | | केही नगर्ने र सिधै खाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | १ | .३% | १ | .३% | ११ | ३.५% | १ | .३% | २९६ | ९५.५% | ३१० |
| २ | ४१८ | ४२.१% | ५ | .५% | ० | ०.०% | ० | ०.०% | ५७० | ५७.४% | ९९३ |
| ३ | २० | १.७% | १३ | १.१% | १ | .१% | १ | .१% | ११६० | ९७.१% | ११९५ |
| ४ | १३४ | १३.३% | १९४ | १९.२% | २ | ०.२% | ४ | ०.४% | ६७५ | ६६.९% | १००९ |
| ५ | ३ | .५% | १५ | २.६% | ० | ०.०% | ० | ०.०% | ५७० | ९६.९% | ५८८ |
| ६ | ९ | १.९% | ७३ | १५.३% | ० | ०.०% | १ | .२% | ३९४ | ८२.६% | ४७७ |
| ७ | १४ | १.२% | २ | .२% | १ | .१% | ० | ०.०% | ११५६ | ९८.६% | ११७३ |
| ८ | ६० | ६.१% | ४०४ | ४०.९% | ० | ०.०% | १ | .१% | ५२२ | ५२.९% | ९८७ |
| ९ | १४ | १.५% | ४९ | ५.३% | ० | ०.०% | ३ | .३% | ८६२ | ९२.९% | ९२८ |
| **जम्मा** | **६७३** | **८.८%** | **७५६** | **९.९%** | **१५** | **०.२%** | **९** | **०.१%** | **६२०५** | **८१.०%** | **७६६०** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका कूल ७,६६० परिवारहरू मध्ये ६,२०५ अर्थात ८१ प्रतिशत घरपरिवारहरूले पानीको शुद्धीकरण बिनानै श्रोतबाट ल्याएर सिधै पिउने गरेको पाइयो । प्राकृतिक श्रोतहरूमा प्राप्त पानीलाई शुद्धीकरण नगरी पिउनु जनस्वास्थ्यको दृष्टिकोणले अत्यन्त जोखिमपूर्ण हुन्छ । यसबाट संक्रामण रोगहरू जस्तै आउँ, झाडा पखाला, जुका, टाइफाइड लाग्नुका साथै दीर्घ रोगहरू जस्तै पत्थरी, क्यान्सरजस्ता प्राणघातक रोगहरूको संभावना प्रवल रहन्छ तसर्थ स्थानीय सरकार र नगरपालिकाबासीहरूको सहकार्यमा पानी शुद्धीकरणका उपायहरू अबलम्बन गरी प्रयोग गर्ने र जनस्तरमा स्वास्थ्य शिक्षाको व्यापक प्रचार प्रसार गर्नु पर्दछ । त्यस्तै नगरपालिकामा पानी फिल्टर गरी पिउने संख्या ७५६ अर्थात ९.९ प्रतिशत, उमालेर पिउने ६७३ अर्थात ८.८ प्रतिशतले पिउने गरेको देखिन्छ। औषधि (पियूष आदि) र अन्य विधि अपनाउने गरेर पिउने जनसंख्या नगन्य रहेकोले पानी शुद्धीकरण गरी पिउन सचेत बनाउने अभियान नै सञ्चालन गर्नुपर्ने देखिन्छ । जीवनको आधारको रुपमा रहेको स्वास्थ्य र सूरक्षित पानीको अभाव बहुआयिमिक गरिबीको एउटा सूचक (HDI) समेत रहेका हुँदा स्वस्थकर पानीको प्रयोग वा प्रचलनको बाहुल्यताले उक्त स्थानको सम्पन्नतालाई समेत इंगित गर्दछ। वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ७.६.३ परिवारले प्रयोग गर्ने चर्पीको प्रकारका आधारमा परिवारको विवरण

**तालिका नं. ११८ :** परिवारले प्रयोग गर्ने चर्पीको प्रकारका आधारमा परिवारको विवरण

| वडा | फ्लस भएको ( सार्वजनिक ढल) | | फ्लस भएको ( सेप्टिक ट्याङ्क) | | साधारण चर्पी | | सामुदायिक चर्पी | | चर्पी नभएको | | उल्लेख नगरिएको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | ० | ०.०% | २९० | ९३.५% | १३ | ४.२% | १ | .३% | ६ | १.९% | ० | | ३१० |
| २ | ३ | .३% | ३९७ | ४०.०% | ५८२ | ५८.६% | ३ | .३% | ८ | .८% | ० | | ९९३ |
| ३ | १२३ | १०.३% | ९९४ | ८३.२% | ७५ | ६.३% | ० | ०.०% | ३ | .३% | ० | | ११९५ |
| ४ | ५३ | ५.३% | ८७८ | ८७.०% | ४८ | ४.८% | ७ | ०.७% | २१ | २.१% | २ | ०.२% | १००९ |
| ५ | ३ | .५% | ५२२ | ८८.८% | ९ | १.५% | ० | ०.०% | ५४ | ९.२% | ० | | ५८८ |
| ६ | ८ | १.७% | ४३० | ९०.१% | २३ | ४.८% | १ | .२% | १५ | ३.१% | ० | | ४७७ |
| ७ | १० | .९% | १०६५ | ९०.८% | ५९ | ५.०% | ७ | .६% | ३२ | २.७% | ० | | ११७३ |
| ८ | ४० | ४.१% | ९२५ | ९३.७% | १७ | १.७% | २ | .२% | ३ | .३% | ० | | ९८७ |
| ९ | १२ | १.३% | ८९२ | ९६.१% | ९ | १.०% | ७ | ०.८% | ७ | ०.८% | १ | ०.१% | ९२८ |
| **जम्मा** | **२५२** | **३.३%** | **६३९३** | **८३.५%** | **८३५** | **१०.९%** | **२८** | **०.४%** | **१४९** | **१.९%** | **३** | **०.०%** | **७६६०** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका कूल घरपरिवारहरू मध्ये ६,३९३ अर्थात ८३.५ प्रतिशतले फ्लस भएको (सेप्टीट्याङ्क) चर्पी, ८३५ अर्थात १०.९ प्रतिशतले साधारण चर्पी, २५२ अर्थात ३.३ प्रतिशतले फ्लस भएको सार्वजनिक ढलयुक्त चर्पी, २८ अर्थात ०.४ प्रतिशतले सामुदायिक चर्पीको प्रयोग गरेको र १४९ अर्थात १.९ प्रतिशतले भने चर्पीको प्रयोग नै नगरेको पाइयो । १.९ प्रतिशत घरपरिवारहरूले चर्पीको प्रयोग नै नगर्नुले व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यमा जोखिम बढी रहेको देखाउँछ । सानो संख्याले मात्र खुल्ला स्थानमा दिसापिसाब गर्दा समेत समुदायको ठूलो हिस्साको जनस्वास्थ्य प्राणघातक संक्रामक रोगहरूको जोखिममा पर्ने हुँदा चर्पी प्रयोगलाई अनिवार्य गर्ने र चर्पीको गुणस्तर सुधारमा ध्यान दिनुपर्ने देखिन्छ ।




## ७.७ फोहोर मैला व्यवस्थापन

नगरपालिकालाई सधैं सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्दै आएको क्रममा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा सरसफाई हुने गरेको पाइन्छ । फोहोरमैला व्यवस्थापनका लागि थप उपकरणहरूको व्यवस्थापन गर्न अझैं लाग्नु पर्ने देखिन्छ । यसबाट आम नगरपालिकाबासीहरूमा व्यापक रुपमा सरसफाई जागरणको लहर फैलिएको छ । हाल नगरपालिकामा उत्पादित फोहोर आफै व्यवस्थापन गर्ने, खोल्सा खोल्सीमा खाल्टा बनाइ पुर्ने गरेको देखिन्छ ।

### ७.७.१ घरबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधारमा परिवारको विवरण

**तालिका नं. ११९ :** घरबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधारमा परिवारको विवरण

| वडा | घरमा नै लिन आउँछ | | फोहर थुपार्ने ठाउँमा/क्यानमा | | आफ्नै घर कम्पाउण्ड भित्र (बाल्ने) | | आफ्नै घर कम्पाउण्ड भित्र (गाड्ने/थुपार्ने) | | नदी वा खोल्सामा फाल्ने | | सडक/सार्वजनिक स्थलमा फाल्ने | | कम्पोष्ट मल बनाउने | | अन्य (उल्लेख गर्ने) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ० | ०.०% | ५५ | १७.७% | १४० | ४५.२% | १११ | ३५.८% | ३ | १.०% | ० | ०.०% | १ | .३% | ० | ०.०% |
| २ | ११ | १.१% | ४ | .४% | ५३० | ५३.४% | ५५ | ५.५% | ३८९ | ३९.२% | ४ | .४% | ० | ०.०% | ० | ०.०% |
| ३ | ७४ | ६.२% | ८ | .७% | ४३८ | ३६.७% | २२६ | १८.९% | २९ | २.४% | ५ | .४% | ४१५ | ३४.७% | ० | ०.०% |
| ४ | १४१ | १४.०% | ११४ | ११.३% | १६७ | १६.६% | ४८२ | ४७.९% | ९७ | ९.६% | २ | .२% | ४ | .४% | ० | ०.०% |
| ५ | १ | .२% | १९ | ३.२% | ४०७ | ६९.२% | ११७ | १९.९% | ३२ | ५.४% | १२ | २.०% | ० | ०.०% | ० | ०.०% |
| ६ | १२ | २.५% | ९७ | २०.३% | २०१ | ४२.१% | ३१ | ६.५% | १३३ | २७.९% | ३ | .६% | ० | ०.०% | ० | ०.०% |
| ७ | ४ | .३% | १ | .१% | ३६९ | ३१.५% | ७८७ | ६७.१% | ११ | .९% | १ | .१% | ० | ०.०% | ० | ०.०% |
| ८ | ४ | .४% | १८७ | १८.९% | २७६ | २८.०% | ४०१ | ४०.६% | ९३ | ९.४% | २४ | २.४% | २ | .२% | ० | ०.०% |
| ९ | ९२ | ९.९% | ४६ | ५.०% | ११२ | १२.१% | ९२ | ९.९% | २३८ | २५.७% | ३९ | ४.२% | ३०७ | ३३.१% | १ | .१% |
| **जम्मा** | **३३९** | **४.४%** | **५३१** | **६.९%** | **२६४०** | **३४.५%** | **२३०२** | **३०.१%** | **१०२५** | **१३.४%** | **९०** | **१.२%** | **७२९** | **९.५%** | **१** | **.०%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका कूल घरपरिवारहरू मध्ये २,६४० अर्थात ३४.५ प्रतिशतले फोहरलाई आफ्नै कम्पाउण्ड भित्र बाल्ने गरेको, २,३०२ अर्थात ३०.१ प्रतिशतले आफ्नै कम्पाउण्ड भित्र गाड्ने वा थुपार्ने, १०२५ अर्थात १३.४ प्रतिशतले नदी वा खोल्सामा फ्याल्ने गरेको पाइयो । त्यसैगरी कम्पोष्ट मल बनाउने, फोहर थुपार्ने क्यानमा राख्ने, घरमै फोहर लिन आउने, सडक/सार्वजनिक स्थलमा फ्याल्ने र अन्य रहेका छन् । ग्रामीण इलाका तथा कृषि मुख्य पेशाको रुपमा रहेकोले यहाँका घरपरिवारले फोहरलाई कम्पोष्ट मलको रुपमा प्रयोग गर्नु सर्वोत्तम हुने भएकोले यो फोहर व्यवस्थापनको उत्तम उपाय रहेतापनि फोहरको प्रकृतिअनुसार प्लाष्टिक जन्य तथा अन्य नसड्ने फोहरहरू खेतीयोग्य जमिनमा पर्न जाँदा क्रमश: भू-प्रदुषण वृद्धि भई उत्पादकत्वमा ह्रास आउन सक्ने देखिन्छ। अर्कोतर्फ जलाउने, खोल्सामा फाल्ने साथै सार्वजनिक स्थलमा समेत फाल्ने कार्यहरूले प्रदुषण वृद्धिगराई जनस्वास्थ्यमा प्रत्यक्ष असर गर्दछ । तसर्थ फोहरको उचित व्यवस्थापनमा सजग बनाई नगरपालिकामा अव्यवस्थित फोहर व्यवस्थापनलाई समयमै सम्बोधन गर्नु पर्ने देखिन्छ।




**<u>फोहोर व्यवस्थापनमा देखिएका समस्याहरू :</u>**

हाल यस नगरपालिकामा देखिएका समस्याहरू देहायबमोजिम रहेको छ :

- फोहोर व्यवस्थापनका नाममा फोहोरहरू खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रबृति यत्रतत्र देखिन्छ। यसरी फालिएको फोहोर बर्षातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भागसम्म पुर्‍याएर प्रदुषणलाई बिस्तारित गर्दछ।
- जमीनका होचाभाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जमीनको भित्रपनि छिरेर जानेहुँदा होचा भागमा फालिएको फोहोरले सतहको पानी तथा जमीन भित्रको पानीसमेतलाई प्रदुषित गर्दछ।

**<u>फोहोरमैला व्यवस्थापनमा ध्यान दिनुपर्ने कुराहरू :</u>**

- भान्छाकोठाबाट निस्केको फोहोरलाई कुहिने र नकुहिने गरी छुट्याउने ।
- कुहिनेलाई मलमा प्रयोग गर्न तालिम तथा हरेक घरधनीलाई उत्प्रेरित गर्ने कार्यक्रम नगरपालिका ले गर्ने ।
- नकुहिने फोहोरलाई पूनः विभिन्न तहमा छुट्याउने जस्तै काठ, प्लाष्टीक, धातु, सीसा । यी फोहोरलाई आवश्यकताअनुसार पहिचान गरिसकेकपछि पून प्रयोगमा आउनेलाई सम्बन्धित सेवा व्यवस्थापनतर्फ जोड दिने । यस नगरपालिका क्षेत्रका खुला स्थान जहाँ पानीको स्रोत छैन त्यहाँ बैज्ञानिक तवरबाट छनौट गर्न व्यवस्था गर्ने ।

## ७.८ शान्ती सुरक्षासम्बन्धी विवरण



*तस्बिरः सशस्त्र प्रहरी बल, वार्ड ५, खराङ, स्रोत : न.पा.*

यस नगरपालिकामा शान्ति सुरक्षाको अवस्था हेर्दा ई.प्र.का बाह्रविसेले नगरको वडा नं. २ देखि ८ को शान्ति र सुरक्षाको जिम्मेवारी लिएको छ भने प्रहरी चौकी पिस्करले वडा नं. १ क्षेत्रको शान्ति र सुरक्षाको जिम्मेवारी लिएको छ । विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १२० :** प्रहरी ईकाईहरूको विवरण

| सि.नं. | प्रहरी ईकाईहरूको नाम | हाल हेर्ने न.पा. को जिम्मेवारी वडा एरियाहरूको नाम, वडा नं. अनुसार साविक वडाहरू | संख्या |
|---|---|---|---|
| १ | ई.प्र.का. बाह्रविसे सि.पा. | बाह्रविसे न.पा. वडा नं. २ ( कर्थली १-९), वडा नं. ३ (बाह्रबिसे १-४), वडा नं.४ ( बाह्रबिसे ५-९), वडा नं. ५ ( गाती १-५ ) वडा नं. ६ (गाती ६-९), वडा मं. ७ (घुम्थाङ १-९), वडा नं. ८ (मानेश्वारा १-९) र वडा नं. ९ ( राम्चे १-९ ) | २ |
| २ | प्र.चौ.पिस्कर सि.पा. | बाह्रबिसे न.पा. वडा नं. १ (घोर्थली १-४) | २ |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७५*

त्यसैगरी जिल्ला प्रहरी कार्यालय सि.पा. तथा मातहत कार्यालयहरू रहेको स्थान र दुरीको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १२१ :** जिल्ला प्रहरी कार्यालय सि.पा. तथा मातहत कार्यालयहरू रहेको स्थान र दुरीको विवरण

| सि.नं. | प्रहरी ईकाईको नाम | कार्यालय रहेको स्थान न.पा | वाड न. | दुरी |
|---|---|---|---|---|
| १ | ई.प्र.का.बाह्रविसे | बाह्रविसे न.पा. | ३ | ५५ कि.मि. उत्तर-पुर्व |
| २ | अ.प्र.पोष्ट राम्चे | बाह्रविसे न.पा. | ९ | ५४ कि.मि.पुर्व उत्तर |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७५*

## ७.९ सामुदायिक तथा सहकारी भवनसम्बन्धी विवरण

**तालिका नं. १२२ :** सामुदायिक तथा सहकारी भवनसम्बन्धी विवरण

| वडा नं. | सामुदायीक भवन जम्मा | सहकारी भवन |
|---|---|---|
| **वडा नं. १** | १ गोटा | |
| **वडा नं. २** | ५ गोटा | |
| **वडा नं. ३** | २ गोटा | १ गोटा |
